शान्तिपूर्ण जनक्रान्तिका उपलब्धिहरूलाई संस्थागत गरौं,
जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समृद्ध नेपाल निर्माण गरौं !!

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को

# नवौं राष्ट्रिय महाधिवेशन

(२०७१ असार १९–साउन १) बाट पारित

# राजनीतिक प्रतिवेदन

पुस्तकको नाम : राजनीतिक प्रतिवेदन

प्रकाशक : नेकपा (एमाले) केन्द्रीय सचिवालय

संस्करण : पहिलो

मुद्रित प्रति : १० हजार

मिति : भदौ २०७१

मूल्य : रु.६०/-

ले-आउट डिजाइन : महेन्द्र श्रेष्ठ, किरण माली
एम एस माउस, पुतलीसडक

मुद्रक : नवयुग छापाखाना, मदननगर, बल्खु

## विषयसूची

| | | |
|---|---|---|
| विषय प्रवेश | | ५ |
| (क) | वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति | ११ |
| (ख) | राष्ट्रिय परिस्थिति | २४ |
| (ग) | विगतको समीक्षा | ४२ |
| (घ) | संविधानसभाका चार बर्ष, शान्ति प्रक्रिया र पार्टीको भूमिका | ६० |
| (ङ) | राजनीतिक शक्तिहरूको विश्लेषण तथा शक्ति सन्तुलनको विद्यमान अवस्था | ७० |
| (च) | २०६२/६३ को शान्तिपूर्ण जनक्रान्ति र त्यसको चरित्र | ८२ |
| (छ) | वर्तमान नेपाली समाजको चरित्र | ८९ |
| (ज) | 'अर्धऔपनिवेशिकता' र राष्ट्रिय स्वाधीनताको सङ्घर्ष | ९८ |
| (झ) | हाम्रो सन्दर्भमा राज्य, राष्ट्र र पहिचानको प्रश्न | १०२ |
| (ञ) | नयाँ संविधानका अन्तरवस्तु | १०६ |
| (ट) | परनिर्भरताको विरासत र राष्ट्रिय विकासको मौलिक बाटो | ११३ |
| (ठ) | जनताको बहुदलीय जनवादको सिद्धान्तः रक्षा, प्रयोग र विकासका २२ बर्ष | ११९ |
| (ड) | नेकपा (एमाले)को परिकल्पनाः सुखी नेपाली, समृद्ध नेपालको स्थापना | १२६ |
| (ढ) | पार्टी निर्माण | १३८ |
| (ण) | हाम्रा आगामी कार्यभार | १४२ |
| पारित प्रस्तावहरू | | १४९ |

## बिषय प्रवेश

अध्यक्ष मण्डलका अध्यक्ष कमरेड,
अध्यक्ष मण्डलका सदस्य कमरेडहरू,
अतिथि महानुभावहरू,
प्रिय प्रतिनिधि कमरेडहरू !

### १. स्वागत अभिवादन

हाम्रो गौरवमय पार्टी नेकपा (एमाले) को नवौं राष्ट्रिय महाधिवेशनमा उपस्थित सबै कमरेडहरूलाई म हार्दिक स्वागत तथा क्रान्तिकारी अभिवादन व्यक्त गर्दछु। सिङ्गो राष्ट्र, नेपाली जनता र नेपाललाई माया गर्ने अन्तर्राष्ट्रिय समुदायले उत्सुकतापूर्वक नियालिरहेको यस महाधिवेशनलाई अविस्मरणीय रूपले सफल पार्न कमरेडहरूको रचनात्मक र जिम्मेवार भूमिकाको हार्दिक अपेक्षा गरेको छु। कमरेडहरूको यस भूमिकाले पार्टीलाई आउने दिनका चुनौतीको सामना एवम् जिम्मेवारी बहनका लागि सक्षम बनाउने छ भन्ने मैले विश्वास लिएको छु।

### २. श्रद्धाञ्जली, सम्मान र सङ्कल्प

कार्यक्रमको आरम्भमै म ती प्रातःस्मरणीय सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु, जसले नेपाल राष्ट्रको निर्माण र देशभक्तिपूर्ण अभियानमा, लोकतन्त्र प्राप्तिको सङ्घर्षमा तथा कम्युनिष्ट आन्दोलनको विकासमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुभएको छ। उहाँहरूको बलिदानकै जगमा नेपालको वर्तमान अस्तित्व, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको प्राप्ति र पार्टीको वर्तमान उचाइ संभव भएको

हो । सिङ्गो पार्टीको तर्फबाट म समृद्ध, सबल र समानतायुक्त नेपाल निर्माणको सङ्कल्प दोहोऱ्याउन चाहन्छु र हाम्रा प्रत्येक क्रियाकलाप सहिदहरूका उदात्त आदर्शबाट अभिप्रेरित हुनेछन् भन्ने अठोट व्यक्त गर्दछु ।

२०६२/६३ को जनक्रान्ति सफल पार्न लाखौंलाख जनसमुदायले खेल्नुभएको जिवन्त भूमिका हाम्रो उर्जा- स्रोतको रूपमा रहेको छ। आन्दोलनमा घाइते र अङ्गभङ्ग भएका नागरिकहरू अझै पूर्णरूपले निको भइसक्नुभएको छैन। म उहाँहरूको स्वास्थ्यलाभको कामना गर्दछु। शान्ति, लोकतन्त्र र परिवर्तनका पक्षधर सबै जनसमुदायप्रति पुनः उच्च सम्मानका साथ अभिनन्दन व्यक्त गर्दछु। जनक्रान्तिले परिकल्पना गरेको समृद्ध र न्यायपूर्ण समाज निर्माणका लागि नेकपा (एमाले) ले जिम्मेवार, नेतृत्वदायी र प्रभावकारी भूमिका खेल्ने प्रतिबद्धता दोहोऱ्याउन चाहन्छु ।

एक दशकभन्दा लामो हिंसात्मक द्वन्द्वका असरबाट समाज मुक्त भइसकेको छैन । पीडितहरूलाई न्याय प्रदान गर्ने, राहत र परिपूरणका माध्यमबाट द्वन्द्वका घाउ निको पार्ने, समाजमा मेलमिलापको वातावरण निर्माण गर्ने तथा शान्ति प्रक्रियालाई पूर्णतामा पुऱ्याउने काम अझै बाँकी छन् । पार्टीको तर्फबाट म माओवादी उग्रवामपन्थी अराजकताको सिकार भई सहादत प्राप्त गर्नु हुने यदु गौतम, चक्र डगौरा, छवि कार्की लगायत कमरेडहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। द्वन्द्वको पीडा भोग्न बाध्य सबै पीडितहरूप्रति सहानुभूति व्यक्त गर्दछु। म सङकल्प गर्दछु- नेकपा (एमाले) सदैव न्याय र राहतका लागि पीडितहरूका साथ रहनेछ ।

पार्टी र क्रान्तिलाई आजको बिन्दुसम्म ल्याइपुऱ्याउन अविस्मरणीय योगदान गर्नु हुने पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाल, जनताको बहुदलीय जनवादी सिद्धान्तका प्रणेता जननेता कमरेड मदन भण्डारी तथा पार्टीको पहिलो महाधिवेशनबाट निर्वाचित महासचिव तथा नेपालका प्रथम कम्युनिष्ट प्रधानमन्त्री कमरेड मनमोहन अधिकारीप्रति म हार्दिक सम्मान प्रकट गर्दछु ।

आठौं महाधिवेशनपश्चात् हामीले हाम्रा कतिपय सहयोद्धाहरूलाई गुमाएका छौं । पार्टी केन्द्रीय सदस्य, नेपाल मुस्लिम इत्तेहाद सङ्गठनका अध्यक्ष एवम् संविधानसभा निर्वाचनमा बारा क्षेत्र नं. ४ का उम्मेदवार कमरेड महमुद आलमको आपराधिक ढङ्गले हत्या गरिएको छ। कर्णाली अञ्चलका लोकप्रिय नेता एवम् पार्टी केन्द्रीय सदस्य कमरेड डिल्लीबहादुर महतको उपचारको क्रममा निधन

*...खारिएको र समकालीन नेपाली राजनीतिलाई दिशावोध गर्न सफल जनताको बहुदलीय जनवादलाई समयानकूल प्रयोग, विकास र समृद्ध गर्न काठमाडौंमै आयोजित यस महाधिवेशनको विशेष महत्व रहनेछ ।*

भएको छ । उहाँहरू समेत यस अवधिमा दिवङ्गत हुनुभएका पार्टीको केन्द्रीय सल्लाहाकार परिषद् तथा जेष्ठ कम्युनिष्ट मञ्चका आदरणीय सदस्य कमरेडहरू नरबहादुर खाँड, गौरिभक्त प्रधान, लीला श्रेष्ठ सुब्बा, अशोक चौधरी, दीपबहादुर श्रेष्ठ, केशव ज्ञवाली, मटुकलाल सदा लगायत सबै कमरेडहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

यसै सन्दर्भमा, गम्भीर बिमारीका कारण उपचारका लागि अस्पताल भर्ना हुनुभएकी नेपाली कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनकी अग्रणी व्यक्तित्व, पार्टीकी आदरणीय अभिभावक कमरेड सहाना प्रधानको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक कमरेड पुष्पलालले कोर्नुभएको जनवादी क्रान्तिको रूपरेखालाई उत्तराधिकारमा ग्रहण गर्दै नेकपा (एमाले) यस क्रान्तिलाई उच्चतम लक्ष्यसम्म पुऱ्याउन कृतःसङ्कल्पित छ । मार्क्सवाद- लेनिनवाद र कमरेड मदन भण्डारीको अगुवाईमा प्रतिपादित जनताको बहुदलीय जनवादले हामीलाई आम रूपमा मार्गदर्शन गरिरहेको छ । कमरेड मनमोहन अधिकारीको नेतृत्वमा गठित नेकपा (एमाले) को सरकार र त्यसले आरम्भ गरेका लोककल्याणकारी र विकासका कार्यक्रम जनताको बहुदलीय जनवादको सफल प्रयोगका दृष्टान्त हुन् । तत्कालीन शक्ति सन्तुलनका सीमाभित्र सुधारका कार्यक्रमका रूपमा अगाडि सारिएका यी कदमहरू आगामी दिनमा सामाजिक-आर्थिक रूपान्तरण गर्दै समृद्ध नेपाल निर्माण गर्ने हाम्रो कार्यक्रमिक लक्ष्यका लागि प्रेरणाका रूपमा रहनेछन् ।

## ३. महाधिवेशन र स्थान चयन

२०७० मङ्सिर ४ गते सम्पन्न संविधानसभा निर्वाचन,समानुपातिक सूचीभित्रबाट सभासद्हरू चयन गर्नु पर्ने दायित्व, संयुक्त सरकार गठनका लागि

अन्य दलहरूसँग गर्नुपर्ने सघन वार्ता-संवाद एवम् संविधानसभा र व्यवस्थापिका-संसदको नियमावली निर्माण, समितिहरूको गठन लगायतका राष्ट्रिय महत्वका कार्यसूचीका कारण सामान्यतया पाँच बर्षभित्र गरिनु पर्ने महाधिवेशन २०७० फागुनभित्र आयोजना गर्न संभव भएन । त्यसैले हामी पार्टी केन्द्रीय कमिटीको २६औं बैठकले स्थितिको विश्लेषण पश्चात् गरेको निर्णय अनुसार नवौं राष्ट्रिय महाधिवेशनमा उपस्थित भएका छौं । महत्वपूर्ण राष्ट्रिय एजेण्डाले हाम्रो आन्तरिक नियमित पार्टी कामलाई प्रभावित गरेको तथ्यलाई कमरेडहरूले बुझ्नुभएकै छ भन्ने मैले विश्वास लिएको छु ।

नवौं राष्ट्रिय महाधिवेशनका लागि काठमाडौंको स्थान चयन गरिरहँदा हामीले केही महत्वपूर्ण सन्दर्भहरूलाई स्मरण गरिरहेका छौं । आजभन्दा २१ बर्ष अगाडि २०४९ सालमा नेकपा (एमाले)को ऐतिहासिक पाँचौं राष्ट्रिय महाधिवेशन काठमाडौंमै आयोजना भएको थियो । कम्युनिष्ट आन्दोलनले विश्वव्यापी रूपमै गम्भीर धक्का खाइरहेको पृष्ठभूमिमा आयोजित त्यस महाधिवेशनसामु नेपाली क्रान्तिको नयाँ दिशा तय गर्ने र विश्व कम्युनिष्ट आन्दोलनमा उत्पन्न चुनौतीको सामना गर्न नयाँ अवधारणाको विकास गर्नुपर्ने गुरुत्तर अभिभारा खडा भएको थियो । जननेता कमरेड मदन भण्डारीको नेतृत्वमा पार्टीले त्यो चुनौती र अभिभारालाई कुशलतापूर्वक बहन गऱ्यो । महाधिवेशनको निष्कर्षको रूपमा पारित जनताको बहुदलीय जनवाद (जबज) नेपाली क्रान्तिको कार्यक्रमको मौलिक विकास त थियो नै, त्यसले आन्दोलनका सामु उपस्थित धेरै प्रश्नको हल खोज्ने ढोका पनि उघारिदिएको थियो । त्यस यताको अवधिमा व्यवहारबाट खारिएको र समकालीन नेपाली राजनीतिलाई दिशावोध गर्न सफल जनताको बहुदलीय जनवादलाई समयानकूल प्रयोग, विकास र समृद्ध गर्न काठमाडौंमै आयोजित यस महाधिवेशनको विशेष महत्व रहनेछ ।

## ४. महाधिवेशन सामुका ऐतिहासिक अभिभारा

यस महाधिवेशनका सामु २०६२/६३ को जनक्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्दै सामाजिक-आर्थिक रूपान्तरणको अभियानलाई तीब्र गतिका साथ अगाडि बढाएर समाजवादका आधारशीला निर्माण गर्न स्पष्ट वैचारिक-राजनीतिक कार्यदिशा तय गर्ने कार्यभार छ । त्यसरी नै, पाँचौं राष्ट्रिय महाधिवेशनबाट राजतन्त्रको अन्त्य र जनवादी गणतन्त्र स्थापना गर्ने लक्ष्यसहित कार्यक्रमको रूपमा पारित र छैटौं महाधिवेशनबाट पार्टीले सिद्धान्तको रूपमा स्थापित गरेको

*पाँचौं राष्ट्रिय महाधिवेशनबाट राजतन्त्रको अन्त्य र जनवादी गणतन्त्र स्थापना गर्ने लक्ष्यसहित कार्यक्रमको रूपमा पारित र छैटौं महाधिवेशनबाट पार्टीले सिद्धान्तको रूपमा स्थापित गरेको जनताको बहुदलीय जनवादलाई अझ समृद्ध गर्ने अभिभारा पनि महाधिवेशनले पूरा गर्नुपर्नेछ ।*

जनताको बहुदलीय जनवादलाई अझ समृद्ध गर्ने अभिभारा पनि महाधिवेशनले पूरा गर्नुपर्नेछ । प्रधान अन्तरविरोध बदलिएको अवस्था, क्रान्तिका पक्षधर र विपक्षी शक्तिको सन्तुलनमा आएको फेरबदल र परिवर्तित सन्दर्भलाई ध्यानमा राखेर जबजको कार्यक्रमलाई समयानुकूल विकास गर्नुपर्ने अभिभारा पनि महाधिवेशन समक्ष छ । वर्तमान नेपाली समाजको ठोस विश्लेषण र चरित्र निरूपण गर्नु र समाजको प्रधान अन्तरविरोध एवम् क्रान्तिका बाधक शक्तिको पहिचान गर्नु यस महाधिवेशनको अर्को ऐतिहासिक कार्यभार हुनेछ । यिनै वैचारिक-राजनीतिक कार्यदिशाले बदलिँदो सन्दर्भमा पार्टी निर्माणका मान्यतालाई मार्गदर्शन गर्नेछन् । हामीले मूलतः अधिकार प्राप्तिको मुख्य लक्ष्यलाई केन्द्रबिन्दुमा राखेर निर्माण गरेको सङ्गठनात्मक संरचनालाई सामाजिक-आर्थिक रूपान्तरण र नवनिर्माणको अभिभारा सम्पन्न गर्नसक्ने गरी नयाँ ढङ्गले विकास गर्नु पर्नेछ । पाँचौं राष्ट्रिय महाधिवेशनबाट आरम्भ भएको लोकतान्त्रिकरणलाई यसबीचमा प्राप्त अनुभवका आधारमा गहन विश्लेषण र संश्लेषण गर्दै पार्टी एकता र पार्टीका क्रान्तिकारी लक्ष्य–उद्देश्य पूरा गर्न अनुकूल हुनेगरी अगाडि बढाउनु पर्नेछ ।

संविधानसभालाई नियोजित ढङ्गले बिघटन गरिएपछि मुलुकले करिब डेढ बर्ष निकै अन्यौलको अवस्थाबाट गुज्रिनुपर्‍यो । यस अवस्थामा एउटा जोखिमपूर्ण प्रयोगका रूपमा अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन गरेर संविधानसभाको नयाँ निर्वाचन गरेपछि मुलुकको राजनीति एक हदसम्म लिकमा फर्केको छ । तर पनि संविधानसभाबाट संविधान निर्माण गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र सुदृढ गर्ने चुनौतीहरू सकिइसकेका छैनन् । शान्तिपूर्ण जनक्रान्ति सम्पन्न भएको भएपनि क्रान्तिकारी रूपान्तरणको अगाडिको बाटो सहज छैन । यस्तो अवस्थामा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण गरेर जनक्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्ने, सामन्ती उत्पादन सम्बन्धका

अवशेषहरूलाई समाप्त गर्दै राष्ट्रिय पूँजीको विकास गरी प्रगतिशील उत्पादक शक्तिलाई चौतर्फी रूपले अघि बढाउने र आर्थिक समृद्धिको दिशामा मुलुकको नेतृत्व गर्ने राष्ट्रिय अभिभारा पार्टीको काँधमा छन् । त्यसका निम्ति पूँजीवादी शक्तिसँग सहकार्य र प्रतिस्पर्धाको द्वन्द्वात्मक र जटिल प्रक्रियामा रहेको हाम्रो पार्टीले श्रेष्ठता हासिल गर्नुपर्ने छ । त्यही राजनीतिक श्रेष्ठताको बलमा हामीले राज्यलाई श्रमजीवी वर्गको पक्षमा रूपान्तरण गर्दै समाजवाद निर्माणका आधार तयार गर्नेछौं । जनक्रान्तिले ल्याएका परिवर्तनहरू,नयाँ शक्ति सन्तुलन, प्रतिस्पर्धा र सहकार्यको यो विशिष्ट अवस्थाका बारेमा महाधिवेशनले स्पष्ट दिशा तय गर्नुपर्नेछ ।

नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ६६ औं वर्षमा हामीहरू नवौं राष्ट्रिय महाधिवेशन गर्दैछौं । बितेका साढे ६ दशकमा नेपाली कम्युनिष्ट आन्दोलनले ऐतिहासिक उपलब्धि हासिल गरेको छ । २००७ सालको परिवर्तनमा सहयोगी भूमिकामा रहेको नेपाली कम्युनिष्ट आन्दोलन निरन्तरको प्रयाशबाट २०४६ सालको आन्दोलन र २०६२/६३ मा आइपुग्दा सङ्घर्षको वास्तविक नेताका रूपमा स्थापित भयो । यस परिवर्तनको कार्यसूची निर्माणदेखि लिएर यसलाई निष्कर्षमा पुऱ्याउनमा पार्टीको निर्णायक भूमिका रहेको थियो । यस लडाइँमा पार्टीले खेलेको भूमिकाप्रति गौरव गर्नुपर्छ । राजनीतिक क्रान्तिको नेतृत्व गर्न सफल पार्टीलाई अब आर्थिक समृद्धि हासिल गर्न देशलाई अगाडि बढाउने नेताको रूपमा स्थापित गर्ने घडीमा हामी आइपुगेका छौं । अब हाम्रो पार्टीका सामु राष्ट्रिय हित र जनताको सुख-समृद्धिलाई केन्द्रभागमा राख्दै सामन्ती अवशेषहरूलाई समाप्त पार्ने, प्रगतिशील उत्पादक शक्तिको तीव्रताका साथ विकास गर्ने, आर्थिक विकासलाई केन्द्रबिन्दुमा राखेर राष्ट्रलाई अघि बढाउने र मुलुकलाई समुन्नति तथा समृद्धिको दिशातिर छिटो-छिटो अग्रसर गराउने कार्यभारहरू छन् । यी कुरालाई ध्यानमा राखेर हामीले पार्टी स्थापनाको सय बर्ष पुग्ने आगामी ३० वर्ष (वि.सं २१०५, सन् २०४८) को अवधिमा नेपाललाई एउटा सम्पन्न, समुन्नत र समृद्ध राष्ट्रका रूपमा निर्माण गर्ने नेपाली सपनाका वारेमा पनि यसै महाधिवेशनमा छलफल गर्नु पर्नेछ ।

वैचारिक, राजनीतिक, सैद्धान्तिक, सङ्गठनात्मक , कार्यशैलीगत , पद्धतिगत दृष्टिले र भावनात्मक रूपमा समेत एकताबद्ध पार्टीले मात्रै यी सबै अभिभारा पूरा गर्न सक्दछ । यस्तो एकताबद्ध पार्टीले मात्रै राष्ट्रिय राजनीतिको अग्रणी शक्तिका रूपमा मुलुकलाई दिशानिर्देश गर्नसक्छ । त्यसैले म सबै प्रतिनिधि कमरेडहरू

*बितेका साढे ६ दशकमा नेपाली कम्युनिष्ट आन्दोलनले ऐतिहासिक उपलब्धि हासिल गरेको छ । २००७ सालको परिवर्तनमा सहयोगी भूमिकामा रहेको नेपाली कम्युनिष्ट आन्दोलन निरन्तरको प्रयाशबाट २०४६ सालको आन्दोलन र २०६२/६३ मा आइपुग्दा सङ्घर्षको वास्तविक नेताका रूपमा स्थापित भयो ।*

समक्ष पार्टीलाई हर दृष्टिले अझ एकताबद्ध, जिवन्त र प्रभावकारी बनाउने कार्यमा रचनात्मक भूमिका खेल्न आग्रह गर्दछु ।

## (क) वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति

कमरेडहरू, अब म हाम्रो राष्ट्रिय परिस्थितिलाई प्रभाव पार्ने अन्तर्राष्ट्रिय परिस्थितिका केही प्रवृत्तिहरूका बारेमा चर्चा गर्न चाहन्छु ।

### १. आठौं महाधिवेशनका निष्कर्ष

हामीले आठौं राष्ट्रिय महाधिवेशनमा अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण गर्दै विश्वमा श्रम र पूँजीबीच, साम्राज्यवाद र तेस्रो विश्वका राष्ट्रहरूबीच, समाजवाद र पूँजीवादबीच तथा स्वयम् साम्राज्यवादी देशहरूबीच आधारभूत अन्तरविरोध कायमै रहेको ठहर गरेका थियौं । २०औं शताब्दीको उत्तरार्द्धमा भएको सूचना प्रविधिको तीव्र विकास तथा ज्ञान संयन्त्रमाथि आधारित उद्योगले एकातिर सामाजिक उत्पादन र पूँजी निर्माणको प्रक्रिया निकै बृद्धि भएको तर यी उपलब्धिहरू आम जनताको हितमा प्रयोग हुन नपाएकाले विश्वमा आर्थिक बिषमता, गरिबी र अभाव झनै बढ्दै गएको चर्चा गरेका थियौं । पूँजीवादले भूमण्डलीय वित्तीय पूँजीवादको स्वरूप लिएको, ठूला बहुराष्ट्रिय निगमहरूमा पूँजीको अत्यधिक केन्द्रीकरण हुँदै गरेको, यसले अन्तर्राष्ट्रिय वित्तीय संस्थाका माध्यमबाट विश्व अर्थतन्त्रमै नियन्त्रण बढाउँदै लगेको, प्रत्यक्ष औपनिवेशिक युगको अन्त्य भएर भूमण्डलीय पूँजीवादको प्रभुत्व तथा विश्वव्यापी बजार बिस्तार भइरहेको, पूँजीवादी मुलुकहरूको लगानीको प्रवाह बदलिदै गरेको, बिग्रदो पर्यावरण चुनौती बन्दै गएको र यसका लागि साम्राज्यवाद-पूँजीवाद नै मुख्य जिम्मेवार रहेको र भूमण्डलीय पूँजीवादका मुख्य

केन्द्रहरू आफ्ना व्यापारिक स्वार्थ र द्वन्द्वहरूलाई वार्ता र समन्वयको विधिद्वारा हल गर्दै अगाडि बढेको जस्ता नयाँ प्रवृत्ति बारेमा व्याख्या गरेका थियौं । हाम्रो निष्कर्ष थियो- भूमण्डलीय पूँजीवाद र विश्व मानव समाजबीच अन्तरविरोध चर्किरहेको छ, विश्व वित्तीय पूँजीवादको गहिरिदो सङ्कटले समाजवाद नै सही विकल्प हो भन्ने कुरालाई पुनः पुष्टि गरेको छ, नवउदारवादी मान्यताहरू असफल बन्दै गएका छन् पूँजीवादी भूमण्डलीकरणको प्रक्रियाले श्रमजीवी जनताको आन्दोलन र समाजवादतिरको यात्राका लागि पनि वस्तुगत आधार फराकिलो बन्दै गएको छ, विश्वव्यापीरूपमै लोकतान्त्रिकरणको लहर, समाजको शान्तिपूर्ण रूपान्तरण तथा वामपन्थी आन्दोलनको नयाँ विकासका संभावनाहरू बढ्दै गएका छन् । विश्वमा आइरहेका यिनै नयाँ चुनौती र संभावनाका बीचबाट आन्दोलनलाई सिर्जनात्मकता, मौलिकता र स्वतन्त्र पहलकदमीका साथ अगाडि बढाउनु पर्ने आवश्यकतामा आठौं महाधिवेशनले विशेष जोड दिएको थियो ।

## २. विश्व वित्तीय पूँजीवादी सङ्कट र समाजवादी विकल्प

विश्व परिस्थितिका यी आधारभूत प्रवृत्तिहरूमा आज पनि एक किसिमको निरन्तरता छ । आठौं महाधिवेशनका समयमा सुरु भएको वित्तीय पूँजीवादी सङ्कटले यस बीचमा भूमण्डलीय पूँजीवादको जग नै हल्लाइदिएको छ । अमेरिकाबाट सुरु भएर युरोपमा बिस्तार भएको सङ्कटले आयरल्याण्ड, ग्रीस, पोर्चुगल, इटाली र स्पेनको अर्थतन्त्रलाई नराम्रो गरी हल्लाइदिएको छ । यसको असर फ्रान्स, जर्मनी र बेलायत जस्ता शक्तिशाली अर्थतन्त्रमा समेत गहिरो गरी परेको छ । सङ्कटको समाधानका लागि सम्बन्धित मुलुकहरूमा गरिएका खर्च कटौतीका बारम्बारका प्रयाश र युरोपेली युनियन लगायत विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट प्रवाह गरिएका ऋणहरूले पनि गिर्दो अर्थतन्त्रलाई उठाउन सकेका छैनन् । बरु, मुठ्ठीभर पूँजीपतिहरूको लगानीको सुरक्षाका लागि ठूलो सङ्ख्यामा मजदुर र कर्मचारी निश्कासन गर्ने, ज्यालादर घटाउने, सामाजिक सुरक्षामा भारी कटौती गर्ने र मितव्ययिताका नाममा जनताका अत्यावश्यकीय सेवामा नियन्त्रण गर्ने कुराले जनतामा भयानक असन्तुष्टि बढ्दै गएको छ । स्पेन, पोर्चुगल र फ्रान्स लगायत मुलुकमा यस्ता कदम बिरुद्ध ठूला-ठूला प्रदर्शन भएका छन् । ग्रीसमा सरकार ढल्ने र पटक-पटक निर्वाचन हुने स्थिति सिर्जना भएको छ । 'वाल स्ट्रिट कब्जा गरौं' भन्ने नाराका साथ अमेरिकामा समेत महिनौंसम्म जनता सडकमा उत्रिएर भूमण्डलीय पूँजीवादको विरोध गरेका छन् । कथित उदार बजार अर्थतन्त्र पक्षधर राष्ट्र अझै पनि सङ्कटले सिर्जना गरेको धक्काबाट उठ्न

*कार्ल मार्क्सले धेरै अगाडि गर्नुभएको पूँजीवादी सङ्कटबारेको यो विश्लेषण फेरि एकपटक सही प्रमाणित भएको छ । विश्व पूँजीवादका स्वार्थहरू र सङ्कट समाधानका लागि तात्कालिक रूपमा चालिएका कदमहरूले विश्व वित्तीय पूँजीवादलाई धराशायी हुनबाट जोगाए पनि पूँजीवादसँग यो सङ्कटको स्थायी समाधानको कुनै उपाय छैन ।*

सकिरहेका छैनन् । अमेरिका लगायत मुख्य पूँजीवादी मुलुकमा आर्थिक बृद्धिदर, रोजगारी सिर्जना र समग्र आर्थिक सूचकाङ्कहरू अहिले पनि निराशाजनक छन् ।

पूँजीको अत्यधिक सङ्केन्द्रण नै पूँजीवादको आन्तरिक सङ्कटको स्रोत हो र यसले बारम्बार सङ्कटका चक्रहरू दोहोऱ्याउँछ। कार्ल मार्क्सले धेरै अगाडि गर्नुभएको पूँजीवादी सङ्कटबारेको यो विश्लेषण फेरि एकपटक सही प्रमाणित भएको छ । विश्व पूँजीवादका स्वार्थहरू र सङ्कट समाधानका लागि तात्कालिक रूपमा चालिएका कदमहरूले विश्व वित्तीय पूँजीवादलाई धराशायी हुनबाट जोगाए पनि पूँजीवादसँग यो सङ्कटको स्थायी समाधानको कुनै उपाय छैन । पूँजीवादको चारित्रिक विशेषताको रूपमा रहेको यही सङ्कट र यसले सिर्जना गर्ने परिस्थिति नै पूँजीवादको अन्त्य र समाजवाद स्थापनाको सामाजिक-आर्थिक आधार हो भन्ने कुरालाई पछिल्ला घटनाक्रमले थप पुष्टि गरेका छन् ।

सङ्कटको यो आँधीले खुल्ला बजार अर्थतन्त्रका हिमायतीहरूको वैचारिक धरातल र नैतिक जग नै हल्लाइदिएको छ। अनियन्त्रित बजार अर्थतन्त्रको वकालत गर्ने, राज्य त खालि सहजकर्ता मात्रै हो, राज्यको भूमिका जति न्यून भयो त्यति नै राम्रो भनेर पैरवी गर्नेहरूले नै यस बीचमा राज्यको हस्तक्षेपकारी भूमिकाको सबैभन्दा बढी माग गरे। अनियन्त्रित बजार अर्थतन्त्रहरूले यस्तो सङ्कट व्यहोरिरहेका बेला समन्वयकारी बजार अर्थतन्त्र अवलम्बन गरिरहेका राष्ट्रहरू भने सापेक्षित रूपमा सहजतापूर्वक अगाडि बढिरहेका छन्। विश्व अर्थतन्त्रलाई धराशायी हुनबाट जोगाउन चीन,ब्राजिल, भारत, पूर्वी एसिया र दक्षिण अफ्रिकाका उदीयमान अर्थतन्त्रहरूले निर्णायक भूमिका खेलिरहेका छन् ।

नवउदारवादको यो आर्थिक र वैचारिक सङ्कटले समाजवादको अपरिहार्यता तथा वामपन्थी मान्यताहरूको औचित्यलाई पुनः पुष्टि गरेका छन् ।

### ३. शान्ति र द्वन्द्व न्यूनीकरणका प्रयासमा बिस्तार

पछिल्लो अवधिमा विश्वमा तनाव, द्वन्द्व र युद्धका संभावनालाई कम गर्ने र समस्याको समाधान वार्ता र संवादको माध्यमबाट गर्ने प्रवृत्ति पनि बढिरहेको छ। पूँजीको विश्वव्यापी बिस्तार, विश्व पूँजीवादका विभिन्न केन्द्रहरूका व्यापारिक स्वार्थ, अमेरिकाले निर्माण गर्न खोजेको एक ध्रुवीय विश्वको असफलता एवम् अमेरिका-युरोप केन्द्रित विश्व राजनीतिक शक्ति सन्तुलन बदलिंदै गएर चीन, रुस, भारत, ब्राजिल जस्ता नयाँ आर्थिक-सामरिक शक्तिहरूको विकासले यस्तो प्रवृत्तिलाई बढावा दिइरहेका छन्। विश्वमै पारस्परिक निर्भरताको प्रवृत्ति बढेर गएको छ, जुन विश्व शान्तिका निम्ति सकारात्मक परिघटना हो। इराक र अफगानिस्तानबाट अमेरिकी सेनाको फिर्ती, सिरियाको रासायनिक हतियार विवादलाई हल गर्न संयुक्त राष्ट्र सङ्घ र शक्तिशाली राष्ट्रहरूले गरेको वार्ता र समाधान प्रयाश, इरानको आणविक उर्जासम्बन्धी विवादको शान्तिपूर्ण समाधानको सहमति यस सन्दर्भमा केही सकारात्मक दृष्टान्तहरू हुन्। आफै गम्भीर आर्थिक सङ्कटबाट गुज्रिंदै गरेका कारणले होस् या इराक र अफगानिस्तानमा गरिएको हस्तक्षेप हरेक दृष्टिले धेरै महङ्गो परेको कारणले होस्, यसबीच अमेरिका अन्य मुलुकहरूमा प्रत्यक्ष सैन्य हस्तक्षेप गर्ने कामबाट सकभर बच्न खोजेको देखिन्छ।

यति भइकन पनि विश्वमा तनाव, द्वन्द्व र तिनमा बाह्य हस्तक्षेप रोकिएको भने छैन। ठूला राष्ट्रहरू आफ्नो रक्षा खर्चमा निरन्तर बृद्धि गरिरहेका छन् र आज पनि हतियारको व्यापार विश्व व्यापारको ठूलो हिस्सा बनिरहेकै छ। अफगानिस्तान र इराकबाट सेना फिर्ता गरेको अमेरिकाले 'एसियामा पुनःसन्तुलन' का नाममा एसिया प्रशान्त क्षेत्रमा गरेको सैन्य केन्द्रीकरणले यस क्षेत्रमा तनाव सिर्जना गर्ने खतरा उत्पन्न भएको छ। साउथ चाइना सी र चीनसँगको जापानको सीमा विवादमा अमेरिकाले खेलिरहेको भूमिकाले चीन लगायतका राष्ट्रहरूलाई सशङ्कित तुल्याउने काम गरिरहेको छ। आफ्ना सामरिक, व्यापारिक र राजनीतिक स्वार्थलाई सेवा गर्ने जस्तासुकै अलोकतान्त्रिक सत्तालाई पनि टेवा दिने र आफ्ना प्रतिकूल सत्ताहरूलाई लोकतन्त्र, मानव अधिकार या यस्तै अन्य बहानामा हस्तक्षेप गर्दै परिवर्तन गर्न खोज्ने पश्चिमा राष्ट्रको दोहोरो मापदण्डले भेनेजुएला, युक्रेनलगायत मुलुकमा अस्थिरता सिर्जना गरेका छन्। यस क्रममा भएको क्रिमियाको रूसमा बिलयनले अन्तर्राष्ट्रिय राजनीतिमा गम्भीर चिन्ता र आशङ्का बढाइदिएको छ।

पछिल्लो समय आर्थिक स्वार्थहरू, प्राकृतिक स्रोतमाथि नियन्त्रण र सुरक्षाका बिषयहरू विश्व राजनीतिलाई प्रभावित गर्ने र राष्ट्र-राष्ट्रबीच सम्बन्धलाई

*आतङ्कवादको विरोध हाम्रो सुसङ्गत नीति हुनुपर्छ र यसका नाममा कुनै पनि मुलुकको सार्वभौमसत्तामाथि बाह्य हस्तक्षेप या आतङ्कवादसँग लड्ने नाममा जनताका अधिकारमाथि कटौती स्वीकार्य नहुने स्पष्ट मान्यतामा कायम रहनुपर्छ ।*

निर्धारित गर्ने नयाँ आधार बन्न थालेका छन् । यसले साना राष्ट्रहरूको राष्ट्रिय सुरक्षामा नयाँ चुनौती थप्दै लगेको छ । हामीले विश्व राजनीतिलाई प्रभावित गर्ने यस नयाँ आयामलाई गहिरो गरी अध्ययन गर्नु पर्छ र आफ्ना नीतिहरूलाई तदनुरूप पुनःसंयोजित गर्नुपर्छ ।

## ४. आतङ्कवाद र अतिवादः चुनौतीको निरन्तरता

केही बर्षयता विश्वमा आतङ्कवाद नयाँ चुनौतीका नाममा देखा परेको छ । ओसामा बिन लादेन लगायत मुख्य योजनाकारहरूको हत्यापछि अल कायदाको विश्वव्यापी सञ्जाल कमजोर हुँदै गएको देखिए पनि आतङ्कवादको चुनौती समाप्त भएको छैन । नाइजेरिया र सोमालिया लगायत मुलुकमा क्रियाशील 'बोको हराम' नामक आतङ्ककारी समूहका ज्यादती, पाकिस्तान, अफगानिस्तान र भारतमा क्रियाशील विभिन्न आतङ्कवादी गुटहरू, पश्चिम चीनमा पृथकतावादी गतिविधि गरिरहेका विभिन्न समूहहरूले सम्बन्धित मुलुकलाई मात्रै होइन, विश्व मानव समुदायलाई नै चुनौती दिइरहेका छन् । जुनसुकै धर्म, जाति, विचारधारा या उद्देश्यको आवरणमा प्रस्तुत भए पनि आतङ्कवादले अन्ततोगत्वा विश्व मानव समुदाय र मानवीय सभ्यतामाथि नै चुनौती खडा गर्छ । आतङ्कवादको विरोध हाम्रो सुसङ्गत नीति हुनुपर्छ र यसका नाममा कुनै पनि मुलुकको सार्वभौमसत्तामाथि बाह्य हस्तक्षेप या आतङ्कवादसँग लड्ने नाममा जनताका अधिकारमाथि कटौती स्वीकार्य नहुने स्पष्ट मान्यतामा कायम रहनुपर्छ ।

पछिल्लो समय जातीय, सांस्कृतिक र धार्मिक अतिवाद विश्व शान्ति र सांस्कृतिक सह-अस्तित्वका निम्ति चुनौतीको बिषय बन्न थालेका छन् । राज्यका एकाधिकारवादी नीतिका कारण सम्बन्धित मुलुकभित्र विभेदमा परेका समुदायको पहिचान र प्रतिनिधित्वको आवाज तर्कसङ्गत नै हुन्छन् र भूमण्डलीकरणका नाममा सांस्कृतिक पहिचान सङ्कटमा परेका समुदायका आवाज पनि न्यायोचित हुन्छन् ।

तर जाति-जातिबीच विद्वेष फैलाउने, जातीय सङ्कीर्णता र अन्धर्राष्ट्रवादलाई प्रोत्साहन गर्ने तथा मानव-मानवबीच घृणाको बिजारोपण गर्ने कुनै पनि प्रकृतिका अतिवादलाई स्वीकार गर्न सकिंदैन । त्यस्ता प्रवृत्तिको विरोध गरिनुपर्छ ।

## ५. लोकतान्त्रिकरणको लहर र अरब विद्रोह

यसबीचमा, अरब क्षेत्रका विभिन्न मुलुकमा शक्तिशाली जनआन्दोलन भएका छन् र निरङ्कुश सत्ताहरू ढालिएका छन् । इजिप्टमा भएको शान्तिपूर्ण जनविद्रोह विशिष्ट र लाक्षणिक थियो, जसले होस्नी मुबारकको दशकौं पुरानो सत्तालाई समाप्त पारिदियो । तर आन्दोलनपश्चात् सत्तामा पुगेका इस्लाम कट्टरपन्थीहरूका कारण त्यहाँ फेरि सेनालाई सत्ता हातमा लिने बहाना प्राप्त भएको छ र परिवर्तनका उपलब्धि गुम्ने स्थिति सिर्जना भएको छ। ट्युनिसियामा तानाशाह बेन अलीका बिरुद्ध भएको शान्तिपूर्ण जनविद्रोहले सफलतापूर्वक लक्ष्य प्राप्त गरेको छ। संविधानसभाबाट अत्यन्त छोटो समयमै संविधान निर्माण गरेर ट्युनिसियाले द्वन्द्वोत्तर राजनीतिक व्यवस्थापनको सफल दृष्टान्त प्रस्तुत गरेको छ । लिबियामा कर्णेल कद्दाफीको निरङ्कुश सत्ता समाप्त भएर लोकतान्त्रिक प्रणाली स्थापना भए पनि त्यसले स्थायित्व भने पाउनसकेको छैन । सिरियामा राष्ट्रपति असदका क्रूर दमनको शिकार बनेर एकलाख भन्दा बढी जनताले ज्यान गुमाइसकेका छन् भने २० औं लाख बिस्थापित भएका छन् । यमन, बहराइन लगायत मुलुकमा भएका विद्रोहले बाञ्छित लक्ष्य प्राप्त गर्न सकेका छैनन् ।

अरब विद्रोहमा युवा सहभागिता र सामाजिक सञ्जालहरूको सशक्त प्रभाव नयाँ परिघटनाका रूपमा रहेको छ । यसले शान्तिपूर्ण विद्रोहमा सूचना प्रविधिको भूमिकाको नयाँ आयाम उद्घाटित गरेको छ। अरब विद्रोहका यी समकालीन घटनाहरूले एकातिर लोकतन्त्रको लहरलाई कस्तै तानाशाहहरूले पनि रोक्न सक्दैनन् भन्ने सन्देश दिएका छन् भने अर्कातिर सही राजनीतिक नेतृत्व स्थापित हुन सकेन भने तानाशाही सत्ता परिवर्तन गरे पनि आन्दोलनका उपलब्धि गुम्न सक्ने खतरालाई पनि टड्कारो गरी औंल्याएको छ। क्रान्तिका उपलब्धिलाई संस्थागत गर्न लागिरहेको नेपाल जस्तो मुलुकका लागि अरब विद्रोहका सकारात्मक र नकारात्मक शिक्षाहरू महत्वपूर्ण सन्दर्भ सामग्री बन्न सक्छन् ।

*उग्रवामपन्थी जडसूत्रवादी बाटो अवलम्बन गरिरहेका समूहहरू सर्वत्र बिफल भइरहेका छन् र समाजको शान्तिपूर्ण रूपान्तरण, लोकतान्त्रिक प्रतिस्पर्धा र जनताको शक्तिमाथि आधारित भएर अगाडि बढिरहेका वामपन्थीहरूले नयाँ सफलता प्राप्त गर्दै गइरहेका छन् ।*

## ६. वामपन्थी आन्दोलनको नयाँ उभार

यस अवधिमा विश्वमा वामपन्थी आन्दोलनमा नयाँ प्रवृत्ति देखापरेको छ । खासगरी ल्याटिन अमेरिकामा देखा परेको यो वामपन्थी लहर उत्साहजनक छ । ब्राजिलमा लुलाको उत्तराधिकारीका रूपमा वामपन्थी राष्ट्रपति दिल्मा रूसेफको विजय, एल साल्भाडोर र निकारागुवामा वामपन्थीहरूले प्राप्त गरेको सफलता, ह्यूगो चाभेजको निधनपश्चात् पनि भेनेजुएलामा वामपन्थी समाजवादी कार्यदिशाको निरन्तरता, चिली र उरुग्वेमा वामपन्थीहरूले प्राप्त गरेका सफलताहरू यस सन्दर्भमा उल्लेख्य छन् । दक्षिण अफ्रिकामा हालै सम्पन्न निर्वाचनमा अफ्रिकी नेशनल कङ्ग्रेसले प्राप्त गरेको ठूलो सफलताले रङ्गभेद विरोधी आन्दोलनको सफलतापश्चात् नेल्सन मण्डेलाको नेतृत्वमा अवलम्बन गरिएको लोकतन्त्र निर्माणको बाटोलाई निरन्तरता दिएको छ ।

मार्क्सवाद र समाजवादको भविष्यप्रति विश्वव्यापी रूपमा पुनःजागृत हुँदै गरेको विश्वास यसबीचको विशिष्ट परिघटना हो । उग्रवामपन्थी जडसूत्रवादी बाटो अवलम्बन गरिरहेका समूहहरू सर्वत्र बिफल भइरहेका छन् र समाजको शान्तिपूर्ण रूपान्तरण, लोकतान्त्रिक प्रतिस्पर्धा र जनताको शक्तिमाथि आधारित भएर अगाडि बढिरहेका वामपन्थीहरूले नयाँ सफलता प्राप्त गर्दै गइरहेका छन् । विश्वव्यापी रूपमा अभिव्यक्त यो प्रवृत्तिले जनताको बहुदलीय जनवादले परिकल्पना गरेको बाटोलाई पुनःपुष्टि गर्ने काम गरिरहेको छ ।

तर पनि समग्रमा विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामै छ । आन्दोलनका सामु नयाँ र अनपेक्षित चुनौतीहरू पनि थपिंदै गएका छन् । यस्तो स्थितिमा विश्वभरकै कम्युनिष्टहरूले मार्क्सवादको आलोकमा आफ्नो समाजको विशिष्ट स्थिति अनुरूप क्रान्ति, परिवर्तन र समाजवाद निर्माणको मौलिक बाटो अन्वेषण गर्नुपर्छ, नयाँ प्रश्नहरूको नयाँ र सही उत्तर खोज्नुपर्छ । विश्व वित्तीय

पूँजीवादी सङ्कटले निर्माण गरेको नयाँ परिस्थिति तथा पूँजीवादी भूमण्डलीकरणले सिर्जना गरेका चुनौतीहरूको सामना गर्दै नयाँ अवसरलाई सदुपयोग गर्न अधिकतम पहलकदमी र सिर्जनात्मक सोंचका साथ अगाडि बढ्नुपर्छ। विश्व कम्युनिष्ट आन्दोलनको कुनै अन्तर्राष्ट्रिय केन्द्र नभएको, बन्न संभव पनि नरहेको र कुनै अन्तर्राष्ट्रिय सङ्गठन समेत विद्यमान नरहेको परिप्रेक्ष्यमा संसारभरका कम्युनिष्टहरूले एक अर्काका अनुभवहरूबाट सिक्ने, सम्बन्धित मुलुकका विशिष्टता र मौलिकतालाई सम्मान गर्ने र विविधताबीच एकता खोज्ने प्रक्रियाबाट अगाडि बढ्नु आवश्यक छ। यस सम्बन्धमा विभिन्न देश, पार्टी वा संस्थाहरूबाट आयोजित हुने अन्तर्राष्ट्रिय मञ्चहरूको व्यापक रूपले उपयोग गर्दै अघि बढ्नु पर्छ।

## ७. चीनको अभूतपूर्व विकासः समाजवाद निर्माणको मौलिक बाटो

चीन लगायत समाजवादी राष्ट्रहरूले यस अवधिमा गरेको उल्लेखनीय प्रगति अनुकरणीय र प्रेरणादायी छन्। यसबीच चीन तेस्रो ठूलो अर्थतन्त्रबाट ठूलो फड्को मार्दै दोस्रो ठूलो अर्थतन्त्रको रूपमा स्थापित भएको छ। विश्व वित्तीय पूँजीवादले गहिरो सङ्कटको सामना गरिरहेको समयमा समाजवादी राष्ट्र चीनले गरेको यो प्रगति संसारभरका श्रमजीवी, वामपन्थी र समाजवादीहरूका लागि प्रेरणाको बिषय बनेको छ। पार्टी स्थापनाको सय बर्ष पुगेको अवसर (सन् २०२१) सम्म समाजवादका बलिया आधार निर्माण गर्ने, सन् २०३० सम्ममा संसारको पहिलो अर्थतन्त्र बन्ने र जनवादी गणतन्त्र चीन स्थापनाको सय बर्ष पूरा हुने अवधि (सन् २०४९) सम्म चीनलाई संसारको विकसित समाजवादी राष्ट्रको रूपमा स्थापित गर्ने चिनियाँ कम्युनिष्ट पार्टीको सङ्कल्प र राष्ट्रपति सि जिनपिङले अगाडि सार्नुभएको चिनियाँ सपनाको बिषय हाम्रा लागि पनि सिक्न लायक बिषय बनेको छ। चीनले आर्थिक समृद्धि मात्रै होइन, ज्ञान विज्ञानको क्षेत्रमा, अन्तरिक्ष र चन्द्रमामा मानव पठाउने बिषयमा, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासको क्षेत्रमा, प्रतिरक्षाका क्षेत्रमा तथा संस्कृति, कला र साहित्यको क्षेत्रमा र समग्र मानव विकासको क्षेत्रमा पनि उल्लेखनीय प्रगति गरेको छ। त्यतिमात्र होइन, चीनले आफ्नो आन्तरिक प्रगति गर्नुका साथ साथै विश्वका विभिन्न मुलुकहरू र क्षेत्रहरूको विकासमा तथा विश्व शान्ति स्थापना गर्ने दिशामा पनि बढ्दो योगदान गर्दै आइरहेको छ। भियतनाम, लाओस जस्ता समाजवादी राष्ट्रहरू र ब्राजिल, दक्षिण अफ्रिका लगायतका मुलुकहरूले गरेको प्रगतिमा पनि त्यहाँका वामपन्थी/समाजवादीहरूको ठूलो योगदान छ। चीनले विश्व राजनीतिमा प्रभावकारी भूमिका खेलिरहेको छ र रुस, भारत, ब्राजिल र दक्षिण अफ्रिकासँग

*चीनले आर्थिक समृद्धि मात्रै होइन, ज्ञान विज्ञानको क्षेत्रमा, अन्तरिक्ष र चन्द्रमामा मानव पठाउने बिषयमा, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासको क्षेत्रमा, प्रतिरक्षाका क्षेत्रमा तथा संस्कृति, कला र साहित्यको क्षेत्रमा र समग्र मानव विकासको क्षेत्रमा पनि उल्लेखनीय प्रगति गरेको छ ।*

'बिक्स' नामको सहकार्यको मञ्च निर्माण गरेर अमेरिका-युरोपको आधिपत्यलाई चुनौती दिने र विश्वको शक्ति सन्तुलनलाई परिवर्तन गर्ने प्रयास गरिरहेको छ ।

### ८. सामाजिक आन्दोलनहरूको प्रभावकारी भूमिका

विश्व राजनीतिमा सामाजिक आन्दोलनहरूको प्रभावकारी भूमिका र बढ्दो प्रभाव यसबीचमा नयाँ प्रवृत्तिको रूपमा देखा परेको छ। महिला समानता, श्रमिकहरूका अधिकार, मानव अधिकार र लोकतन्त्रका पक्षमा विश्वव्यापी रूपमै सामाजिक आन्दोलनहरू सशक्त ढङ्गले अगाडि बढिरहेका छन्। विश्व व्यापार सङ्गठनका कतिपय प्रावधानहरूले किसानहरूमाथि पारेका मारका बिरुद्ध, बिउबिजन र अन्य बिषयमा बहुराष्ट्रिय कम्पनीहरूको एकाधिपत्य र तिनका शोषणका बिरुद्ध सशक्त किसान आन्दोलनहरू अगाडि बढेका छन्। प्राकृतिक स्रोतमाथि स्थानीय समुदायको अधिकारका लागि विश्वका विभिन्न भू-भागमा ठूला प्रतिरोध सङ्घर्षहरू भएका छन्। पूँजीवादी राष्ट्रहरूले औद्योगिक विकासको नाममा अङ्गीकार गरेका कतिपय गलत कामहरू, तिनीहरूले वातावरणमा पारेको गहिरो नकारात्मक प्रभाव र जलवायु परिवर्तनका असरको मारमा परेका विकासशील राष्ट्रहरूमा भइरहेका आन्दोलन र जलवायु सम्मेलनमा देखिएका विरोध प्रदर्शनहरू पनि उल्लेख्य छन्। विश्व वित्तीय पूँजीवाद बिरुद्ध सङ्घर्षको नयाँ मोर्चाका रूपमा सामाजिक आन्दोलनहरूको विकास हुनु समकालीन विश्व परिस्थितिको नयाँ परिघटनाको रूपमा छ।

राजनीतिक क्षेत्रले ध्यान पुऱ्याउन नसकेका जनसरोकारका कतिपय मुद्दाहरू तथा पार्टीहरूले समेट्न नसकेका कतिपय क्षेत्रलाई समेटेर सामाजिक आन्दोलन अगाडि बढ्ने गरेका छन् र यस्ता आन्दोलनमा राजनीतिमा आबद्ध हुन नचाहने तर विद्यमान प्रणालीप्रति असन्तुष्ट समाजका विभिन्न तप्काहरू सहभागी हुने गरेका छन्। आमरूपमा भूमण्डलीय बित्तीय पूँजीवाद र तिनको हित रक्षा

गर्ने विभिन्न संस्थाका नीति बिरुद्ध लक्षित हुने हुनाले सामाजिक आन्दोलनहरू कम्युनिष्ट/वामपन्थी आन्दोलनका सहयोगी भूमिकामा हुन्छन्। यद्यपि, सही नेतृत्वको अभाव, स्वतःस्फूर्तता, उतार-चढाव र गन्तव्यको अस्पष्टता यसका चुनौती हुन् र कतिपय सन्दर्भमा वित्तीय पूँजीवाद र कर्पोरेट संस्थाहरूले राजनीतिक आन्दोलनलाई दिग्भ्रमित पार्न यस्ता आन्दोलनहरूमा घुसपैठ गरेर गलत मोड दिने प्रयत्न पनि गरिरहेका हुन्छन्। कम्युनिष्ट तथा वामपन्थी शक्तिहरूले सामाजिक आन्दोलनको बढ्दो प्रभाव र सामर्थ्यलाई विश्लेषण गर्दै यस्ता शक्तिहरूसँग सहकार्य गरेर अगाडि बढ्नुपर्छ र राजनीतिक परिवर्तनका सहयोगी शक्तिका रूपमा अगाडि बढाउने प्रयास गर्नुपर्छ।

## ९. हाम्रो विशिष्ट भू-राजनीतिक अवस्था

हाम्रा दुई छिमेकी राष्ट्र चीन र भारतले यसबीचमा ठूलो आर्थिक समृद्धि हासिल गरिरहेका छन्। विश्व जनसङ्ख्याको एक तिहाई हिस्सा बसोबास गर्ने यी राष्ट्रहरूले गरेको प्रगतिले समग्र मानव जातिको विकासमै उल्लेख्य योगदान गरिरहेको छ। विश्व राजनीति र अर्थतन्त्रको केन्द्र अमेरिका-युरोपबाट एसियातिर सरिरहेको तथा विश्व राजनीतिमा एसियाको भूमिका थप प्रभावकारी र निर्णायक बन्न लागिरहेको वर्तमान परिप्रेक्ष्यमा चीन र भारतले हासिल गरेको आर्थिक समृद्धि ठूलो महत्वको बिषय बनेको छ। दुई देशबीच आपसी तनाव र मतभिन्नता कम गर्ने तथा सीमा विवाद र एकापसका संवेदनशील मुद्दाहरूलाई वार्ताको माध्यमबाट समाधान गर्ने प्रयास भइरहेका छन्। यी दुबै देशबीच एकापसमा उच्च स्तरीय राजनीतिक भ्रमणहरू भइसकेका छन्। अहिले झण्डै ८० अर्ब डलर हाराहारी रहेको व्यापारिक कारोबारलाई अझ बिस्तार गर्ने र विश्व राजनीतिक रङ्गमञ्चमा सकभर साझा दृष्टिकोणका साथ अगाडि बढ्ने अठोट दुबै देशको राजनीतिक नेतृत्वबाट प्रस्तुत भइरहेको छ।

नेपालको भू-राजनीतिमा दुई देशबीच विकास भइरहेको यो नयाँ सम्बन्धको धेरै गहिरो र सकारात्मक प्रभाव पर्ने निश्चित छ। दुई घनिष्ट र शक्तिशाली छिमेकीबीचको सम्बन्ध सुधारले हामीलाई दुबैसँग सन्तुलित सम्बन्ध राख्न, हाम्रो द्विपक्षीय सम्बन्धले सिर्जना गर्ने अविश्वास र आशङ्कालाई दूर गर्न र दुई देशको सबल अर्थतन्त्र, विशाल बजार र आर्थिक समृद्धिबाट अधिकतम लाभ लिन अनुकूल वातावरण प्रदान गर्छ। विश्व शक्तिका उदीयमान नेपालका दुबै छिमेकी राष्ट्रका सुरक्षा लगायत केही संवेदनशीलता र सरोकारहरू नेपालसँग पनि जोडिएका

*नेपाल-भारतबीच रहेको झण्डै १८ सय किलोमिटर खुल्ला सीमाको लाभ उठाउँदै हुने सीमा वारपार अपराध, आतङ्ककारीहरूले यो स्थितिको लाभ उठाउन सक्ने चिन्ता र भारतीय मुद्राको अबैध कारोबार जस्ता बिषयहरूमा भारतको चासो रहने गरेको छ ।*

छन् । नेपालको सङ्क्रमणकालको लाभ उठाउँदै नेपालबाट चीन विरोधी गतिविधि हुन्छन् कि भन्ने कुरामा चीन संवेदनशील देखिन्छ । तिब्बती शरणार्थीहरूको 'मानव अधिकार' को बिषयलाई उछाल्दै केही पश्चिमा संस्थाहरूले गर्न खोजेको राजनीतिक गतिविधिप्रति चीन सशङ्कित हुनु स्वाभाविकै हो । एक चीन नीतिमा दृढ रहँदै र नेपालको भूमि चीनबिरुद्ध प्रयोग हुन नदिने नेपालको नीतिमा अविचलित रहँदै हामीले चीनसँगको बहुआयामिक सम्बन्धलाई अझ प्रगाढ बनाउनु पर्छ र नेपालको आर्थिक विकासको अभियानमा चीनको सकारात्मक भूमिकालाई अझ फराकिलो बनाउनुपर्छ ।

नेपाल-भारतबीच रहेको झण्डै १८ सय किलोमिटर खुल्ला सीमाको लाभ उठाउँदै हुने सीमा वारपार अपराध, आतङ्ककारीहरूले यो स्थितिको लाभ उठाउन सक्ने चिन्ता र भारतीय मुद्राको अबैध कारोबार जस्ता बिषयहरूमा भारतको चासो रहने गरेको छ । नेपालका पनि कतिपय गम्भीर चासो र सरोकारका विषयहरू छन् । भयावह बनिरहेको व्यापार घाटा, नेपाली कृषि उपजलाई भारतमा प्रवेश गर्न उत्पन्न गरिने विभिन्न बाधा अवरोध, अझै व्यवस्थापन गर्न बाँकी रहेको सीमा समस्या, जलस्रोतको बहुपक्षीय उपयोगका सम्बन्धमा देखा पर्ने गलत सोच र व्यवहार अनि नेपालको राजनीतिक मामलामा भारतीय पक्षबाट बेलाबेलामा प्रकट हुने अनावश्यक चासो र हस्तक्षेपका बिषयहरू हाम्रो चिन्ता र सरोकारका बिषय हुन् । सन् १९५० को सन्धि लगायत इतिहासले छोडेर गएका असमान सम्बन्धहरूलाई परिवर्तन गर्दै दुई देशबीच एक्काइसौं शताब्दी सुहाउँदो विश्वासिलो, बहुआयामिक र पारस्परिक सम्मान र लाभमा आधारित सम्बन्ध विकास गर्न हामी चाहन्छौं । हामी हाम्रा छिमेकीका जायज चासो र सरोकारप्रति सजग छौं र त्यस्तै सजगता र सम्मान हामी हाम्रा मित्रहरू, विशेषतः छिमेकीहरूबाट चाहन्छौं । नेपाल- भारत सम्बन्धका कतिपय जटिलताहरूलाई जिम्मेवार कूटनीतिक पहलका माध्यमबाट समाधान गर्नुपर्छ भन्ने मान्यतामा हाम्रो पार्टी विगतदेखि नै दृढ रहँदै आएको छ ।

समग्रमा भन्नु पर्दा भारत र चीन हाम्रा छिमेकी मुलुकहरू हुन् । उनीहरूसँग घनिष्ट सम्बन्ध बनाउनु, दुबैसँगको मित्रतालाई सुदृढ पार्नु र दुबै मुलुकसँगका आपसी सहयोगलाई बिस्तृत र व्यापक वनाउनु हाम्रो आवश्यकता हो । यी दुबै छिमेकीहरू इतिहासले छोडेका गम्भीर समस्यालाई थाँती राख्दै सबै पक्षमा आपसी सम्बन्ध र सहयोगलाई गहिरो र फराकिलो बनाउँदै लगिरहेका छन् । हामी उनीहरूबीचको सीमा समस्या पनि चाँडै व्यवस्थित होस् भन्ने कामना गर्दछौं । यी घटनाक्रमहरूले चीन र भारतलाई जति निकट ल्याइरहेका छन्, नेपालमा त्रिदेशीय विकास र सहयोगका सम्बन्धहरूलाई विकास गर्ने संभावनाहरूलाई पनि बढाउँदै लगिरहेको छ । त्यो प्रक्रिया हाम्रो दीर्घकालिन हितमा हुनेछ । हाम्रो जस्तो जिम्मेवार पार्टीले यो कुरालाई पनि गम्भीरतापूर्वक लिनु पर्दछ ।

हामी भारतमा हालै सम्पन्न लोकसभा निर्वाचन र त्यसले निर्माण गरेको शक्ति सन्तुलन तथा नयाँ राजनीतिक परिदृश्यका प्रभावको मूल्याङ्कन गरिरहेका छौं । दक्षिण एसियामा स्थिरता, विश्वास र सहकार्यको नयाँ वातावरण निर्माण गर्न र यस क्षेत्रको शक्तिशाली राष्ट्र हुनुको नाताले भारतप्रति रहेको संशय र चिन्तालाई संबोधन गर्न निर्वाचनपछि बनेको सरकारले भूमिका खेल्नेछ भन्ने सर्वत्र अपेक्षा गरिएको छ । नेपालबाहेक दक्षिण एसियाका अन्य मुलुकहरूमा वामपन्थीहरूको घट्दो जनमत र प्रभाव चिन्ताको बिषय बनेको छ । यसले समग्र दक्षिण एसियाको शक्ति सन्तुलनमा पार्न सक्ने नकारात्मक प्रभाव र नेपालको सामाजिक आर्थिक रूपान्तरणको हाम्रो अभियानमा उत्पन्न गर्न सक्ने चुनौतीलाई पनि हामीले गहिरो गरी नियाल्नु जरुरी छ । दक्षिण एसियामा नेपाल मात्रै वामपन्थी बाहुल्यता रहेको मुलुक हुनुको नाताले हामीबाट नेपाली जनताले मात्रै होइन, यस क्षेत्रकै श्रमजीवी जनताले ठूलो आशा गरेका छन् । हामीले हाम्रा अगाडिका संभावना र चुनौतीलाई राम्ररी केलाउन सक्नुपर्छ ।

तेस्रो मुलुकमा पुनःस्थापनाको विकल्पले पनि भुटानी शरणार्थीहरूको समस्यालाई पूर्ण समाधान दिन सकेको छैन भने भुटानमा लोकतन्त्रको अवस्था अझै पनि निराशाजनक छ । बङ्गलादेशमा मुख्य दलबीचको द्वन्द्वले सिर्जना गरेको अस्थिरता समाप्त भएको छैन । पाकिस्तानमा क्रमशः संस्थागत बन्न लागिरहेको लोकतान्त्रिक प्रणाली, अफगानिस्तानले युद्ध र आतङ्कवादको त्रासदीपछि क्रमशः हासिल गर्दै गएको राजनीतिक स्थिरता, श्रीलङ्कामा गृहयुद्धको समाप्ति र म्यान्मार (बर्मा) मा आङ सान सुकीको रिहाइजस्ता बिषय सकारात्मक परिघटनाका रूपमा रहेका छन् ।

*दक्षिण एसियामा नेपाल मात्रै वामपन्थी बाहुल्यता रहेको मुलुक हुनुको नाताले हामीबाट नेपाली जनताले मात्रै होइन, यस क्षेत्रकै श्रमजीवी जनताले ठूलो आशा गरेका छन् ।*

युरोप, पूर्वी एसिया, अफ्रिका, ल्याटिन अमेरिका लगायत विश्वका विभिन्न भू-भागमा क्षेत्रीय सङ्गठन र सहकार्य (एलाइन्स) हरू प्रभावकारी बनिरहेको भए पनि दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)को भूमिका भने प्रभावकारी बन्न सकिरहेको छैन । स्थापनाको दुई दशकभन्दा बढी समय बित्दासमेत सार्क औपचारिकताको तहबाट माथि उठ्न नसक्नु चिन्ताको बिषय हो । भारत र पाकिस्तानजस्ता यस भू-भागका ठूला राष्ट्रहरूको आपसी द्वन्द्वको छायाँबाट सार्कलाई मुक्त गर्दै यसलाई दक्षिण एसियाका पौने दुई अर्ब जनताको साझा संस्थाको रूपमा विकास गर्न नयाँ सिराबाट प्रयत्न गर्न जरुरी देखिएको छ । हालै सम्पन्न लोकसभा निर्वाचनबाट अत्यधिक बहुमतले विजयी भएका भाजपा नेता नरेन्द्र मोदीको नेतृत्वमा नयाँ सरकार स्थापना भएपछि भारत र दक्षिण एसियाली छिमेकी देशहरूको बीचका सम्बन्धहरूमा सकारात्मक परिवर्तन हुने आशा र अपेक्षा गरिएको छ ।

## १०. हाम्रो विदेश नीतिः राष्ट्रिय हितको रक्षा

हामी विश्वका सबै देशहरूसँग मित्रता र पारस्परिक सहयोग तथा सम्मानमा आधारित सम्बन्ध बिस्तार र विकास गर्न चाहन्छौं । संयुक्त राष्ट्र सङ्घको बडापत्र, पञ्चशील र असङ्लग्नताको सिद्धान्तमा आधारित हुँदै विदेश सम्बन्ध सञ्चालन गर्ने जनताको बहुदलीय जनवादको मान्यतालाई नेकपा (एमाले)ले दृढतापूर्वक अवलम्बन गरिरहने छ । नेपालको राष्ट्रिय हितलाई केन्द्रभागमा राख्दै मुलुकको सार्वभौमसत्ता तथा भौगोलिक अखण्डताको रक्षा गर्ने, प्राकृतिक साधन स्रोतमा जनताको अक्षुण्ण अधिकारको संरक्षण गर्ने तथा देश विकासमा तिनको अधिकतम सदुपयोग गर्ने, मानवीय सुरक्षा, प्राकृतिक साधन स्रोतको रक्षा तथा राष्ट्रिय सुरक्षालाई सम्बर्द्धन गर्ने, विदेशी ऋण सहयोग र लगानीलाई नेपालको हित अनुकूल परिचालन गर्ने, पारस्परिक सम्मान, आपसी लाभ र अहस्तक्षेपको नीतिअन्तरगत

विदेश नीति सञ्चालन गर्ने, लोकतन्त्र, न्याय र समानताको प्रत्याभूति गर्ने तथा आर्थिक विकास र समृद्धिद्वारा जनताको जीवनमा खुसियाली ल्याउने नै हाम्रो राष्ट्रिय हित र सरोकारका बिषय हुन् । कूटनीतिक मर्यादा र मान्यतालाई कायम राख्दै नेपालको स्वाभिमानमा आँच आउने कुनै पनि प्रकारका क्रियाकलापहरू हुन नदिने कुरामा हामी अटल छौं । आफ्नो देशको हित र जनताको समृद्धिको लागि काम-कुरा गर्नु कुनै देशप्रतिको विरोध वा विद्वेष होइन । संसारका सबै देश वा राज्यहरूले आफ्नो हितलाई ध्यानमा राखेर नै विदेश सम्बन्ध कायम र सञ्चालन गर्छन् । अतः राष्ट्रिय हित र आवश्यकतालाई गौण तुल्याउने किसिमले राज्य, सरकार, पार्टी, सङ्घ-संस्थाका नीति र कामहरू हुनुहुँदैन भन्ने नेकपा (एमाले) को स्पष्ट धारणा छ । हाम्रो प्रगतिशील राष्ट्रवादको मान्यता यही नै हो । यही नीति र कार्यदिशाले नै आजको जटिल र अन्तरनिर्भर विश्व परिस्थितिमा हाम्रो जस्तो राष्ट्र र पार्टीका लागि दिशानिर्देश गर्न सक्छ ।

## (ख) राष्ट्रिय परिस्थिति

कमरेडहरू, अब म मुलुकको वर्तमान राष्ट्रिय स्थितिका बारेमा सङ्क्षिप्त विश्लेषण प्रस्तुत गर्न चाहन्छु ।

### १. संविधानसभाको दोस्रो निर्वाचन र परिवर्तित राजनीति

पहिलो संविधानसभाको बिघटनपछि उत्पन्न सङ्कट र डेढ बर्ष लामो रिक्ततालाई चिर्दै संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भएपछि मुलुकमा नयाँ राजनीतिक परिस्थिति निर्माण भएको छ। परिवर्तित परिस्थितिले हाम्रा सामु संभावनाको नयाँ क्षितिज उद्घाटन गरिदिएको छ र नयाँ अभिभारा काँधमा सुम्पिदिएको छ। स्वाभाविकै रूपमा, संभावना सँगसँगै नयाँ चुनौतीहरू पनि उपस्थित भएका छन् ।

निर्वाचनपछि झण्डै डेढ बर्षदेखि जारी राजनीतिक-संवैधानिक सङ्कटलाई समाधान गर्ने बाटो खुलेको छ। संविधानसभाको गठनले नयाँ संविधान निर्माणको आधार तयार गरिदिएको छ। व्यवस्थापिका-संसदको गठनसँगै सरकार गठन, कानून निर्माण तथा बजेट लगायत व्यवस्थापकीय कामको वैधानिक थलो स्थापित भएको छ र मुलुकमा कायम राजनीतिक रिक्तता अन्त्य भएको छ ।

*हाम्रो पार्टी नेकपा (एमाले) अघिल्लो संविधानसभाको कूल १०८ (२०.३३ प्रतिशत) सिटमा उल्लेख्य बृद्धि गर्दै १७५ सिटसहित दोस्रो शक्तिको रूपमा स्थापित भएको छ । पार्टीले २३.६६ प्रतिशत लोकप्रिय मत प्राप्त गरेको छ ।*

निर्वाचनपछि राष्ट्रिय राजनीतिमा नयाँ शक्ति संरचनाको निर्माण भएको छ । नेपाली काङ्ग्रेस पहिलो संविधानसभामा प्राप्त गरेको ११४ (२१.१४ प्रतिशत) सिट सङ्ख्यालाई बढाएर १९६ (३४.०८ प्रतिशत) सिट पुऱ्याउँदै संविधानसभामा सबैभन्दा ठूलो दलको रूपमा देखापरेको छ। उसको लोकप्रिय मत २१.१४ प्रतिशतबाट २५.५५ प्रतिशतमा बृद्धि भएको छ। हाम्रो पार्टी नेकपा (एमाले) अघिल्लो संविधानसभाको कूल १०८ (२०.३३ प्रतिशत) सिटमा उल्लेख्य बृद्धि गर्दै १७५ सिटसहित दोस्रो शक्तिको रूपमा स्थापित भएको छ। पार्टीले २३.६६ प्रतिशत लोकप्रिय मत प्राप्त गरेको छ। प्रत्यक्षतर्फ बहुमत (१२१) सिट सहित कूल २३७ सिट जितेर पहिलो संविधानसभामा सबैभन्दा ठूलो दल (झण्डै ४० प्रतिशत सिट सङ्ख्या) बन्न सफल एनेकपा (माओवादी) ले यस निर्वाचनमा ठूलो धक्का खाएको छ । उसले प्रत्यक्षतर्फ जम्मा २६ र समानुपातिकमा ५४ सिटसहित कूल ८० (१५.२१ प्रतिशत) सिट हासिल गरेको छ भने उसको लोकप्रिय मत ३०.८१ प्रतिशतबाट आधाभन्दा कम भएर १३.९१ प्रतिशतमा सीमित भएको छ । अघिल्लो संविधानसभामा झण्डै ८४ सिटसहित चौथो शक्तिका रूपमा रहेका मधेसी दलहरूको लोकप्रिय मत, सिट सङ्ख्या र हैसियत निकै कमजोर भएको छ । जातीयतामाथि आधारित समूहको उपस्थिति संविधानसभामा नगण्य छ ।

तर राजतन्त्रको पुनःस्थापना र हिन्दु राज्यको मागसहित निर्वाचनमा उत्रिएको दक्षिणपन्थी समूह राप्रपा नेपाल २४ सिटसहित चौथो शक्तिको रूपमा उपस्थित हुनु र काठमाडौं, वीरगञ्ज, विराटनगर जस्ता सचेत सहरी निर्वाचन क्षेत्रमा उसले उल्लेख्य मत प्राप्त गर्नु विचारणीय बिषय हुन पुगेको छ। निर्वाचनमा न्यूनतम मत सीमा (थ्रेस होल्ड) नराखिएका कारण ३० वटा दल संविधानसभामा प्रतिनिधित्व गर्न सफल भएका छन्, जसमध्ये १ प्रतिशतभन्दा बढी मत हासिल गर्ने दलहरूको सङ्ख्या ११ (नेपाली काङ्ग्रेस, नेकपा एमाले, एनेकपा (माओवादी, राप्रपा नेपाल, मजफो (लो), राप्रपा, मजफोनेपाल, तमलोपा, सद्भावना, नेकपा

(माले) र सङ्घीय समाजवादी) मात्र छ भने प्रत्यक्षतर्फ विजय हासिल गर्ने दलको सङ्ख्या ८ मात्र (नेकाँ, एमाले, एमाओवादी, मजफो(लो), तमलोपा, राप्रपा, मजफोनेपाल र सद्भावना) रहेको छ ।

निर्वाचनले मुलुकमा देखापरेका विभिन्न रूपका अतिवादलाई धेरैहदसम्म किनारा लगाइदिएको छ । निर्वाचन बहिस्कारको नाममा यात्रु बसमा आगजनी गर्ने, ठाउँ-ठाउँमा बम बिस्फोट गराउने र धम्की र त्रासको वातावरणद्वारा मुलुकलाई थप सङ्कटमा धकेल्न चाहने नेकपा -माओवादी र उसको गठबन्धनका सहयोगी दलहरूको अतिवादलाई मतदाताले पूर्ण रूपले अस्वीकार गरिदिएका छन् । झण्डै ७५ प्रतिशत हाराहारीमा भएको मतदान बहिस्कारको उग्रवामपन्थी नीतिलाई जनताले दिएको सशक्त जवाफ हो । त्यसरी नै, ११ बर्षसम्म हिंसाद्वारा मुलुकलाई आक्रान्त पार्ने, शान्ति प्रक्रियालाई पनि दाउपेचका रूपमा प्रयोग गर्ने, संविधानसभालाई बिफल पार्ने तथा समाजमा जातीय-क्षेत्रीय अतिवादलाई प्रोत्साहित गर्ने एमाओवादीलाई पनि नेपाली जनताले गम्भीर पाठ पढाएका छन् । एमाओवादीले अहिले व्यहोरेको प्रतिकूल परिणाम उसका चरम अवसरवादी नीतिहरूको परिणाम हो भन्ने कुरामा कुनै सन्देह छैन । त्यसैगरी नेपाली जनताले मधेसको कुरा गर्ने तर देशलाई बिर्सने तथा क्षेत्रीय सङ्कीर्णता, बिखण्डनकारी सोच र अतिवादको पैरवी गर्ने मधेशी मोर्चासँग आबद्ध समूहका नीतिहरूलाई समेत अस्वीकृत गरिदिएका छन् । जातिको कुरा उठाउने तर राष्ट्रिय हित र एकतालाई तिलाञ्जली दिने तथा सामाजिक कटुता बढाउन चाहने कतिपय सङ्कीर्णतावादी समूह पनि निर्वाचनमा पराजित भएका छन् । समाजलाई कुनै पनि रूपको अतिवाद र सङ्कीर्णताबाट मुक्त गर्दै सामाजिक सद्भाव, सुदृढ राष्ट्रिय एकता र बहुलता एवम् बहुपहिचानमा आधारित लोकतान्त्रिक र प्रगतिशील संविधान निर्माण गर्नको लागि निर्वाचनको यो जनादेश ज्यादै महत्वपूर्ण छ ।

निर्वाचनमा हाम्रो पार्टीले महत्वपूर्ण सफलता प्राप्त गरेको छ । अघिल्लो निर्वाचनमा विभिन्न कारणले तेस्रो शक्तिमा धकेलिनु परेपछि हाम्रो पार्टीको भविष्यलाई लिएर अनेकौं नकारात्मक टिप्पणीहरू हुँदै आएका थिए । एउटा मुलुकमा दुईवटा कम्युनिष्ट पार्टी समानान्तर ढङ्गले अगाडि बढ्न नसक्ने र माओवादी नै वामपन्थी आन्दोलनको मूलधार भएको हुनाले नेकपा (एमाले)को भविष्य त्यसैसँग सहकार्य र एकता गर्नुमा सीमित छ भन्ने जस्ता सोचहरू प्रकट भएका थिए । त्यस्ता सोचहरूले उग्रवामपन्थसँग वैचारिक-राजनीतिक सङ्घर्ष गर्दै त्यसलाई रूपान्तरण गर्ने महाधिवेशनको उद्देश्यलाई कार्यान्वयन गर्न निकै

*हाम्रो पार्टी बहुपहिचान र सुदृढ सामाजिक सद्भाव एवम् एकतासहितको सङ्घीयताको पक्षमा उभिएको थियो भने एमाओवादी, मधेसी दल र अन्य केही सङ्कीर्णतावादी समूहहरू 'एकल जातीय पहिचानका पक्षधरलाई दुई तिहाई मत दिन' आग्रह गर्दै चुनावी मैदानमा उत्रिएका थिए ।*

अप्ठ्यारो पारेको थियो । अझ पार्टीलाई 'सङ्घीयता विरोधी', 'पहिचान विरोधी' र 'आदिवासी-जनजाति विरोधी'को आरोप लगाउँदै पार्टीका उपाध्यक्ष र केही केन्द्रीय नेताहरूको बहिर्गमन तथा केही अवसरवादी नेताहरूको एमाओवादीमा प्रवेशले समाजमा ठूलो मनोवैज्ञानिक प्रभाव पार्न खोजिएको अवस्था थियो । त्यस्तो प्रतिकूल अवस्थामा निर्वाचनमा होमिएको हाम्रो पार्टीले पाएको सफलता उल्लेखनीय छ ।

यो निर्वाचन सङ्घीयताका प्रश्नमा एक किसिमको जनमत सङ्ग्रह जस्तै थियो । हाम्रो पार्टी बहुपहिचान र सुदृढ सामाजिक सद्भाव एवम् एकतासहितको सङ्घीयताको पक्षमा उभिएको थियो भने एमाओवादी, मधेसी दल र अन्य केही सङ्कीर्णतावादी समूहहरू 'एकल जातीय पहिचानका पक्षधरलाई दुई तिहाई मत दिन' आग्रह गर्दै चुनावी मैदानमा उत्रिएका थिए । निर्वाचनले 'एक मधेसः एक प्रदेश', 'एकल जातीय पहिचान आधारित राज्य' र 'आत्मनिर्णयको अधिकार' तथा 'राजनीतिक अग्राधिकार' जस्ता गलत मान्यतालाई अस्वीकार गरिदिएको छ । निर्वाचनको यो जनादेशले राज्य पुनःसंरचना र सङ्घीयताको बहसलाई निर्णायक टुङ्गोमा पुऱ्याउन महत्वपूर्ण आधार तयार गरेको छ । आफ्ना केही नेताको बहिर्गमनको मूल्य चुकाएर भए पनि बहुपहिचान, सामाजिक सद्भाव र राष्ट्रिय एकताको पक्षमा नेकपा (एमाले)ले लिंदै आएको अविचलित अडानलाई जनताले अनुमोदन गरेका छन् ।

यस पटक हाम्रो पार्टी आफ्नै केही आन्तरिक व्यवस्थापकीय कमजोरीका कारण संविधानसभाको पहिलो दल हुनबाट चुक्यो । कतिपय ठाउँमा उम्मेदवारी चयनमा सही निर्णय लिन सकेको भए, प्रतिस्पर्धामा रहेको निर्वाचन क्षेत्रको सामाजिक संरचनालाई ध्यानमा राखेर समानुपातिक उम्मेदवार चयन गर्न सकेको भए, केन्द्रमा निर्वाचन परिचालनका लागि एउटा महत्वपूर्ण शक्ति बिन्यास गर्न

सकेको भए र साधनस्रोतको उचित सन्तुलन मिलाउन सकेको भए हामी कम्तीमा पनि थप २० निर्वाचन क्षेत्रमा विजय हासिल गर्न सक्थ्यौं । यसबाहेक, केही स्थानमा पार्टीका आन्तरिक विवादको व्यवस्थापन हुन नसक्नु र कतिपय ठाउँमा अन्तरघातका पार्टीविरोधी क्रियाकलाप देखा पर्नुले पनि हामी पहिलो शक्ति बन्ने अवसरबाट बञ्चित भयौं । त्यति भएर पनि, यस निर्वाचनबाट पार्टी मुलुकको मुख्य शक्तिका रूपमा उभिन सफल भएको छ । संविधानसभामा पार्टीको जुन उपस्थिति छ र पार्टीका एजेण्डाहरूप्रति जसरी जनसमर्थन प्राप्त भएको छ, यी बिषयले सरकार गठन, संविधान निर्माण, राज्य सञ्चालन र समग्र मुलुकको अगुवाइका निम्ति नेकपा (एमाले)को नेतृत्वदायी भूमिकालाई स्थापित गरेको छ । निर्वाचनबाट निर्मित शक्ति सन्तुलनको वर्तमान अवस्था सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माणका लागि सापेक्षित रूपमा अनुकूल र सहयोगी छ ।

## २. संयुक्त सरकार र यसका कार्यभार

१२ बुँदे समझदारीबाट सुरु भएको राजनीतिक प्रक्रिया पूरा भइनसकेको र यसलाई सकारात्मक निष्कर्षमा पुऱ्याउन मुख्य राजनीतिक दलबीच सहकार्यलाई निरन्तरता दिनु आवश्यक भएको निष्कर्षका साथ हाम्रो पार्टीले निर्वाचन लगत्तै सहमतिको सरकारको प्रस्ताव अगाडि सारेको थियो । निर्वाचनको जनादेश पनि यस्तै थियो । संविधान निर्माणका लागि मुख्य राजनीतिक दलबीच सहमति अनिवार्य रहेको र सहमतिको सरकार यसका लागि साधक बन्ने विगतका अनुभवलाई समेत हृदयङ्गम गर्दै पार्टीले यस्तो सरकारका लागि पहल गऱ्यो । हाम्रै पहलमा नेकपा (एमाले), नेपाली काङ्ग्रेस र एनेकपा (माओवादी) बीच ४ बुँदे सहमति पनि भयो । नेपाली काङ्ग्रेसभित्र नेकपा (एमाले)सँग मिलेर सरकार बनाउन हुँदैन भन्ने आवाज फाट्टफुट्ट सुनिए पनि काङ्ग्रेस संस्थागत रूपमा सहमतिको सरकारको पक्षमा देखा पऱ्यो । तर निर्वाचनमा व्यहोर्नु परेको धक्काका कारण हतास, क्षुब्ध र विचलित जस्तै बनेको एनेकपा (माओवादी) सहमतिको सरकारका लागि तयार भएन । एमाले र काङ्ग्रेसबीच दूरी बढेमा त्यसको लाभ उठाउँदै गठबन्धनको निर्णायक शक्तिका हैसियतमा सरकारमा जाने अन्यथा विपक्षमा बस्ने उसको यो नीति सहमतिको मर्म र आवश्यकता विपरीत थियो ।

यस्तो स्थितिमा हामीले नेपाली काङ्ग्रेससँग समान साझेदारका हैसियतले सरकार गठन, संविधान निर्माण, राष्ट्रपति लगायत संस्थाहरूको नयाँ निर्वाचन र सङ्क्रमणकालको व्यवस्थापनका सम्बन्धमा ठोस प्रस्तावसहित अगाडि आउन प्रस्ताव गऱ्यौं । विभिन्न चरणका वार्तापछि नेपाली काङ्ग्रेससँग ७ बुँदे सहमतिमा

*वर्तमान सरकारका सामु एक बर्षभित्र संविधान निर्माण गर्न अनुकूल वातावरण निर्माण गर्ने, जनतालाई परिवर्तनको अनुभूति हुने गरी सुशासन, शान्ति सुरक्षा, राहत र सहयोग उपलब्ध गराउने तथा सामाजिक-आर्थिक रूपान्तरणको कार्यसूचीका आधारमा विकास निर्माण र मुलुकको समृद्धिको जग बसाल्ने महत्वपूर्ण दायित्व छन् ।*

हस्ताक्षर पनि भयो । यही सहमतिका आधारमा पार्टीले नेपाली काङ्ग्रेसका सभापति सुशील कोइरालालाई मतदान गऱ्यो र प्रधानमन्त्रीमा निर्वाचित पनि गऱ्यो । तर निर्वाचित भए लगत्तै नेपाली काङ्ग्रेसका नेताहरूले 'प्रधानमन्त्रीय पद्धतिलाई बलियो बनाउने' नाममा सहमति विपरीत अनुचित अडान राख्न थाले । उनीहरूको अनावश्यक हठका कारण सहयात्रामा प्रारम्भमै अड्चन उत्पन्न भए र मुलुकको मूल्यवान समय व्यर्थमा खेर गयो । यस्ता अडान सहमतीय संस्कृतिका विपरीत थिए, त्यसैले हामीले विरोध गऱ्यौं । हाम्रो पार्टीको दृढ अडानका कारण नेपाली काङ्ग्रेस पुनः सहमतिमा फर्कन र पूर्व सहमति कार्यान्वयन गर्न तत्पर भयो, जसको फलःस्वरूप संयुक्त सरकार गठन भएको छ । हाम्रो पार्टी महत्वपूर्ण साझेदारको रूपमा सरकारमा सहभागी भएको छ । संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम पनि सार्वजनिक भइसकेको छ । राप्रपा र नेकपा (माले) समेतको सहभागिताले सरकारको घेरालाई अझ फराकिलो बनाइदिएको छ ।

वर्तमान संयुक्त सरकार सामान्य अवस्थामा बनेको सामान्य सरकार होइन । मुलुक सङ्क्रमणकालको जटिल र संवेदनशील मोडबाट अगाडि बढिरहेको बेला गठित यो एउटा निश्चित उद्देश्य बोकेको सरकार हो । सामान्यतः लोकतन्त्रमा सदनको पहिलो र दोस्रो दल मिलेर सरकार बनाउने प्रचलन हुँदैन । तर हाम्रो सन्दर्भमा परिवर्तनलाई संस्थागत गर्न, संविधानसभाबाट संविधान निर्माण गर्ने काममा सबै सहयोग उपलब्ध गराउन र सङ्क्रमणकाललाई निष्कर्षमा पुऱ्याउन आन्दोलनका सहयात्री दलबीच यस्तो सरकारको गठन अनिवार्य आवश्यकता थियो । वर्तमान सरकारका सामु एक बर्षभित्र संविधान निर्माण गर्न अनुकूल वातावरण निर्माण गर्ने, जनतालाई परिवर्तनको अनुभूति हुने गरी सुशासन, शान्ति सुरक्षा, राहत र सहयोग उपलब्ध गराउने तथा सामाजिक-आर्थिक रूपान्तरणको कार्यसूचीका आधारमा विकास निर्माण र मुलुकको समृद्धिको जग बसाल्ने महत्वपूर्ण दायित्व छन् । संविधानसभाभित्र र बाहिर रहेका दलहरूलाई संविधान निर्माण र

मुख्य राष्ट्रिय एजेण्डामा सहमतिमा ल्याउने जिम्मेवारी पनि सरकारकै काँधमा छ । सरकारलाई सदनमा रहेको दुई तिहाई भन्दा बढी सदस्य र दलहरूको दृढ समर्थन छ । संरचनाको दृष्टिले सरकार निकै बलियो जगमाथि उभिएको छ । तर पनि सरकारका प्रारम्भिक कामहरू निकै सुस्त र अलमलग्रस्त देखिएका छन् । सरकारको प्रभावकारिताका लागि प्रधानमन्त्रीले ठोस सक्रियता देखाउनुपर्छ र तत्काल ठोस निर्णयहरू गर्दै अगाडि बढ्नु पर्छ । हाम्रो पार्टीले वर्तमान सरकारलाई संविधान निर्माणको सहजकर्ता, परिवर्तनको संबाहक, विकास-निर्माणको अभियन्ता र जनताको सेवकका रूपमा अगाडि बढाउन हरसंभव प्रयाश गर्नेछ ।

**३. श्रमजीवी र पूँजीपति वर्गबीच सहकार्य र प्रतिस्पर्धाको विशेष अवस्था**

संविधानसभा निर्वाचनमा पहिलो र दोस्रो शक्तिका रूपमा स्थापित भएपछि र दुई दलबीच संयुक्त सरकार गठन भएपछि मुलुकको वर्तमान राजनीतिमा नेकपा (एमाले) र नेपाली काङ्ग्रेसबीच सहकार्य र प्रतिस्पर्धाको नयाँ चरण प्रारम्भ भएको छ । यससँगै नेपालका दुई आधारभूत वर्गहरू - श्रमजीवी र पूँजीपति वर्गबीच पनि सहकार्य र प्रतिस्पर्धाको नयाँ आयाम सुरु भएको छ । सहकार्य र प्रतिस्पर्धाको यो द्वन्द्वात्मक सम्बन्धलाई सही ढङ्गले व्यवस्थापन गर्न सकेमा मुलुक सहजताका साथ अगाडि बढ्न सक्नेछ, अन्यथा राष्ट्रिय राजनीतिमा जटिलताहरू पैदा हुन सक्नेछन् ।

वास्तवमा, सन् १९३० को दशकको अन्त्यतिर पूँजीवादी उत्पादन पद्धति आरम्भ भएपछि नेपालमा श्रमजीवी र पूँजीपति वर्गका रूपमा दुईवटा नयाँ वर्गले जन्म लिएका हुन् । उनीहरूको जन्मसँगै नेपाली राजनीतिमा जनताको जनवादको क्रान्तिकारी धारा र उदार प्रजातन्त्रको सुधारवादी धारा देखा परे । तिनै वर्गीय-वैचारिक धरातलमा आधारित भएर नेपाल कम्युनिष्ट पार्टी र नेपाली काङ्ग्रेस दुई राजनीतिक पार्टीको जन्म भयो । त्यही बिन्दुदेखि नै यी दुई वर्गबीच सहकार्य र प्रतिद्वन्द्विताको लामो शृङ्खला सुरु भयो ।

नेपालको पूँजीपति वर्ग बलियो औद्योगिक पूँजीवादी उत्पादनको भौतिक धरातल र सामन्तवादसँग निर्णायक सङ्घर्षको पृष्ठभूमिबाट विकसित भएको होइन । सुरुदेखि नै यसमा सामन्तवादसँग संश्रयकारी प्रवृत्ति, कम्युनिष्ट आन्दोलनप्रति वैरभाव र सम्झौतापरस्त व्यवहार मूलभूत चरित्रका रूपमा रहँदै आएका छन् । उसको यही चरित्रका कारण नेपालको लोकतान्त्रिक आन्दोलनमा वामपन्थी शक्ति र नेपाली काङ्ग्रेसबीच सहकार्यको प्रस्तावले लामो समयसम्म मूर्त

*नेपालको पूँजीपति वर्ग बलियो औद्योगिक पूँजीवादी उत्पादनको भौतिक धरातल र सामन्तवादसँग निर्णायक सङ्घर्षको पृष्ठभूमिबाट विकसित भएको होइन । सुरुदेखि नै यसमा सामन्तवादसँग संश्रयकारी प्रवृत्ति, कम्युनिष्ट आन्दोलनप्रति वैरभाव र सम्झौतापरस्त व्यवहार मूलभूत चरित्रका रूपमा रहँदै आएका छन् ।*

रूप लिन पाएन । २००७ सालको परिवर्तन लगत्तै कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगाउनु, संविधानसभाको माग परित्याग गर्नु, राजा महेन्द्रका संभाव्य प्रतिगामी कदमबिरुद्ध संयुक्त पहल गर्न कमरेड पुष्पलालले २०१६ सालमा राख्नुभएको प्रस्तावलाई उपेक्षा गर्नु र पञ्चायती व्यवस्था बिरुद्ध संयुक्त जनआन्दोलन गर्न उहाँले राख्नुभएको प्रस्तावलाई वेवास्ता गर्नु नेपालको पूँजीपति वर्गका यही चारित्रिक विशेषताका परिणाम थिए । त्यसो त, कम्युनिष्ट आन्दोलनभित्र पनि सामन्तवादका बिरुद्ध काङ्ग्रेससँग सहकार्य गर्नुपर्ने आवश्यकतालाई अस्वीकार गर्ने उग्रवाम र दक्षिणपन्थी प्रवृत्ति देखा पर्दै आएका हुन् । अनेकौं उतार-चढाव, अनुभवका शृङ्खला र शिक्षापछि २०४६ सालमा हाम्रो पार्टीको सचेत र क्रियाशील प्रयत्नपछि यी दुई वर्गबीच सहकार्य र संयुक्त आन्दोलनको नयाँ प्रक्रिया आरम्भ हुन सक्यो, जसले ३० बर्ष लामो पञ्चायती तानाशाही व्यवस्थालाई समाप्त पार्न र बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न निर्णायक भूमिका खेल्यो । तर आन्दोलनका उपलब्धि संस्थागत नहुँदै फेरि पूँजीपति वर्गमा उही कम्युनिष्ट विरोधी प्रवृत्ति हावी भयो । उसको सर्वसत्तावादी चरित्र, निजीकरण र उदारीकरणका नाममा ठूला पूँजीपति वर्गको पक्षपोषण गर्ने गलत आर्थिक नीति र विदेशी शक्तिहरूसँगको बढ्दो संश्रयपछि सहकार्यको यो शृङ्खला टुट्यो । यी दुबै दलमा अनेकौं राजनीतिक विचलनहरू पनि देखापरे । वास्तवमा आन्दोलनका उपलब्धि संस्थागत नहुँदै यी दुई शक्तिबीच सुरु भएको दूरी र राजनीतिक बिकृति एवम् विचलन नै मुलुकमा उग्रवामपन्थको बिस्तार र ज्ञानेन्द्रको तानाशाही कदमका लागि आधार बनेको थियो ।

ज्ञानेन्द्रको तानाशाही बिरुद्ध लोकतान्त्रिक आन्दोलन र माओवादी सशस्त्र द्वन्द्वको शान्तिपूर्ण समाधानको ऐतिहासिक आवश्यकताले पुनः सुरु भएको सहकार्यको यो शृङ्खला २०६२/६३ को ऐतिहासिक जनआन्दोलन र जनक्रान्तिताका नयाँ उचाइमा विकसित भयो । दुई वर्गले सह-नेतृत्व गर्दै आन्दोलनलाई सफल

पारे । निश्चय नै, पूँजीपति वर्गका लागि यो बाध्यताको बिषय थियो, रोजाइको बिषय थिएन । राजतन्त्रसँग सहकार्यका यावत् प्रयाश असफल भइसकेपश्चात् ऊ संविधानसभा निर्वाचन र लोकतान्त्रिक गणतन्त्रको एजेण्डामा सहमत हुन बाध्य भयो । संविधानसभाबाट संविधान निर्माण गर्दै सङ्क्रमणकाल समाप्त पार्ने र मुलुकमा लोकतन्त्र, शान्ति र स्थायित्वको आधारशीला निर्माण गर्ने अवधिभरि यो सहकार्यले निरन्तरता पाउनु पर्छ ।

निश्चय नै, यी दुई वर्गबीच आधारभूत वर्गीय प्रश्नमा गंभीर मतभिन्नता छन् । लोकतन्त्रका आ-आफ्ना परिभाषा र प्राथमिकता छन् । आर्थिक विकासका आ-आफ्ना मोडल छन् र समाजवाद र एकाधिकार पूँजीवादका रूपमा दुई भिन्नाभिन्नै गन्तव्य छन् । पूँजीपति वर्ग लोकतन्त्रका नाममा आफूले निर्वाध नाफा कमाउने र राज्यका साधनस्रोतमाथि नियन्त्रण जमाउन पाउने कुराको पैरवी गर्छ । सारमा, पूँजीपति वर्ग राज्यलाई नियन्त्रित गर्न चाहन्छ । अझ त्यसभित्रको एउटा तप्का उद्योगधन्दाको बिस्तार र पूँजीको पुनःनिमाणमा होइन, कर छलेर, तस्करी र कालो धनलाई बिस्तार गरेर, राज्यको साधनस्रोत दोहन गरेर विलासी, अनुत्पादक र भ्रष्ट जीवन बाँच्न चाहन्छ । त्यस विपरीत, श्रमजीवी वर्ग प्रगतिशील कर प्रणाली, सुदृढ सामाजिक सुरक्षा र सामाजिक न्यायका माध्यमबाट राज्यमा आफ्नो पहुँच र प्रभावलाई बिस्तार गर्न चाहन्छ । उत्पादक शक्तिको व्यापक बिस्तारमार्फत् समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न चाहन्छ । यी बिषयमा दुई वर्ग र तिनका राजनीतिक प्रतिनिधिबीच तीव्र प्रतिस्पर्धा पनि छ । आगामी दिनमा यो प्रतिस्पर्धा अझ बढेर जानेछ । पूँजीपति वर्गभित्रको राष्ट्रिय तथा उत्पादक पूँजीवादी हिस्सालाई प्रोत्साहन र भ्रष्ट तथा अनुत्पादक हिस्साको विरोध गर्नुपर्छ । पूँजीपति वर्गका यी विभिन्न स्वार्थहरू आगामी दिनमा नेपाली काङ्ग्रेसका नीतिहरूमा प्रतिबिम्बित हुनेछन् । राष्ट्रिय पूँजीको विकास, मुलुकको औद्योगीकरण, राष्ट्रिय हितका प्रश्नमा सकारात्मक नीतिका प्रश्नमा नेपाली काङ्ग्रेससँग सहकार्य हुनेछ र भ्रष्टाचारलाई प्रश्रय, अनुत्पादक पूँजीको संरक्षण र राष्ट्रिय हितमा नोक्सान पुऱ्याउने नीतिहरूको विरोध हुनेछ । आजको विशिष्ट आवश्यकतालाई मध्यनजर गर्दै सहकार्यलाई निरन्तरता दिन आफ्नो तर्फबाट हरसंभव प्रयत्न गरिरहनु पर्छ । अर्कोतिर आधारभूत प्रश्नमा रहेका वर्गीय र राजनीतिक भिन्नताबारे स्पष्ट हुन, जनतालाई स्पष्ट पार्न र श्रमजीवी वर्गका एजेण्डामा सम्झौताहीन पक्षपोषणका माध्यमबाट प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्ने हिसाबले आफ्नो भूमिकालाई थप प्रभावकारी बनाउनुपर्छ ।

*झण्डै दुई दशकको मूल्यवान समय द्वन्द्व र द्वन्द्वोत्तर व्यवस्थापनमा खर्चिनु पर्दा विकास निर्माण, आर्थिक प्रगति, सामाजिक विकास जस्ता महत्वपूर्ण राष्ट्रिय एजेण्डा ओझेलमा परेका छन् । द्वन्द्वले कमजोर भएको राज्यलाई द्वन्द्वपश्चात्को निरन्तर अस्थिरताले आवश्यक मात्रामा प्रभावकारी बन्न दिइरहेको छैन ।*

## ४. मुलुकको वर्तमान सामाजिक-आर्थिक स्थिति

आठौं राष्ट्रिय महाधिवेशनबाट गरिएको मुलुकको सामाजिक-आर्थिक स्थितिको चित्रणमा आधारभूत परिवर्तन नभए पनि कतिपय नयाँ प्रवृत्ति, घटनाक्रम र आयामहरू देखा परेका छन् । सामाजिक-आर्थिक स्थितिमा देखा परेका निम्न बिषय-प्रवृत्तिहरू ध्यान दिन योग्य र लाक्षणिक छन् -

**(क) लम्बिँदो सङ्क्रमणकाल र बढ्दो जटिलता–** मुलुकले सामना गर्नु परेको ११ बर्ष लामो सशस्त्र द्वन्द्व र आठ बर्षभन्दा लामो द्वन्द्वोत्तर सङ्क्रमणकालका कारण समाजमा अनेकौं जटिलता थपिँदै आएका छन् । झण्डै दुई दशकको मूल्यवान समय द्वन्द्व र द्वन्द्वोत्तर व्यवस्थापनमा खर्चिनु पर्दा विकास निर्माण, आर्थिक प्रगति, सामाजिक विकास जस्ता महत्वपूर्ण राष्ट्रिय एजेण्डा ओझेलमा परेका छन् । द्वन्द्वले कमजोर भएको राज्यलाई द्वन्द्वपश्चात्को निरन्तर अस्थिरताले आवश्यक मात्रामा प्रभावकारी बन्न दिइरहेको छैन । राज्यको भूमिका कमजोर हुँदै जाँदा बाह्य चलखेल बढ्दै जाने, गैर राज्य पक्षहरू सक्रिय हुँदै जाने, कानून हातमा लिने प्रवृत्ति र दण्डहीनता बढ्दै जाने एवम् समाजमा अराजकता बिस्तार हुँदै जाने बिषय चुनौतीका रूपमा देखा परेका छन् । समाजमा निराशा र असन्तुष्टि प्रबल छ । यथाशीघ्र सङ्क्रमणकाललाई छिटोभन्दा छिटो अन्त्य गर्दै मुलुकलाई राजनीतिक स्थिरता दिन नसक्ने हो भने हाम्रा सामु अनपेक्षित जटिलता थपिंदै जाने संभावनालाई हामीले गहिरो गरी देख्न सक्नुपर्छ ।

**(ख) सङ्कटग्रस्त अर्थतन्त्र–**निरङ्कुश राजतन्त्रका कारण टाक्सिन बाध्य नेपालको अर्थतन्त्रले २०४६ सालको परिवर्तनपछि विकासका केही संभावनाहरू बोकेको थियो । तर तत्कालीन नेपाली काङ्ग्रेस सरकारले अवलम्बन गरेका गलत आर्थिक नीतिहरू र त्यतिबेला मौलाएको भ्रष्टाचारका कारण त्यो संभावना त्यत्तिकै क्षीण भएर गयो । माओवादी सशस्त्र द्वन्द्वले अर्थतन्त्रको आधारशीलालाई

नै तहसनहस पारिदियो । सीमित उद्योगधन्धाहरू पनि बन्द हुँदै जानु, पूँजीको तीव्र पलायन, विदेशी लगानी भित्रिने वातावरण बिग्रिनु, श्रम शक्तिका मुख्य आधारको रूपमा रहेका युवाहरूको विदेश पलायन र ग्रामीण क्षेत्रबाट बिस्थापनको तीव्र बेगका कारण अर्थतन्त्रले चौतर्फी सङ्कटको सामना गर्नु पर्‍यो । द्वन्द्वका कारण सुरक्षा निकायको बढ्दो आकार र यसले बृद्धि गरेको सुरक्षा खर्चले विकास निर्माण र सामाजिक क्षेत्रमा लगानी सङ्कुचन गर्दै लग्यो । समानान्तर आर्थिक गतिविधिहरूले अर्थतन्त्रको विकासमा थप समस्या सिर्जना भयो । सशस्त्र द्वन्द्व समाप्त भएको आठ बर्ष बितिसक्दा पनि हामीहरू आर्थिक सङ्कटको त्यो जटिल अवस्थाबाट मुक्त हुन सकिरहेका छैनौं । बितेका कैयौं बर्ष यता मुलुकमा आर्थिक बृद्धिदर ५ प्रतिशत भन्दा न्यून छ । यसमा विप्रेषण (रेमिट्यान्स) ले गरेको झण्डै २५ प्रतिशत योगदानलाई अलग गरेर हेर्ने हो भने हाम्रो आर्थिक बृद्धिदर यथार्थमा नगण्य छ । अर्थतन्त्रमा उद्योगको हिस्सा निरन्तर साँघुरिदै गएको छ । द्वन्द्वका कारण भएको बिस्थापनले होस् या युवा श्रम शक्तिको विदेश पलायनले, गाउँ बस्तीहरू खालि हुँदै जाँदा निर्वाहमुखी खेतीमा आश्रित जनसङ्ख्या समेत बजार माथि निर्भर हुँदै गएको छ । यसले खाद्यान्नमा समेत परनिर्भरतालाई बढाएको छ । कृषिको बृद्धिदर सन्तोषजनक छैन । कृषिको व्यवसायिकरण हुन नसक्नु, औद्योगिक अर्थतन्त्र साँघुरिँदै जानु, विदेशी लगानी अपेक्षित मात्रामा भित्रिन नसक्नु र मुलुकमा राजनीतिक अस्थिरता लम्बिदै जानुले रोजगारीका अवसरहरू सीमित हुँदै गएका छन् । निरन्तर बढ्दो व्यापार घाटा (मुलुकको कूल निर्यातले पेट्रोलियम पदार्थ खरिद गर्न पनि नपुग्ने बिडम्बनापूर्ण अवस्था) ले नेपाललाई आर्थिक रूपमा झन्-झन् परनिर्भर बनाउँदै लगेको छ । गाउँबाट सहरतिर प्रवेश गर्दै गरेको नयाँ श्रम शक्तिको विशाल पङ्क्ति र हाम्रो अर्थतन्त्रको यो सङ्कटग्रस्त अवस्था यस्तो चुनौतीपूर्ण अवस्था हो, जसलाई प्रभावकारी हस्तक्षेपद्वारा समाधान गर्न नसक्ने हो भने सामाजिक-राजनीतिक अस्थिरताको निर्णायक कारक बन्न सक्छ ।

**(ग) जनसङ्ख्याको असमान वितरण–** पछिल्लो जनगणना (२०६८) ले नेपालको जनसङ्ख्या २ करोड ६७ लाख पुगेको देखाएको छ । यसमा औपचारिक रूपमा मुलुक बाहिर गएका झण्डै २० लाख व्यक्तिलाई जोड्दा नेपालको जनसङ्ख्या २ करोड ८७ लाखको हाराहारीमा पुगेको देखिन्छ । जनगणनाले जनसङ्ख्या बृद्धिदर घट्दै गएको, मातृ शिशु मृत्यु दरमा उल्लेख्य गिरावट आएको, औसत आयु बढ्दै गएको र नेपालको जनसङ्ख्या उत्पादकत्वको दृष्टिले निकै महत्वपूर्ण रहेको (१५ देखि ६० बर्षसम्मको क्रियाशील श्रम शक्ति ५० प्रतिशत भन्दा बढी रहेको) जस्ता

*कूल १७ प्रतिशत भू-भाग रहेको तराइमा कूल जनसङ्ख्याको ५० प्रतिशत भन्दा बढी हिस्सा बसोबास गर्नु भनेको सामाजिक सन्तुलन, जमिन लगायत प्राकृतिक साधन स्रोतको उपयोग, दीर्घकालीन राजनीतिक सन्तुलनका दृष्टिले पनि चुनौतीपूर्ण हो ।*

सकारात्मक तथ्याङ्कहरू प्रस्तुत गरेको छ। तर जनगणनाले सङ्केत गरेका केही सङ्केतहरू भने चुनौतीपूर्ण छन् । गाउँबाट सहरतिर र पहाडबाट तराइतिर बसाइसराइको क्रम तीव्र देखिएको छ । कूल १७ प्रतिशत भू-भाग रहेको तराइमा कूल जनसङ्ख्याको ५० प्रतिशत भन्दा बढी हिस्सा बसोबास गर्नु भनेको सामाजिक सन्तुलन, जमिन लगायत प्राकृतिक साधन स्रोतको उपयोग, दीर्घकालीन राजनीतिक सन्तुलनका दृष्टिले पनि चुनौतीपूर्ण हो । सहरीकरण र सहरमा जनसङ्ख्याको ठूलो हिस्साको बसोबासलाई आधुनिकीकरणको सङ्केत मान्ने गरिए पनि हामीकहाँ अव्यवस्थित सहरीकरण र सहरमा जनसङ्ख्याको चापले सुरक्षा, सामाजिक सेवा र आधारभूत आवश्यकतामा समेत चुनौती थपिंदै गएका छन् । जनगणनाले देखाएको अर्को चुनौतीपूर्ण समस्या हो- युवा शक्तिको विदेश प्रवासन । तत्कालका लागि उनीहरूले पठाएको विप्रेषणले राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुऱ्याइरहेको भए पनि यसले हाम्रो आर्थिक परनिर्भरतालाई झनै बढाउँदै लगेको छ, गाउँहरूलाई खालि बनाउँदै लगेको छ । पारिवारिक तथा सामाजिक बिघटनका नयाँ समस्या पनि थपिंदै छन् । यी चुनौतीको सामना गर्न पहाडमा आवश्यक भौतिक र सामाजिक पूर्वाधारको विकास गर्दै तराइमा जनसङ्ख्याको चापलाई नियन्त्रण गर्ने, व्यवस्थित सहरीकरणका माध्यमबाट सहरी जनसङ्ख्यालाई सुविधा उपलब्ध गराउने, विप्रेषणबाट प्राप्त आम्दानीलाई उत्पादनमूलक र पूँजी निर्माणको क्षेत्रमा प्रवाहित गर्ने र सामाजिक-आर्थिक विकासको तीव्रताद्वारा रोजगारीका अवसर सिर्जना गर्ने काम गर्नु जरुरी देखिएको छ ।

(घ) **असमान विकासको चुनौती–** समग्र नेपाल नै अविकासको अवस्थामा रहेको छ, तर यही अविकासको अवस्थाभित्र पनि विकासका असमानताहरू टड्कारो गरी देखा परेका छन् । राष्ट्रिय योजना आयोगले २०१४ मा गरेको एउटा अध्ययन र संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमले सार्वजनिक गरेको नेपाल

विकास प्रतिवेदन- २००९ ले हाम्रो असमान विकासको चुनौतीपूर्ण तस्बिरलाई स्पष्ट पारेका छन् । भौगोलिक दृष्टिले मध्य पश्चिम र सुदूर पश्चिमका पहाडी क्षेत्रहरू नेपालको औसत विकासको स्थितिभन्दा धेरै तल देखिएका छन् भने मध्य तराइ (सप्तरीदेखि पर्सासम्मको क्षेत्र) अविकासको अर्को क्षेत्रका रूपमा देखा परेको छ । सामाजिक दृष्टिले तराईका मुसलमान समुदाय, मधेसी दलित र पहाडी दलित मानव विकास सूचकाङ्कका दृष्टिले निकै पछाडि देखिएका छन् । त्यसबाहेक, सुदूर र मध्यपश्चिमी पहाडका कथित माथिल्लो जात (ब्राह्मण, क्षेत्री, ठकुरी, सन्यासी आदि)को अवस्था पनि निकै दयनीय देखिएको छ । नेवार, थकाली जस्ता केही समुदाय बाहेक अधिकांश जनजाति पनि अल्पविकासको अवस्थामा देखिएका छन् । आम्दानी, सम्पत्तिमा पहुँच र स्वामित्वका दृष्टिले महिलाको अवस्था पुरुषको भन्दा आमरूपमै निराशाजनक छ। तराईमा कायस्थ, ब्राह्मण, राजपूत या भूमिहारको अवस्था तुलनात्मक रूपमा माथि देखिएको छ भने अन्य पिछडिएको वर्ग भनिने जातहरू पिछडिएको अवस्थामै छन् । राष्ट्रिय विकास रणनीति बनाउँदा र सामाजिक-आर्थिक रूपान्तरणको कार्यसूची बनाइरहँदा हामीले विकासको यो असमान अवस्थालाई केन्द्रबिन्दुमा राख्नुपर्छ । सामाजिक न्याय, सामाजिक सुरक्षा र सकारात्मक विभेदका नीतिहरू तर्जुमा गरिरहँदा पनि यी तथ्यहरूलाई हेक्का राख्नु पर्छ ।

सामाजिक असमानताको यो चुनौतीपूर्ण तस्बिरसँगै सिङ्गो नेपाली समाजमा बढ्दै गएको आर्थिक बिषमता पनि चुनौतीको बिषय बनेको छ । नेपाल जीवनस्तर मापन सर्वेक्षण (२०११) ले २० प्रतिशत गरिब (बार्षिक ८४९८/ रूपियाँ भन्दा कम कमाउनेहरू) को समग्र अर्थतन्त्रमा ४.१ प्रतिशत हिस्सामात्र रहेको र २० प्रतिशत धनी (बार्षिक १,१७,०६३/ भन्दा बढी कमाउने) सँग अर्थतन्त्रको ५६.२ प्रतिशत हिस्सा रहेको देखाएको छ । अझ सबैभन्दा धनी १० प्रतिशतले ३९.५ प्रतिशत हिस्सा ओगटेको तथ्यले हाम्रो अर्थतन्त्रको अन्यायपूर्ण संरचनालाई प्रतिबिम्बित गर्छ । नेपालका कूल १ करोड २० लाख बचतकर्ताको निक्षेपबाट ८ लाख ऋणीले मात्रै लाभ लिन पाएको अर्को तथ्याङ्कले हाम्रो बचत रकम र लगानी कतातिर प्रवाहित भइरहेको छ भन्ने बिडम्बनापूर्ण तस्बिर प्रस्तुत गर्छ । अर्को एउटा अनौपचारिक रिपोर्टले त्यो ऋणको पनि ८० प्रतिशत भन्दा बढी हिस्सा झण्डै १०० औद्योगिक र व्यापारिक घरानाले मात्रै दोहन गरेको तथ्य उद्घाटित गरेको छ ।

*नेपालका कूल १ करोड २० लाख बचतकर्ताको निक्षेपबाट ८ लाख ऋणीले मात्रै लाभ लिन पाएको अर्को तथ्याङ्कले हाम्रो बचत रकम र लगानी कतातिर प्रवाहित भइरहेको छ भन्ने बिडम्बनापूर्ण तस्बिर प्रस्तुत गर्छ ।*

कृषि क्षेत्रमा असमानताको यो स्थिति अझ टड्कारो छ। पछिल्लो कृषि गणनाले कूल ५४ लाख परिवार मध्ये ३८ लाख (करिब दुई तिहाई) परिवार कृषिमा संलग्न देखिन्छ। प्रति परिवार जमिनको आकार खुम्चिएर २०५८ को ०.८० हेक्टरको तुलनामा २०६८ मा आईपुग्दा ०.६८ हेक्टरमा झरेको तर कित्ताको संख्या भने १० लाख बढेर १ करोड २० लाख पुगेको तथ्यले जमिनको खण्डीकरण बढ्दै गएको देखाएको छ । सहरीकरणको बढ्दो प्रक्रियामा भवन, सडक, जग्गाको प्लटिङ आदिले खेतीयोग्य जमिन झण्डै डेढ लाख हेक्टर घटाएको देखिन्छ । बाली सघनतामा बृद्धि नगण्य (१० बर्षको अवधिमा ०.०२ प्रतिशत मात्र) बढेकोले कृषि उपजमा परनिर्भरता बढ्दो छ । कृषि आर्जनबाट ६ महिना पनि खान नपुग्ने ३७ प्रतिशत परिवार गरिबीको रेखामुनि छन् । खाद्य अधिकार र खाद्य सुरक्षाको प्रसङ्ग टड्कारो बन्दै गएको छ । जग्गाबिहीन कृषक परिवारको सङ्ख्या १० बर्षमा २२ हजारबाट बढेर १ लाख १५ हजार पुगेको छ । ०.१ हेक्टरभन्दा कम जमिन हुने १२.३० प्रतिशत निर्धनतम कृषि परिवार सीमान्त गरिबीमा बाँच्न बाध्य छन् । झण्डै ६० प्रतिशत किसानहरू आज पनि बैङ्क या सहकारीबाट होइन, साहुकहाँबाटै ऋण लिन बाध्य छन् । दुई तिहाई घर परिवार आश्रित कृषिले समग्र अर्थतन्त्रमा एक तिहाईमात्रै योगदान गर्नु र त्यही क्षेत्रमा सर्वाधिक गरिबी देखा पर्नु हाम्रो विकासको सबैभन्दा ठूलो चुनौती हो । सामन्तवादका अवशेष भनेका यिनै हुन् । भूमिसुधार, कृषि क्षेत्रको समग्र पुनःसंरचना र कृषिको व्यवसायिकरणलाई तीव्रता दिएर त्यस क्षेत्रमा टाक्सिएको उत्पादक शक्तिलाई प्रस्फुटित हुने वातावरण सिर्जना गर्नु हाम्रो मुख्य दायित्व हुनेछ ।

(ङ) **भ्रष्टाचार र अवैध स्रोतहरूको प्रभाव–** नियन्त्रणका लागि प्रभावकारी कानूनहरू बनाइए पनि सर्वत्र भ्रष्टाचार बिस्तार हुँदै जानु,तिनले हाम्रो राजनीतिक, कानूनी, सुरक्षा र न्यायिक निकायलाई गाँज्दै लैजानु तथा तिनले सामाजिक मूल्यहरूको बिघटनलाई तीव्र पार्नु गम्भीर चुनौतीका रूपमा देखा परेको छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनल जस्ता संस्थाहरूले गर्ने सुशासनको सूचीकरणमा नेपालको अवस्था झनै खस्किंदै जानुले नेपालको प्रतिष्ठालाई आघात पुऱ्याइरहेको छ । झण्डै १२ बर्षदेखि स्थानीय निकाय जनप्रतिनिधिबिहीन हुँदा त्यहाँ विनियोजन भएको विकास बजेटमा ठूलो अनियमितता भइरहेको छ । निर्वाचनमा साधन स्रोतहरूको अनियन्त्रित प्रवाहले परिणामलाई समेत प्रभाव पार्न थालेको अवस्था, मिडियामा अपादरदर्शी लगानी र तिनले जनमतलाई गलत ढङ्गले प्रभावित गरिरहेको स्थिति, तस्करी, कालोबजारी, कमिशनतन्त्र र करछलीबाट रातारात धनी हुने र तिनले सरकारका कतिपय निर्णय प्रक्रियालाई समेत असर गरिरहेको स्थितिलाई ध्यानमा राखेर भ्रष्टाचार बिरुद्धको हाम्रो अभियानलाई तीव्र पार्नु अनिवार्य भएको छ ।

(**च**) **शिक्षा र स्वास्थ्य क्षेत्रका चुनौती–** अन्तरिम संविधानले आधारभूत शिक्षा र आधारभूत स्वास्थ्यलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । नागरिकहरूमा शिक्षाप्रतिको चेतना र आकर्षण बढ्दो छ । तर पनि शिक्षा क्षेत्र चुनौतीग्रस्त छ । शिक्षामा राज्यको लगानी अपेक्षित मात्रामा बढ्न सकेको छैन । विद्यालय जाने उमेरका झण्डै १० प्रतिशत बालबालिका विद्यालय पुग्न नपाउनु, बीचैमा कक्षा छाड्ने समस्या चर्को हुनु र एक कक्षामा भर्ना भएका १४ लाखमध्ये झण्डै ९ लाख विद्यार्थी प्रवेशिका परीक्षासम्म पुग्नै नपाउनु, प्रवेशिका परीक्षामा न्यून उत्तीर्ण दर, निजी र सामुदायिक शिक्षाबीच ठूलो भेद र दुई खाले वर्ग जन्माइरहेको अवस्था, शिक्षाको व्यापारीकरण, उच्च शिक्षाको खस्किँदो स्तर र निरन्तर अस्थिरता ठूलो चुनौतीका रूपमा रहेका छन् ।

मौलिक हकका रूपमा व्यवस्था गरिएको आधारभूत स्वास्थ्य सुविधाबाट विशेष गरेर दुर्गम र ग्रामीण क्षेत्रका जनता बञ्चित हुनु गम्भीर चुनौतीको बिषय बनेको छ। आवश्यक औषधि, स्वास्स्थ्यकर्मी र भौतिक सुविधाको अभावका कारण जनसङ्ख्याको ठूलो हिस्सा ससाना रोगका कारण पनि मृत्यु पर्खिन बाध्य छ । सरकारी अस्पतालहरूमा व्यवस्थापनको अभाव र निजी क्षेत्रका अस्पताल/क्लिनिकहरूमा चर्को व्यापारीकरण समस्याको रूपमा रहेको छ ।

(**छ**) **बढ्दो महिला हिंसा–** एकातिर अन्तरिम संविधानले महिलामाथिका सबै खाले विभेद र उत्पीडन अन्त्यको घोषणा गर्नु, राज्यका सबै अङ्गमा न्यूनतम एक तिहाई महिला सहभागिता सुनिश्चित हुने कानुनी र राजनीतिक प्रबन्ध गरिनु तथा महिलाबिरुद्धका हिंसालाई गम्भीर अपराधका रूपमा वर्गीकरण गर्दै कठोर कानुनी कारबाहीको प्रबन्ध गरिनु, तर अर्कोतिर महिलाबिरुद्ध विभिन्न प्रकृतिका अपराध बढ्दै जानु गम्भीर चुनौतीको बिषय बनेको छ। सरदर दिनमा दुई

*सरकारले अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने, छात्रवृत्ति, आरक्षण र सकारात्मक विभेदका माध्यमबाट दलित समुदायको सशक्तीकरण र विकासमा टेवा पुऱ्याउने, गरिबी निवारण, सीप विकास र रोजगारी सिर्जनाका विभिन्न सकारात्मक कदमहरू चालिरहेको बेला घटित यस्ता घटनाले सामाजिक समस्या उत्पन्न गरिरहेका छन् ।*

जना महिलामाथि बलात्कारका घटना घट्नु, बालिका, बृद्धा र अपाङ्गता भएका महिला समेत बलात्कारको शिकार बन्नुले मानव सभ्यताकै उपहास गरिरहेको छ । त्यसरी नै दाइजोका नाममा महिलालाई ज्युँदै जलाउने अपराध पनि बढ्दै गएको देखिन्छ । बोक्सीको आरोपमा महिलामाथि क्रूर र नृशंस ढङ्गका दुर्व्यवहार हुनु र यस्ता घटना सहरी क्षेत्रमा देखा पर्नुले हाम्रो समाज गम्भीर बिकृतिको सिकार बनिरहेको छ भन्ने टड्कारो देखिन्छ । पछिल्लो समय सूचना प्रविधि, सहरी क्षेत्रमा विभिन्न पेशा-व्यवसाय तथा वैदेशिक रोजगारीसमेत महिलामाथि हिंसा, यौन दुर्व्यहार र ज्यादतिका माध्यम बन्न थालेका छन् । सशक्त, प्रभावकारी र व्यापक सामाजिक-सांस्कृतिक आन्दोलनका माध्यमबाट नारी अस्मिताको रक्षा गर्नु हाम्रो नयाँ अभिभारा बन्न पुगेको छ ।

**(ज) छुवाछुत र जातीय विभेद–** संवैधानिक र कानुनी हिसाबले छुवाछुत र जातीय विभेदलाई सामाजिक अपराधको रूपमा दर्ज गरेर विभिन्न कानुनी र संरचनागत प्रबन्धद्वारा त्यसलाई नियन्त्रण गर्न प्रयाश गरिए पनि यो समस्या अझै विद्यमान छ । विशेष गरेर मध्य र सुदूर पश्चिम तथा मध्य तराईमा टड्कारो समस्याको रूपमा रहेको यस्तो विभेदले हामीले गरेको क्रान्ति, ल्याएको परिवर्तन र जारी गरेको अन्तरिम संविधान तथा कानुनलाई समेत चुनौती दिइरहेको छ । सरकारले अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने, छात्रवृत्ति, आरक्षण र सकारात्मक विभेदका माध्यमबाट दलित समुदायको सशक्तीकरण र विकासमा टेवा पुऱ्याउने, गरिबी निवारण, सीप विकास र रोजगारी सिर्जनाका विभिन्न सकारात्मक कदमहरू चालिरहेको बेला घटित यस्ता घटनाले सामाजिक समस्या उत्पन्न गरिरहेका छन् । यस्ता बिकृतिबिरुद्ध सामाजिक-सांस्कृतिक रूपान्तरणको सशक्त अभियान सञ्चालन गर्नु पर्ने र यसको अगुवाइ हाम्रै पार्टीले गर्नु पर्ने आवश्यकता छ ।

**(झ) जलवायु परिवर्तन र वातावरणीय विनासका चुनौती–** जैविक विविधताका दृष्टिले विश्वकै उत्कृष्ट मुलुकको रूपमा रहेको नेपालमा पछिल्लो समय जलवायु परिवर्तन र वातावरणीय विनासका असरहरू देखिन थालेका छन्। त्यसो त, हरितगृह ग्याँस उत्सर्जनमा नेपालको भूमिका नगण्य मात्रै (०.०२५प्रतिशत मात्रै, औसत विश्व दर ३.९ टन प्रतिव्यक्तिका तुलनामा १९७७ केजीमात्रै ) छ। तर पनि एकाधिकारी पूँजीपति वर्ग र ठूला राष्ट्रहरूको अन्धाधुन्ध औद्योगीकरण र तिनले गरेको वातावरण विनासको मूल्य हामीले समेत चुकाउनु परेको छ। हिमालय पर्वत शृङ्खलामा हिउँ पग्लिदै जाने, ग्लेसियरहरू र हिमताल बिस्फोट हुने, मौसमी चक्रमा अस्वाभाविक परिवर्तन आउँदा परम्परागत कृषि प्रणाली धराशायी बन्ने, उच्च हिमाली क्षेत्र, नदी किनार र सिमसार क्षेत्र आसपास बस्ने र त्यसैमाथि आधारित भएर जीविकोपार्जन गर्ने जनताको जीवन कष्टकर बन्न थालेको छ। सङ्क्रमणकाल र राज्य कमजोर भएको मौका पाएर माफियाहरूबाट भइरहेको वन विनास (अहिले नै हरियाली क्षेत्र ३९.६प्रतिशतभन्दा कम हुन थालेको अवस्था), अन्धाधुन्ध निर्माण भइरहेका सडक, वनजन्य इन्धनमाथिको निर्भरता, सुक्दै गएका पानी पँधेरा, घट्दो भूमिगत जलभण्डार, बढ्दो भूक्षय आदि चुनौतीका बिषय बनेका छन्। यस्ता घटनाले महिलामाथि थप बोझा थप्दै लगेका छन्। वन्यजन्तुको बासस्थान सङ्कटमा पर्दै गएका छन्। चिस्यानको कमीले माटोको उर्बरा शक्तिमा ह्रास आइरहेको छ। अव्यवस्थित सहरीकरणका कारण फोहरमैलाको व्यवस्थापन, वायु प्रदूषण र खानेपानीको अभाव चुनौती बन्न थालेको छ। तराई क्षेत्रका पानी र जङ्गलको स्रोतको रूपमा रहेको चुरे क्षेत्रको वातावरणीय विनास अनिष्टकारी बन्दै गएको छ।

कृषि क्षेत्रमा, विशेष गरेर बिऊ बिजन र मलमा बढ्दै गएको बहुराष्ट्रिय कम्पनीहरूको बढ्दो प्रभाव चुनौती बन्न थालेको छ। यसले एकातिर हाम्रो मौलिक कृषि उत्पादन, बिउबिजन र प्रविधिमाथि जोखिम पैदा गर्दै र तिनलाई नष्ट गर्दै लगेको छ भने अर्कातिर किसानहरू हाइब्रिड बिउहरू एकाधिकार प्राप्त बहुराष्ट्रिय कम्पनीहरूबाट महङ्गो मूल्यमा खरिद गर्न बाध्य छन्। खरिद गरिएका मकैको घोगा र धानमा दाना नलाग्ने, नपसाउने र त्यसरी मर्कामा पर्ने किसानहरूले क्षतिपूर्ति पनि नपाउने दुःखद घटनाहरू घटिरहेका छन्। देशको माटो र हावापानी सुहाउँदो बिउबिजन, प्रविधि र मलको विकास गरी किसानलाई उपलब्ध नगराउने हो भने केही बर्षमै कृषि क्षेत्रमा हाम्रो जैविक विविधता नष्ट

*महिला र दलित समुदायमा जागृति र क्रियाशीलता निकै बढेको छ । नेपालले सामाजिक क्षेत्रमा, विशेष गरेर मातृ शिशुको स्वास्थ्यको क्षेत्रमा गरेको प्रगतिले अन्तर्राष्ट्रिय प्रशंसा पाएको छ । यसमा ग्रामीण स्वास्थ्य कार्यकर्ता र महिला स्वयम्सेविकाहरूको ठूलो योगदान रहेको छ ।*

हुने, हामी हाइब्रिड या आनुवंशिक परिवर्तन गरिएका बिऊबिजन किन्नैपर्ने गरी बहुराष्ट्रिय कम्पनीहरूको एकाधिकारमा फस्न पुग्नेछौं ।

(ञ) **सकारात्मक प्रवृत्ति र घटनाक्रमहरू–** उल्लिखित विभिन्न चुनौतीका बाबजुद पछिल्लो समय नेपाली समाजमा कतिपय सकारात्मक र आशालाग्दा घटनाक्रमहरू पनि विकसित हुँदै गएका छन् । केही समय खल्बलिएको सामाजिक सद्भाव पुनःस्थापित हुन थालेको छ । द्वन्द्वकालका मानसिक विभाजन र कटुतालाई बिर्संदै समाज बिस्तारै मेलमिलापको बाटोमा अग्रसर हुन थालेको छ । कतिपय ठाउँमा हिंजो राज्य र माओवादी दुबैतर्फका पीडितहरूले संयुक्त व्यवसाय सुरु गरेर मेलमिलापको दृष्टान्त प्रस्तुत गर्न थालेका छन् । सामाजिक चेतनामा ठूलो बिस्तार भएको छ । भ्रष्टाचार जस्ता बिकृति बिरुद्ध जनस्तरबाट बहिष्कार र प्रतिरोधका प्रवृत्तिहरू देखा पर्न थालेका छन् । विदेशमा प्राप्त राम्रा अवसर छाडेर स्वदेशमै फर्की स्वरोजगारी, कृषिको व्यवसायिकरण तथा समाजसेवामा लाग्ने युवाहरू देखा पर्न थालेका छन् । भौतिक पूर्वाधारहरूमा अपेक्षित विकास हुन नसके पनि सूचना र सञ्चारको क्षेत्रमा ठूलो बिस्तार भएको छ । देशका झण्डै ८० प्रतिशत जनताको हातमा मोबाइल सेवा पुग्नु, जनसङ्ख्याको झण्डै ३० प्रतिशत इन्टरनेट सेवाबाट लाभान्वित हुनु, सामाजिक सञ्जालको व्यापक बिस्तारले सामाजिक चेतना, अन्तरक्रिया र जनताको अभिमत मापन गर्न सहजता प्राप्त हुनु, झण्डै ४ सय रेडियो, दर्जन बढी दैनिक अखबार र त्यति नै सङ्ख्याका टेलिभिजनहरू, अनलाइन तथा सयौं स्थानीय सञ्चार माध्यममार्फत् जनतामा सूचनाको पहुँच पुग्नु सकारात्मक बिषयका रूपमा रहेका छन् । महिला र दलित समुदायमा जागृति र क्रियाशीलता निकै बढेको छ । नेपालले सामाजिक क्षेत्रमा, विशेष गरेर मातृ शिशुको स्वास्थ्यको क्षेत्रमा गरेको प्रगतिले अन्तर्राष्ट्रिय प्रशंसा पाएको छ । यसमा ग्रामीण स्वास्थ्य कार्यकर्ता र महिला स्वयम्सेविकाहरूको ठूलो योगदान रहेको छ ।

संविधानसभाको दोस्रो निर्वाचनपछि मुलुकमा राजनीतिक स्थायित्व प्राप्त हुने आशामा स्वदेशी लगानीकर्ताहरू उत्साहित देखिएका छन् । विदेशी लगानीका निम्ति पनि अनुकूल वातावरण बन्न थालेको छ । यसले अर्थतन्त्रमा सकारात्मक विकासका संभावनाहरू देखापरेको छ ।

प्रतिकूलताको बीचमा पनि नेपाली खेलकुद क्षेत्र, विशेष गरेर क्रिकेटले गरेको उल्लेखनीय प्रगति गौरवको बिषय बनेको छ । त्यसरी नै, कला, साहित्य, सङ्गीत र वृत्तचित्र निर्माणमा पछिल्लो समय देखिएको प्रगति र अन्तर्राष्ट्रिय बजारमा तिनले पाइरहेको पहुँच उत्साहजनक छ ।

राजनीतिक उपलब्धिलाई संस्थागत गर्दै सामाजिक- आर्थिक रूपान्तरणलाई मुख्य कार्यसूची बनाएर अगाडि बढ्दै गरेको वर्तमान अवस्थामा हामीले नेपाली समाजमा आइरहेका सकारात्मक परिवर्तनलाई उत्प्रेरित गर्नुपर्छ, चुनौतीलाई सामना गर्नुपर्छ र लोकतान्त्रिक, समृद्ध र न्यायपूर्ण समाज व्यवस्था निर्माण गर्ने दिशामा अगाडि बढ्नु पर्छ

## (ग) विगतको समीक्षा

कमरेडहरू, अब म विगत आठौं राष्ट्रिय महाधिवेशन यता पाँच बर्षका मुख्य राजनीतिक घटनाक्रमको सङ्क्षिप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

### १. संविधानसभाको पहिलो निर्वाचन र त्यसको परिणाम

हामीले आठौं राष्ट्रिय महाधिवेशनमै संविधानसभाको पहिलो निर्वाचनको समीक्षा गरिसकेका छौं । म यहाँ त्यसलाई किन पुनःस्मरण गर्न चाहिरहेको छु भने निर्वाचनको परिणाम र त्यसले कायम गरेको शक्ति सन्तुलन नै संविधानसभा असफलताको मुख्य कारण बन्न पुग्यो ।

निर्वाचनमा नेकपा (एमाले) ले अप्रत्यासित र गम्भीर धक्का खानुको पछाडिका मुख्य कारणहरूको विश्लेषण गर्दै हामीले माओवादी उग्रवामपन्थले सिर्जना गरेको भय, त्रास र आतङ्कको मनोविज्ञानलाई बाह्य कारण र पार्टीमा देखापरेको वैचारिक, सङ्गठनात्मक र कार्यशैलीगत कमजोरीहरू तथा निर्वाचनको क्रममा भएका त्रुटिहरूलाई आन्तरिक कारणको रूपमा निर्क्योल गरेका थियौं ।

*संविधानसभा निर्वाचनको परिणाम र त्यसले निर्माण गरेको शक्ति सन्तुलन संविधान निर्माणका लागि सहयोगी र साधक हुन सकेन । कतिपय राष्ट्रिय र अन्तर्राष्ट्रिय पक्षहरूको भूमिका पनि संविधान निर्माणका लागि सकारात्मक बन्न सकेन ।*

निर्वाचनको परिणामले नेकपा (माओवादी) सबैभन्दा ठूलो दलको रूपमा उपस्थित भयो । झण्डै ४० प्रतिशत सिट सङ्ख्या प्राप्त गरेको माओवादीको हैसियत यस्तो रह्यो कि उसले प्रयाश गर्दा अन्य दलको सहभागितामा संविधान बन्न सक्ने तर उसको सहभागिता र सहमतिबेगर संविधान निर्माण प्राविधिक हिसाबले पनि बन्न नसक्ने अवस्था थियो । संविधानसभामा झण्डै २२ प्रतिशत उपस्थितिसहित नेपाली काङ्ग्रेस दोस्रो दलका रूपमा र झण्डै २१ प्रतिशत हैसियतसहित हाम्रो पार्टी तेस्रो शक्तिका रूपमा स्थापित भयो । ८० भन्दा बढी सिटसहित मधेसी जनअधिकार फोरम, तमलोपा लगायत मधेसी दलहरू चौथो शक्तिका रूपमा उपस्थित भए । पछि ती दलहरूले 'संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा' गठन गरे ।

संविधानसभा निर्वाचनको परिणाम र त्यसले निर्माण गरेको शक्ति सन्तुलन संविधान निर्माणका लागि सहयोगी र साधक हुन सकेन । कतिपय राष्ट्रिय र अन्तर्राष्ट्रिय पक्षहरूको भूमिका पनि संविधान निर्माणका लागि सकारात्मक बन्न सकेन । संविधानसभाको समग्र भूमिका र यसको असफलताका बारेमा हामी पछिल्ला अध्यायहरूमा सबिस्तार चर्चा गर्नेछौं ।

## २. आठौं राष्ट्रिय महाधिवेशन र त्यसले तय गरेको कार्यदिशा

पार्टीको आठौं राष्ट्रिय महाधिवेशन २०६५ फागुन ५-१५ मा औद्योगिक नगरी बुटवलमा आयोजना भयो । संविधानसभामा ठूलो धक्का खाएको र नेकपा (एमाले)को भविष्यबारे अनेकौं आशङ्का र गलत प्रचार व्याप्त भइरहेको प्रतिकूल अवस्थामा आयोजना भएको यो महाधिवेशन पार्टीको आन्तरिक जीवन र राष्ट्रिय राजनीतिकै निम्ति अत्यन्त महत्वपूर्ण रह्यो ।

महाधिवेशनको उद्घाटन सत्रमा उपस्थित झण्डै तीन लाख सहभागीहरूको विशाल जनसागर समकालीन नेपाली राजनीतिको सबैभन्दा ठूलो जनऱ्याली थियो । त्यसले नेपाली राजनीतिमा नेकपा (एमाले) को सान्दर्भिकता सकिएको भविष्यवाणी गर्ने पूर्वाग्रही पण्डितहरूलाई अवाक मात्रै बनाइदिएन, अन्यौल र द्विविधामा रहेका पार्टी समर्थकहरूको मनमा रहेको भ्रमको तुवाँलो पनि हटाइदियो । महाधिवेशनमा चीन, भारत लगायत विभिन्न मुलुकका भाइचारा पार्टी र मित्र शक्तिहरूको उपस्थिति र ऐक्यबद्धताले पार्टीको अन्तर्राष्ट्रिय सम्बन्ध बिस्तारमा ठूलो सहयोग पुऱ्यायो ।

महाधिवेशनमा अन्तर्राष्ट्रिय परिस्थिति, राष्ट्रिय राजनीति, शक्ति सन्तुलनको अवस्था, २०६२/६३ को परिवर्तनको चरित्र, नयाँ संविधान र राज्य पुनःसंरचनाका अन्तरवस्तु, जनताको बहुदलीय जनवादको सिद्धान्त तथा पार्टीको आगामी कार्यदिशा बारेमा गहन छलफल भएको थियो । पार्टीको आन्तरिक जीवनको लोकतान्त्रिकरणमाथि भएको व्यापक छलफल तथा निकालिएको निष्कर्ष महाधिवेशनको अर्को महत्वपूर्ण बिषय थियो । महाधिवेशनमा समाजको चरित्र, सङ्घीयता जस्ता प्रश्नमा विभिन्न कमरेडहरूले प्रस्तुत गर्नुभएका फरक/पूरक मतबारे पनि छलफल भएको थियो । महाधिवेशनले आन्तरिक लोकतन्त्रको उच्चतम अभ्यास गर्दै पार्टीका पदाधिकारी लगायत केन्द्रीय सदस्यहरूको निर्वाचन गऱ्यो । महाधिवेशनको भव्य उद्घाटन सत्र, पार्टीको लोकतान्त्रिकरण सम्बन्धी अवधारणा तथा महाधिवेशनमा प्रयुक्त उच्च लोकतान्त्रिक अभ्यास, प्रतिस्पर्धामा उत्रिनु भएका कमरेडहरूले प्रदर्शन गर्नुभएको लोकतान्त्रिक संस्कार तथा पार्टीको समावेशी संरचनाको सर्वत्र प्रशंसा गरियो ।

यति हुँदाहुँदै पनि, महाधिवेशनमा कतिपय कमी कमजोरी रहन गए । त्यस स्तरको प्रतिस्पर्धा र प्यानलगत निर्वाचनको पूर्वानुमान तथा पूर्व तयारी नभएका कारण निर्वाचन प्रक्रिया अपेक्षित मात्रामा व्यवस्थित हुन सकेन । निर्वाचनलाई व्यवस्थित गर्न नसक्दा महाधिवेशनको समयावधि थप चार दिन लम्बियो, जसले आर्थिक व्ययभार, व्यवस्थापनका समस्या र सुरक्षाको समेत चुनौती थपिदियो ।

आठौं राष्ट्रिय महाधिवेशनले राजतन्त्र विरोधी संयुक्त सङ्घर्षबाट सुरु हुँदै जनविद्रोहको रूपमा विकसित २०६२/६३ को परिवर्तनलाई शान्तिपूर्ण जनक्रान्तिको रूपमा विश्लेषण गरेको थियो । निरङ्कुश राजतन्त्रको अन्त्य, शान्ति प्रक्रिया र द्वन्द्व व्यवस्थापन, प्रतिनिधिसभाको पुनःस्थापना, अन्तरिम व्यवस्थापिका, संविधान र सरकार, संविधानसभा निर्वाचन र राजतन्त्रको अन्त्य तथा सङ्घीय लोकतान्त्रिक

*गणतन्त्र नेपालको पहिलो सरकार मुख्य दलको सहमतिको सरकारका रूपमा निर्माण गर्न हामीले अथक प्रयाश गऱ्यौं । तर रक्षा मन्त्रालय नेपाली काङ्ग्रेसलाई नदिने माओवादीको अनुचित हठका कारण उक्त सरकारले राष्ट्रिय सहमतिको सरकारको रूप लिन पाएन ।*

गणतन्त्रको घोषणालाई महत्वपूर्ण तथा ऐतिहासिक कदमको रूपमा चित्रित गर्दै महाधिवेशनले राजतन्त्रको अन्त्यपछि मुलुकमा सामन्त वर्गको राजनीतिक नेतृत्व समाप्त भएको, प्रधान राजनीतिक अन्तरविरोधमा परिवर्तन आएको, मुख्य निशाना फेरिएको र शक्ति सन्तुलन बदलिएको निक्यौंल गरेको थियो । नेपाली समाज ऐतिहासिक सङ्क्रमणकालबाट अघि बढिरहेको निष्कर्षका साथ महाधिवेशनले लोकतान्त्रिक संविधानको निर्माण, शान्ति प्रक्रियाको पूर्णता, राज्यको पुनःसंरचना, सामन्तवादका अवशेषहरूको उन्मूलन र सामाजिक-आर्थिक रूपान्तरण तथा राष्ट्रिय सार्वभौमसत्ता तथा हितको रक्षालाई पाँच कार्यभारका रूपमा अगाडि सारेको थियो ।

## ३. प्रचण्ड नेतृत्वको सरकार र त्यसको असफलता

नेकपा (माओवादी) ले राजतन्त्रको अन्त्यपछि प्रधान अन्तरविरोध बदलिएको र 'संसदवादी दलहरू मुख्य बाधक' बनेको गलत निष्कर्ष निकालेको र राष्ट्रपति निर्वाचनमा हाम्रो पार्टीलाई अन्तिम अवस्थामा धोखा दिएको भए पनि संविधान निर्माणको ऐतिहासिक आवश्यकतालाई ध्यानमा राखेर हामीले पुष्पकमल दहाल 'प्रचण्ड' लाई प्रधानमन्त्रीमा प्रस्तावित गऱ्यौं । गणतन्त्र नेपालको पहिलो सरकार मुख्य दलको सहमतिको सरकारका रूपमा निर्माण गर्न हामीले अथक प्रयाश गऱ्यौं । तर रक्षा मन्त्रालय नेपाली काङ्ग्रेसलाई नदिने माओवादीको अनुचित हठका कारण उक्त सरकारले राष्ट्रिय सहमतिको सरकारको रूप लिन पाएन ।

व्यवस्थापिका-संसदका झण्डै तीन चौथाई सदस्यहरूको समर्थन प्राप्त गर्न सफल उक्त सरकारप्रति जनताको ठूलो आशा भरोसा थियो । शान्ति र संविधान निर्माणका प्रश्नमा प्रमुख प्रतिपक्षले पनि असहयोग गर्न सक्ने स्थिति थिएन । तर विजय उन्माद, परिस्थितिको मनोगत विश्लेषण र सत्ता कब्जाको मानसिकताका कारण माओवादी नेतृत्व शान्ति र संविधान निर्माणको मुख्य मिसनमा केन्द्रित नै

हुन चाहेन । ६ महिनाभित्र लडाकु समायोजनको काम सम्पन्न गरिसक्ने सहमति कार्यान्वयन गर्नुको साटो बिस्तृत शान्ति सम्झौता, सङ्क्रमणकालको जटिलता र सत्ता साझेदारको सुझावलाई लत्याउँदै प्रधान सेनापतिलाई कारबाही गर्ने गलत कदम चाल्न पुग्यो । फलतः यस सम्बन्धी विवाद बढ्दै गएर सरकारले प्रधानसेनापतिलाई बर्खास्त गर्न गरेको निर्णयलाई राष्ट्रपतिले उल्ट्याउने परिस्थिति सिर्जना भयो । राष्ट्रपतिको कदमप्रति असहमति राख्दै पुष्पकमल दाहालले प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि उक्त सरकार ९ महिनामै ढल्न पुग्यो- शान्ति प्रक्रियामा कुनै प्रगति नगरिकन, उल्टै राष्ट्रिय राजनीतिमा विवाद र द्वन्द्व निम्त्याउँदै । यस अवधिमा संविधानसभाले कार्य सञ्चालन नियमावली पारित गर्ने, समितिहरू गठन गर्ने र संविधानका सम्बन्धमा जनताबाट सुझाव सङ्कलन गर्ने जस्ता काम अगाडि बढाएको थियो ।

## ४. माधवकुमार नेपाल नेतृत्वको सरकार र त्यसको भूमिका

प्रचण्डको राजीनामापछि हाम्रो पार्टीका वरिष्ठ नेता माधवकुमार नेपालको नेतृत्वमा २२ दलको सहभागिता र समर्थनमा सरकार गठन भयो । त्यस सरकारले प्रारम्भदेखि नै माओवादीबाट असहयोग, विरोध र घेराबन्दीको सामना गर्नुपर्‍यो । राष्ट्रपतिको कदमलाई 'असंवैधानिक' भन्ने आरोप लगाउँदै र सरकारको वैधतामाथि प्रश्न उठाउँदै माओवादीले करिब एक बर्षसम्म सदन र सडकबाट निरन्तर विरोध र अवरोध सिर्जना गरिरह्यो । केही समयपछि माओवादी नेताहरूले 'राष्ट्रिय स्वाधीनताको आन्दोलन' सुरु भएको घोषणा गरे र 'सिधै दिल्लीसँग वार्ता गर्ने' जस्ता उत्ताउला, गैरजिम्मेवार अभिव्यक्ति दिंदै हिंडे । सिंहदरबार घेराउ, मन्त्रीहरूलाई बहिस्कार जस्ता माओवादी क्रियाकलापले राष्ट्रिय राजनीति निषेध, अविश्वास र मुठभेडको अप्रिय अवस्थाबाट गुज्रिन बाध्य भयो । २०६७ बैशाखमा माओवादीद्वारा आयोजना गरिएको अनिश्चितकालीन आम हडताल र काठमाडौं केन्द्रित प्रदर्शन खासमा सत्ता कब्जाको अभ्यास थियो । तर सरकारको दृढ प्रतिवाद, जनस्तरबाट भएको विरोध तथा अन्तर्राष्ट्रिय समुदायको समेत आलोचनाका कारण असफल भयो । यही बिन्दुबाट माओवादी उन्माद कमजोर हुन सुरु गर्‍यो । माओवादीले शान्ति प्रक्रियालाई सत्ता साझेदारी र 'अवैधानिक सरकारको बहिर्गमन' जस्ता असान्दर्भिक बिषयसँग जोडेर अवरोध खडा गरिरह्यो । यहाँसम्म कि संविधानसभाको समयावधि थप गर्ने बिषयलाई समेत सरकार परिवर्तनसँग शर्तबन्दीको बिषय बनायो । संविधानसभाको रक्षाका

*२०६७ बैशाखमा माओवादीद्वारा आयोजना गरिएको अनिश्चितकालीन आम हडताल र काठमाडौं केन्द्रित प्रदर्शन खासमा सत्ता कब्जाको अभ्यास थियो । तर सरकारको दृढ प्रतिवाद, जनस्तरबाट भएको विरोध तथा अन्तर्राष्ट्रिय समुदायको समेत आलोचनाका कारण असफल भयो ।*

लागि प्रधानमन्त्रीले राजीनामा गर्न सहमति जनाउनु भयो र राष्ट्रिय सहमतिको सरकार निर्माणका लागि मार्गप्रशस्त गर्नुभयो ।

यस अवधिमा विशेष समितिलाई नियमित बनाउने, माओवादी लडाकुहरूको अभिलेख व्यवस्थित गर्ने, समायोजन, पुनःस्थापना र स्वेच्छिक अवकासका विकल्पहरू तयार गर्ने, अनमिनलाई बिदा गर्ने, शान्ति प्रक्रियालाई राष्ट्रिय शक्तिको क्षेत्राधिकारभित्र ल्याउने र माओवादी लडाकु शिबिरलाई विशेष समिति मातहत ल्याउने काम भए । संविधानसभाका सबै समितिहरूले आफ्नो प्रारम्भिक मस्यौदा र प्रतिवेदन तयार गर्ने काम सम्पन्न गरे र संविधानसभामा प्रस्तुत गरे ।

प्रतिकूल अवस्थामा गठित सरकारले पार्टी र संसदबाट अपेक्षित सहयोग पाउन भने सकेन ।

## ५. झलनाथ खनाल नेतृत्वको सरकार तथा शान्ति र संविधानको प्रक्रिया

राष्ट्रिय सहमतिको सरकार गठनका निम्ति कमरेड माधवकुमार नेपालले प्रधानमन्त्री पदबाट राजीनामा दिनुभएपछि नयाँ सरकार गठनको प्रक्रिया सुरु भयो । पार्टीले प्रधानमन्त्रीका रूपमा कमरेड झलनाथ खनाललाई अगाडि सार्दै राष्ट्रिय सहमतिको सरकारका लागि सदनका न्यूनतम दुई तिहाई सदस्यको समर्थन हुनैपर्ने विशेष शर्त सहितको निर्णय गर्‍यो । त्यही निर्णयका कारण झण्डै दुई तिहाई सदस्यको व्यापक समर्थन प्राप्त गरेर पनि झलनाथ खनालको उम्मेदवारी फिर्ता लिने निर्णय गरियो । त्यसपछि कायम रहेका नेपाली काङ्ग्रेसका उम्मेदवार रामचन्द्र पौडेल र एमाओवादी उम्मेदवार पुष्पकमल दहाल ‘प्रचण्ड’ दुबैलाई मत नदिने र मतदानमा तटस्थ रहने निर्णय पार्टीले गर्‍यो । यस निर्णयले पार्टीभित्रको असहज अवस्थालाई सामान्यीकरण गर्न सहयोग गरे पनि झण्डै सात महिनासम्म मुलुकले प्रधानमन्त्री निर्वाचित गर्न नसक्ने बिडम्बनापूर्ण अवस्था सिर्जना भयो ।

अझ सातौं चरणमा प्रचण्डले उम्मेदवारी फिर्ता लिएपछि प्रतिस्पर्धामा रामचन्द्र पौडेल एकल उम्मेदवार रहने र सत्रौं चोटीको निर्वाचनसम्म पनि सदन अनिर्णयको बन्दी बन्ने स्थिति उत्पन्न भयो । यस्तो अकर्मण्यताको स्थिति अदालत, समाज र अन्तर्राष्ट्रिय समुदाय सबैतिर आलोचनाको बिषय भयो ।

पार्टीले यस विशेष स्थितिको गम्भीर समीक्षा गर्दै पूर्व निर्णयमा पुनःविचार गऱ्यो र सकभर राष्ट्रिय सहमतिको सरकार गठन गर्ने अन्यथा बहुमतको सरकार गठन गरेर भए पनि मुलुकलाई निकास दिने निर्णय गऱ्यो। संविधानसभा नियमावलीमा पनि संशोधन भयो र सर्वोच्च अदालतले पनि तटस्थ रहन नपाउने आदेश दियो। यसै पृष्ठभूमिमा, एमाओवादीसँग भएको सात बुँदे सहमतिको आधारमा २०६७ माघ २० गते कमरेड झलनाथ खनाल प्रधानमन्त्री निर्वाचित हुनुभयो । तत्कालीन अकर्मण्यता र गत्यावरोध चिर्न नयाँ निर्णय गर्नैपर्ने खाँचो भए पनि एमाओवादीसँग भएको सात बुँदे सहमति प्रक्रिया र कतिपय अन्तर्वस्तुका हिसाबले पनि पार्टीभित्र विवादको बिषय बन्यो ।

उक्त सरकारले आफूलाई राष्ट्रिय हित,एकता र अखण्डताको पक्षमा दृढता पूर्वक उभ्यायो। कूटनैतिक आचारसंहिता -२०६८ जारी गरियो। २० बर्षे परिकल्पना योजना तर्जुमा गऱ्यो। राष्ट्रिय बजेटलाई सर्वसम्मतिका साथ पारित गऱ्यो । लोडसेडिङ ठूलो मात्रामा घटायो । माओवादी लडाकुहरूलाई बिशेष समिति मातहत ल्याउनुका साथै उनीहरूलाई दिएको दोहोरो सुरक्षा व्यबस्थालाई अन्त्य गरियो र सबै माओवादी नेताहरूको सुरक्षा राज्यको मातहत ल्याइयो। संविधान निर्माणको प्रक्रियामा रहेका २१० भन्दा बढी विवादका बिषयहरूलाई २२ वटामा झारियो । तर सुरुमा सरकारलाई अगाडि बढाउन सकारात्मक देखिएको एमाओवादी पछि असहयोगी बन्दै गयो । शान्ति र संविधानमा एमाओवादी सहयोग जुटाउने प्रयोजनका लागि पार्टीभित्र कतिपय असहमति हुँदाहुँदै पनि जोखिम मोलेर गरिएको मन्त्रालय बाँडफाँट, मन्त्रिमण्डल बिस्तार आदि पनि प्रयोजनबिहीन हुन पुगे। एमाओवादी असहयोगमा उत्रिएपछि र संविधानसभा बिघटनको खतरा देखा परेपछि सरकारमा रहिरहनु अर्थहीन हुने देखेर कमरेड झलनाथ खनालले संविधानसभा बचाउनका निम्ति प्रधानमन्त्री पदबाट राजीनामा गर्नुभयो ।

यस सरकारको पक्षमा पनि सिङ्गो पार्टी एकताबद्ध हुने स्थिति निर्माण हुन सकेन । सदनमा तेस्रो दलको हैसियतमा रहेको हाम्रो पार्टीका लागि दुई-दुईवटा सरकारको नेतृत्व गर्न पाउनु महत्वपूर्ण अवसर थियो। तर यस अवसरलाई हामीले राम्रो सदुपयोग गर्न सकेनौं ।

*२०६९ बैशाखमा मुख्य दलबीच पाँच बुँदे सहमति भयो, जसमा २०६९ जेठ १४ अगावै संविधान जारी गर्ने र संविधानका मुख्य विवादित बिषयमा सहमति जुट्नासाथ एमाले, काङ्ग्रेस पनि सहभागी भई भट्टराई सरकारलाई सहमतिको सरकारको स्वरूप दिने बिषय मुख्य थिए ।*

## ६. बाबुराम भट्टराई नेतृत्वको सरकार र त्यसको भूमिका

झलनाथ खनालले प्रधानमन्त्री पदबाट राजीनामा दिइसकेपछि हामीले फेरि एकपल्ट सहमतिको सरकारका लागि पहल गऱ्यौं । शान्ति प्रक्रिया र विशेष गरी लडाकु समायोजनको ठोस समयतालिका निर्माण गरेर त्यो काम सम्पन्न गर्ने अवधिसम्मका लागि एमाओवादी नेतृत्वको सरकारलाई बाहिरबाटै समर्थन गर्ने र समायोजनको काम सकिएपछि सरकारमा सम्मिलित हुने गरी हामीले अगाडि सारेको महत्वपूर्ण प्रस्तावलाई एमाओवादी नेतृत्वले अस्वीकार गऱ्यो । बरु मधेसी दलहरूसँग विवादास्पद र त्रुटिपूर्ण चार बुँदे सहमति गर्दै डा. बाबुराम भट्टराई प्रधानमन्त्रीमा निर्वाचित भए । हामीले पूर्व सहमति अनुरूप नेपाली काङ्ग्रेसका उम्मेदवारलाई समर्थन गऱ्यौं र प्रतिपक्षको भूमिका रोज्यौं ।

भट्टराई नेतृत्वको सरकार सुरुदेखि नै आन्तरिक विवादको घेरामा पऱ्यो । माओवादी नेताहरूलाई दिइँदै आएको दोहोरो सुरक्षा हटाउने, लडाकु समायोजनका लागि (२०६८ कात्तिकमा) ७ बुंदे सहमति गर्ने र विवादकै बीचमा पनि समायोजनको काम अगाडि बढाउन उनले गरेको प्रयाशप्रति मोहन वैद्य पक्षले आपत्ति र विरोध जनायो । भारतसँग गरिएको विवादास्पद 'द्विपक्षीय लगानी प्रबर्द्धन तथा संरक्षण सम्झौता' (बिप्पा) पछि सरकारले पार्टीभित्रबाट झनै ठूलो विरोधको सामना गर्नु पऱ्यो । लडाकु शिबिरमा असन्तुष्टि बढ्दै र राज्यबाट लडाकुका नाममा विनियोजित रकममा कमाण्डरहरूले अनियमितता गरेको आरोप चर्कदैं जाँदा २०६८ चैतको अन्तिम साता लडाकु शिबिरहरू नेपाली सेनालाई हस्तान्तरण गर्न एमाओवादी बाध्य भयो । यसैबीच, २०६९ बैशाखमा मुख्य दलबीच पाँच बुँदे सहमति भयो, जसमा २०६९ जेठ १४ अगावै संविधान जारी गर्ने र संविधानका मुख्य विवादित बिषयमा सहमति जुट्नासाथ एमाले, काङ्ग्रेस पनि सहभागी भई भट्टराई सरकारलाई सहमतिको सरकारको स्वरूप दिने बिषय मुख्य थिए । जेठ

२ मा संविधानका सबै मुख्य विवादित बिषयहरू-सङ्घीयता, शासकीय स्वरूप, निर्वाचन प्रणाली, न्याय प्रणाली र नागरिकता जस्ता विषयमा महत्वपूर्ण सहमति पनि जुट्यो । संविधान निर्माणको भरपर्दो आधार तयार भएसँगै नेकपा (एमाले) सरकारमा सहभागी भयो । नेपाली काङ्ग्रेस यस अघि नै सहभागी भइसकेको थियो । यसरी बाबुराम भट्टराईले सहमतिको सरकारको नेतृत्व गर्ने महत्वपूर्ण अवसर प्राप्त गरे ।

सहमतिका आधारमा अगाडि बढेर संविधान जारी गर्न सकेको भए राष्ट्र र जनताका निम्ति महत्वपूर्ण उपलब्धि हासिल हुने थियो र सरकारका लागि पनि त्यो ऐतिहासिक अवसरका रूपमा रहने थियो । तर एमाओवादी सहमतिबाट पछाडि हट्यो । जेठ २ को सहमति आफ्ना लागि स्वीकार्य नभएको अभिव्यक्ति दिंदै एमाओवादी नेताहरूले 'सङ्घीयता विरोधीहरू' का बिरुद्ध सडक कब्जा गर्न भन्दै जनजाति आन्दोलनका अगुवाहरूलाई भड्काउने काम गरे । संविधानसभाबाट सहमतिका आधारमा संविधान जारी गर्नुभन्दा पनि अन्य दलभित्रका समस्याहरूसँग खेल्ने र असन्तुष्ट सभासद्हरूको हस्ताक्षरको बलमा आफ्ना एजेण्डालाई स्थापित गर्ने दुष्प्रयत्न गर्न थाले । सुदूर पश्चिममा 'अखण्ड सुदूर पश्चिम' को आन्दोलन र थरुहटका पक्षधरबीच, 'मधेस प्रदेश' का पक्षधर र विरोधीबीच, मिथिला प्रदेशका समर्थक र विरोधीबीच द्वन्द्व, कटुता र झडपका घटनाहरू भए । जनकपुरमा शान्तिपूर्ण धर्नामा बसेका मिथिला पक्षधरमाथि आपराधिक ढङ्गले बम बिस्फोट गराएर ५ जनाको निर्मम हत्या गराइयो भने नवलपरासीमा जनजाति आन्दोलनमा क्रियाशील एकजना व्यक्तिको प्रहरी कारबाहीमा मृत्यु भयो । काठमाडौंमा सञ्चारकर्मीहरूमाथि जनजाति आन्दोलनकारीहरूद्वारा ज्यादती गरियो । यसरी सरकारको नेतृत्व गरेको एमाओवादी स्वयम्ले संविधान निर्माणका आधार भत्काउँदै लग्यो र मुलुकलाई डरलाग्दो सामाजिक तनावमा धकेल्यो । आफूलाई संविधानसभाको जन्मदाता भन्ने एमाओवादी नै अन्ततोगत्वा संविधानसभा बिघटनको कारक भूमिकामा उभियो ।

## ७. संविधानसभा बिघटन र उत्पन्न सङ्कट

२०६९ जेठ २ गते भएको सहमतिका आधारमा पूर्ण संविधान जारी गर्ने, त्यसमा सहमति नभए सङ्घीयताको बिषय व्यवस्थापिका-संसदले टुङ्ग्याउने गरी सहमति भएका बिषय समेटेर संविधान जारी गर्ने, त्यसो पनि हुन नसके प्रस्तावना मात्रै भए पनि जारी गर्ने गरी हामीले अन्तिमसम्म प्रयत्न गर्‍यौं ।

*वास्तवमा, २०६९ जेठ १४ गते भएको संविधानसभा बिघटनको परिघटना नेपाली राजनीतिको दुःखान्त अध्याय थियो । ... बिना विकल्प चालिएको यस प्रकारको गैरजिम्मेवार र दुराशययुक्त कदमले मुलुकलाई गहिरो राजनीतिक-संवैधानिक सङ्कटमा धकेलिदियो ।*

संविधानसभाबाट संविधान जारी हुन नसके पनि मुलुकलाई संवैधानिक रिक्ततामा फस्न नदिन संविधान संशोधनको प्रस्ताव समेत अगाडि सार्‍यौं । तर सके आफू अनुकूलको संविधान जारी गराउने अन्यथा संविधानसभा बिघटन गरेर रिक्तताभित्र आफ्ना सर्वसत्तावादी एजेण्डा स्थापित गर्ने एमाओवादी दुराशय तथा तिनका हरेक कदमलाई साथ दिने मधेसी दलका नेताहरूको अवसरवादी गठबन्धनका कारण संविधानसभा बिघटन हुन पुग्यो ।

वास्तवमा, २०६९ जेठ १४ गते भएको संविधानसभा बिघटनको परिघटना नेपाली राजनीतिको दुःखान्त अध्याय थियो । यो संविधानसभाबाट नयाँ संविधान निर्माण गर्ने जनताको चिरप्रतिक्षित सपना माथिको ठूलो आघात थियो । बिना विकल्प चालिएको यस प्रकारको गैरजिम्मेवार र दुराशययुक्त कदमले मुलुकलाई गहिरो राजनीतिक-संवैधानिक सङ्कटमा धकेलिदियो । विकल्प नयाँ निर्वाचन र नयाँ संविधानसभाको गठनमात्रै हुनसक्थ्यो । तर जानाजानी मुलुकलाई सङ्कटमा धकेल्ने भट्टराई सरकारलाई निर्वाचनको जिम्मा दिनु संवैधानिक, राजनीतिक र नैतिक कुनै पनि दृष्टिले संभव थिएन । सामान्य संसदीय व्यवस्थामा जस्तो नयाँ निर्वाचनको जिम्मा बहालवाला प्रधानमन्त्रीले पाउनु पर्ने तर्क संविधानसभाका हकमा लागू हुन सक्दैनथ्यो । हामीले सहमतिको आधारमा दलीय सरकार बनाएर नयाँ निर्वाचनमा जान अनेकौं प्रयत्न गर्‍यौं, तर एमाओवादी फेरि पनि निषेधकै नीतिमा उभियो । नेकपा (एमाले) या नेपाली काङ्ग्रेसको नेतृत्वमा सरकार बनाएर निर्वाचनमा जान ऊ तयारै भएन । नेकपा (एमाले), नेपाली काङ्ग्रेस, राप्रपा, नेकपा (माले), नेकपा (संयुक्त) लगायत दलहरू मिलेर बाबुराम भट्टराईको राजीनामा र सहमतिको सरकार गठनका लागि संयुक्त विरोध कार्यक्रमहरू सञ्चालित भए । २०६९ असोजमा हाम्रो पार्टीको मोर्चा सङ्गठनको पहलमा काठमाडौंमा विशाल विरोध र्‍याली आयोजना गरियो ।

अन्तरिम संविधान निर्माण गरिरहँदा हामी कसैले यस्तो प्रतिकूल परिस्थितिको पूर्वानुमान गरेका थिएनौं । एउटा संविधानसभाको असफलता र त्यही प्रयोजनका लागि अर्को निर्वाचनको परिकल्पना गर्नु त्यतिबेला संभव र सान्दर्भिक पनि ठानिएको थिएन । त्यसैले नेपालको अन्तरिम संविधानमा निकासको कुनै प्रावधान नराखिएका कारण विद्यमान संवैधानिक-राजनीतिक प्रबन्धभित्रबाट निकास खोज्ने प्रयाशले लामो समयसम्म सार्थकता पाउन सकेन । दलहरूबीच दूरी, अविश्वास र तिक्तता बढ्दै जाँदा त्यसले मुलुकलाई एकदमै असहज अवस्थातिर धकेल्दै लग्यो ।

## ८. चार पक्षबीच सहमति, अन्तरिम चुनावी मन्त्रिपरिषद र नयाँ निर्वाचन

यस्तो स्थितिको अन्त्यका लागि हामीले वार्ता, संवाद र विकल्प खोजीको प्रयाश निरन्तर जारी राख्यौं । अन्त्यमा, प्रधानन्यायाधीशको नेतृत्वमा अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन गर्न मुख्य राजनीतिक दलबीच २०६९ फागुन ३० गते ११ बुँदे सहमति भयो । यसका लागि संविधानमा २५ बुँदे बाधा अड्काउ फुकाउको प्रबन्ध गरियो र मुलुक निर्वाचनको दिशामा अग्रसर भयो । यो एउटा जोखिमपूर्ण अभ्यास थियो । सुरुमा यसप्रति पार्टीभित्र र बाहिर पनि अनेकौं संशय र प्रश्नहरू उत्पन्न भएका थिए । तर जनताले यसलाई निर्वाचनको प्रयोजनका लागि चालिएको एउटा बाध्यात्मक विकल्पकारूपमा क्रमशः आत्मसात गर्दै गए । गैरदलीय सरकार हुनाले यससँगको सम्बन्धलाई व्यवस्थित गर्न र सरकारसँग आवश्यक समन्वय र सहयोग गर्न उच्चस्तरीय राजनीतिक समितिको पनि निर्माण गरियो, जसमा मुख्य दलका प्रमुख नेताहरूले आलोपालो नेतृत्व गर्ने कार्यविधि तय गरिएको थियो । यसै क्रममा निर्वाचन आयोग लगायत संवैधानिक अङ्गहरूमा पदाधिकारी र सदस्यहरूको नियुक्ति, संविधानसभा निर्वाचन अध्यादेश जस्ता कानुनी र संरचनागत प्रबन्धहरू गरेर निर्वाचनको तयारी गरियो । अख्तियार प्रमुखको नियुक्ति भने विवादित र आलोच्य रह्यो ।

२०७० असारका लागि निर्वाचनको प्रयाश गरिए पनि समयसीमा र मौसमी प्रतिकूलताका कारण त्यसो गर्नु संभव भएन । सरकारको नेतृत्वमा २०७० साल मङ्सिर ४ गते संविधानसभाको नयाँ निर्वाचन सम्पन्न भयो । नेकपा -माओवादी नेतृत्वको कथित ३३ दलीय मोर्चाले गरेको अवरोध, आगजनी र बमबिस्फोटका घटना जस्ता अवरोधहरू छिचोल्दै यस निर्वाचनमा जनताको अत्यधिक मात्रामा सहभागिता रह्यो । निर्वाचनमा भएको सरदर ७५ प्रतिशत मतदानले नेपाली जनताको लोकतन्त्रप्रतिको निष्ठा र समर्थनलाई अभिव्यक्त गरेको छ ।

*प्रधानन्यायाधीशको नेतृत्वमा अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन गर्न मुख्य राजनीतिक दलबीच २०६९ फागुन ३० गते ११ बुँदे सहमति भयो । यसका लागि संविधानमा २५ बुँदे बाधा अड्काउ फुकाउको प्रबन्ध गरियो र मुलुक निर्वाचनको दिशामा अग्रसर भयो । यो एउटा जोखिमपूर्ण अभ्यास थियो ।*

फोटोसहितको मतदाता नामावली र अस्थायी मतदाता परिचयपत्रको व्यवस्थाले निर्वाचनलाई निष्पक्ष बनाउन ठूलो भूमिका खेल्यो । प्रवासमा रहेका र निर्वाचनको बेला घर आएका नागरिकहरूले मताधिकार प्रयोग गर्न नपाउनु चिन्ताको बिषय भए पनि निर्वाचन आम रूपमा शान्तिपूर्ण, निष्पक्ष र व्यवस्थित भयो । निर्वाचनलाई शान्तिपूर्ण, धाँधलीरहित र निष्पक्ष ढङ्गले सम्पन्न गराउन सफल भएकोमा अन्तरिम चुनावी मन्त्रिपरिषद्, निर्वाचन आयोग, कर्मचारी संयन्त्र र सुरक्षा अङ्गहरू धन्यवादका पात्र बनेका छन् ।

## ९. संविधानसभाका प्रारम्भिक कार्यहरू

संविधानसभाको पहिलो बैठक २०७० माघ ८ गते बस्यो । बैठक कसले आह्वान गर्ने भन्ने प्रश्नमा राष्ट्रपति र प्रधानमन्त्री कार्यालयबीच देखा परेको क्षेत्राधिकार विवाद, समानुपातिक सभासद् चयनमा लागेको समय र त्यसले विभिन्न दलभित्र सिर्जना गरेको समस्या, सरकार गठनमा उत्पन्न अन्यौल र कार्यसञ्चालन नियमावलीमा उत्पन्न विवाद आदिले सुरुमा संविधानसभाको कामलाई प्रभावित गरे । तर यसबीचमा संविधानसभाले आफ्नो कार्यसञ्चालन नियमावली निर्माण गरेको छ । एक बर्षभित्रै संविधान जारी गर्ने गरी संविधानसभाको कार्यतालिका तर्जुमा भएको छ । संविधानसभा अन्तर्गतका ५ वटै समितिका सभापतिहरूको निर्वाचन सर्वसम्मतिका आधारमा भएको छ । विगत संविधानसभाले गरेका सहमति र निर्णयहरूको स्वामित्व ग्रहण संविधानसभाले गर्ने निर्णय गरेको छ र संवैधानिक अभिलेख तथा सहमति निर्क्यौल समितिले विगतका सहमतिहरूलाई संविधानसभामा प्रस्तुत गर्ने कार्यक्रम पनि अगाडि बढाइरहेको छ । यी कामहरू सकारात्मक र महत्वपूर्ण छन् । अब, संविधानसभाभित्र र बाहिरका दलहरूसँग अर्थपूर्ण संवादको थालनी र संविधान लेखनलाई अगाडि बढाएर एक बर्षभित्र

संविधान निर्माण गर्ने हाम्रो पार्टीको प्रतिबद्धता र अन्य मुख्य दलको समेत बचनबद्धतालाई कार्यान्वयन गर्न लाग्नु जरुरी छ ।

## १०. व्यवस्थापिका–संसदका काम कारबाहीहरू

संविधानसभासँगै व्यवस्थापिका-संसद पनि क्रमशः सक्रिय हुन थालेको छ । यसबीचमा, संसदबाट प्रधानमन्त्री निर्वाचन गर्ने काम सम्पन्न भएको छ । संसदले बाधा अड्काउ फुकाउ आदेशलाई अनुमोदन गर्नुका अतिरिक्त विभिन्न अध्यादेशका सम्बन्धमा पनि आवश्यक निर्णयहरू गरेको छ । व्यवस्थापिका-संसदबाट 'बेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' पारित भएको छ । शान्ति प्रक्रियासँग जोडिएको यो एउटा महत्वपूर्ण कदम हो । अब संसदीय समितिहरूमा सभापतिको चयन गर्दै व्यवस्थापिका-संसदलाई सक्रिय बनाउन आवश्यक पहल गरिनुपर्छ ।

## ११. पार्टी निर्माणमा भएका प्रगति र चुनौती

(**क**) **पार्टी सदस्यता बिस्तार–** पाँच बर्षको अवधिमा पार्टीको सङ्गठित सदस्यता १ लाख ३८ हजारबाट बढेर २ लाख ५६ हजार पुगेको छ । सदस्यतामा भएको यो लगभग शतप्रतिशत बृद्धि सकारात्मक र उत्साहजनक छ । विगत संविधानसभा निर्वाचनमा ठूलो पराजय बेहोरेर तेस्रो स्थितिमा धकेलिनु परेको र यसबीचमा पार्टीका उपाध्यक्ष लगायत कतिपय केन्द्रीय नेताहरू समेत पलायन भएर पार्टीका नीति र यसको भविष्यप्रति नकारात्मक मनोविज्ञान निर्माण गर्न प्रयत्न गरिरहेको तथा एमाओवादीले पार्टी कार्यकर्ताबीच भ्रम, प्रलोभन र भय सिर्जना गरिरहेको प्रतिकूल अवस्थामा पार्टी सदस्यतामा भएको यो बिस्तारलाई विशेष महत्वका साथ हेरिनुपर्छ । तर पनि सदस्यताको यो सङ्ख्या पर्याप्त छैन र सङ्गठित सदस्यता प्राप्त गरेका व्यक्तिहरूको चेतनास्तर, क्रियाशीलता, पार्टीप्रतिको समर्पण र निष्ठालाई अझ माथि उठाउनु पर्ने खाँचो टड्कारो देखिएको छ ।

(**ख**) **अधिवेशन/सम्मेलनहरू–** यसबीचमा, प्रायः सबै जसो जिल्ला कमिटी/क्षेत्रीय कमिटी र शाखा कमिटीहरूले पार्टीको परिवर्तित ढाँचा र बहुपदीय संरचना अन्तर्गत अधिवेशनहरू सम्पन्न गरेका छन् । कतिपय जिल्लाहरूमा दुईवटा अधिवेशनहरू समेत सम्पन्न भएका छन् । पार्टी आबद्ध सबै जसो जनसङ्गठनहरूले यसबीचमा आफ्ना राष्ट्रिय अधिवेशन/सम्मेलनहरू सम्पन्न गरेका छन् र नयाँ नेतृत्व चयन गरेका छन् । नियमित अधिवेशन/सम्मेलनको यो शृङ्खलाले पार्टीलाई तलैसम्म संस्थागत, सुदृढ, व्यवस्थित र विधिसम्मत सञ्चालनका लागि ठूलो सहयोग

*नेपालीहरू बढ्दो सङ्ख्यामा प्रवासिने क्रमसँगै प्रवासको पार्टी कामको महत्व बढ्दै गएको छ । उनीहरूलाई मुलुकभित्रको लोकतान्त्रिक आन्दोलनमा जोड्ने, उनीहरूले आर्जन गरेको स्रोत, शीप र ज्ञानलाई राष्ट्र निर्माणको अभियानमा आबद्ध गर्ने तथा प्रवासी नेपाली श्रमिक आन्दोलनको रूपमा यसलाई अगाडि बढाउने कुराको विशेष महत्व छ ।*

पुऱ्याएको छ। यद्यपि, कतिपय कमिटी/सङ्गठनहरूले समयमा अधिवेशन/सम्मेलन गर्नुपर्ने दायित्वलाई महत्व नदिने, अधिवेशन/सम्मेलनहरूमा नीतिको प्रश्नले भन्दा नेतृत्वको प्रश्नले बढी महत्व पाउने, अस्वस्थ प्रतिस्पर्धा, प्यानलगत निर्वाचन र गुटबन्दीका हानीकारक प्रवृत्तिहरू उत्पन्न हुने, निर्वाचन जित्ने नाममा जायज-नाजायज सबै खालका तरिका अपनाउने र निर्वाचनपश्चात् एउटा पङ्क्ति निस्क्रिय या पलायन हुने समस्या भने बढ्दै गएका छन्। पार्टी निर्माणका निम्ति यस्ता प्रवृत्ति हानीकारक छन्।

(ग) **प्रवासमा पार्टी काम–** यसबीचमा भारत, अमेरिका, युरोपका विभिन्न मुलुकहरू, खाडी क्षेत्र, जापान, कोरिया, हङकङ, मलेसिया र अष्ट्रेलिया लगायत एसिया प्रशान्त क्षेत्रका विभिन्न मुलुकहरूमा कार्यरत प्रवासी नेपालीहरूबीच पार्टी कामको बिस्तार भइरहेको छ। नेपालीहरू बढ्दो सङ्ख्यामा प्रवासिने क्रमसँगै प्रवासको पार्टी कामको महत्व बढ्दै गएको छ। उनीहरूलाई मुलुकभित्रको लोकतान्त्रिक आन्दोलनमा जोड्ने, उनीहरूले आर्जन गरेको स्रोत, सीप र ज्ञानलाई राष्ट्र निर्माणको अभियानमा आबद्ध गर्ने तथा बृहत्तर प्रवासी नेपाली श्रमिक आन्दोलनको रूपमा यसलाई अगाडि बढाउने कुराको विशेष महत्व छ। प्रवासी नेपालीबीचको कामले पार्टीलाई आर्थिक र प्राविधिक दृष्टिले पनि ठूलो सहयोग पुऱ्याउँछ। त्यसैले आम रूपमा एकै स्वरूपको वैधानिक मञ्च निर्माण गरेर धेरैभन्दा धेरै प्रवासी नेपालीहरूलाई सङ्गठित र परिचालित गर्न आगामी दिनमा विशेष ध्यान दिनु जरुरी छ।

(घ) **जनसङ्गठनहरू–** पार्टीसँग प्रत्यक्ष रूपले आबद्ध र मोर्चा सङ्गठनमा सङ्गठित २१ वटा जनसङ्गठनहरू क्रियाशील छन्। जनसङ्गठनहरूले आफ्नो वर्ग या समुदायका माग, सरोकार या मुद्दाहरूलाई जनपरिचालन, जनदबाब या सङ्घर्षका माध्यमबाट अगाडि बढाउँदै सम्बन्धित वर्ग या समुदायमा पार्टी प्रभाव

बिस्तारका लागि महत्वपूर्ण भूमिका खेल्छन् । यद्यपि, कतिपय जनसङ्गठनहरूले परिवर्तित परिस्थिति अनुरूप आफ्ना वर्गीय या सामुदायिक सवालमा केन्द्रित हुँदै सम्बन्धित क्षेत्रको नेताको रूपमा स्थापित हुन आफ्नो भूमिकालाई अझै प्रभावकारी बनाउन सकिरहेका छैनन् । तिनीहरू पार्टीकै वरिपरि घुम्ने, पार्टी समर्थकहरूको बीचमा मात्रै क्रियाशील हुने काममा सीमित छन् । पार्टीभित्रको गुटबन्दीको असरबाट पनि कतिपय जनसङ्गठनहरू गम्भीर रूपले प्रभावित छन् । आगामी दिनमा जनसङ्गठनहरूको भूमिकालाई अझ प्रभावकारी बनाउन मोर्चा सङ्गठनले विशेष भूमिका खेल्नुपर्छ । जनसङ्गठनहरूको प्रभावकारी परिचालनले मात्रै मोर्चा सङ्गठनको रूपमा वर्गीय संयुक्त मोर्चा निर्माण गर्ने तथा आम श्रमजीवी जनसमुदायबीच पार्टीलाई बिस्तार गर्ने पार्टीको उद्देश्य प्राप्त गर्न सकिन्छ ।

(ङ) **पार्टी प्रवेश र घर फर्क अभियान–** विविध कारणले पार्टी परित्याग गरी अन्य पार्टी प्रवेश गरेका या निस्क्रिय रहेका पुराना कार्यकर्तालाई घर फर्काउन तथा अन्य पार्टीबाट नेकपा (एमाले) प्रवेश गर्न चाहने व्यक्तिहरूलाई पार्टी प्रवेश गराउन विभिन्न समयमा अभियानहरू सञ्चालन गरिएका छन् । यस्ता अभियान निकै प्रभावकारी भएकाा छन् र यस क्रममा विभिन्न पार्टीका केन्द्रीय नेताहरूसहित हजारौं कार्यकर्ताहरू पार्टीमा प्रवेश गरेका छन् । पुराना कार्यकर्ताहरू आफ्नै घर फर्केका छन् । तिनीहरूलाई आवश्यक प्रशिक्षण/पुनर्ताजगी सहित उपयुक्त जिम्मेवारी दिन पर्याप्त ध्यान दिन सकिएको छैन । एनेकपा (माओवादी), मधेसी दलहरू र कतिपय जातीय सङ्कीर्णतावादी समूहमा आबद्ध भएको ठूलो पङ्क्ति त्यहाँ निराश, असन्तुष्ट र आक्रोश बोकेर बसेको छ र उपयुक्त निकास खोजिरहेको छ । त्यस्तो पङ्क्तिसँग निरन्तर पार्टी सम्पर्क बिस्तार गर्ने, उनीहरूलाई राजनीतिबाट पलायन होइन, नेकपा (एमाले) जस्तो सही पार्टी र राजनीतिक धारमा आबद्ध गराउने तथा उनीहरूको उर्जा र क्षमतालाई समाज रूपान्तरणमा लगाउने गरी विशेष योजना बनाउन जरुरी छ ।

(च) **राष्ट्रिय प्रतिनिधि परिषद् बैठक, कार्यकर्ता भेला र विभिन्न अभियानहरू–** पार्टी विधानले तय गरेको नयाँ ढाँचा र नयाँ क्षेत्राधिकारसहित राष्ट्रिय प्रतिनिधि परिषद्को पहिलो बैठक २०६८ फागुनमा काठमाडौंमा आयोजना भयो । राष्ट्रिय राजनीति अन्यौलका बीचबाट गुज्रिरहेको बेला भएको यो बैठक र बैठकको उद्घाटन सत्रमा आयोजित विशाल जनसभाले पार्टीका पक्षमा जनविश्वास सुदृढ गर्न ठूलो भूमिका खेल्यो । बैठकको पूर्व सन्ध्यामा पार्टीमा भएको आन्तरिक एकता

*पार्टीले २०७० जेठ-असारमा 'संविधानसभा निर्वाचनको लागि पार्टी परिचालन अभियान' सञ्चालन गऱ्यो । ... उक्त अभियानले पार्टीका धारणाहरू आम जनतासमक्ष पुऱ्याउन, कार्यकर्ताको बुझाइमा एकरूपता निर्माण गर्न र संविधानसभा निर्वाचनको तयारीका लागि महत्वपूर्ण भूमिका खेल्यो ।*

सुदृढीकरणको पहल र प्रस्तावले पार्टीमा आन्तरिक एकतालाई सुदृढ गर्न ठूलो भूमिका खेलेको थियो ।

**सं**विधानसभाको बिघटन र पार्टीका कतिपय नेता/कार्यकर्ताले पहिचान र सङ्घीयतासम्बन्धी पार्टी दृष्टिकोणमा भ्रम सिर्जना गरिरहेको बेला २०६९ असारमा सम्पन्न राष्ट्रिय कार्यकर्ता भेलाले त्यसलाई चिर्न ठूलो सहयोग पुऱ्यायो ।

पार्टीले २०७० जेठ-असारमा 'संविधानसभा निर्वाचनको लागि पार्टी परिचालन अभियान' सञ्चालन गऱ्यो । आम रूपमा एक महिना र कतिपय ठाउँमा दुई महिनासम्म सञ्चालित उक्त अभियानले पार्टीका धारणाहरू आम जनतासमक्ष पुऱ्याउन, कार्यकर्ताको बुझाइमा एकरूपता निर्माण गर्न र संविधानसभा निर्वाचनको तयारीका लागि महत्वपूर्ण भूमिका खेल्यो । केन्द्रीय प्रतिनिधिहरूबाट प्राप्त शक्ति सन्तुलनका बारे प्रतिवेदनको संश्लेषणबाट हामीले निर्वाचनमा १०६ सिट जित्ने आँकलन गरेका थियौं, जुन एकदमै वस्तुनिष्ट र यथार्थको नजिक देखियो ।

(छ) **पार्टीको अन्तर्राष्ट्रिय सम्बन्ध–** उच्चस्तरीय भ्रमण र भेटवार्ताहरू, विभिन्न मञ्चहरूमा सहभागिता, विभिन्न संस्थाहरूमा आबद्धताका माध्यमबाट पार्टीले यसबीचमा आफ्नो अन्तर्राष्ट्रिय सम्बन्धलाई अझ फराकिलो, सुदृढ र परिणाममुखी बनाउने प्रयाश गरेको छ । चिनियाँ कम्युनिष्ट पार्टीको निमन्त्रणमा अध्यक्ष नेतृत्वको प्रतिनिधि मण्डलले हालै गरेको चीन भ्रमण अत्यन्त उपलब्धिपूर्ण रहेको छ । त्यसले हाम्रो पार्टी र चिनियाँ कम्युनिष्ट पार्टीबीचको सम्बन्धलाई घनिष्ठ र प्रगाढ वनाएको छ र नयाँ उचाईमा उठाएको छ । त्यसरी नै विभिन्न समयमा विभिन्न नेताहरूले गर्नुभएको चीन भ्रमण र चिनियाँ नेताहरूसँगको वार्ताले दुई पार्टीबीचको भाइचारा सम्बन्ध र दुई देशबीचको मित्रतालाई अझ सुदृढ गर्न भूमिका खेलेको छ । भारत सरकारको निमन्त्रणामा पार्टी अध्यक्ष, वरिष्ठ नेता लगायतले गर्नुभएका छुट्टाछुट्टै भ्रमणले दुई देशबीचको सम्बन्धलाई बलियो

बनाउन मद्दत गरेको छ। संयुक्त राष्ट्र सङ्घका महासचिवसँग पार्टी अध्यक्षको भेटवार्ताले नेपालप्रति संयुक्त राष्ट्र सङ्घको सहयोग र सद्भावलाई निरन्तरता दिन सघाएको छ। पार्टीले एसियाली राजनीतिक पार्टीहरूको राजनीतिक सम्मेलनको मञ्चबाट एसियामा लोकतन्त्रको सुदृढीकरण, स्थायित्व र शान्तिका निम्ति भूमिका खेलिरहेको छ भने ल्याटिन अमेरिकाका पार्टीहरूको सम्मेलनमा सहभागितामार्फत् पार्टीको अन्तर्राष्ट्रिय सम्बन्धलाई थप बिस्तार गरेको छ। विभिन्न भाइचारा र मित्र पार्टीहरूका सम्मेलनमा सहभागिता, विभिन्न अन्तर्राष्ट्रिय सेमिनार र गोष्ठीमा उपस्थिति र द्विपक्षीय-बहुपक्षीय भेटघाट-संवादका माध्यमबाट नेकपा (एमाले) र नेपालमा लोकतन्त्रको सुदृढीकरण, शान्ति तथा समृद्धिका पक्षमा अन्तर्राष्ट्रिय वातावरणलाई थप अनुकूल बनाउन सहयोग मिलेको छ। दोस्रो संविधानसभा निर्वाचनपछि राष्ट्रिय राजनीतिको केन्द्रभागमा स्थापित भएपछि नेकपा (एमाले) प्रति अन्तर्राष्ट्रिय समुदायको दृष्टि थप सकारात्मक बनेको छ। हालै काठमाण्डौ आउनुभएका सोसलिस्ट इन्टरनेशनलका महासचिव लुइस आयलासँग पार्टी अध्यक्षको नेतृत्वमा रहेको प्रतिनिधि मण्डलले महत्वपूर्ण वार्ता गरेको छ र समाजवादी अन्तर्राष्ट्रियसँग पनि हाम्रो पार्टीको राजनीतिक सम्बन्धलाई व्यवस्थित गर्ने निर्णय भएको छ। त्यसले हाम्रो पार्टीका सम्बन्धहरूलाई विश्वका सामाजिक जनवादी पार्टीहरूसँग पनि बिस्तार गर्न सघाउने छ।

पार्टीले पाँचौं राष्ट्रिय महाधिवेशनदेखि नै कम्युनिष्ट तथा श्रमिक पार्टीहरूसँग भाइचारा सम्बन्ध कायम गर्ने, नेपालमा लोकतन्त्र, शान्ति र समृद्धिमा सहयोगी बन्न सक्ने पार्टीहरूसँग मित्रतापूर्ण सम्बन्ध अगाडि बढाउने र अन्य पार्टी र संस्थाहरूसँग कूटनीतिक सम्बन्ध कायम गर्दै पार्टीको अन्तर्राष्ट्रिय सम्बन्धलाई बहुआयामिक र फराकिलो पार्ने तथा सामाजिक मुक्ति तथा राष्ट्रिय स्वाधीनता रक्षाको नेपाली जनताको आन्दोलनको पक्षमा अनुकूल वातावरण निर्माण गर्ने नीति लिंदै आएको छ। उपरोक्त भ्रमण र सम्बन्धहरू हाम्रो यही नीतिबाट निर्देशित छन्। आगामी दिनमा पार्टीले यस्तो सम्बन्धलाई अझ विस्तारित गर्दै लैजानु जरुरी छ।

यसरी, महाधिवेशन यताका पाँच बर्षमा हामीले विभिन्न क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेका छौं। पहिलो संविधानसभाले संविधान जारी गर्न नसके पनि त्यसले संविधान निर्माणका महत्वपूर्ण आधार तयार गरेको छ। यतिबेला संविधानसभाको नयाँ निर्वाचन सम्पन्न भएर मुलुक स्वभाविक राजनीतिक-संवैधानिक मार्गमा फर्केको छ र संविधान निर्माण कार्य अगाडि बढ्दै छ।

*पहिलो संविधानसभाले संविधान जारी गर्न नसके पनि त्यसले संविधान निर्माणका महत्वपूर्ण आधार तयार गरेको छ । यतिबेला संविधानसभाको नयाँ निर्वाचन सम्पन्न भएर मुलुक स्वभाविक राजनीतिक-संवैधानिक मार्गमा फर्केको छ र संविधान निर्माण कार्य अगाडि बढ्दै छ ।*

माओवादी पूर्व लडाकुहरूको व्यवस्थापनको काम आधारभूत रूपले सम्पन्न भएको छ। द्वन्द्वकालमा घटित गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाको सत्य निरूपण गर्ने, पीडितलाई न्याय दिने र समाजमा मेलमिलापको वातावरण निर्माण गर्ने कार्य पनि आरम्भ हुँदैछ। राज्यको अग्रगामी पुनःसंरचना गर्दै सङ्घीय, समावेशी-सहभागितामूलक तथा जनपक्षीय शासन प्रणाली निर्माण गर्ने कार्य गर्नेतर्फ हामी अगाडि बढ्दै छौं । भिन्नभिन्न बुझाइ, मत र आग्रहमा विभाजित समाजलाई एकताबद्ध पार्दै सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई सुदृढ बनाउने सङ्घीय ढाँचा निर्माण गर्ने काममा पार्टीले अग्रणी भूमिका खेल्नुपर्नेछ। सामन्ती अवशेषहरू अन्त्य गर्दै प्रगतिशील उत्पादन सम्बन्ध निर्माण गर्ने र सामाजिक-आर्थिक रूपान्तरणको प्रक्रियालाई तीव्रता दिंदै समृद्ध नेपाल निर्माण गर्ने ऐतिहासिक जिम्मेवारी पूरा गर्न हामी अगाडि बढ्नु पर्नेछ। त्यसरी नै विभिन्न रूप र माध्यमबाट भइरहेका नवऔपनिवेशिक प्रकारका हस्तक्षेप, उत्पीडन र आर्थिक-सामाजिक-सांस्कृतिक शोषणबाट राष्ट्रलाई मुक्त गर्दै राष्ट्रिय हितको रक्षा र स्वाधीनता सुदृढीकरणको अभियानलाई सफलतामा पुऱ्याउने दायित्व पनि पूरा गर्नु पर्नेछ। सारमा, आठौं राष्ट्रिय महाधिवेशनले निर्धारित गरेका अभिभारालाई पूर्णतामा पुऱ्याउने र बदलिएको सन्दर्भमा थपिएका नयाँ अभिभारा पूरा गर्ने गरी ठोस राजनीतिक कार्यदिशा तय गर्दै अगाडि बढ्ने दायित्व नवौं महाधिवेशनको काँधमा छ।

## (घ) संविधानसभाका चार बर्ष, शान्ति प्रक्रिया र पार्टीको भूमिका

### १. आठौं महाधिवेशनको निर्देशन

आठौं महाधिवेशनले संविधानसभामा हाम्रो पार्टी तेस्रो शक्तिका हैसियतमा रहेको भए पनि 'संविधानसभालाई जनक्रान्तिको भावना अनुरूप सहकार्य र सहमतिको थलोको रूपमा विकास गर्ने दायित्व पार्टीको काँधमा रहेको' निष्कर्ष निकालेको थियो । 'संविधान निर्माणका लागि सर्वसम्मति या दुई तिहाइको प्रावधान आवश्यक रहेको र राज्यको पुनःसंरचनाका बारेमा सन्तुलित अवधारणाको विकास गर्न' आवश्यक भएकाले संविधान निर्माणको प्रक्रियामा पार्टीको भूमिका गुरुत्तर' रहेको महाधिवेशनको ठहर थियो । संविधानसभाको चार बर्षे कार्यकालभरि हामीले यही दिशाबाट निर्देशित हुँदै काम गर्ने प्रयत्न गर्‍यौं । पार्टीले संविधानसभाबाट संविधान निर्माण गर्ने ऐतिहासिक अवसरलाई साकार पार्न आफ्नो तर्फबाट अधिकतम् प्रयत्न गर्‍यो ।

### २. संविधानसभा असफलताको मूल कारण

तर निर्वाचनले निर्माण गरेको प्रतिकूल शक्ति सन्तुलन तथा कतिपय आन्तरिक र बाह्य कारणले गर्दा संविधानसभाबाट संविधान निर्माण हुन सकेन । पार्टी केन्द्रीय कमिटीको १८औं बैठकका निर्णय तथा संविधानसभाको चार बर्षको समीक्षा गर्दै सार्वजनिक गरिएको श्वेतपत्रमा हामीले संविधानसभा बिफलताको गहिरो विश्लेषण गर्दै मुख्य कारणहरूलाई उल्लेख गरेका छौं ।

संविधानसभामा सबैभन्दा ठूलो पार्टीको रूपमा उपस्थित एनेकपा (माओवादी) का अस्थिर, अविश्वसनीय र गलत नीतिहरूले संविधानसभा असफल पार्न निर्णायक भूमिका खेले । उनीहरूले १२ बुँदे समझदारीबाट सुरु भएको र नयाँ संविधान निर्माण गर्दासम्म अपरिहार्य रहेको सहमतिको यात्रालाई आघात पुर्‍याउँदै निषेधको नीति अवलम्बन गरे र 'राजतन्त्रको अन्त्यपछि प्रधान अन्तरविरोध बदलिएको र संसदीय दलहरू अग्रगमनका मुख्य बाधक' रहेको हानीकारक निष्कर्ष निकाले । संविधान निर्माण शान्ति प्रक्रियाको अभिन्न अङ्ग रहेको र संविधान जारी हुनु पूर्व शान्ति प्रक्रिया टुङ्गिनु आवश्यक रहेको तथ्यलाई इन्कार गर्दै शान्ति प्रक्रियालाई अनेकौं बहानाबाजीमा ४ बर्षसम्म लम्ब्याउने काम भयो । सहमतिका आधारमा

*विभिन्न जाति-समुदायका नाममा लोकतन्त्र, राष्ट्रिय एकता र सद्भाव विपरीत गरिएका क्रियाकलापहरूले एमाओवादी-मधेसी गठबन्धनका गलत सोच र व्यवहारमा आगोमा घिउ थपेझैं गरे ।*

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण गर्ने ऐतिहासिक अवसरलाई बेवास्ता गर्दै 'आफ्नो पार्टीको छाप लागेको' कथित जनताको सङ्घीय गणतन्त्रको संविधान बनाउने अनुचित हठ अगाडि सारे। नेपाल राष्ट्रको ऐतिहासिक विकासक्रम, राज्य निर्माणको वस्तुगत आधार र बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतासहितको नेपाल राष्ट्रको यथार्थलाई इन्कार गर्दै 'बहुराष्ट्रिय राष्ट्र' र 'एकल पहिचानसहितको सङ्घीयता'को नाममा एकल जातीय राज्य निर्माण गर्ने अत्यन्तै हानीकारक र बिखण्डनकारी सोच अगाडि सारे । तत्कालिन 'मधेशी मोर्चा' मा संलग्न राजनीतिक दलहरूको नकारात्मक भूमिकाले स्थितिलाई झनै जटिल तुल्यायो । विभिन्न जाति-समुदायका नाममा लोकतन्त्र, राष्ट्रिय एकता र सद्भाव विपरीत गरिएका क्रियाकलापहरूले एमाओवादी-मधेसी गठबन्धनका गलत सोच र व्यवहारमा आगोमा घिउ थपेझैं गरे । लामो प्रयाशपछि २०६९ जेठ २ गते मुख्य विवादित प्रश्नहरूमा सहमति भएर संविधान निर्माणको आधार तयार भइसकेको अवस्थामा एमाओवादी अचानक सहमतिबाट पछि फर्क्यो । हाम्रो पार्टीको तर्फबाट अगाडि सारिएका अनेकौं विकल्पहरूलाई लत्याउँदै माओवादी-मधेसी गठबन्धनले षडयन्त्रपूर्वक संविधानसभालाई बिघटन गरेर मुलुकलाई गहिरो राजनीतिक सङ्कटमा धकेले ।

संविधानसभाको बिघटनमा एमाओवादी-मधेसी गठबन्धनले मुख्य भूमिका खेलेको भए पनि यसका पछाडि अन्य कारणहरू पनि जिम्मेवार छन् । खासगरी 'एक मधेसः एक प्रदेश' र एकल जातीय पहिचानसहितको सङ्घीयतामा प्रकट भएको बाह्य शक्ति केन्द्रहरूको अनावश्यक चासो, संविधानसभाको अवधिसम्बन्धी एकापसमा बाझिएका अदालतका फैसलाहरू, संविधानसभाभित्र गठन भएका विभिन्न ककसहरू र तिनीहरूले खेलेको भूमिका, संविधानसभाको भूमिकालाई ओझेलमा पार्नेगरी निर्माण गरिएका दलीय संयन्त्रहरू र सत्ता राजनीतिले दलहरूबीच सिर्जना गरेको अविश्वास र दूरी पनि कारणका रूपमा रहेका छन् ।

नेपालको अस्मिता र अखण्डतामा नै आँच पुग्ने गरी संविधानसभा र संवैधानिक समितिमा व्यक्त विचार तथा प्रदर्शित व्यवहारले संविधान निर्माणको काममा ठूलो व्यवधान उत्पन्न गरेको थियो ।

## ३. संविधानसभाबाट भएका ऐतिहासिक घोषणा, निर्णय र यस अवधिका राजनीतिक सहमति

संविधानको मस्यौदालाई अन्तिम रूप दिएर संविधान जारी गर्न नसके पनि संविधानसभाले महत्वपूर्ण कामहरू सम्पन्न गरेको छ । लोकतान्त्रिक र अग्रगामी संविधान निर्माणका लागि आधारका रूपमा रहेका धेरै बिषयहरू टुङ्गो लगाएको छ । तीमध्ये मुख्य बिषयहरूलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ -

- संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रलाई अन्त्य गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु । लोकतान्त्रिक आन्दोलनको सर्वाधिक महत्वपूर्ण र क्रान्तिकारी उपलब्धिलाई संस्थागत गर्नु ।
- पूर्व माओवादी लडाकुहरूको व्यवस्थापन गर्ने काम सम्पन्न हुनु, शान्ति प्रक्रियाको सबैभन्दा जटिल र संवेदनशील बिषय निष्कर्षमा पुग्नु ।
- संविधानसभाको निर्वाचन, जनसहभागिता र यस सम्बन्धमा चलेको राष्ट्रव्यापी बहसले समाजमा अभूतपूर्व चेतना निर्माण हुनु । संविधान सम्बन्धी सबैका चासो र सरोकार प्रकट हुनु, संविधान निर्माणका अवसर र चुनौती स्पष्ट देखा पर्नु ।
- संविधानसभाको प्रक्रिया र संविधान सम्बन्धी बहसका माध्यमबाट हिंसाको बाटो अस्वीकृत हुनु । शान्तिपूर्ण र लोकतान्त्रिक माध्यमबाट समाज परिवर्तन गर्न सकिने विश्वास प्रबल बन्नु र लोकतन्त्रका विश्वव्यापी मान्यता स्थापित हुनु । लोकतन्त्र विरोधी चिन्तन प्रवृत्तिहरू खण्डित हुनु ।
- परम्परागत संसदीय प्रणाली र नवउदारवादका मान्यता खण्डित भएर त्यसका संबाहकहरूसमेत अग्रगामी लोकतन्त्र र समाजवादउन्मुख अर्थतन्त्रको पक्षमा उभिन आइपुग्नु ।
- नागरिक-राजनीतिक अधिकारका अतिरिक्त सामाजिक-सांस्कृतिक-आर्थिक अधिकार समेत प्रत्याभूत हुनु । सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, यातना बिरुद्धको हक, छुवाछुत बिरुद्धको हक जस्ता

*सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई मुख्य राजनीतिक उद्देश्य र समाजवाद-उन्मुख आत्मनिर्भर अर्थतन्त्रको निर्माण, साम्प्रदायिक सद्भाव र सांस्कृतिक विविधतायुक्त राज्यको विकास तथा विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिबृद्धि आदिलाई निर्देशक सिद्धान्तको रूपमा मान्यता ।*

आधारभूत हक सुनिश्चित हुनु । समानताको हकलाई सारवान बनाउन सकारात्मक विभेदलाई स्वीकार गरिनु । पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता हुनु । आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क शिक्षा, आधारभूत स्वास्थ्य, रोजगारी, खाद्य र खाद्य सम्प्रभुता, आवासमा पहुँच, सामाजिक सुरक्षाको ग्यारेन्टी, श्रम सम्बन्धी र गुणस्तरीय सेवा प्राप्त गर्ने उपभोक्ताको हक सुनिश्चित गरिनु ।

- महिलाका लागि बिनाविभेद अंश र वंशमा समान हक, सुरक्षित मातृत्व र प्रजननको हक, धर्म, परम्परा या संस्कारका नाममा गरिने सबै खाले हिंसाजन्य कार्य र शोषण दण्डनीय हुने र पीडितलाई क्षतिपूर्ति, राज्य संयन्त्रमा समानुपातिक सहभागिता, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेद र विवाह, सम्बन्ध बिच्छेद र पारिवारिक मामलामा दम्पत्तिको समान हक र घरायशी श्रमको योगदानलाई समेत राष्ट्रिय आयमा गणना गरिने प्रबन्ध जस्ता बिषयको सुनिश्चितता ।
- छुवाछुत र भेदभाव सामाजिक अपराधको रूपमा दण्डनीय हुने व्यवस्था, दलितलाई राज्यका सबै अङ्गमा रोजगारी, प्राथमिकदेखि उच्च शिक्षासम्म निःशुल्क शिक्षा, सामाजिक सुरक्षा, परम्परागत पेशा र सीपको संरक्षण र विकासको हक । भूमिहीन दलितलाई जमीन र आवासको व्यवस्था एवम् क्षतिपूर्तिसहित राजनीतिक संरचनामा सहभागिताको हकको सुनिश्चितता ।
- सामाजिक रूपले पछाडि परेका/पारिएका जनजाति, मधेसी, लैङ्गिक अल्पसङ्ख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति र किसान तथा मजदुर वर्गलाई सामाजिक न्याय, आर्थिक रूपले बिपन्न नागरिकलाई

प्राथमिकता, किसानलाई भूमिमाथिको हक, आदिवासी जनजातिलाई आफ्नो पहिचानसहित भाषा संस्कृतिको संरक्षण सम्बर्द्धनको हक, मधेसी समुदायलाई आर्थिक, सामाजिक, सांस्कृतिक अवसर र लाभको समान बितरणको विशेष अवसर, अपाङ्गता भएका व्यक्तिलाई विविधताको पहिचान र आत्मसम्मानपूर्वक जीवन यापन गर्ने हक, युवाहरूलाई सशक्तीकरण, आन्दोलनका सहिद, घाइते, बेपत्ता लगायतका व्यक्ति र परिवारलाई निवृत्तिभरण सहितको विशेष व्यवस्थाको प्रत्याभूति ।

- अल्पसङ्ख्यक र सीमान्तकृत समुदायलाई आफ्नो सरोकारका नीति निर्माणमा सहभागी हुने, सांस्कृतिक सम्पदा र परम्परागत सीप, भाषा, लिपी र धर्म सम्बन्धी, भूमि र प्राकृतिक स्रोतसम्बन्धी, राज्यका संरचनामा विशेष प्रतिनिधित्वसम्बन्धी अवसर ।
- राष्ट्रप्रति निष्ठावान हुँदै राष्ट्रियता र सार्वभौमसत्ताको रक्षा, राष्ट्रले चाहेका बखत अनिवार्य सेवा र कानुनको पालना गर्नुपर्ने मौलिक कर्तव्यको व्यवस्था ।
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई मुख्य राजनीतिक उद्देश्य र समाजवाद-उन्मुख आत्मनिर्भर अर्थतन्त्रको निर्माण, साम्प्रदायिक सद्भाव र सांस्कृतिक विविधतायुक्त राज्यको विकास तथा विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिबृद्धि आदिलाई निर्देशक सिद्धान्तको रूपमा मान्यता । राष्ट्रिय सुरक्षा र एकता, सुशासन, सामाजिक सांस्कृतिक रूपान्तरणको नीति । सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहभागितामूलक स्वतन्त्र विकासमार्फत् अर्थतन्त्र विकासको नीति । वैज्ञानिक भूमिसुधारमार्फत भूमिहीनहरूको जमिनमाथि पहुँच पुऱ्याउने र प्रगतिशील कर प्रणालीको माध्यमबाट आर्थिक विषमता न्यून गर्ने अवधारणा । सन्तुलित, वातावरणमैत्री र विकासको प्रतिफल बिपन्न नागरिकमा बितरण हुने प्रकृतिको विकास नीति । स्वदेशी लगानीमा प्राथमिकता र अन्तरपुस्ता समन्यायको नीति ।
- उक्त नीति र कार्यक्रमको कार्यान्वयन प्रतिवेदन राष्ट्रपतिमार्फत् प्रत्येक बर्ष संसदमा प्रस्तुत गर्ने र संसदले त्यसको अनुगमन गर्न समिति बनाएर काम गर्ने प्रबन्ध । कानूनमा उल्लेख भएबमोजिम हुने भनिएका बिषयमा दुई बर्षभित्र कानून बनाइसक्नु पर्ने बाध्यात्मक व्यवस्था ।

*सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीन तह र विशेष संरचना समेतको सङ्घीय ढाँचाको प्रत्याभूति, आर्थिक अधिकारको न्यायोचित बाँडफाँटसहित अलग र साझा अधिकारको सर्वसम्मत सूची निर्माण, प्राकृतिक स्रोतको समन्यायिक बितरणको सिद्धान्त ।*

- एकल-सङ्घीय नागरिकताको प्रबन्ध, नागरिकतामा रहेको लैङ्गिक विभेदको समाप्ति र राज्यका मुख्य अङ्गहरूमा निर्वाचित हुन वंशजको आधारमा नागरिक हुनैपर्ने व्यवस्था ।
- गंभीर प्रकृतिका मानव अधिकार उल्लङ्घन, मानवता बिरुद्धको अपराध र युद्ध अपराधका सम्बन्धमा पश्चात्दर्शी कानून बनाउन सकिने व्यवस्था ।
- सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीन तह र विशेष संरचना समेतको सङ्घीय ढाँचाको प्रत्याभूति, आर्थिक अधिकारको न्यायोचित बाँडफाँटसहित अलग र साझा अधिकारको सर्वसम्मत सूची निर्माण, प्राकृतिक स्रोतको समन्यायिक बितरणको सिद्धान्त । आदिवासी जनजातिको पहिचान र स्वशासनको प्रत्याभूति । सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा सङ्घीय इकाइबीच अन्तरसम्बन्ध ।
- दलहरूमाथि प्रतिबन्ध लगाउन बन्देज सहित दलसम्बन्धी व्यवस्था ।
- स्वतन्त्र न्यायपालिकाको प्रत्याभूति, संविधानको ब्याख्याताको रूपमा सर्वोच्च अदालत र सङ्घीय इकाईहरूबीचको विवाद समाधानका लागि पाँच बर्षसम्म संवैधानिक अदालतको व्यवस्था ।
- अधिकारसम्पन्न राष्ट्रिय वित्तीय आयोग, राष्ट्रिय प्राकृतिक स्रोत आयोगको प्रावधान । महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक र सीमान्तकृत, पिछडिएको वर्ग, मधेसी, मुस्लिम र मजदुर किसानहरूका लागि सामाजिक समावेशीकरण आयोग ।
- नेपालमा बोलिने सबै मातृ भाषालाई राष्ट्र भाषाको समान सम्मान । नेपाली भाषा सरकारी कामकाजको भाषाको रूपमा रहने व्यवस्था, भाषा

आयोगको प्रावधान । धर्मनिरपेक्षतालाई पुनः पुष्टि गर्दै धार्मिक सहिष्णुता र सद्भावको व्यवस्था ।

- 'आधारभूत राष्ट्रिय हित' का रूपमा सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता, लोकतन्त्र, समानुपातिक र समावेशी सहभागिता, विकास र समानताको परिभाषा । यस विपरीतको काम दण्डनीय हुने व्यवस्था ।

व्यवस्थापिका-संसदबाट जातीय विभेद तथा छुवाछुत (कसुर र सजाय) सम्बन्धी विधेयक, महिलामाथिको घरेलु हिंसा बिरुद्धको विधेयक जस्ता महत्वपूर्ण विधेयकहरू पारित गरिए । संसदले सुडान भ्रष्टाचार काण्ड, निजी कम्पनीहरूलाई सञ्चारसम्बन्धी अन्तर्राष्ट्रिय गेट वे दिंदा भएका अनियमितता जस्ता ठूला भ्रष्टाचार काण्डको छानबीन र कारबाही प्रक्रिया अगाडि बढायो । देश टुक्रिने अभिव्यक्ति दिने तत्कालीन मन्त्रीलाई बर्खास्त गर्न बाध्य पाऱ्यो । वातावरणीय विनासका क्षेत्रमा प्रभावकारी हस्तक्षेप गऱ्यो । राष्ट्र र जनताका आम सरोकारका कतिपय महत्वपूर्ण बिषयमा गहन छलफल, आवश्यक निर्णय र सरकारलाई दिशानिर्देश गर्ने काम पनि गऱ्यो ।

## ४. पूर्व लडाकुहरूको व्यवस्थापन

यस अवधिमा माओवादी लडाकुहरूको समायोजन र स्वेच्छिक अवकाशको काम सम्पन्न भएर शान्ति प्रक्रियाको महत्वपूर्ण काम टुङ्गिएको छ । मुख्य दलबीच भएको सहमति अनुसार ६ महिनामा टुङ्गिनु पर्ने बिषयलाई माओवादीले रणनीतिक दाउपेचको बिषय बनाएर विलम्ब गर्दा संविधान निर्माण तथा दलहरूबीच सहमति निर्माणमा बाधा खडा भएको थियो । लडाकुहरूलाई आफ्ना एजेण्डा कार्यान्वयन गर्न सौदाबाजीको बिषयका रूपमा प्रयोग गर्ने र राज्यकोषबाट बर्षेनी जाने औं रकमलाई पार्टीगत र व्यक्तिगत स्वार्थका लागि दुरूपयोग गर्ने मनशायले यसरी विलम्ब गरिएको थियो । तर अनिश्चित भविष्य, नेताहरूको दाउपेच र शिबिरमा भएको अनियमितताका कारण लडाकुहरूमाझ असन्तुष्टि बढ्दै गएपछि र त्यसले दुर्घटना निम्त्याउने जोखिम बढाएपछि मात्रै एमाओवादी २०६८ चैत अन्तिम साता लडाकु शिबिरको व्यवस्थापनको जिम्मा नेपाली सेनालाई दिन तयार भयो । लडाकुहरू स्वैच्छिक अवकाश र समायोजनमा पठाइए । लडाकुको व्यवस्थापन जस्तो जटिल बिषय ढिलै भए पनि निष्कर्षमा पुग्नु महत्वपूर्ण छ । यतिबेला नेपाली सेनामा समायोजन भएका १,४४४ पूर्व लडाकुमध्ये सबैले तालिम सम्पन्न गरी जिम्मेवारी लिइसकेको अवस्था छ ।

*हामीले गलत प्रवृत्ति बिरुद्ध लगातार आवाज उठाइरह्यौं । 'एक मधेसः एक प्रदेश' र 'दुई राष्ट्रियता' सम्बन्धी मधेसी दलका बिखण्डनकारी सोच र भूमिसुधारको विरोध जस्ता सामन्ती सोच बिरुद्ध हामीले सम्झौताहीन सङ्घर्ष गर्‍यौं ।*

शान्ति प्रक्रियाको नाममा राज्यकोष र अन्तर्राष्ट्रिय समुदायबाट झण्डै ४८ अर्ब रकम खर्च गरिएको छ, जुन अत्यन्तै खर्चिलो देखिएको छ । यस प्रक्रियामा राज्यकोषको ठूलै दुरूपयोग भएको व्यापक आशङ्का छ । विशेष समितिमा भएको निर्णय अनुरूप यस सम्बन्धमा गहिरो अनुसन्धान गर्नु जरुरी देखिएको छ ।

## ५. संविधानसभामा पार्टीको भूमिका

तेस्रो शक्तिको हैसियतमा उपस्थित भएको भए पनि नेकपा (एमाले)ले संविधानसभालाई सफल पार्न आफ्नो तर्फबाट अधिकतम प्रयत्न गर्‍यो । संविधानसभालाई सहमतिको थलो बनाउन र कुनै पनि नाममा हुने राजनीतिक ध्रुवीकरणलाई रोक्न पार्टीले निरन्तर पहल गर्‍यो ।

एमाओवादीले 'जनताको सङ्घीय गणतन्त्र' को नाममा अगाडि सारेका अलोकतान्त्रिक, अराजक र सर्वसत्तावादी मान्यताहरू, तत्कालिन मधेसी मोर्चाले प्रस्तुत गरेका सङ्कीर्ण- क्षेत्रीयतावादी सामन्ती सोच तथा नेपाली काङ्ग्रेसका कतिपय यथास्थितिवादी, नवउदारवादी र परिवर्तनविरोधी मान्यताका बीच प्रगतिशील, लोकतान्त्रिक र अग्रगामी मुद्दाहरू स्थापित गर्नु सहज थिएन । तर पनि हामीले गलत प्रवृत्ति बिरुद्ध लगातार आवाज उठाइरह्यौं । 'एक मधेसः एक प्रदेश' र 'दुई राष्ट्रियता' सम्बन्धी मधेसी दलका बिखण्डनकारी सोच र भूमिसुधारको विरोध जस्ता सामन्ती सोच बिरुद्ध हामीले सम्झौताहीन सङ्घर्ष गर्‍यौं । एमाओवादीले अगाडि सारेका नियन्त्रित न्यायपालिका, निर्देशित लोकतन्त्र, बहुलवादको विरोध, अनिवार्य सैन्य तालिम, 'बहुराष्ट्रिय राष्ट्र', एकल जातीय राज्यको अवधारणा र जातीय अग्राधिकार, जातीय जनसङ्ख्याको आधारमा निर्वाचन प्रणाली, प्रतिपक्ष नै नरहने शासकीय स्वरूप, गंभीर मानव अधिकारको उल्लङ्घनमा पनि उन्मुक्ति, छुट्टिन पाउने अधिकार सहित आत्मनिर्णयको अधिकार जस्ता हानीकारक सोचको निरन्तर प्रतिवाद गरिरह्यौं । देशको नामै फेर्ने, झण्डा फेर्ने, हिन्दी भाषा पनि

केन्द्रीय सरकारी कामकाजको भाषा हुनुपर्ने जस्ता विवादास्पद प्रस्तावको विरोध गर्‍यौं ।

संविधानसभामा जेजति सहमति भएका छन्, तिनमा नेकपा (एमाले) को निर्णायक भूमिका छ । संविधानको प्रस्तावित मस्यौदामा प्रस्तुत झण्डै सत्तरी प्रतिशत बिषयहरू नेकपा (एमाले) ले आफ्नो घोषणापत्रमा प्रस्तुत गरेका प्रतिबद्धता र जनताको बहुदलीय जनवादका राजनीतिक मान्यता अनुकूल छन् । यसमा हामीलाई गर्व छ । नेपाली काङ्ग्रेसको सोच २०४७ सालको संविधानभन्दा पर थिएन र एमाओवादी आफ्ना सर्वसत्तावादी मान्यताकै आधारमा संविधान निर्माण गर्न चाहन्थ्यो । दुबै गलत प्रवृत्तिका बिरुद्ध लगातार वैचारिक-राजनीतिक सङ्घर्ष गरेर हामीले बिषयगत समितिहरूमा लोकतान्त्रिक मान्यता, प्रगतिशील अन्तरवस्तु र सन्तुलित दृष्टिकोण स्थापित गर्न सक्यौं । पार्टीको पहल र सभासद्हरूका लगातार प्रयत्नका कारण यी काम संभव भए ।

संविधानसभाबाट संविधान बनाउन सकियोस् भनेर आफूसँग स्पष्ट बहुमत हुँदाहुँदै पनि कमरेड माधवकुमार नेपाल र कमरेड झलनाथ खनालले प्रधानमन्त्री पदबाट राजीनामा दिएर मार्गप्रशस्त गरिदिनुभयो ।

शान्ति प्रक्रियालाई टुङ्गयाउने सम्बन्धमा पनि पार्टीले रचनात्मक, सन्तुलित र जिम्मेवार भूमिका खेल्यो । 'दुई सेना'को मान्यता अनुरूप 'माओवादी सेना'सँग समायोजन भएपछि मात्रै राष्ट्रिय सेना बन्छ भन्ने गलत मान्यता राख्ने, कहिले सबै (१९,६०२) लडाकु त कहिले आधाभन्दा बढी लडाकुहरू समायोजन हुनुपर्छ, तिनीहरू नेपाली सेनाभित्र छुट्टै पहिचान र 'चेन अफ कमाण्ड' अन्तरगत बस्न पाउनुपर्छ र समायोजनका लागि स्थापित मापदण्ड स्वीकार्य हुँदैन भन्ने जस्ता अनुचित हठ बोक्ने माओवादीलाई समायोजन, पुनःस्थापना र स्वेच्छिक अवकाशको विकल्पमा सहमत गराउन पार्टीले निर्णायक भूमिका खेल्यो । नेपाली काङ्ग्रेसका कतिपय नेताहरूले बेलाबखत प्रकट गर्ने 'एक जना लडाकुलाई पनि नेपाली सेनामा समायोजन गर्न सकिंदैन' भन्ने जस्ता असङ्गत र भड्काउने अभिव्यक्तिले अविश्वास बढाउन भूमिका खेले । यी दुबै अतिको बीचबाट पूर्व लडाकुहरूको व्यवस्थापन सफलतापूर्वक सम्पन्न हुनु महत्वपूर्ण सफलता हो ।

सङ्क्रमणकालीन न्यायको बिषयमा पनि पार्टीले लगातार पहल गर्‍यो । गम्भीर मानव अधिकार उल्लङ्घनको घटनाका दोषीहरूलाई आवश्यक कारबाही र बाँकी बिषयमा सत्य निरूपण गरेर समाजमा मेलमिलापको वातावरण निर्माण

*संविधानसभामा जेजति सहमति भएका छन्, तिनमा नेकपा (एमाले) को निर्णायक भूमिका छ । संविधानको प्रस्तावित मस्यौदामा प्रस्तुत झण्डै सत्तरी प्रतिशत बिषयहरू नेकपा (एमाले) ले आफ्नो घोषणापत्रमा प्रस्तुत गरेका प्रतिबद्धता र जनताको बहुदलीय जनवादका राजनीतिक मान्यता अनुकूल छन् ।*

गर्न हामीले निरन्तर प्रयाश गरिरह्यौं । माधवकुमार नेपाल नेतृत्वको सरकारले व्यवस्थापिका-संसदमा प्रस्तुत गरेको सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता सम्बन्धी आयोग बिषयका विधेयकलाई पारित गराउन हामीले ठूलो प्रयास गरेका थियौं । तर गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका दोषीलाई पनि उन्मुक्ति दिने अडान लिंदै एमाओवादीका नेता र सभासद्हरूले विधेयकलाई पारित गर्न बाधा उत्पन्न गरे । संविधानसभाको बिघटनसँगै उत्पन्न भएको रिक्तताभित्र माओवादी नेतृत्वको सरकारले आममाफीका प्रावधान राखेर एउटै आयोग बनाउने विधेयक प्रस्तुत गरेपछि पीडितहरूले व्यापक विरोध र अन्तर्राष्ट्रिय समुदायले गहिरो चासो व्यक्त गरे । सर्वोच्च अदालतले पनि यस सम्बन्धमा महत्वपूर्ण फैसला गऱ्यो । हालै यस सम्बन्धी नयाँ विधेयक सदनबाट पारित भएको छ । कतिपय कमी-त्रुटि रहँदारहँदै पनि यसले सङ्क्रमणकालीन न्यायको महत्वपूर्ण बिषयलाई संबोधन गर्ने अपेक्षा गरिएको छ ।

संविधानको प्रारम्भिक मस्यौदामा भएको सहमतिले नेकपा (एमाले)का दृष्टिकोणहरूको सहीपना र हाम्रो सक्रियतालाई पुष्टि गर्छ । संविधानसभामा र समितिहरूमा उपस्थिति र क्रियाशीलताका दृष्टिले पनि नेकपा (एमाले) अन्य दलको तुलनामा अगाडि रह्यो । हाम्रो पार्टीको तर्फबाट नेतृत्व गरिएका संविधानसभाका विषयगत समितिहरू र व्यवस्थापिका-संसदका समितिहरूको कार्यसम्पादन सापेक्षित रूपमा प्रभावकारी रह्यो ।

संविधानसभामा सकारात्मक भूमिका खेल्दाखेल्दै पनि हाम्रो तर्फबाट कतिपय कमजोरी रहन गएका छन् । खासगरी संविधान निर्माणका लागि संविधानसभाभित्र र बाहिर रहनुभएका नेता-कार्यकर्ताहरूलाई एकरूपताका साथ केन्द्रित गर्न, संविधानका मुख्य अन्तरवस्तुका बारेमा समयमै पार्टी दृष्टिकोण निर्माण गर्न, संसदीय दललाई त्यसको मार्गदर्शनमा हिँडाउन तथा विवादित बिषयलाई उपयुक्त

निष्कर्षमा पुऱ्याउन सकिएन। राज्य पुनःसंरचना र सङ्घीयताका सैद्धान्तिक आधारबारेमा पार्टीले अगाडि सारेका दृष्टिकोण आधारभूत रूपमा सही थिए र ती बिषयलाई संविधानसभाले सहमतिका रूपमा ग्रहण पनि गऱ्यो। तर सङ्घीयताको ढाँचाबारे समयमै निर्णय गर्न नसक्दा र राष्ट्र, राज्य, पहिचान, सङ्घीयता,आत्मनिर्णयको अधिकार, राजनीतिक अग्राधिकार जस्ता बिषयमा कतिपय सभासद्हरूमा हुर्किंदै गरेका गलत मान्यतालाई समयमै नियन्त्रण गर्न नसक्दा समितिहरूमा हाम्रै सभासद्हरूको मत विभाजित हुने असहज अवस्था सिर्जना भयो। खासगरी राज्य पुनःसंरचना समितिमा हाम्रै केही सभासद्हरूको मतका कारण एउटा त्रुटिपूर्ण प्रतिवेदन पारित हुने र यो बिषय आजसम्म पनि जटिल मुद्दाको रूपमा रहने अवस्था सिर्जना भयो। ककसको भूमिका, तिनको पार्टीसँगको सम्बन्ध र तिनको सीमाका बारेमा समयमै स्पष्टता अपनाउन नसक्दा पार्टीले निकै असहज अवस्थाको सामना गर्नु पऱ्यो।

संविधानसभामा हामी सङ्ख्याको हिसाबले निर्णायक हैसियतमा थिएनौं। ती कमजोरीहरूलाई सच्याउन सकेको भए पार्टीको भूमिका अझ प्रभावकारी बनाउन सकिन्थ्यो। यसका लागि हामीले गम्भीर आत्मसमीक्षा गरेका छौं। आगामी दिनमा पार्टी यस बिषयमा सजग रहनेछ।

## (ङ) राजनीतिक शक्तिहरूको विश्लेषण तथा शक्ति सन्तुलनको विद्यमान अवस्था

नेपालको राजनीतिमा नेपाल कम्युनिष्ट पार्टी र नेपाली काङ्ग्रेस मुख्य शक्तिका रूपमा क्रियाशील र स्थापित छन्। यिनीहरू नै समाजको आधारभूत संरचना र त्यसका मुख्य वर्गहरूको प्रतिनिधित्व गर्ने दलहरू हुन्। अरु पार्टीहरू या त यिनकै सह-उत्पादन हुन् या पछिल्लो राजनीतिक घटनाक्रमले जन्माएका समूह हुन्, जसको एउटा राजनीतिक दलका रूपमा संस्थागत विकास हुन बाँकी नै छ।

आउनु होस्, नेपाली राजनीतिमा क्रियाशील राजनीतिक दलहरू र शक्ति सन्तुलनको वर्तमान अवस्थाबारे सङ्क्षिप्त विश्लेषण गरौं।

*राज्य पुनःसंरचना र सङ्घीयताका सैद्धान्तिक आधारबारेमा पार्टीले अगाडि सारेका दृष्टिकोण आधारभूत रूपमा सही थिए र ती बिषयलाई संविधानसभाले सहमतिका रूपमा ग्रहण पनि गर्‍यो ।*

### १. **नेपाल कम्युनिष्ट पार्टी** (एमाले)

नेपालको सर्वहारा-श्रमजीवी वर्गको प्रतिनिधिका रूपमा २००६ सालमा गठन भएको नेपाल कम्युनिष्ट पार्टी समाजका निम्न मध्यम/मध्यम वर्ग र राष्ट्रिय पूँजीपतिहरूको समेत हित प्रतिनिधित्व गर्ने पार्टी हो । विभाजनको प्रक्रियाबाट गुज्रिरहेको नेपाली कम्युनिष्ट आन्दोलनमा एकीकरण र पार्टी पुनःनिर्माणका माध्यमबाट नयाँ धारका रूपमा विकसित हुँदै अगाडि बढेको नेकपा (एमाले) आज कम्युनिष्ट आन्दोलनको मूलप्रवाहका रूपमा स्थापित भएको छ। सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद तथा साम्राज्यवादका शोषण उत्पीडनबाट नेपाल राष्ट्र र नेपाली जनतालाई मुक्त गर्ने तथा जनताको जनवादी व्यवस्था हुँदै समाजवादसम्म पुग्ने कार्यक्रमिक लक्ष्य लिएको यो पार्टी नेपालको लोकतान्त्रिक आन्दोलनको पनि अग्रणी शक्ति हो । २००७ सालको लोकतान्त्रिक आन्दोलनमा सहयोगी भूमिकामा रहेको यो पार्टी २०४६ सालसम्म आइपुग्दा लोकतान्त्रिक आन्दोलनको एउटा प्रमुख नेताको रूपमा र २०६२-६३ को शान्तिपूर्ण जनक्रान्तिको वैचारिक नेता र मुख्य शक्तिका रूपमा स्थापित भयो । मार्क्सवाद-लेनिनवादका आम सच्चाइहरूलाई नेपालको विशिष्टतामा लागू गर्ने क्रममा विकसित सिद्धान्त-जनताको बहुदलीय जनवादबाट मार्गदर्शित यो पार्टी सामन्तवादका सबै अवशेष र दलाल नोकरशाही पूँजीवादी शोषण उत्पीडन अन्त्य गरी जनताको बहुदलीय जनवादी शासन व्यवस्था स्थापना गर्न चाहन्छ र त्यसलाई सुदृढ गर्दै समाजवादमा सङ्क्रमणको आधार निर्माण गर्न चाहन्छ। परिवर्तित सन्दर्भमा समाजको रूपान्तरण शान्तिपूर्ण बाटो र लोकतान्त्रिक विधिबाट सम्भव छ भन्ने मान्यतामा विश्वास गर्ने र हिंसात्मक बाटो तथा अधिनायकवादी/एकदलीय मान्यताका बिरुद्ध निरन्तर सङ्घर्षरत यस पार्टीका सैद्धान्तिक-वैचारिक मान्यताहरू समकालीन नेपाली राजनीतिमा प्रमाणित र स्थापित हुँदै गएका छन् । २०४६ सालमा संयुक्त जनआन्दोलनको प्रस्तावक, २०४७ सालको संविधानको निर्माता र त्यसका

सीमाहरूको आलोचक, २०५१ सालमा लोकप्रिय सरकार सञ्चालनको माध्यमबाट समाजको लोकतान्त्रिक रूपान्तरणको संभावना र सामाजिक विकासको नयाँ ढाँचा प्रस्तुत गर्ने अभियन्ता, माओवादी सशस्त्र द्वन्द्वको शान्तिपूर्ण अवतरणका लागि लगातार पहलकर्ता आदि भूमिकामा पार्टीको वैचारिक-राजनीतिक सामर्थ्य प्रकट भएको छ। २०६४ सालको निर्वाचनमा कतिपय आन्तरिक कमजोरी र माओवादी-सिर्जित मनोवैज्ञानिक त्रासका कारण तेस्रो शक्तिमा धकेलिए पनि आफ्नो सही र सकारात्मक भूमिकाद्वारा आज नेकपा (एमाले) दोस्रो सशक्त शक्तिका रूपमा स्थापित भएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण गरेर क्रान्तिका राजनीतिक उपलब्धिलाई संस्थागत गर्ने र सामाजिक-आर्थिक-सांस्कृतिक रूपान्तरणका माध्यमबाट क्रान्तिका बाँकी अभिभारा पूरा गर्ने अनि छोटो समयमै समृद्ध नेपाल निर्माण गर्ने अभियानको अगुवाई गर्ने राजनीतिक कार्यदिशा पार्टीले अवलम्बन गरेको छ।

### २. नेपाली काङ्ग्रेस

२००६ सालमा गठित नेपाली काङ्ग्रेस मूलतः पूँजीपति वर्गको प्रतिनिधित्व गर्ने पार्टी हो। नेपालको पूँजीपति वर्गको चारित्रिक विशेषता ऐतिहासिक-सामाजिक परिप्रेक्ष्यका कारण जुझारु होइन, सम्झौतापरस्त रहँदै आएको छ। यसले सामन्तवादसँग निर्णायक सङ्घर्षलाई भन्दा दबाब र मेलमिलापलाई प्राथमिकतामा राख्दै आएको छ। राष्ट्रियताका बिषयमा ढुलमुले र बाह्य शक्तिसँग संश्रयकारी चरित्र अवलम्बन गर्दै आएको छ। पूँजीपति वर्गका यी प्रवृत्तिको प्रतिबिम्ब नेपाली काङ्ग्रेसका नीतिमा सुरुदेखि नै पर्दै आएको पाइन्छ। राजतन्त्रसँग निर्णायक सङ्घर्षभन्दा सम्झौतामा जोड, कम्युनिष्टहरूप्रति नकारात्मक भाव, सत्तामा पुग्नासाथ आन्दोलनको धरातल बिर्सेर सर्वसत्तावादी आचरणको प्रदर्शन, राष्ट्रिय हितका प्रश्नमा ढुलमुल, जनताका सामाजिक-सांस्कृतिक-आर्थिक अधिकारप्रति अनुदार तथा ठूला पूँजीपतिको हितरक्षा यसका चारित्रिक विशेषता रहँदै आएका छन्। यद्यपि, २००७, २०४६ र २०६२/६३ का परिवर्तनमा भने यसले सकारात्मक भूमिका खेलेको छ।

औपचारिक रूपमा प्रजातान्त्रिक समाजवादको सिद्धान्त अवलम्बन गरेको उद्घोष गर्ने नेपाली काङ्ग्रेस २०४६ सालपछि भने नवउदारवादको प्रवक्ता र प्रतिनिधिका रूपमा अगाडि आयो। खुल्ला बजार अर्थतन्त्र, निजीकरण र उदारीकरणका नाममा नेपाली काङ्ग्रेसले त्यतिबेला अवलम्बन गरेका नीतिहरू नेपालमा आर्थिक बिषमता बढाउने, सार्वजनिक क्षेत्रका राज्यको लगानी कटौती

*२०४७ सालको संविधानमा 'कमा र फुलस्टप' पनि परिवर्तन गर्न नसकिने र राजतन्त्र अन्त्यको बिषय कल्पनै गर्न सकिंदैन भन्ने नेपाली काङ्ग्रेसका सर्वसत्तावादी, यथास्थितिवादी र त्रुटिपूर्ण नीतिहरू २०४६ सालको उपलब्धि खोसिने र समाजमा उग्रवामपन्थ र उग्र दक्षिणपन्थ फस्टाउने एउटा आधार बन्न पुगे ।*

गर्ने, किसानहरूलाई सीमान्तीकरणमा धकेल्ने र मुलुकमा द्वन्द्वको बिजारोपण गर्ने कारकका रूपमा देखा परे । २०४७ सालको संविधानमा 'कमा र फुलस्टप' पनि परिवर्तन गर्न नसकिने र राजतन्त्र अन्त्यको बिषय कल्पनै गर्न सकिंदैन भन्ने नेपाली काङ्ग्रेसका सर्वसत्तावादी, यथास्थितिवादी र त्रुटिपूर्ण नीतिहरू २०४६ सालको उपलब्धि खोसिने र समाजमा उग्रवामपन्थ र उग्र दक्षिणपन्थ फस्टाउने एउटा आधार बन्न पुगे । राष्ट्रिय हित र स्वाधीनताका विषयमा पनि नेपाली कांग्रेसबाट पटक-पटक गलत नीति/ निर्णय भएका छन् र कतिपय अवस्थामा अत्यन्त हानिकारक सोचको पक्षपोषण गरेको छ । आज पनि ऊ आफ्नो नवउदारवादी नीतिमाथि पुनःविचार गर्न र नेपाल र नेपालीको हित तथा चाहना अनुरूप सामाजिक आर्थिक रूपान्तरणका कार्यक्रम अगाडि सार्न तयार छैन ।

नेपाली राजनीतिमा लामो समय नेकपा (एमाले) र नेपाली काङ्ग्रेसबीच सहकार्य र प्रतिस्पर्धाको सम्बन्ध रहनेछ । संविधान निर्माण र सङ्क्रमणकालको टुङ्गो नलागुञ्जेल सहकार्य प्रमुख र प्रतिस्पर्धाको पक्ष गौण हुनेछ । त्यसपछि भने प्रवृत्ति र मुद्दाका आधारमा प्रतिस्पर्धा र सहकार्यको बाटो निर्धारण हुनेछ । राष्ट्रिय अर्थतन्त्रको निर्माण, राष्ट्रिय हितको रक्षा र समृद्धिका लागि नेपाली काङ्ग्रेस लगायत शक्तिलाई साथै अगाडि लैजाने प्रयत्न गर्नुपर्छ । तर समाजवादी बाटो कि पूँजीवादी बाटो, बिपन्न वर्गको हित कि अभिजात वर्गको पक्षपोषण जस्ता आधारभूत प्रश्नमा दुई शक्तिबीच प्रतिस्पर्धा हुने कुरा भने निश्चित छ । यो प्रतिस्पर्धामा कम्युनिष्ट पार्टीले श्रेष्ठता हासिल गर्न सक्दा मात्रै क्रान्तिका उपलब्धि संस्थागत हुँदै जानेछन् र तिनलाई नयाँ सामाजिक-आर्थिक ढाँचा निर्माण गर्ने तहसम्म बिस्तारित गर्न सकिनेछ । राजनीतिमा पूँजीपति वर्गको बर्चस्व बढ्दै गयो भने प्राप्त उपलब्धि खुम्चिँदै जानेछन् । सामाजिक-आर्थिक रूपान्तरणको बाटो झनै कष्टकर हुनेछ र राज्य एकाधिकार पूँजीपति वर्गको रक्षक बन्दै जानेछ । क्रान्तिका उपलब्धिलाई संस्थागत गरेर सामाजिक-आर्थिक रूपान्तरण र नयाँ

सामाजिक-आर्थिक सम्बन्ध पुनःनिर्माणको कार्यदिशा अवलम्बन गर्दै गरेको बेला हाम्रो पार्टीले प्रतिस्पर्धा र सहकार्यको यो द्वन्द्वात्मक सम्बन्ध, यसका जटिलता र कम्युनिष्ट पार्टीको नेतृत्वमा मात्रै माथिका उद्देश्य पूरा हुन सक्छन् भन्ने यथार्थलाई हेक्का राख्नैपर्छ ।

**३. एनेकपा (माओवादी)**

कम्युनिष्ट आन्दोलनको उग्रवामपन्थी धारको प्रतिनिधित्व गर्ने एनेकपा (माओवादी) ले सुरु गरेको हिंसात्मक बाटोका कारण नेपाली समाजले ११ बर्षसम्म सशस्त्र द्वन्द्वबाट गुज्रिनु पर्‍यो । शस्त्रबलद्वारा सत्ता कब्जा गर्न र राज्यमाथि सैन्य विजय हासिल गर्न संभव नहुने देखेपछि शान्ति वार्तामा आएको माओवादी यसमा पनि इमान्दार देखिएन । शान्ति प्रक्रियामा माओवादी नीतिहरू अत्यन्त अस्थिर, अविश्वसनीय र अवसरवादी देखा परे । एमाओवादीले कहिले भारत बिरुद्ध 'राष्ट्रिय स्वाधीनता' को मुद्दालाई मुख्य बताउने त कहिले सत्तास्वार्थका लागि विदेशीसामु आत्मसमर्पण गर्ने, संवेदनशील क्षेत्रहरू विदेशीलाई सुम्पिन तयार हुने र सीमा समस्यालाई समाधान गर्न जनमत सङ्ग्रह गर्ने जस्ता गलत मान्यता समेत अवलम्बन गर्न पुग्यो । सत्ता मोहले समाजवादी आन्दोलन बिफल भएको निष्कर्ष निकाल्ने एमाओवादी नेताहरू सत्ताका लागि जस्तासुकै शक्तिसँग पनि हात मिलाउन तत्पर देखिए । राज्यको विकासक्रम, राष्ट्र निर्माण र जातीय प्रश्नलाई गलत ढङ्गले विश्लेषण गर्दै नेपाललाई 'बहुराष्ट्रिय राष्ट्र' को रूपमा विश्लेषण गर्ने, प्रत्येक जनजाति समूहलाई राष्ट्रियताको रूपमा व्याख्या गर्दै एकल जातीय राज्य र आत्मनिर्णयको अधिकारको पैरवी गर्ने जस्ता एमाओवादीका गलत नीतिहरू मुलुकमा जातीय-क्षेत्रीय अतिवादको बिजारोपणका लागि जिम्मेवार छन् ।

यद्यपि, उग्रवामपन्थ बिरुद्ध सञ्चालित विचारधारात्मक सङ्घर्ष, प्रतिकूल राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थिति र स्वयम् पार्टीभित्रै चलेका बहसका क्रममा हेटौंडा महाधिवेशनसम्म आइपुग्दा एमाओवादीले उग्रवामपन्थी बाटोबाट आफूलाई एक हदसम्म अलग गर्ने प्रयाश गरेको देखिन्छ । 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र लगायत क्रान्तिका उपलब्धिलाई संविधानसभामार्फत् संस्थागत गर्ने' कार्यनीति तर्जुमा, तत्काल विद्रोहमा जाने वैद्य पक्षका नीतिको 'वाम बिसर्जनवाद'का रूपमा विरोध तथा विगतका कतिपय गलत नीतिप्रति आत्मसमिक्षा सकारात्मक पक्षका रूपमा रहेका छन् ।

*नेपाल राज्य र राष्ट्रको विकासक्रम, जातीय प्रश्न, पहिचान, सङ्घीयता र आत्मनिर्णयका प्रश्नमा एमाओवादी अझै पनि गलत र हानीकारक मान्यता बोकेर हिडिरहेको छ । सारमा, उग्रवामपन्थबाट मुक्त हुँदै गरेको भए पनि एमाओवादीको रुपान्तरण प्रक्रिया अझै पूरा भएको छैन ।*

तर दोस्रो संविधानसभा निर्वाचनमा ठूलो धक्का खाएपछि भने एमाओवादी फेरि अन्यौल, दिशाहीनता, वैचारिक सङ्कट र सङ्गठनात्मक अस्तव्यस्ततामा फँस्दै गएको छ । पार्टीका कतिपय नेताहरूबाट चलाइएको 'नयाँ शक्ति'को बहस, नेकपा-माओवादीसँग एकताको प्रयत्न र कतिपय नेता-कार्यकर्ताको पलायन यही मनोविज्ञानका परिचायक हुन् । निर्वाचनमा पराजयका लागि आफ्ना गलत नीतिको गम्भीर आत्मसमीक्षा गर्नुको साटो कथित संरचनागत र नीतिगत धाँधलीको आरोप, बाकस साटिएको हावादारी हल्ला, छानबिन नभएसम्म संविधानसभामा भाग नलिने घोषणा उसका यस्तै दिशाहीनताका उदाहरण थिए । विराटनगर सम्मेलनमा एमाओवादीले 'संविधानसभाबाट संविधान बन्ने कुरा असंभव बन्दै गएको' निष्कर्ष निकालेको छ र 'सङ्घर्ष र जनपरिचालनलाई योजनाबद्ध र व्यवस्थित रूपमा सङ्गठित गर्दै अन्ततः विद्रोहात्मक रूपमा समाजवादी क्रान्ति सम्पन्न गर्ने' नीति अगाडि सारेको छ । शान्ति र संविधानको वर्तमान प्रक्रियाकै विरोध गरिरहेको नेकपा-माओवादीसँग उसले गरिरहेको एकता प्रयाशले उसका आगामी नीतिहरू कतातिर परिलक्षित हुनेछन् भन्ने कुरामा थप अस्पष्टता सिर्जना भएको छ । नेपाल राज्य र राष्ट्रको विकासक्रम, जातीय प्रश्न, पहिचान, सङ्घीयता र आत्मनिर्णयका प्रश्नमा एमाओवादी अझै पनि गलत र हानीकारक मान्यता बोकेर हिडिरहेको छ । सारमा, उग्रवामपन्थबाट मुक्त हुँदै गरेको भए पनि एमाओवादीको रूपान्तरण प्रक्रिया अझै पूरा भएको छैन ।

हामीले एमाओवादीसँग 'सहकार्य-सङ्घर्ष र रूपान्तरण' कै नीतिलाई निरन्तरता दिनुपर्छ । संविधान निर्माणमा उसलाई सहभागी बनाइराख्न भूमिका खेल्नुपर्छ र रूपान्तरणका लागि सहयोग गर्नुपर्छ । रूपान्तरणको मात्राले उसँगको पार्टीको सम्बन्धको स्वरूपलाई तय गर्नेछ ।

### ४. नेकपा–माओवादी

एमाओवादी नेतृत्वले 'क्रान्तिमा विश्वासघात, जनघात र राष्ट्रघात' गरेको आरोप लगाउँदै त्यसबाट विभाजित भएको र 'जनयुद्धको जगमा जनविद्रोहको कार्यदिशा' लिएर गठन भएको नेकपा -माओवादी नेपाली कम्युनिष्ट आन्दोलनको उग्र र जडसूत्रवादी धारको पछिल्लो प्रतिनिधिका रूपमा देखापरेको छ। यसले आन्दोलन र जनक्रान्तिका उपलब्धिलाई अस्वीकार गर्छ, संविधानसभाबाट संविधान निर्माण गर्ने प्रक्रियालाई इन्कार गर्छ र कथित गोलमेच सम्मेलनबाट संविधान निर्माण गर्नुपर्ने अनुचित अडान लिन्छ। यद्यपि, संविधानसभा निर्वाचन असफल पार्ने ध्वंसात्मक प्रयास असफल भइसकेपछि यसका नेताहरू किंकर्त्तव्यविमुढ अवस्थामा देखिन्छन्। यसभित्रको एउटा हिस्सा गोलमेच सम्मेलन र राजनीतिक संवादका माध्यमबाट यही राजनीतिक प्रक्रियामै स्थानको खोजीमा लागेको देखिन्छ भने कतिपय नेताहरू भने विद्रोह र हिंसाको कुरा गर्न छाडिरहेका छैनन्। शक्ति क्षयीकरणको यथार्थले दुबै माओवादीलाई आत्मरक्षाको लागि नजिकिन दबाब दिइरहेको छ। जनताको असन्तुष्टिका प्रत्येक मुद्दाहरू समाजको कुनै पनि अतिवादी शक्तिका लागि अनुकूल बिषय बन्न सक्छन् भन्ने तथ्यलाई हेक्का राख्दै हामीले उग्रवाम, अराजक र जडसूत्रवादी चिन्तनका बिरुद्ध वैचारिक राजनीतिक सङ्घर्षलाई थप गहिरो बनाउनु पर्छ। नेकपा-माओवादीलाई उग्रवामपन्थी अराजक बाटोमा जानबाट रोक्ने हरसंभव पहल गर्दै लोकतान्त्रिक राजनीतिको मूलधारमै कायम राख्न निरन्तर प्रयत्न गरिरहनु पर्छ।

### ५. अन्य वामपन्थी समूहहरू

**नेकपा (माले)**– सीपी मैनालीले नेतृत्व गरिरहेको यस समूहले नेपालको वामपन्थी र लोकतान्त्रिक आन्दोलनमा आम रूपमा सकारात्मक भूमिका खेलिरहेको भए पनि नीतिमा रहेका कतिपय जडता र यान्त्रिकता तथा नेतृत्वमा रहेको सङ्कीर्णताका कारण यो समूह विभाजन र बिखण्डनको निरन्तर श्रृङ्खलाबाट गुज्रिरहेको छ। क्रान्तिका आधारभूत प्रश्नमा ठूलो मतभिन्नता नरहेको यथार्थलाई आधार बनाएर यस समूहसँग सहकार्य र एकताका लागि सार्थक पहल अगाडि बढाउनुपर्छ। यस समूहमा रहेका कतिपय सङ्कीर्ण र यान्त्रिक चिन्तन प्रवृत्तिहरूको आलोचना गरिनुपर्छ।

**नेकपा (संयुक्त)** - यो समूह पनि नेपालको वाम-लोकतान्त्रिक आन्दोलनमा सहयोगी र सकारात्मक भूमिका खेलिरहेको समूह हो। लोकतन्त्र, संविधान निर्माण,

*व्यक्तिगत या गुटगत मतभिन्नतालाई पनि सिद्धान्तको आवरण दिएर स-साना समूहहरूको निर्माण गर्ने र नेता भएको आत्मरतिमा रमाउने निम्नपूँजीवादी रोगका कारण अझै पनि कम्युनिष्ट आन्दोलनमा विभाजनको शृङ्खला रोक्न सकिएको छैन ।*

क्रान्ति र परिवर्तनका आधारभूत प्रश्नमा निकटता रहेको यस समूहसँग पनि सहकार्य र एकताका लागि सार्थक पहल अगाडि बढाउनु आवश्यक छ ।

**नेकपा (मसाल)** - मोहनविक्रम सिंहले नेतृत्व गरिरहेको यो समूह नेपालको वामपन्थी आन्दोलनमा जडसूत्रवाद र यान्त्रिकताको पक्षपोषण गर्ने पुरानो समूह हो । मुलुकमा लोकतान्त्रिक गणतन्त्र आइसके पनि आफूलाई अझै पनि 'अर्धभूमिगत' राख्ने व्यवहारबाटै यस समूहमा रहेको जडतालाई मापन गर्न सकिन्छ । विभाजन र बिखण्डनको लामो शृङ्खलाबाट गुज्रिरहेको यस समूहले निरङ्कुशतन्त्रको विरोध, गणतन्त्रको स्थापना र राष्ट्रियताका प्रश्नमा भने सकारात्मक भूमिका खेलिरहेको छ । क्रान्ति र परिवर्तनका अनेकौं प्रश्नमा अवस्तुवादी र जड मान्यता, सङ्घीयताले मुलुक टुक्रिन्छ भन्ने मनोगत विश्लेषण र सङ्घीयताको विरोध जस्ता अनुचित अडानका बाबजुद संविधान निर्माण, लोकतन्त्रको सुदृढीकरण र जनजीविका एवम् राष्ट्रियताका विभिन्न मुद्दामा यस समूहसँग सहकार्यका पर्याप्त आधार विद्यमान छन् । यस समूहसँग तदनुरूप नै सम्बन्धलाई व्यवस्थित गर्ने प्रयत्न गर्नुपर्छ ।

**नेमकिपा-** यो समूह पनि जडसूत्रवाद, यान्त्रिकता र सङ्कीर्णतावादी प्रवृत्ति बोकेको वामपन्थी समूह हो । आफ्नै सङ्कीर्ण नीति र व्यवहारका कारण राष्ट्रिय राजनीतिमा खुम्चिँदै गएको यस समूहसँग तत्काल वामपन्थी एकताको संभावना नभए पनि तात्कालिक राजनीतिक मुद्दाहरूमा सहकार्यका संभावनाहरू छन् । सङ्कीर्णता र यान्त्रिकताको आलोचना तथा तात्कालिक मुद्दाहरूमा सहकार्यका आधारहरू पहिल्याउँदै सम्बन्धलाई बिस्तार गर्नुपर्छ ।

यसका अलावा, नेकपा (एकीकृत) र नेकपा (मार्क्सवादी) लगायत विभिन्न साना समूहहरू पनि छन्, जसको राष्ट्रिय राजनीतिमा खासै भूमिका छैन । व्यक्तिगत या गुटगत मतभिन्नतालाई पनि सिद्धान्तको आवरण दिएर स-साना

समूहहरूको निर्माण गर्ने र नेता भएको आत्मरतिमा रमाउने निम्नपूँजीवादी रोगका कारण अझै पनि कम्युनिष्ट आन्दोलनमा विभाजनको शृङ्खला रोक्न सकिएको छैन। नेपाली कम्युनिष्ट आन्दोलन मूलतः क्रान्तिकारी लोकतान्त्रिक धार र उग्रवामपन्थी जडसूत्रवादी धारका बीचमा ध्रुवीकृत छ। उग्रवामपन्थी धार कमजोर हुँदै जाँदा र शान्तिपूर्ण समाज रूपान्तरणको शान्तिपूर्ण बाटो र लोकतान्त्रिक मूल्य-मान्यताहरू आम रूपमा स्वीकार्य हुँदै जाँदा यिनै मान्यताका आधारमा वामपन्थी आन्दोलनलाई नयाँ उचाइबाट एकताबद्ध गर्ने आधारहरू तयार हुँदै गएका छन्। हाम्रो पार्टीले आगामी दिनमा यस बिषयलाई महत्वपूर्ण कार्यसूचीका रूपमा अगाडि बढाउनुपर्छ।

**६. राप्रपा**

राष्ट्रिय प्रजातन्त्र पार्टीले पछिल्लो समय आफूलाई लोकतान्त्रिक धारमा रूपान्तरित गर्ने प्रयाश गरिरहेको छ। पूर्व पञ्चहरूबाट गठन भएको भए पनि लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार गर्ने यसको कदमलाई सकारात्मक ठानिनुपर्छ। सामाजिक-आर्थिक रूपान्तरणका प्रश्नमा अनुदार र यथास्थितिवादी सोच राख्ने यो पार्टी राष्ट्रिय राजनीतिमा मध्य-दक्षिणपन्थी अवस्थितिमा छ। लोकतन्त्रका आधारभूत प्रश्नमा सहकार्य र दक्षिणपन्थी-यथास्थितिवादी प्रवृत्तिको विरोध हाम्रो नीति हुनुपर्छ।

**७. राप्रपा, नेपाल**

संविधानसभामा चौथो शक्तिका रूपमा उदाएको यस समूहले मूलतः नेपालमा रहेको सामन्तवादका अवशेषहरूको प्रतिनिधित्व गर्छ। सर्वसाधारण जनतामा रहेको धार्मिक संवेदनशीलतालाई भजाउँदै अगाडि बढेको यो समूह राजतन्त्रको पुनःस्थापना, हिन्दु अधिराज्यको घोषणा र जनमत सङ्ग्रहका नाममा सङ्घीयताको विरोध गर्ने दक्षिणपन्थी शक्ति हो। यो हिन्दुवाद र हिन्दु राज्यको झण्डा उठाएर नेपाली जनतामा रहेको धार्मिक भावनालाई दुरूपयोग गर्दै आफ्नो शक्ति विकास गर्न प्रयत्नशील छ। हामीले यस दलका यी सोच र कामहरूको राम्ररी खण्डन तथा आलोचना गर्न नसक्दा संविधानसभामा यो चौथो शक्तिका रूपमा देखिएको छ। यसका दक्षिणपन्थी अतिवादी सोचहरूको विरोध र राजतन्त्र फर्काउने प्रतिगामी विचारहरूको प्रतिवाद गरिनुपर्छ।

*कुनै बेला पञ्चायतमा पर्याप्त लाभ उठाएका, काङ्ग्रेसको सरकारमा पटक-पटक लाभका स्थानमा पुगेका र आन्दोलनका विपक्षमा उभिएका नेताहरूको प्रभावमा रहेका अधिकांश मधेसी दलहरू तराई-मधेसमा यथास्थितिवादका संबाहक बनेका छन् ।*

## ८. क्षेत्रीयता-जातीयतामाथि आधारित समूहहरू

२०६२/६३ को परिवर्तन र सङ्घीयताको घोषणासँगै नेपाली राजनीतिमा पहिचानआधारित समूहहरूको जन्म भएको छ । एकात्मक राज्यसंरचनाका कारण आफ्नो भाषिक, सांस्कृतिक र जातीय पहिचान गुमाएको अनुभूति गरेको समुदायमा राजनीतिक शक्तिको खोजी गर्ने प्रवृत्ति स्वाभाविकै भए पनि जातीय या क्षेत्रीय पहिचानको नारा कुनै पनि दलको अस्तित्व या विकासको मुख्य आधार बन्न सक्दैन । दलको संस्थागत विकासका लागि निश्चित राजनीतिक विचारधारा र दर्शन, निश्चित वर्गाधार, कार्यक्रम तथा निश्चित गन्तव्य आवश्यक पर्छ । तर यी मध्ये अधिकांश समूहहरू या त अवसरको खोजीमा मूलधारका पार्टीबाट अलग भएर गठन भएका या पहिचानको मुद्दालाई राजनीतिक बर्चस्वको औजार बनाउने उद्देश्यले प्रेरित छन् ।

**मधेसकेन्द्रित दलहरू –** 'मधेसी पहिचान' को नारामा आधारित भएर फोरम नेपाल, फोरम लोकतान्त्रिक, तमलोपा र सद्भावना जस्ता दलहरू क्रियाशील छन् । कुनै बेला पञ्चायतमा पर्याप्त लाभ उठाएका, काङ्ग्रेसको सरकारमा पटक-पटक लाभका स्थानमा पुगेका र आन्दोलनका विपक्षमा उभिएका नेताहरूको प्रभावमा रहेका अधिकांश मधेसी दलहरू तराई-मधेसमा यथास्थितिवादका संबाहक बनेका छन् । यी मध्ये धेरैले वैज्ञानिक भूमिसुधारको विरोध, महिला र दलितमाथि भइरहेका निरन्तर उत्पीडन बारे मौनता, तराईका आपराधिक सशस्त्र समूहसँग साँठगाँठ, राष्ट्रिय हितका प्रश्नलाई उपेक्षा र युगौदेखि मिलेर बसेको मधेसी समाजमा सामाजिक सद्भाव खल्बल्याउने काम गर्दैछन् । यी समूहमध्ये कतिपयले अघिल्लो संविधानसभामा नेपालको राष्ट्रिय एकता र अखण्डताको बिरुद्धमा समेत अभिव्यक्ति दिएका थिए । अहिले पनि नेपाल र नेपालीको हितको कुरामा यी अधिकांश समूहहरू उदासीन रहने गरेका छन् ।

**जातीय सङ्कीर्णतावादी समूहहरू–** 'जातीय पहिचान' मा आधारित भएर सङ्घीय समाजवादी, जनमुक्ति, सङ्घीय लिम्बुवान, थरुहट, खस राष्ट्रिय एकता आदि समूहहरू देखापरेका छन् । आदिवासी-जनजातिको नाममा खुलेका कतिपय समूहहरू पहिचानका नाममा नेपाली समाजको विशिष्ट बनोटलाई इन्कार्ने र समाजमा जातीय अतिवादलाई बढावा दिने काम गरिरहेका छन् । अन्य कतिपय जातीय पार्टीहरूमा उच्चजातीय अहङ्कार र चरम यथास्थितिवादी प्रवृत्ति देखापरेका छन् । यस्ता गलत र हानीकारक विचारको खण्डन आलोचना गर्दै हामीले समाजलाई सबै खाले अतिवादको प्रभावबाट मुक्त राख्न निरन्तर लागिरहनु पर्छ ।

हाम्रो पार्टीको जनमत र संविधानसभामा हाम्रो पार्टीको हैसियतमा उल्लेख्य बृद्धि भएतापनि यस पटकको निर्वाचनमा समग्र वामपन्थी मत भने घटेको छ । खास गरी सचेत भनिने सहरी क्षेत्रमा घटेको वामपन्थी मत र दक्षिणपन्थी शक्तितिरको झुकावको पछाडिका कारणको बारेमा गहन अध्ययन गरिनुपर्छ र शिक्षा लिइनुपर्छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माणका लागि शक्ति सन्तुलनको वर्तमान स्थिति सापेक्षित रूपमा अनुकूल भए पनि सामाजिक-आर्थिक रूपान्तरण, जनवादी व्यवस्थाको सुदृढीकरण र समाजवादका आधार तयार गर्ने कार्यदिशाका लागि भने चुनौतीहरू विद्यमान छन् । अधिकार प्राप्तिको आन्दोलनमा नेपाली काङ्ग्रेससँगको सहयात्रा जति सहज रह्यो, समाजको क्रान्तिकारी परिवर्तनका लागि त्यो सहज छैन । नेपाली काङ्ग्रेसका यथास्थितिवादी-नवउदारवादी चिन्तन, उग्रवामपन्थी अराजकताले समाजमा छाडेको गहिरो नकारात्मक असर, राज्यका महत्वपूर्ण संयन्त्रमा विद्यमान यथास्थितिवादी-पुरातनपन्थी र परिवर्तनविरोधी प्रभाव, जटिल खालको भू-राजनीतिक अवस्था र दक्षिण एसियामा क्रमशः बलियो बन्न थालेको दक्षिणपन्थी प्रभावले परिवर्तनको हाम्रो आगामी यात्रालाई चुनौती खडा गर्नेछन् । यस्तो स्थितिमा हामीले परिपक्व, सुझबुझपूर्ण र निरन्तरका जनपक्षीय अडानहरूका माध्यमबाट प्रभाव बिस्तार गर्दै र परिवर्तनका सहयोगी शक्तिहरूलाई साथमा लिंदै अगाडि बढ्ने कार्यदिशा तय गर्नुपर्छ ।

नेपाली समाजमा देखा परेका केही नयाँ समूह, वर्ग या प्रवृत्तिलाई पनि शक्ति सन्तुलनको दायरामा विश्लेषण गर्नु सान्दर्भिक हुनेछ । विशेष गरेर २०४६ सालको परिवर्तनसँगै आएको राजनीतिक र आर्थिक खुकुलोपनले नेपाली समाजमा मध्यम वर्गको भूमिका बढ्दै गएको छ । जनसङ्ख्याको झण्डै २३ प्रतिशत र अर्थतन्त्रको

*सयौं मानव अधिकारकर्मी संस्थाहरू, नागरिक समाज, स्वतन्त्र प्रेस, व्यवसायिक सङ्गठनहरू र सामुदायिक वन, सिचाइ, विद्युत् आदि क्षेत्रमा क्रियाशील संस्थाहरूले पचासौं लाख जनसमुदायलाई सङ्गठित र क्रियाशील गराइरहेका छन् ।*

झण्डै ३० प्रतिशत हिस्सा ओगट्ने विभिन्न पेशा, व्यवसाय र इलममा सङ्लग्न यो वर्गले हरेक राजनीतिक परिवर्तनमा उल्लेख्य भूमिका खेलेको छ । आमरूपमा यथास्थितिको विपक्षमा उभिने र छिट्टै प्रभावित भइहाल्ने मध्यमवर्गले राजनीतिक शक्ति सन्तुलनमा ठूलो भूमिका खेल्छ । नेपाली समाजको वर्ग विश्लेषण गरिरहँदा हामीले यस वर्गको चरित्र, प्रवृत्ति, भूमिका र सीमाका सम्बन्धमा गहन अध्ययन गर्नुपर्छ ।

युवा पुस्ताको भूमिका समाजमा महत्वपूर्ण बन्दै गएको छ । विभिन्न पेशा, विचार या वर्गमा आबद्ध भए पनि युवा पुस्ताका केही साझा विशेषता रहेका छन् । २०४६ सालको परिवर्तनपछि सापेक्षित खुकुलो वातावरणमा जन्मे-हुर्केको, आधुनिक सञ्चार प्रविधिमार्फत् देश-दुनियाँसँग परिचित, आधुनिक शिक्षाबाट एकहदसम्म दीक्षित, भूमण्डलीकरणले भित्र्याएका सेवा- सुविधासँग परिचित युवा पुस्ता यतिबेला एकातिर लोकतान्त्रिक र उन्मुक्त चेतना अर्कातिर अवसरवाट बञ्चितीकरणको विरोधाभाषबीचबाट गुज्रिरहेको छ । परम्परागत मान्यताहरू खण्डित हुँदै गरेको तर नयाँ मूल्यहरू निर्माण भइनसकेको सङ्क्रमणकालको सबैभन्दा ठूलो प्रभाव यही पुस्तामा परेको छ । परिवर्तनका लागि तीव्र चाह, तर आवश्यक धैर्यको अभाव,सही दिशाबोधको कमी, बेरोजगारी, उपभोक्तावाद र व्यक्तिवादका प्रभाव, सशस्त्र द्वन्द्वको सह-उत्पादनका रूपमा रहेका बिकृतिहरू जस्ता समस्या झेलिरहेको यो पुस्तालाई सही ढङ्गले समेट्ने कुराले शक्ति सन्तुलन र परिवर्तनको आगामी दिशालाई धेरै हदसम्म तय गर्नेछ ।

नेपाली समाजमा पछिल्लो समय सामाजिक आन्दोलनको सशक्त उपस्थिति रहने गरेको छ । सयौं मानव अधिकारकर्मी संस्थाहरू, नागरिक समाज, स्वतन्त्र प्रेस, व्यवसायिक सङ्गठनहरू र सामुदायिक वन, सिचाइ, विद्युत् आदि क्षेत्रमा क्रियाशील संस्थाहरूले पचासौं लाख जनसमुदायलाई सङ्गठित र क्रियाशील

गराइरहेका छन् । कहिलेकाँही यिनीहरूको भूमिका वर्ग सङ्घर्षलाई दिग्भ्रमित पार्ने, परिवर्तनको आन्दोलनलाई सुधारका सीमाभित्र कैद गर्ने र कहिलेकाँही दातृ संस्थाहरूको हितको रक्षामा पनि प्रयोग हुने गरेको छ। तर नेपालको सन्दर्भमा यी संस्थाहरूमध्ये अधिकांशको भूमिका सकारात्मक छ, जससँग पार्टीले सामाजिक रूपान्तरणको आन्दोलनका संश्रयकारी शक्तिका रूपमा सहकार्य गर्दै अगाडि बढाउनुपर्छ ।

## (च) २०६२/६३ को शान्तिपूर्ण जनक्रान्ति र त्यसको चरित्र

हामीले आठौं राष्ट्रिय महाधिवेशनमा नै २०६२/६३ को परिवर्तनलाई 'शान्तिपूर्ण जनक्रान्ति' भनेर सम्बोधन गरिसकेका छौं । त्यो क्रान्ति थियो कि थिएन भन्ने बिषय अव हाम्रोबीचमा विवादको विषय रहेन । तर त्यो क्रान्तिको चरित्र के थियो भन्ने बारेमा हामीले त्यसबेला कुनै निष्कर्ष निकालेनौं । त्यो काम अधुरो रहँदा नेपाली क्रान्तिको विकासक्रम, त्यसको चरण र त्यसले पूरा गर्नुपर्ने कार्यभारहरूका वारेमा भ्रमहरू उत्पन्न हुनसक्छन् । हामीले ती भ्रमहरूलाई तोड्नु पर्छ । वर्गचरित्र बिनाको कुनै पनि क्रान्ति हुँदैन । २०६२/०६३ को जनक्रान्तिको पनि आफ्नो वर्गचरित्र थियो र छ। त्यो पुरानोखाले पूँजीवादी क्रान्ति होइन, जो पूँजीपति वर्गको नेतृत्वमामात्र सम्पन्न हुन्थ्यो । त्यो समाजवादी क्रान्ति पनि होइन, किनभने नेपाली समाज विकासको त्यो उचाईमा उठेकै छैन । त्यो नेपालको आफ्नै मौलिक स्थितिमा सम्पन्न भएको विशिष्ट प्रकारको पूँजीवादी- जनवादी क्रान्ति हो । यस कुरालाई हामीले नेपाली समाजको विकासक्रम, नेपाली समाजमा सामन्तवादको बिघटनको प्रक्रिया, नेपाली समाजमा हावी हुँदै गएको पूँजीवादी उत्पादन सम्बन्ध र २०६२/०६३ को अवस्थामा आइपुग्दा सिर्जना भएको विशिष्ट राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिलाई ध्यानमा राखेर मार्क्सवादी क्रान्तिकारी दृष्टिकोणको आधारमा विश्लेषण गर्नुपर्छ ।

हामीले शान्तिपूर्ण जनक्रान्तिको पृष्ठभूमिलाई अतिकति केलाएर हेर्नुपर्छ। नेपालमा सामन्तवादका बिरुद्ध जनआन्दोलनको आरम्भ मुख्यतः राणाकालदेखि भयो । सामन्ती शोषण र अत्याचारका बिरुद्ध अनेकौं व्यक्तिगत वा समूहगत विद्रोह भएका थिए । तापनि राणाशाहीको अन्त्यको लागि १९८८ मा 'प्रचण्ड गोरखा' को स्थापना भएपछि मात्र राजनीतिक प्रतिरोधको आरम्भ भएको थियो । यसैक्रममा

*खासगरी भारतमा अध्ययन गर्न गएका नेपाली विद्यार्थीहरू, पहिलो र दोश्रो विश्वयुद्धमा भाग लिएर नेपाल फर्केका गोर्खालीहरू र राणाशाहीले गर्दा भारतमा निर्वासित भएकाहरूमा ती अन्तरराष्ट्रिय परिघटनाहरूले गहिरो प्रभाव पार्‍यो । त्यो प्रभाव सङ्गठित राजनीतिक गतिविधिमा रूपान्तरित हुँदैगयो ।*

प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्ने उद्देश्यले १९९४ मा प्रजापरिषदको गठन भयो । जागरणको त्यस आरम्भिक प्रयासलाई दमन गर्ने क्रममा राणाशाहीले १९९७ मा गङ्गालाल, धर्मभक्त, शुक्रराज शास्त्री र दशरथ चन्दलाई फासी दियो । त्यसले नेपाली जनतामा राणाशाही विरोधी भावनालाई बढाउन थप योगदान गर्‍यो । सोभियत समाजवादी क्रान्ति, विजयोन्मुख चिनियाँ जनवादी क्रान्ति, भारतीय स्वतन्त्रता सङ्ग्राम, साम्राज्यवादका बिरुद्ध विश्वव्यापीरूपमा सफल हुँदै गएको राष्ट्रिय मुक्ति आन्दोलन र पश्चिमी देशहरूमा भएको लोकतान्त्रिक विकासजस्ता अन्तर्राष्ट्रिय परिघटनाहरूले नेपालमा राणाशाही विरोधी आन्दोलनलाई वैचारिकरूपले प्रेरित गर्दै गए । खासगरी भारतमा अध्ययन गर्न गएका नेपाली विद्यार्थीहरू, पहिलो र दोश्रो विश्वयुद्धमा भाग लिएर नेपाल फर्केका गोर्खालीहरू र राणाशाहीले गर्दा भारतमा निर्वासित भएकाहरूमा ती अन्तरराष्ट्रिय परिघटनाहरूले गहिरो प्रभाव पार्‍यो । त्यो प्रभाव सङ्गठित राजनीतिक गतिविधिमा रूपान्तरित हुँदैगयो । स्वयम् राणाशाही राज्य संरचननमा पनि अन्तरविरोधहरू बढ्दै जानथाले । त्यस क्रममा विद्यार्थीहरूको 'जयतु संस्कृतम्' र विराटनगर जुटमिल मजदुर आन्दोलन सङ्गठित भए । सामन्ती उत्पादन सम्बन्धले जकडिएको नेपाली जनतालाई उपरोक्त राजनीतिक घटनाक्रमले सामन्तवादका बिरुद्ध खडा हुन प्रेरित गर्‍यो । जागरणको त्यही जगमा जनवादी गणतन्त्र स्थापना गर्ने उद्देश्यले नेपाल कम्युनिष्ट पार्टी र प्रजातन्त्र स्थापना गर्ने उद्देश्यले नेपाली काङ्ग्रेसको स्थापना भयो । यी सबैको प्रयासले २००७ सालमा चरम निरङ्कुश सामन्ती शासनको रूपमा रहेको एकतन्त्रीय जहानियाँ राणा शासनलाई फालिदियो । नेपालको राजनीतिक इतिहासमा सामन्ती राज्यसत्ताको प्रतिनिधि राणाशाहीको अन्त्य र वालिग मताधिकारका आधारमा जननिर्वाचित सरकारको गठन गर्ने २००७ सालको घोषणाले लोकतान्त्रिक राजनीतिक प्रक्रिया आरम्भ गर्‍यो ।

राणाशाहीको अन्त्य एकातिर नेपाली समाजमा हुर्किंदै गरेको पूँजीवादी लोकतान्त्रिक राजनीतिक चेतनाको परिणाम थियो भने अर्कोतिर त्यस नयाँ राजनीतिक सत्ताले सामन्ती उत्पादन पद्धतिका बिरुद्ध पूँजीवादी उत्पादन पद्धतिको विकासको ढोका पनि खोल्दै गयो । यसक्रममा किसान आन्दोलनहरू सङ्गठित हुँदै गए । २००८ मा बर्दिया र बारा पर्साका किसानहरूले जमिन्दारी शोषण दमनका बिरुद्ध आन्दोलन गरे भने भोजपुरका किसानहरूले मोहियानी हक प्राप्तिको आन्दोलन चलाए । २०१० मा सुदूर पश्चिममा भीमदत्त पन्तको नेतृत्वमा ठूलो किसान विद्रोह भयो । २०११ मा तनहुँ र गोरखामा एकदेव आलेको नेतृत्वमा 'जाली तमसुक च्यात्ने र सुकुम्बासी बसोबास' गराउने आन्दोलन, गुल्मीमा श्रृङ्गा किसान विद्रोह, झापामा 'खमारबन्द' आन्दोलन र बारा, पर्सा, रौतहटमा 'रे नही जी कहो' आन्दोलन भए । २०१७ सालपछि दाङ, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु आदि विभिन्न जिल्लामा किसान आन्दोलन भए । २०३० मा लुम्बिनीमा अनिवार्य बचत विरोधी ठूलो किसान आन्दोलन भयो । २०३३ देखि २०४० का बीचमा खोटाङ, काभ्रे, चितवन, सिन्धुपाल्चोक, इलाम, धनकुटा, सुर्खेत, दाङ, सिन्धुली, धनुषा, महोत्तरी, झापा, मोरङ, सुनसरी लगायत जिल्लामा विभिन्न प्रकारका किसान आन्दोलनहरू भए । यी तमाम किसान आन्दोलनहरूले सामन्ती र अर्धसामन्ती अर्थव्यवस्थाको जग हल्लाउने र विभिन्न सुधारकार्य गर्न बाध्य पार्ने काम गरे ।

राजाले पुनः शक्ति लिंदै गएर २०१७ सालको प्रतिगमन भएपछि झापा, अर्घाखाँची लगायत जिल्लामा भएका सशस्त्र विद्रोह र अन्य आन्दोलनहरू, २०३६ सालको सशक्त विद्यार्थी आन्दोलन, जनमत सङ्ग्रह कालमा भएको राजनीतिक प्रचार, नेकपा (माले)को पञ्चायती चुनाव उपयोग गर्ने अभियानले ल्याएको राजनीतिक जागरण आदिले विकसित गरेको परिस्थितिका कारणले २०४६/०४७ को संयुक्त जनआन्दोलनले निर्दलीय पञ्चायती व्यवस्थालाई समाप्त गरी मुलुकको सार्वभौम अधिकार जनताको हातमा ल्याउने र राजतन्त्रलाई सवैधानिक बनाउने काम गऱ्यो । तर न राजतन्त्रले आफूलाई संवैधानिक दायरामा सीमित राख्यो, न त नेपाली काङ्ग्रेस नै लोकतान्त्रिक बाटोमा हिंड्यो । पटक-पटक बनेका नेपाली काङ्ग्रेसका सरकारहरूले एकपछि अर्को जनविरोधी काम गर्न थाले । त्यसले जनतामा विरोध र आक्रोसहरू पैदा हुनथाल्यो । त्यसलाई शान्त पार्न सरकार दमनको सहारा लिन थाल्यो । त्यसले देशमा उग्रवामपन्थी माओवादी भड्काउलाई फैलिन आधार पैदा गऱ्यो । अझ त्यसैबेला हाम्रो पार्टीमा आएको

*दिल्लीमा १२ बुँदे सहमति बन्यो । त्यो सहमतिले जनआन्दोलनलाई थप उर्जा दियो र हामीले देशव्यापी आमहड्ताल गरेर आन्दोलनलाई अझ जुझारु बनाउन थाल्यौं । यसरी २०६२ को चैत महिनासम्म आइपुग्दा देशव्यापी जनआन्दोलनले जनउभारको रूप लियो र मुलुक राष्ट्रव्यापी आमहड्तालमा उत्रियो ।*

फुट र विभाजनले उग्रवामपन्थलाई देशव्यापीरूपले फैलिन ठूलो मद्दत पुऱ्यायो । त्यस्तो अवस्थामा राजतन्त्रले टाउको उठाउने मौका पायो र संवैधानिक बनिसकेको राजतन्त्र क्रमशः सर्वशक्तिमान बन्न थाल्यो । दरबार हत्याकाण्डले ज्ञानेन्द्र तानाशाहीको उदय गरायो । त्यसले १८ असोज र १९ माघका जस्ता जनअधिकार र लोकतन्त्रविरोधी घटनाहरू घटायो । परिणामस्वरूप राजतन्त्रका बिरुद्ध सम्पूर्ण जनता र लोकतन्त्रप्रति आस्था हुने शक्तिहरू विरोधमा उभिने वस्तुगत आधार तयार भयो । त्यस्तो अवस्थामा हाम्रो पार्टीले खासगरी १९ माघपछि राजतन्त्रका बिरुद्ध सङ्घर्षको शंखघोष गर्दै निरङ्कुशताविरोधी सम्पूर्ण शक्तिलाई एकताबद्ध हुन आव्हान गऱ्यो ।

त्यस आव्हान अनुरूप हामीले एकातिर सात राजनीतिक पार्टीहरूलाई संयुक्त बनाउने र देशव्यापी संयुक्त जनआन्दोलन विकास गर्ने काम थाल्यौं भने अर्कातिर माओवादीलाई समेत शान्तिपूर्ण जनआन्दोलनको बाटोमा ल्याउने कोशिस सुरु गऱ्यौं । हेर्दाहेर्दै जनआन्दोलन बिस्तार हुँदै गयो, त्यो राष्ट्रव्यापी बन्दै गयो र देशव्यापी रूपमा राजतन्त्र विरोधी आवेग पैदा भयो । त्यसका साथसाथै माओवादी शक्तिका सामु पनि जनआन्दोलनमा सामेल हुनेबाहेक अर्को विकल्प थिएन । उनीहरूको हिंसात्मक आन्दोलन असफलतातिर जान थालिसकेको थियो । त्यसैबीच दिल्लीमा १२ बुँदे सहमति बन्यो । त्यो सहमतिले जनआन्दोलनलाई थप उर्जा दियो र हामीले देशव्यापी आमहड्ताल गरेर आन्दोलनलाई अझ जुझारु बनाउन थाल्यौं । यसरी २०६२ को चैत महिनासम्म आइपुग्दा देशव्यापी जनआन्दोलनले जनउभारको रूप लियो र मुलुक राष्ट्रव्यापी आमहड्तालमा उत्रियो ।

त्यो आमहड्ताल यति बिराट र व्यापक थियो कि त्यो नेपालको इतिहासमा मात्र होइन विश्वका क्रान्तिहरूको इतिहासमै विशिष्ट घटनाका रूपमा अङ्कित रह्यो । सारा बजारमा हडताल, यातायातमा हड्ताल, शिक्षण संस्थाहरूमा हडताल,

कलकारखानाहरूमा हडताल, अड्डा-अफिसहरूमा हडताल, सारा भन्सारनाकाहरू बन्द, सबै मन्त्रालयहरूसमेत बन्द, न्यायालसमेत बन्द, गृहमन्त्रालय र सर्वोच्च अदालतका कर्मचारीहरूसमेत आन्दोलनमा उत्रिएको स्थिति, गाउँ-बस्तीहरूमा विशाल जुलुस प्रदर्शन, सहरका बजार, बाटाघाटाहरू, टुँडिखेल र मैदानहरूमा विराट जुलुस र आमसभाहरू, के पूर्व के पश्चिम, के गाउँ के सहर जनताको विशाल बाढी उर्लिरहेको स्थिति, सम्पूर्ण जनता आन्दोलित, काठमाडौंको चक्रपथमा दसौं लाख जनताको जुलुस - त्यो विद्रोह आफै जनक्रान्तिको थालनी थियो। जनताले सडक कब्जा गरे, गणतान्त्रिक चोक बनाए, गणतान्त्रिक नगरपालिका र गणतान्त्रिक जिल्ला घोषणा गर्न थाले, 'श्री ५ को सरकार' लेखिएका नाउँपाटीहरू फ्याँकिदै गए र नेपाल सरकार लेख्ने चलन जनताले सडकबाटै शुरु गरे। त्यसवेला राज्यका सबै यन्त्रहरू निस्क्रिय बन्न पुगेका थिए। अधिकांश कर्मचारीहरू जनक्रान्तिको प्रवाहमा समाहित हुन पुगे। प्रहरी मात्र होइन, सेना पनि क्रमशः रक्षात्मक र निस्क्रिय बन्न पुग्यो। परिवर्तनलाई रोक्ने तागत कसैसँग बाँकी थिएन। अन्तर्राष्ट्रिय शक्ति अझै पनि राजा र विद्रोही जनताबीच संझौता गराउने पक्षमा थियो। त्यसका लागि भारतबाट काङ्ग्रेस नेता करण सिंह नेपाल आए र सहमतिको प्रयास गरे। ८ वैशाख ०६४ मा एउटा विज्ञप्ति निस्कियो। तर, त्यसलाई सात दलले अस्वीकार गरे र क्रान्तिलाई जारी राख्ने अठोट व्यक्त गरे। क्रान्तिको प्रवाह अझ अघि बढ्दै गयो र आखिर ११ वैशाखका दिन नेपालको अन्तिम राजवंश शाही राजतन्त्रले जनताको उर्लंदो जनक्रान्तिको भेलका सामु आत्मसमर्पण गर्न पुग्यो।

यसरी नेपाली समाजमा शान्तिपूर्ण ढङ्गले जनक्रान्ति सम्पन्न भयो। कुनै पनि जनक्रान्तिले विद्यमान राज्यसत्तालाई समाप्त पार्छ र सत्तासीन वर्गलाई सत्ताच्यूत गर्छ। समाजमा समग्र परिवर्तनको शुरुआत गर्छ। त्यसरी नै उपरोक्त क्रान्तिले करिव २००० वर्षदेखि विद्यमान राजतन्त्रलाई उन्मूलन गरिदियो। नेपालमा सामन्त वर्गलाई सत्ताच्यूत गरिदियो र देशमा सम्पूर्ण मौलिक हकहरूलाई स्थापना गर्ने, धर्म निरपेक्षता, लैंगिक समानता तथा जातीय, भाषिक, सामाजिक, क्षेत्रीय समानता घोषित गर्ने, तिनखम्बे अर्थतन्त्रको पक्षपोषण गर्ने र सामन्ती अवेशषहरूलाई उन्मूलन गर्ने घोषणा गऱ्यो।

क्रान्तिकारी सङ्घर्षको मुख्य कार्यभार राज्यसत्ताको परिवर्तन हो। समाज परिवर्तनको अभियानलाई क्रान्तिको प्रक्रियाबाट अगाडि बढाउँदा पहिले उपरीसंरचनाको नेतृत्व अर्थात् राज्यसत्ता हातमा लिइन्छ र त्यसलाई साधनको

*नेपाली समाज सामन्ती युगबाट अगाडि बढेर पूँजीवादी युगमा प्रवेश गर्ने आरम्भ बिन्दु हो । त्यसैले यो एक क्रान्ति हो । यो आम जनताको व्यापक सहभागितामा शान्तिपूर्ण ढङ्गले सञ्चालित क्रान्ति भएकाले शान्तिपूर्ण जनक्रान्ति हो ।*

रूपमा प्रयोग गरी समाजको आधार परिवर्तन गरिन्छ। २०६२/०६३ को परिवर्तनले सामन्त वर्गको हातबाट राज्यसत्ता खोसेको छ र समाजको आधार परिवर्तनका निम्ति ढोका खोलेको छ। राजतन्त्रको युग समाप्त गरी गणतन्त्रको युग प्रारम्भ गरेको छ। सामन्त वर्गको हातबाट राज्यसत्ता खोस्ने र समाजको आधार परिवर्तनका निम्ति ढोका खोल्ने यो सामान्य घटना होइन, इतिहासलाई नयाँ चरणमा प्रवेश गराउने एउटा युगान्तकारी घटना हो। नेपाली समाज सामन्ती युगबाट अगाडि बढेर पूँजीवादी युगमा प्रवेश गर्ने आरम्भ बिन्दु हो। त्यसैले यो एक क्रान्ति हो। यो आम जनताको व्यापक सहभागितामा शान्तिपूर्ण ढङ्गले सञ्चालित क्रान्ति भएकाले शान्तिपूर्ण जनक्रान्ति हो। यो क्रान्ति नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलालले अगाडि सार्नुभएको संयुक्त जनआन्दोलनको नीति र जनताको बहुदलीय जनवादले अँगालेको शान्तिपूर्ण सङ्घर्षको बाटोअनुरूप भएको छ। यस क्रान्तिले सामन्तवादमाथि निर्णायक प्रहार गरेको छ र पूँजीवादी विकासको लागि राज्यसत्ताको ढोका खोलेको छ।

राजतन्त्रको अन्त्य र सामन्तवादको बिघटनसँगै नेपाली समाजको प्रधान अन्तरविरोधको स्थितिमा परिवर्तन आएको छ। पुरानो उत्पादन सम्बन्धको बिघटनसँगै प्रगतिशील उत्पादक शक्तिको विकासका आधार निर्माण भएका छन्, तर तिनको विकासको बाटोमा अझै पनि विभिन्न बाधा अवरोधहरू छन्। आगामी दिनमा प्रगतिशील उत्पादक शक्तिको विकासमा बाधा पुऱ्याउने वर्ग, राज्यसंयन्त्र र पक्षहरूसँग समाजको मुख्य अन्तरविरोध अझ प्रखर भएर देखा पर्नेछ। राजनीतिक रूपमा त्यसको अभिव्यक्ति विभिन्न समयमा विभिन्न ढङ्गले प्रकट हुन सक्छ। समाज एक खालको सङ्क्रमणमै रहिरहेको र विभिन्न पार्टी या शक्तिहरूको भूमिका पनि अझै थिग्रिई नसकेका कारण यतिबेला कुनै पार्टी या शक्तिसँगको अन्तरविरोधलाई राजनीतिक रूपमा मुख्य अन्तरविरोध भनेर किटानी गर्नु संभव र

उचित हुँदैन । तर हामीले प्रगतिशील उत्पादक शक्तिको विकासमा बाधा पुऱ्याउने राजनीतिक शक्तिहरूको भूमिकालाई सूक्ष्म ढङ्गले अध्ययन र निक्र्यौल गर्नुपर्छ र मुद्दागत आधारमा विरोध र प्रतिवाद गर्नुपर्छ ।

यो क्रान्ति पुरानोखाले पूँजीवादी जनवादी क्रान्ति होइन, जो पूँजीपति वर्गको नेतृत्वमा मात्र सम्पन्न हुने गर्दथ्यो । त्यस प्रकारको क्रान्तिको युग अक्टोबर समाजवादी क्रान्तिबाट नै समाप्त भइसकेको छ । हाम्रो देशमा पनि पूँजीपति वर्गले त्यस्तो क्रान्ति सम्पन्न गर्ने हैसियत राख्दैनथ्यो । त्यसरी नै यो शान्तिपूर्ण जनक्रान्ति समाजवादी क्रान्ति पनि होइन । त्यसका लागि नेपाली समाजमा वस्तुगत आधार नै विकसित भइसकेको छैन । नेपाली समाजमा उत्पादक शक्तिको विकासको स्तर नै धेरै तल छ । त्यसैले यो क्रान्ति नेपालको विशिष्ट परिस्थितिमा सम्पन्न भएको नयाँ खाले पूँजीवादी-जनवादी क्रान्ति नै हो । विभिन्न देशमा जनवादी क्रान्ति पनि विभिन्न प्रकारले सम्पन्न हुन्छन् । गुणात्मकरूपले एउटै चरित्रका जनवादी क्रान्ति भए पनि विभिन्न स्तरका क्रान्ति हुन सक्छन् । तिनीहरूको मात्रामा भिन्नता हुन सक्छ । हाम्रो देशको शान्तिपूर्ण जनक्रान्ति चीनको वा भियतनामको जनवादी क्रान्तिभन्दा मात्रामा भिन्न छ । हामीले पूँजीपति वर्गसँग संयुक्त भएर यो क्रान्ति सम्पन्न गरेका छौं । ऊसँग प्रतिस्पर्धा र सहयोगका सम्बन्ध परिचालन गर्दै हामीले क्रान्तिका फलहरूलाई सुदृढ र संस्थागत गर्नुपर्ने छ र समाजवादको लक्ष्यतिर अघि बढ्नु पर्ने छ ।

हामीले जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्तको रूपमा अवलम्बन गरेका छौँ । त्यसअनुसार समाजवाद लोकतान्त्रिक विधिभित्रै रहेर निर्माण हुनेछ । अर्थात् समाजवादको पनि राजनीतिक व्यवस्था आधारभूतरूपले लोकतान्त्रिक गणतन्त्र नै हुनेछ । त्यस हिसाबले हेर्दा हामीले स्थापना गरेको लोकतान्त्रिक गणतन्त्रले हाम्रा लागि समाजवादमा पुग्दासम्म अवलम्बन गरिने राजनीतिक व्यवस्थाको महत्व राख्छ । अब यस लोकतान्त्रिक गणतन्त्रलाई स्वच्छन्द पूँजीवादको विकासतर्फ अगाडि बढाउन चाहने बुर्जुवा वर्ग र लोकतान्त्रिक गणतन्त्रको आर्थिक-सामाजिक तथा साँस्कृतिक ढाँचा विकास गर्दै समाजवादतर्फ जाने श्रमजीवी वर्गको बीचमा अन्तरविरोध चर्किंदै जानेछ । अर्थात् राजनीतिक व्यवस्थाका हिसाबले हाम्रालागि समाजवादसम्मको ढोका खुलेको छ तर सामाजिक-आर्थिक विकासका हिसाबले (उत्पादक शक्तिको विकासको स्तरका हिसाबले) हामी असाध्यै पछि परेको हुँदा हामीले अहिल्यै समाजवादी कार्यभार निर्धारण गर्न सक्दैनौँ । जनवादी क्रान्तिका राजनीतिक कार्यभार पूरा भइसकेपछि

*समाजवादको आधार तयार गर्नका लागि जनताको बहुदलीय जनवादी कार्यक्रममा आधारित भएर आर्थिक-सामाजिक रूपान्तरणका कार्यहरू अघि बढाउनु अहिलेको हाम्रो मुख्य कार्यभार हो । हाम्रो कार्यक्रमलाई केही वर्ष यता देखापरेका परिवर्तनहरूलाई समावेश गरेर थप समृद्ध बनाउँदै अघि बढाउनु पर्छ ।*

पनि समाजवादमा सङ्क्रमणका लागि जनवादी व्यवस्थाले विभिन्न चरणहरू पार गर्दै जानु पर्ने हुन्छ । जननेता मदन भण्डारीले भन्नुभएको छ- 'हामी सैद्धान्तिक आग्रहबाट प्रेरित भएर भौतिक परिस्थितिबिना नै समाजवादमा प्रवेश गर्ने हतारोले कुनै पनि जोरजबर्जस्ती गर्ने कुराको विपक्षमा छौं । ...जनताको जनवादी सत्ताले मूलभूत रूपमा तीनवटा विशेष अवधि पार गर्नु अनिवार्य हुन्छ : पहिलो, पुरानो व्यवस्थाको शोषण उत्पीडनका अवशेषहरू सबै क्षेत्रबाट अन्त्य गर्ने काममा केन्द्रित भएर लाग्ने अवधि, दोस्रो- नयाँ उत्पादन सम्बन्धका आधारमा समाजका सबै क्षेत्रमा भौतिक र सांस्कृतिक दुबै हिसाबले विकास गर्ने कुरामा केन्द्रित भएर लाग्ने अवधि र तेस्रो- समाजवादमा सङ्क्रमणका निम्ति केन्द्रित भएर भौतिक तथा सांस्कृतिक तयारी गर्ने अवधि । यस्ता ठोस कुराहरू सम्पादन गर्न स्वाभाविकरूपले अपेक्षाकृत लामो अवधि चाहिन्छ ।' तसर्थ समाजवादको आधार तयार गर्नका लागि जनताको बहुदलीय जनवादी कार्यक्रममा आधारित भएर आर्थिक-सामाजिक रूपान्तरणका कार्यहरू अघि बढाउनु अहिलेको हाम्रो मुख्य कार्यभार हो । हाम्रो कार्यक्रमलाई केही वर्ष यता देखापरेका परिवर्तनहरूलाई समावेश गरेर थप समृद्ध बनाउँदै अघि बढाउनु पर्छ । त्यसैले वर्तमान अवस्थामा पनि हाम्रो कार्यक्रम जनताको बहुदलीय जनवादी कार्यक्रम नै हुनेछ ।

## (छ) **वर्तमान नेपाली समाजको चरित्र**

### समाजको चरित्रलाई हेर्ने दृष्टिकोण

मानव समाज आफैंमा एउटा गतिशील प्रक्रियाबाट अघि बढिरहेको छ । यो खास अवस्थामा अस्तित्वमा आयो र निरन्तर विकसित हुँदै गइरहेको छ ।

समाजको विकास पनि विभिन्न ऐतिहासिक चरण हुँदै अघि बढ्दै आएको छ र अघि बढ्दै जान्छ । यो प्रक्रियालाई हामीले ऐतिहासिक भौतिकवादी दृष्टिकोणले हेर्नु पर्छ । त्यसरी हेर्दा विश्व मानव समाज आदिम साम्यवादी युग, दास युग, सामन्तवादी युग, पूँजीवादी युग, समाजवादी युग हुँदै फेरि वैज्ञानिक साम्यवादी युगमा पुग्नेछ । यी युगहरू नै मानव समाजको विकासका विभिन्न ऐतिहासिक युगहरू हुन् । मानव समाज विकासको यो सामान्य प्रक्रिया हो ।

यही प्रक्रियाका आधारमा हामीले नेपाली समाजको विकासक्रम र वर्तमान अवस्थालाई हेर्नु पर्छ । एउटा ऐतिहासिक अवस्थाबाट अर्को ऐतिहासिक अवस्थामा रूपान्तरण हुने काम एकै दिनमा, एकै फड्कोमा सम्पन्न हुँदैन । त्यो आफैंमा भौतिक विकास र परिवर्तनको प्रक्रिया हो । यसले ऐतिहासिक सङ्क्रमणको अवस्थालाई पार गर्नु पर्छ । यस्तो अवस्थामा एउटै समाजमा एउटै मात्र उत्पादन पद्धति नभएर एकभन्दा बढी उत्पादन र सञ्चालन पद्धतिहरू प्रकट हुन सक्छन् । तिनीहरूका बीचमा अर्थात् अघि बढेको र पिछडिएको उत्पादन पद्धतिका बीचमा आपसी सङ्घर्षहरू चलिरहेका हुन्छन् । त्यस्तो अवस्थामा समाजको चरित्र निर्धारण गर्ने सवालमा भ्रम र जटिलताहरू पैदा हुन सक्छन् । हामीले विभिन्न उत्पादन पद्धतिहरू छन् भने तिनीहरूमध्ये कुनचाहिँ उत्पादन पद्धति सबै भन्दा प्रभुत्वशाली अवस्थामा रहेको छ, त्यसलाई चिन्न सक्नु पर्छ । त्यसले नै समाजको चरित्रलाई निर्धारण गरिरहेको हुन्छ ।

## नेपाली समाजमा सामन्तवादको उत्थान र विकास

नेपाली समाज आदिम साम्यवादी, दास युग हुँदै आजभन्दा करिब १५००-२००० वर्ष अघिदेखि सामन्तवादी समाजका रूपमा विकसित भयो । अर्थात् त्यसबेलादेखि नेपाली समाजमा सामन्ती उत्पादन पद्धति (Feudal Mode of Production) को जन्म भएको थियो । त्यो उत्पादन पद्धति नै नेपाली समाजमा बिस्तृत बन्दै गयो र आखिर पूरै नेपाली समाजमा सामन्ती उत्पादन पद्धति फैलियो । नेपालको अन्तिम ऐतिहासिक एकीकरणपछि त्यो उत्पादन पद्धति अझ मजबुत बन्यो र नेपालमा सामन्तवाद आफ्नो विकासको अवस्थातर्फ अघि बढ्यो । राणाशासन कालमा सामन्तवाद आफ्नो चरम अवस्थातिर विकसित भएको थियो । जहिलेदेखि नेपाली समाजमा सामन्ती उत्पादन सम्बन्ध प्रभुत्वशाली अवस्थामा उठ्यो र त्यो अवस्था कायम रहिरह्यो, त्यसवेलासम्म नेपाली समाजको चरित्र सामन्तवादी थियो ।

*एउटा सामन्ती उत्पादन पद्धति, जो सयौं वर्षदेखि विद्यमान थियो र अर्को पूँजीवादी उत्पादन पद्धति, जो भर्खरै उत्पन्न भएको थियो । दोस्रो प्रगतिशील र विकासवान उत्पादन पद्धति थियो । त्यो निरन्तर विकसित हुनु र फैलिनु अनिवार्य थियो । पहिलो पद्धति ऐतिहासिकरूपले कमजोर हुँदै जानु र निषेधित हुनु अनिवार्य थियो ।*

**नेपाली समाज अर्धसामन्ती अवस्थामा रूपान्तरण**

एकीकरणपछि नेपाली समाजमा विभिन्न प्रकारका इलम र उद्यमहरू पनि विकसित हुन थालेका थिए । व्यापार विनिमय बढ्न थालेको थियो । तर तत्कालिन ब्रिटिस साम्राज्यवादीहरूको आक्रमण र हस्तक्षेपका कारण ती इलम र उद्यमहरूले पूँजीवादी उत्पादन पद्धति (Capitalist Mode of Production) को रूप लिन सकेनन् । तर दोस्रो विश्व युद्धताका देशमा उत्पन्न एउटा विशिष्ट अवस्थामा पुगेर नेपालमा कम्पनी कानुन बन्यो र विभिन्न आधुनिक उद्योगधन्दाहरूको स्थापना हुन पुग्यो । ती उद्योगधन्दा र इलम व्यवसायहरूको आरम्भ नै नेपालमा पूँजीवादी उत्पादन पद्धतिको आरम्भ थियो । त्यो बिन्दुमा आइपुगेपछि नेपाली समाजमा दुई प्रकारका उत्पादन पद्धतिहरू प्रकट भए : एउटा सामन्ती उत्पादन पद्धति, जो सयौं वर्षदेखि विद्यमान थियो र अर्को पूँजीवादी उत्पादन पद्धति, जो भर्खरै उत्पन्न भएको थियो । दोस्रो प्रगतिशील र विकासवान उत्पादन पद्धति थियो । त्यो निरन्तर विकसित हुनु र फैलिनु अनिवार्य थियो । पहिलो पद्धति ऐतिहासिकरूपले कमजोर हुँदै जानु र निषेधित हुनु अनिवार्य थियो ।

यसरी नेपाली समाजभित्र दुई प्रकारका उत्पादन पद्धतिहरू प्रकट भएपछि यो समाजको चरित्र कसरी निर्धारण गर्ने भन्ने समस्या उत्पन्न भयो । एउटा उत्पादन पद्धति नै हावी रहिरहेको भए पनि समाज विकासको अवस्था खास बिन्दुमा पुगेपछि अर्को त्योभन्दा प्रगतिशील उत्पादन पद्धति विकास भइहाल्छ । त्यसरी नै नेपाली समाजमा एकातिर सामन्ती उत्पादन पद्धति रहिरहेको थियो अर्कातिर पूँजीवादी उत्पादन पद्धतिको जन्म भयो । यसरी एउटै समाजमा एक भन्दा बढी उत्पादन पद्धतिहरू प्रकट भए भने त्यस्तो समाजलाई कसरी विश्लेषण गर्ने भन्ने वारेमा कार्लमार्क्सले भन्नु भएको छ 'उत्पादनका विभिन्न रूपहरू मध्ये एउटा विशिष्ट हुन्छ, त्यसले नै उत्पादनका अन्य रूपहरूलाई अधीनमा पार्छ । त्यसका

सम्बन्धहरूले अरु उत्पादनका स्तर र प्रभावलाई निर्धारित गर्छन् ।' अर्थात् खास समाजको विकास प्रक्रियामा एकभन्दा बढी उत्पादन पद्धतिहरूको विकास हुन सक्छ । अझ धेरै असमान गतिले विकास गरिरहेका ठूला मुलुकहरूमा त एकै साथ दुईभन्दा बढी उत्पादन सम्बन्धहरू पनि देखा पर्न सक्छन् । उदाहरणका लागि क्रान्तिपूर्वको रुसको विश्लेषण गर्दै लेनिनले त्यहाँ अघि बढेका र पछि परेका गरेर पाँच प्रकारका उत्पादन पद्धतिहरू रहेको कुरालाई पनि उल्लेख गर्नु भएको छ । तर उहाँ पनि के भन्नु हुन्छ भने समाजको मुख्य चरित्र निर्धारण गर्ने सवालमा भने विभिन्न उत्पादन पद्धतिहरूमध्ये जुन पद्धति प्रभुत्वशाली छ, त्यसैले समाजको चरित्र निर्धारण गर्छ । स्वाभाविकरूपले नेपाली समाजमा पनि जतिबेला पूँजीवादी उत्पादन पद्धतिले जन्म लियो, समाजको चरित्र पूँजीवादी भइहालेन । जबसम्म सामन्ती उत्पादन पद्धति प्रभुत्वशाली अवस्थामा रह्यो, तबसम्म नेपाली समाज पनि मूलतः सामन्ती चरित्रको रहनु स्वभाविक थियो । समाज विकासको त्यही अवस्थालाई विश्लेषण गर्दै कमरेड पुष्पलालले नेपाल कम्युनिष्ट पार्टी स्थापना हुँदा नेपाली समाजको चरित्र अर्ध-सामन्ती अवस्थामा रहेको कुरा निर्धारण गर्नु भयो । यो विश्लेषण ऐतिहासिक रूपले सही विश्लेषण थियो । तर नेपाली समाज त्यहाँदेखि यहाँसम्म विकास गर्दै आउने क्रममा देशको सामन्त वर्ग वा जमिन्दार वर्गको स्थिति र भूमिकामा ठूलो परिवर्तन भएको छ । सन् १९३५ देखि २००६ सम्म नेपाली समाज अर्ध-सामन्ती अवस्थामा नै रह्यो । तर यताका वर्षहरूमा देशको ग्रामीण वर्गीय संरचनामा ठूलो परिवर्तन आएको छ । नेपालको ग्रामीण क्षेत्रको वर्गीय संरचनामा परिवर्तन आइरहेको छ ।

## सन् १९५० को परिवर्तन र सामन्तवाद विरोधी सङ्घर्षको विस्तार

नेपाली समाज र नेपालको राज्य व्यवस्थामा सन् १९५० भन्दा अघिसम्म सामन्तवर्गको नै आधिपत्य रहेको थियो । त्यसले समाज र मुलुकलाई जसरी चाह्यो त्यसरी नै चलाइरहेको थियो । तर राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको एउटा विशिष्ट संयोजनपछि सन् १९५० मा नेपालमा राणाशाहीका बिरुद्ध जनसङ्घर्षको आँधी उठ्यो । त्यसले सामन्तवर्गको एउटा गुट-राणाशासनलाई सत्ताच्यूत गरिदियो र शासन सत्तामा सामन्तवर्गका साथै पूँजीपति वर्गलाई पनि सत्ताको हिस्सेदारी बनाइदियो । जनचेतना तीव्र रूपले उठ्दै गयो, जनताले मौलिक हकहरू उपयोग गर्न थाले । विभिन्न प्रकारका वर्गीय सङ्गठनहरूमा जनता सङ्गठित हुन थाले । ग्रामीण क्षेत्रमा सामन्ती जमिन्दार वर्गका बिरुद्ध तथा सहरी क्षेत्रमा मौलिक अधिकार र मानव अधिकारका निम्ति जनताका सङ्घर्षहरू विकसित हुन थाले ।

*सन् १९५० को परिवर्तन पछि सामन्तवादका विभिन्न रूपहरू बिघटित हुन थाले । नेपाली सामन्तवाद आफ्नो चरम अवस्थाबाट ओरालो लाग्न थाल्यो । त्यो कमजोर हुन थाल्यो र समाजमा पूँजीवादी उत्पादन पद्धति क्रमशः फैलिन थाल्यो । फैलिदो पूँजीवादले राज्य संचालनको पद्धतिलाई पनि प्रभावित पार्दै लान थाल्यो ।*

सन् १९५० को दशकमा नेपाल कम्युनिष्ट पार्टीले देशव्यापीरूपमा किसानहरूलाई संगठित गऱ्यो । देशभरी नै ठूला ठूला किसान आन्दोलनहरू उठाउने काम गऱ्यो । त्यसले नेपालको गामीण क्षेत्रमा सामन्तवादविरोधी जनचेतना व्यापक बन्दै गयो । जनताका ती आन्दोलनहरूले गर्दा नेपालको शासक वर्ग पनि विभिन्न प्रकारका सुधारका कदमहरू चाल्न बाध्य भयो । नेपाली समाजमा सामन्तवादका एक वा अर्का रूपहरू बिघटित हुने प्रक्रिया पनि अघि बढ्न थाल्यो ।

**नेपाली समाजमा सामन्तवादको बिघटन प्रक्रिया**

विश्वव्यापीरूपमा सामन्तवादको सामान्य चरित्र र रूपहरू एउटै भए पनि विभिन्न देशमा सामन्तवादका पनि ठोस रूपहरू प्रकट हुने गरेका छन् । हाम्रो देशमा पनि सामन्तवादका विभिन्न ठोस रूपहरू प्रकट भएका थिए । तिनलाई साररूपमा यसरी व्याख्या-विश्लेषण गर्न सकिन्छ :

१. ठूलो जमिन्दारी प्रथा । २. जागिरदारी प्रथा ३. बिर्ता प्रथा ४. अधियाँ, ठेक्का, कुत र व्याज मरौनीका प्रथाहरू ५. राजा रजौटा प्रथाहरू ६. तालुकदारी प्रथा आदि आदि ।

सामन्तवादको विकास क्रममा नेपाली समाजमा यस्ता अनेकौं रूपहरू प्रकट भए । तर सन् १९५० को परिवर्तन पछि सामन्तवादका विभिन्न रूपहरू बिघटित हुन थाले । नेपाली सामन्तवाद आफ्नो चरम अवस्थाबाट ओरालो लाग्न थाल्यो । त्यो कमजोर हुन थाल्यो र समाजमा पूँजीवादी उत्पादन पद्धति क्रमशः फैलिन थाल्यो । फैलिदो पूँजीवादले राज्य संचालनको पद्धतिलाई पनि प्रभावित पार्दै लान थाल्यो ।

- सन् १९५० को परिवर्तनपछि मुलुकमा लामो समयदेखि जारी रहेको सामन्ती हैकमवाद र अराजकतावादलाई चिर्दै राष्ट्रिय अर्थतन्त्रलाई

नयाँ ढङ्गले व्यवस्थित गर्नका निम्ति राष्ट्रिय बजेट प्रणालीको थालनी भयो । त्यसले मुलुकमा विद्यमान सामन्ती अर्थतन्त्रलाई अधिसंरचनाबाटै पूँजीवादीकरण गर्ने प्रक्रियाको थालनी गऱ्यो ।

- नेपालमा लामो समयदेखि शासकहरूले राजस्व सङ्कलन गर्ने, त्यसलाई राष्ट्रिय ढुकुटीमा राख्ने र त्यसलाई योजनाबद्ध रूपले राष्ट्रिय विकासमा लगाउने काम गर्न दिएका थिएनन् । सन् १९५० को परिवर्तनपछि राष्ट्रिय बजेटका साथसाथै योजनाबद्ध विकासको पनि थालनी भयो । त्यसले राष्ट्रिय व्यापार, इलम, उद्यमहरूको विकासका लागि आधार तयार पार्दै लग्यो ।
- सन् १९५० सम्म पनि शासकहरूले आफ्ना ठूला ठूला कर्मचारी र नोकरशाहहरूलाई जागिरका रूपमा जमिन दिने चलन थियो । त्यसले जागिरदारी प्रथाको रूपमा लामै समय नेपाली समाजमा काम गऱ्यो । सन् १९५० को परिवर्तनपछि जागिरदारी प्रथाको उन्मूलन भयो ।
- सन् १९५० अघि सम्पूर्ण ग्रामीण क्षेत्रमा मालपोत उठाउनका निम्ति तालुकदारहरू नियुक्ति गर्ने चलन थियो । उनीहरूले राजस्व सङ्कलन गर्ने र गाउँमा हैकम जमाउने पनि काम गर्थे । सन् १९५० पछि त्यो प्रक्रियाको पनि अन्त्य भयो ।
- सन् १९५० अघि र पछिसम्म पनि नेपाली समाजमा बिर्ता प्रथा ठूलो मात्रामा रहिआएको थियो । देशको असली जमीन जति विभिन्न उच्च पदस्थ राणाजीहरू, शाहहरू र उच्च घरानाका हातमा बिर्ता र बकसका रूपमा दिइएको थियो । सन् १९५९ तिर नेपालबाट बिर्ता प्रथालाई पनि उन्मूलन गरियो ।
- नेपालमा सन् १९६० मा राजा महेन्द्रले सैनिक कू गरेर सम्पूर्ण सत्ता आफ्नो हातमा लिए । तर उनले आर्थिक क्षेत्रमा विद्रोह हुने देखेर देशमा भूमिसुधारको कार्यक्रम लागु गरे र जमीनमाथि हदबन्दी लगाइदिए । जमिनमाथि असीमितरूपमा कब्जा जमाएर किसानहरूलाई भूदास बनाएर शोषण गरिखाने जमिन्दारी प्रथा ठूलो मात्रामा उन्मूलन भयो । वास्तवमा तानाशाही सत्ता टिकाउन गरिएको यो सुधारले नेपालको ग्रामीण क्षेत्रमा सामन्तवादलाई कमजोर गर्न भूमिका खेल्यो ।

*अब नेपाली समाजमा अन्तिम रूपमा रहेका सामन्तवादका अधियाँ, ठेक्का, कुत र व्याजमरौनीका रूपमासमेत परिवर्तन आउन थाल्यो । मोहियानी हकको डरका कारण अब अधियाँ, ठेक्का र कुतका रूपहरू आफै कमजोर बन्न थाले ।*

- राजा महेन्द्रले आफ्नो तानाशाहीलाई बलियो बनाउने नै उद्देश्यले भए पनि राजा रजौटा उन्मूलन जस्तो अर्को कदम पनि चाले । त्यसबेला केन्द्रीय राजा र राजतन्त्रका साथै अनेकौ छोटे राजा र रजौटाहरू नेपालमा थिए । तिनीहरू ठाउँठाउँमा सामन्ती शासन चलाएर बसेका थिए । तिनीहरूको उन्मूलन भयो ।
- यसरी सन् १९५० को परिवर्तनपछि चालिएका सामन्तवादविरोधी विभिन्न सुधारका कदमहरूले सामन्तवादका विभिन्न रूपहरू बिघटित हुँदै गए । साथै निरंकुश राजतन्त्र र उसको तानाशाही शासन व्यवस्थाका बिरुद्ध जनसङ्घर्ष पनि विकसित हुँदैगयो । त्यसक्रममा सन् १९९० को अर्को ठूलो परिवर्तन भयो । त्यो परिवर्तनले देशमा अन्तर्राष्ट्रिय वित्तीय पूँजीको प्रभावलाई अरु व्यापक बनायो, बैङ्किङ कारोबारहरू मुलुकव्यापी बन्दै गए र व्यापारिक पूँजी पनि ठूलो मात्रामा विकसित भयो । ती कुराले अब नेपाली समाजमा अन्तिम रूपमा रहेका सामन्तवादका अधियाँ, ठेक्का, कुत र व्याजमरौनीका रूपमासमेत परिवर्तन आउन थाल्यो । मोहियानी हकको डरका कारण अब अधियाँ, ठेक्का र कुतका रूपहरू आफै कमजोर बन्न थाले । ग्रामीण क्षेत्रमा ज्यालादारी श्रम व्यापक बन्दै गयो, मध्यम किसानहरूको सङ्ख्या बढ्यो । धनी किसान अर्थव्यवस्था हावी हुन थाल्यो । यी कुराले सामन्तवादको बिघटनलाई तीव्र पारिदिए ।
- सन् १९५० को परिवर्तन पछि सन् १९९५ तिर भूमिसम्बन्धमा व्यापक सुधार गर्ने उद्देश्यले नेपाल सरकारले बडाल आयोग गठन गऱ्यो । त्यो आयोगले जमिनको वितरणमा रहेको अन्यायपूर्ण स्थितिलाई अन्त्य गर्न जमिन माथिको हदबन्दीको सीमालाई अझ घटाउने सिफारिस गऱ्यो । संसदमा निरन्तर दबाबपछि शेरबहादुर देउवाको सरकारले जमिनको

हदबन्दीलाई अझ घटाउन बाध्य भयो । त्यसले कमैया मुक्तिको घोषणा पनि गऱ्यो । त्यसले पनि सामन्तवादलाई बिघटन गर्न थप मद्दत पुऱ्यायो ।

- यसपछि पनि नेपालमा राजपरिवार देशको सबैभन्दा ठूलो जमिन्दार परिवारका रूपमा रहिरहेकै थियो । सन् १९९० को संविधानले राजा र राजपरिवारको सम्पत्तिलाई अनतिक्रम्य बनाएको थियो र कुनै पनि कर, शुल्क नलाग्ने बनाएको थियो । सन् २००६ को शान्तिपूर्ण जनक्रान्तिले राजतन्त्रलाई नै उन्मूलन गरिदियो र राजपरिवारको हातमा रहेको त्यो सम्पत्तिलाई जफत गरेर राज्यको मातहत ल्यायो ।

**निष्कर्ष**

यो नेपाली समाजमा विकसित हुँदै आएको सामन्तवादको बिघटनको प्रक्रिया हो । यद्यपि सामन्तवाद नेपालमा झण्डै २ हजार वर्षसम्म रह्यो । जब आर्थिक आधारमा परिवर्तन आउँदै जान्छ, अधिसंरचनामा परिवर्तन अनिवार्य हुन्छ । नेपाली समाजमा विद्यमान सामन्ती उत्पादन सम्बन्ध नै नेपाली समाजको आर्थिक आधार थियो । त्यो उत्पादन सम्बन्ध चुँडिएपछि मूलभूतरूपमा त्यसकै अधिसंरचनाका रूपमा रहेको राजतन्त्र रहिरहनु संभव नै थिएन । त्यति लामो समयसम्म रहेको सामन्तवाद, सामन्ती उत्पादन सम्बन्ध, सामन्ती उत्पादन पद्धति र सामन्ती सामाजिक-आर्थिक ढाँचाले पारेका प्रभावहरू र त्यसका अवशेषहरू अझै पनि नेपाली समाजमा विद्यमान छन् । देशमा अझै औद्योगिक पूँजी र राष्ट्रिय उद्योग व्यवसायको व्यापक विकास भइसकेको छैन । राष्ट्रिय पूँजीको विकास कमजोर अवस्थामा नै छ। वित्तीय र व्यापारिक पूँजीको विकास भने व्यापक रूपमा भइरहेको छ। कृषिमा गुजारा श्रमको प्रचलन अझै ठूलो मात्रामा रहनु, गैर बैङ्किङ क्षेत्रको ऋण प्रवाहको स्थिति ठूलो मात्रामा रहनु, लाखौंको सङ्ख्यामा भूमिहीन किसानहरू रहनु, अझै दर्ता नभएको तर बसोवास गरेको जमिन ठूला मात्रामा रहनु, जमिनको बितरणमा खाडल रहनु जस्ता स्थितिहरू विद्यमान छन् । तिनीहरू सामन्तवादका अवशेषहरू नै हुन् । अब नेपाली समाजलाई नयाँ स्तरबाट चौतर्फी रूपले लोकतान्त्रिकरण गर्ने र समाजवादउन्मुख बनाएर अघि बढाउने क्रममा, योजनाबद्ध प्रयाशका आधारमा यी अवेशषहरूलाई समाप्त पार्न सकिन्छ । सामाजिक-सांस्कृतिक क्षेत्रमा भने सामन्तवादको प्रभाव अझै पनि बलियो छ । छुवाछुत तथा जातीय विभेदका रूपमा, महिलामाथिको हिंसा र उत्पीडनका रूपमा तथा अन्धविश्वास, रुढी र धार्मिक जडताका रूपमा रहेका सामन्ती प्रभावलाई

*आजको नेपाली ग्रामीण जीवनमा सामन्तवाद, सामन्त वर्ग वा जमिन्दार वर्ग अब अवशेषका रूपमा मात्र छन् । हिजोको उनीहरूको ठाउँ अब धनी किसान वर्गले लिइरहेको छ र त्यो नै ग्रामीण जीवनमा उदाउँदो पूँजीपति वर्ग पनि हो ।*

समाप्त पार्न सचेत, योजनाबद्ध र प्रभावकारी सामाजिक-सांस्कृतिक रूपान्तरण अभियानको खाँचो छ ।

यसरी नेपाली समाजमा सामन्तवाद मूलभूतरूपमा बिघटित भएको छ र नेपाली समाज प्रारम्भिक प्रकारको पूँजीवादी समाजमा रूपान्तरित भएको छ । त्यसको अस्तित्व रहेको सम्पूर्ण ग्रामीण जीवनको वर्ग संरचनामा परिवर्तन भएको छ । हामीले विभिन्न जिल्ला, निर्वाचन क्षेत्र र गाउँहरूको स्थितिलाई वर्गीय हिसाबले हेर्ने हो भने त्यहाँ भूमिहीन र गरिब किसानहरू छन्, मध्यम किसानहरूको ठूलो पङ्क्ति छ, धनी किसानहरू छन् । तर अधियाँ, ठेक्का, कूत, ब्याजमरौनी जस्ता सामन्ती शोषण गरेर किसानहरूलाई शोषण गरिरहेको जमिन्दार वर्ग आमरूपमा बिघटित भएको छ । देशका कुना काप्चामा अझै त्यस्ता परिवारहरू भेटिन सक्छन्, तर तिनीहरू ग्रामीण क्षेत्रमा प्रभुत्व जमाउने अवस्थामा छैनन् । गाउँका गरिब र भूमिहीन किसानहरू धनी किसानहरूकोमा ज्याला मजदुरीमा काम गर्छन् । यो उनीहरू माथि भैरहेको पूँजीवादी शोषण हो । अब गाउँमा धनी किसानहरू बलिया बन्ने प्रक्रिया शुरु भएको छ । उनीहरूलाई फैलिँदो वित्तीय पूँजी र व्यापारिक पूँजीले दैनन्दिन आडभरोसा प्रदान गर्दै गइरहेको छ । त्यसैले आजको नेपाली ग्रामीण जीवनमा सामन्तवाद, सामन्त वर्ग वा जमिन्दार वर्ग अब अवशेषका रूपमा मात्र छन् । हिजोको उनीहरूको ठाउँ अब धनी किसान वर्गले लिइरहेको छ र त्यो नै ग्रामीण जीवनमा उदाउँदो पूँजीपति वर्ग पनि हो । अहिले हामीहरू धनी किसान अर्थव्यवस्थालाई अन्त्य गर्न सक्दैनौं, तर भूमिहीन, गरिब र मध्यम किसान जनतालाई ठूलो मात्रामा संगठित गर्ने, भूमिसुधारका माध्यमबाट भूमिहीन किसानमा जमिनको पहुँच सुनिश्चित गर्ने, उनीहरूलाई सहकारी र सामुहिक खेतीतिर उन्मुख पार्ने, समग्र कृषि कार्यलाई व्यवसायिकरण गर्ने र यान्त्रिकीकरण गर्ने काम गर्नु पर्छ । समग्र कृषि उद्यमलाई विकसित र सबल बनाउने लक्ष्यतिर अघि बढाउनु पर्छ ।

परिवर्तित सन्दर्भमा नेपाली समाजमा रहेका विभिन्न वर्गहरूको नयाँ ढङ्गले विश्लेषण गर्नुपर्ने, क्रान्तिका सहयोगी या विरोधीका रूपमा उनीहरूको भूमिका निर्क्यौल गर्नुपर्ने र परिवर्तित सन्दर्भमा वर्गसङ्घर्षको ठोस स्वरूप किटान गर्नुपर्ने आवश्यकता बोध भएको छ। पार्टीले आगामी दिनमा विभिन्न मञ्चहरूका माध्यमबाट समाजको अझ सघन अध्ययन गर्नेछ, वर्ग विश्लेषण गर्नेछ र पार्टीका नीतिहरूलाई समृद्ध बनाउनेछ।

## (ज) 'अर्धऔपनिवेशिकता' र राष्ट्रिय स्वाधीनताको सङ्घर्ष

उपनिवेशवादविरुद्ध राष्ट्रिय मुक्ति आन्दोलनहरूको विश्वव्यापी सफलता र दोस्रो विश्व युद्धको अन्त्यसँगै औपनिवेशिक युग आमरूपमा अन्त्य भयो। समाजवादी विश्व व्यवस्थाको स्थापनाले सीमित भू-भागहरूमा कायम उपनिवेशहरूलाई निरन्तरता दिन साम्राज्यवादी शक्तिहरूलाई सहज भएन। त्यसपछि साम्राज्यवादले परम्परागत औपनिवेशिक शोषणका रूपमा परिवर्तन ल्याउन थाल्यो। अन्य मुलुकका भू-भागमाथि कब्जा जमाउने र तिनमा प्रत्यक्ष नियन्त्रण कायम गर्ने परम्परागत तरिकाको ठाउँमा साम्राज्यवादी शक्तिहरूले आर्थिक शोषण, सांस्कृतिक उत्पीडन र राजनीतिक हस्तक्षेपका माध्यमबाट आफ्नो अप्रत्यक्ष नियन्त्रण कायम राख्ने तरिका अवलम्बन गर्न थाले। साम्राज्यवादी शोषणको यस नयाँ स्वरूप अन्तरगत तेस्रो विश्वका कतिपय देशहरू कानूनी हिसाबले त स्वतन्त्र एवम् सार्वभौमसत्तासम्पन्न देखिन्थे। तर उनीहरूको यो स्वतन्त्रता र सम्प्रभुता केवल औपचारिक मात्रै रहन गयो। आफ्नो राजनीतिक भविष्यका बारेमा आफै फैसला गर्न पाउने, विकासको बाटो तय आफै निर्धारण गर्न पाउने र आफ्ना प्राकृतिक साधन स्रोतहरूको उपयोग आफ्नै देशबासीका हितमा गर्न पाउने उनीहरूको आत्मनिर्णयको अधिकार प्रभुत्वशाली देशहरूको हस्तक्षेपले गर्दा कुण्ठित हुन पुग्यो। साम्राज्यवादी-प्रभुत्ववादी शक्तिहरूको दलाली गर्ने शासकहरूका कारण यी देशहरूको पराधीनता झनै बढ्दै गयो। साम्राज्यवादी शोषणको यही बदलिँदो रूप तथा चीन लगायतका कतिपय देशमा बाह्य शक्तिहरूले भू-भाग समेत हडप्ने अवस्थाबाट आक्रान्त तेस्रो विश्वका मुलुकहरूको खण्डित सार्वभौमिकताको स्थितिलाई संबोधन गर्न 'अर्धऔपनिवेशिक' पदावली प्रयोग हुँदै आएको हो।

*१९५० को 'शान्ति र मैत्री सन्धि' मार्फत् नेपाललाई भारतीय सुरक्षा छाताको मातहत राख्ने जस्ता कामहरूले निरन्तरता पाए । यिनै पृष्ठभूमिमा, नेपालको सार्वभौमसत्ता र स्वाधीनता खण्डित भएको निष्कर्षका साथ नेपाल कम्युनिष्ट पार्टीले नेपाल 'अर्धऔपनिवेशिक' अवस्थामा रहेको विश्लेषण गर्दै आएको हो ।*

नेपाल कहिल्यै कसैको प्रत्यक्ष औपनिवेशिकतामा नपरेको र संधैभरि आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्न सफल संसारका सीमित मुलुकमध्ये एक हो । दक्षिण एसियाका सबैजसो मुलुकहरू ब्रिटिश साम्राज्यवादको नियन्त्रणमा पुगेको र उत्तरी छिमेकी चीनमाथि विभिन्न साम्राज्यवादी देशहरूको औपनिवेशिक नियन्त्रण कायम भएको बेलामा समेत हाम्रा पुर्खाहरूले नेपालको स्वतन्त्रता कायम राख्न वीरतापूर्ण सङ्घर्ष र बलिदानी योगदान गरेका थिए । नेपालको एकीकरणमार्फत् आन्तरिक एकता बलियो बनाउँदै बाह्य हस्तक्षेपको सामना गर्ने र औपनिवेशिक बिस्तारका बिरुद्ध अन्य मुलुकहरूसँग समेत सहकार्यको पहल गर्ने हाम्रा अग्रजहरूको दूरदृष्टि र देशभक्तिको भावना हाम्रो अतीतको अत्यन्त सकारात्मक पक्ष हो । इतिहासको यस पक्षप्रति हामीले गर्व गर्नुपर्छ ।

ब्रिटिश साम्राज्यवाद बिरुद्ध भएको १८१४-१६ को युद्धमा पराजय, नेपालको झण्डै आधा भू-भाग गुमाउनु परेको अवस्था र अपमानजनक सुगौली सन्धिमा हस्ताक्षर गर्नुपर्ने बाध्यतापछि भने नेपालको उक्त गौरवगाथामा धक्का लाग्न पुग्यो । तत्पश्चात् सत्तासीन भएका शासकहरूले आमरूपमा अङ्ग्रेज उपनिवेशवादीहरूको हित रक्षा गर्दै नेपालको स्वाभिमानलाई कुण्ठित गर्दै लगे । गोर्खा भर्तीमार्फत् नेपाली युवाहरूलाई शक्ति राष्ट्रहरूको सीमा रक्षाका लागि भाडाका सिपाही बनाउने कामलाई संस्थागत गर्दै लग्ने काम भयो । १९४७ को गोर्खा भर्तीसम्बन्धी सन्धिले यसलाई निरन्तरता दियो । १९५० को 'शान्ति र मैत्री सन्धि' मार्फत् नेपाललाई भारतीय सुरक्षा छाताको मातहत राख्ने जस्ता कामहरूले निरन्तरता पाए । यिनै पृष्ठभूमिमा, नेपालको सार्वभौमसत्ता र स्वाधीनता खण्डित भएको निष्कर्षका साथ नेपाल कम्युनिष्ट पार्टीले नेपाल 'अर्धऔपनिवेशिक' अवस्थामा रहेको विश्लेषण गर्दै आएको हो ।

यो पृष्ठभूमि एउटा ऐतिहासिक यथार्थ हो । तर नेपालको अस्तित्व विश्व रङ्गमञ्चमा संधैंभरि एउटा सार्वभौम र स्वतन्त्र राष्ट्रको रूपमा सम्मानित रहँदै आएको यथार्थ पनि उत्तिकै सत्य हो । संयुक्त राष्ट्र सङ्घका प्रारम्भिक सदस्यहरूमध्ये एक (१९५५) नेपालले स्वतन्त्र ढङ्गले अन्तर्राष्ट्रिय मञ्चहरूबाट शान्ति स्थापना लगायत विभिन्न विषयमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । असङ्लग्न आन्दोलनका संस्थापक राष्ट्रको हैसियतले नेपालले तेस्रो विश्वका मुलुकहरूको स्वतन्त्रता र स्वाधीनताका निम्ति आवाज उठाउँदै आइरहेको छ । दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को पनि नेपाल संस्थापक सदस्य हो ।

लामो सङ्घर्ष, आन्दोलन र क्रान्तिको शृङ्खलापश्चात् हामी नेपालीहरू आफ्नो संविधान आफैं निर्माण गर्ने ऐतिहासिक बिन्दुमा आइपुगेका छौं । कस्तो राजनीतिक प्रणाली, राज्य संरचना र सामाजिक-आर्थिक नीतिहरू अवलम्बन गर्ने भन्ने औपचारिक निर्णय हामी आफैले गर्दैछौं । यसरी एउटा सम्प्रभु राष्ट्रका रूपमा आफ्नो सार्वभौम अधिकार प्रयोग गर्दै गइरहेको बेला नेपाललाई 'अर्धउपनिवेशी' भन्ने शब्दले संबोधन गर्नु उपयुक्त हुँदैन । हामीले नेपाल कहिल्यै कसैको उपनिवेश नरहेको र एउटा स्वतन्त्र एवम् सार्वभौम मुलुकका हैसियतले भूमिका खेलिरहेको सच्चाइलाई ध्यानमा राख्दै नेपाललाई स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न राष्ट्रकै रूपमा परिभाषित एवम् स्थापित गर्नु उचित हुन्छ। त्यसैले विगतदेखि नै पार्टीभित्र चलिरहेको यससम्बन्धी छलफललाई सकारात्मक निष्कर्षमा पुऱ्याउँदै अब उपरान्त नेपालको स्वतन्त्र अस्तित्व र सम्प्रभुतामाथि नै सन्देह उत्पन्न हुने गरी 'अर्धऔपनिवेशिक' पदावली प्रयोग नगर्ने निर्णय पार्टीले गरेको छ ।

तर यसको अर्थ नेपालको स्वाधीनताको सङ्घर्ष समाप्त भयो भन्ने किमार्थ होइन । हिजो कमरेड पुष्पलालले जुन तर्क र सन्दर्भमा यो विषयको उठान गर्नुभएको थियो, कतिपय समस्या र सन्दर्भहरू आज पनि कायमै छन् । आज पनि हामी आर्थिक रूपमा आत्मनिर्भर बन्नसकेका छैनौं । यसको कारण खालि हाम्रो अविकासको अवस्था मात्रै होइन, कतिपय असमान व्यापारिक-आर्थिक सम्बन्धहरूका कारणले पनि हो । नेपालमाथि बाह्य सांस्कृतिक प्रभाव कति गहिरो छ भन्ने कुराको थप व्याख्या गर्नु आवश्यक छैन । नेपालको सीमा समस्या अझै सुल्झिएको छैन र कालापानी, सुस्ता लगायत क्षेत्रमा हाम्रो भू-भाग अतिक्रमित अवस्थामा छ । १९५० को सन्धि, गोर्खा भर्ती सम्बन्धी सन्धि र अन्य कतिपय असमान-अपमानजनक सन्धिहरू खारेज नहुँदा नेपालको सार्वभौमसत्तामा आँच

*नेपाललाई नवऔपनिवेशिक तरिकाले आफ्नो प्रभुत्वमा राख्ने षडयन्त्र जारी नै छ र नवऔपनिवेशिक प्रकारका थिचोमिचो र आफ्नो प्रभुत्व लाद्ने षडयन्त्रहरू अहिले पनि भइरहेका छन् । लामो हिंसात्मक द्वन्द्व र लम्बिंदै गएको सङ्क्रमणकालका कारण राज्य कमजोर बन्दै जाँदा मुलुकको राजनीतिमा बाह्य चासो र हस्तक्षेप बढ्दै गएको छ ।*

पुगिरहेको अवस्था छ। नेपाललाई नवऔपनिवेशिक तरिकाले आफ्नो प्रभुत्वमा राख्ने षडयन्त्र जारी नै छ र नवऔपनिवेशिक प्रकारका थिचोमिचो र आफ्नो प्रभुत्व लाद्ने षडयन्त्रहरू अहिले पनि भइरहेका छन् । लामो हिंसात्मक द्वन्द्व र लम्बिंदै गएको सङ्क्रमणकालका कारण राज्य कमजोर बन्दै जाँदा मुलुकको राजनीतिमा बाह्य चासो र हस्तक्षेप बढ्दै गएको छ । नेपालको परराष्ट्र मन्त्रालयले हटाउनका लागि पत्र लेख्दा समेत भारतले अटेर गरी आफ्नो 'क्याम्प अफिस' विराटनगरमा अझै राखिरहेको अवस्था छ। पछिल्लो समय त नेपालको सुरक्षा, प्रशासन र जलस्रोतका कतिपय पक्षमा बाह्य शक्ति राष्ट्रहरूले "सूक्ष्म व्यवस्थापन (माइक्रो म्यानेजमेण्ट)' को हदसम्म रुचि राख्न थालेको देखिन्छ। त्यसैले नेपाललाई स्वतन्त्र, सार्वभौम र आत्मनिर्णयको अधिकारले युक्त राष्ट्रको रूपमा विश्लेषण गरिरहँदा हामीले राष्ट्रिय स्वाधीनताका यी विषयहरूमा स्पष्ट, सजग हुनुपर्छ र राष्ट्रिय सार्वभौमसत्ता बलियो बनाउने अभियानलाई रत्तिभर कमजोर पार्नु हुँदैन । नवऔपनिवेशिक शोषण र थिचोमिचोबाट देशलाई मुक्त गर्ने यो अभिभारा अरु कसैले होइन, देशभक्त र राष्ट्रवादी कम्युनिष्टहरूले मात्रै पूरा गर्न सक्छन् ।

यसै सन्दर्भमा हामीले हाम्रो राष्ट्रवादको पनि बदलिँदो परिस्थिति अनुरूप थप व्याख्या गर्नु पर्ने आवश्यकता छ । नेपाली राजनीतिमा राष्ट्रवादका बारेमा लामो समयसम्म अनेकौं भ्रम र अन्यौल कायम रहे । राजतन्त्रले आफ्नो तानाशाही सत्ताको रक्षाका लागि 'राष्ट्रवाद' को दुरूपयोग गऱ्यो। नेपाली काङ्ग्रेसले प्रजातन्त्रको मूल्यका नाममा राष्ट्रिय हितका प्रश्नलाई ओझेलमा पार्ने र बेवास्ता गर्ने काम गऱ्यो । कम्युनिष्ट आन्दोलनमा पनि राष्ट्रियता र जनवादको अन्तरसम्बन्धलाई सही ढङ्गले बुझ्ने विषयमा भ्रम र विचलन देखा पऱ्यो । यस्तो पृष्ठभूमिमा, एकातिर अन्धराष्ट्रवाद र अर्कातिर आत्मसमर्पणवाद जस्ता गलत प्रवृत्तिको आलोचना गर्दै जननेता मदन भण्डारीले प्रगतिशील राष्ट्रवादको अवधारणा अगाडि सार्नुभएको थियो। जसको मूल तात्पर्य हो - राष्ट्रवाद मूलतः आफ्ना राष्ट्रिय हितहरूको

रक्षा हो । हाम्रो राष्ट्रवाद कुनै अमूक राष्ट्रको विरोधमाथि आधारित राष्ट्रवाद होइन । हामी स्वतन्त्र, सार्वभौम र स्वाधीन राष्ट्रको रूपमा सम्मानित ढङ्गले विश्व राजनीतिक रङ्गमञ्चमा उभिन चाहन्छौं । हामी हाम्रा छिमेकीहरूसँग समानता, अहस्तक्षेप, पारस्परिक लाभ र स्वतन्त्रतामाथि आधारित विदेश नीतिका आधारमा सौहार्द्र सम्बन्ध विकास गर्न चाहन्छौं । हामी नेपाली भूमिलाई कसैका बिरुद्ध पनि प्रयोग हुन दिंदैनौं र अरुको भूमिबाट हाम्रा बिरुद्ध कुनै पनि गतिविधि नहोस् भन्ने चाहन्छौं । हामी छिमेकीहरूसँगको युगौं पुरानो सम्बन्धलाई बदलिँदो समय र परिप्रेक्ष्य अनुरूप पुनःपरिभाषित र नवीकृत गर्न चाहन्छौं, यसलाई आर्थिक समृद्धिको विषयमा केन्द्रित गर्न चाहन्छौं । हामी नेपालको प्राकृतिक स्रोतमाथि नेपाली जनताको अधिकारलाई अक्षुण्ण राख्दै यसको लाभ अन्य छिमेकी मुलुकसँग पनि साझेदारी गर्न चाहन्छौं । हामी सुरक्षा, परराष्ट्र सम्बन्ध लगायतका विषयमा आफ्नो निर्णय आफै गर्न स्वतन्त्र छौं र हाम्रो बहुपक्षीय सम्बन्धलाई कसैले पनि शङ्काको नजरले हेर्नु हुँदैन भन्ने मान्यता राख्छौं । हामी कसैको पक्ष या विपक्षमा गठबन्धनमा सामेल हुँदैनौं । श्रमजीवी वर्गको प्रतिनिधिका रूपमा हामी सर्वहारा अन्तर्राष्ट्रवादका सैद्धान्तिक मान्यतालाई समर्थन गर्छौं र साम्राज्यवाद, उपनिवेशवाद र एकाधिकार पूँजीवादका बिरुद्ध विश्व शान्ति, न्याय, समानता, स्वतन्त्रता र समाजवादप्रतिको पक्षधरतालाई लुकाउँदैनौं । तर हाम्रो परराष्ट्र सम्बन्ध निश्चित राजनीतिक विचारधाराबाट होइन, आधारभूत राष्ट्रिय हितबाट निर्देशित हुनेछ । यसरी हामीले राष्ट्रवाद र हाम्रो राष्ट्रियताको विषयलाई परिभाषित गर्नुपर्छ र छिमेकी लगायत मित्र राष्ट्रहरूसँग विषयआधारित सम्बन्धको विकास गर्नुपर्छ ।

## (झ) हाम्रो सन्दर्भमा राज्य, राष्ट्र र पहिचानको प्रश्न

नेपाल संसारका प्राचीनतम मुलुकमध्ये एक हो । पाँच हजार बर्षभन्दा लामो समयदेखि अस्तित्वमा रहेको नेपालसँग लामो इतिहास,गौरवशाली सभ्यता र समृद्ध सांस्कृतिक परम्पराको बिरासत छ । संसारका सबै मुख्य मानव प्रजातिहरू- आर्य, मङ्गोल, आष्ट्रिक र द्रबिडहरूको बसोबास रहेको नेपाल विगतदेखि नै विविधता र बहुलताको अनुपम सङ्गम रहँदै आएको छ । झण्डै तीन हजार बर्ष अगाडि नै शाक्य सभ्यता, विदेह सभ्यता, किरात सभ्यता, खस सभ्यता र वागमती सभ्यताको विकास गरेको र तिनका समृद्ध परम्पराहरूलाई आत्मसात् गर्दै र निरन्तरता दिंदै आएको नेपालको विकासक्रमको आफ्नै विशिष्टता र मौलिकता रहँदै आएको छ ।

*श्रमजीवी वर्गको प्रतिनिधिका रूपमा हामी सर्वहारा अन्तर्राष्ट्रवादका सैद्धान्तिक मान्यतालाई समर्थन गर्छौं र साम्राज्यवाद, उपनिवेशवाद र एकाधिकार पूँजीवादका बिरुद्ध विश्व शान्ति, न्याय, समानता, स्वतन्त्रता र समाजवादप्रतिको पक्षधरतालाई लुकाउंदैनौं ।*

लिच्छवीकालमा इलाहावादसम्म बिस्तारित र खस मल्लकालमा पनि उत्तराखण्डसम्म फैलिएको नेपाल विभाजन र एकीकरण, बिस्तार र सङ्कुचन तथा जय र पराजयको लामो शृङ्खला पार गर्दै अगाडि बढेको हो । पृथ्वीनारायण शाहको नेतृत्वमा सञ्चालित एकीकरणपश्चात् वर्तमान स्वरूपमा कायम भएको हो । नेपालको एकीकरणका पछाडि सामन्ती राज्य बिस्तारको चाहनाले पनि भूमिका खेलेको थियो होला । तर नेपालको एकीकरण ऐतिहासिक आवश्यकता थियो । नेपालको एकीकरणमा मूलतः तात्कालिक ऐतिहासिक-सामाजिक-आर्थिक कारणहरूले निर्णायक भूमिका खेलेका छन् । ६० वटा राज्य रजौटामा बाँडिएका र अन्त्यहीन युद्धका कारण आजित भएका जनताको एउटै बलियो राज्यको चाहना नेपालको एकीकरण पछाडिको मुख्य आधार थियो । स-साना टुक्रामा विभाजित राजकीय संरचनाले व्यापार-व्यवसायमा अवरोध सिर्जना भएका कारण असन्तुष्ट उदीयमान व्यवसायी-व्यापारी वर्गका चाहनाले पनि यस अभियानमा महत्वपूर्ण सहयोग पुऱ्याएको थियो । सर्वोपरी रूपमा, भारतमा अङ्ग्रेज उपनिवेशवादीहरूले गरेको राज्य बिस्तार र आक्रमणबाट सुरक्षित हुने ऐतिहासिक आवश्यकता नै एकीकरणका पछाडिको निर्णायक कारण थियो । तत्कालीन सन्दर्भमा यो एउटा प्रगतिशील कदम थियो । एकीकरणको यही प्रक्रियाबाट नै राज्य-राष्ट्रको रूपमा नेपालको ऐतिहासिक विकास क्रम अगाडि बढ्यो ।

युरोप आमरूपमा, एउटै भाषा संस्कृतिका समूहहरूको राष्ट्र बन्ने र पछि ती राष्ट्र नै राज्य बन्ने प्रक्रियाबाट अगाडि बढ्यो । त्यसैले त्यहाँ आज बनेका राष्ट्रहरू प्रायः एउटै जाति,भाषा र संस्कृतिको जगमा बनेका छन् । जर्मन जातिबाट जर्मनी, पोलिस जातिबाट पोल्याण्ड, डच जातिबाट नेदरल्याण्डस् र रुसी जातिबाट रुसको निर्माण त्यही ऐतिहासिक सन्दर्भको परिणाम हो । त्यसैले त्यहाँ तिनलाई राष्ट्र-राज्यका रूपमा चिन्ने गरिएको छ। तर हामीकहाँ भने राज्य र राष्ट्र निर्माणको प्रक्रिया भिन्न ढङ्गले अगाडि बढ्यो । विभिन्न जातीय समूहहरू कबिला

या जनजाति अवस्थामै रहेका र ती मध्ये कोही पनि राष्ट्रको तहमा विकसित नहुँदै एउटा विशेष ऐतिहासिक सन्दर्भ र प्रक्रियामा नेपाल राज्यको निर्माण भयो । त्यही राज्यभित्र ती विभिन्न समूहहरू आबद्ध हुँदै गए र नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुभौगोलिक विशेषतासहितको राष्ट्रका रूपमा विकसित हुँदै गयो । आज विश्व राजनीतिमा स्वतन्त्र, अविभाज्य र सार्वभौम राज्यको रूपमा नेपाल अस्तित्वमा छ । यही राज्यभित्र नेपाल एक राष्ट्रको रूपमा क्रियाशील छ । नेपालको अन्तरिम संविधानले 'बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रूपमा एक राष्ट्र हो' भनेर नेपाल राष्ट्रलाई सही ढङ्गले परिभाषित गरेको छ । छुट्टाछुट्टै ढुङ्गाका टुक्राहरू मिलेर बनेको पर्खालजस्तो होइन, लामो भौगर्भिक र रासायनिक परिवर्तनको प्रक्रियाबाट गुज्रिने क्रममा बनेको मार्बल जस्तो बनेर नेपाली समाज हुर्कियो । यस्तो मार्बल, जसमा अलग-अलग रङ्ग र आकार विद्यमान छन्, तर त्यसको आधार भने अविभाज्य र एउटै छ ।

नेपालका विभिन्न जाति जनजातिहरूलाई अलग राष्ट्रियता या अलग राष्ट्रको रूपमा व्याख्या गर्ने र नेपाललाई 'बहुराष्ट्रिय राष्ट्र', 'दुई राष्ट्रियता' या 'बहुराष्ट्रियता'का हिसाबले प्रस्तुत गर्ने तर्कहरू यदाकदा सुनिन्छन् । यो या त ऐतिहासिक विकासक्रमप्रतिको अज्ञानता र वर्तमानप्रतिको उपेक्षा हो, या सामाजिक यथार्थलाई निषेध गर्न चाहने बेइमानी हो । नेपालको एकीकरणको ऐतिहासिक आवश्यकता र महत्वलाई इन्कार गर्ने, त्यसलाई सामन्ती राज्य बिस्तारको अर्थमा अपब्याख्या गर्ने र त्यस क्रममा भएका कतिपय ज्यादतिलाई अतिरञ्जित गर्दै त्यसलाई उछाल्ने जस्ता हानीकारक सोचहरूलाई खण्डन गर्नुपर्छ । बहुजातीय-बहुभाषिक-बहुसांस्कृतिक विशेषतासहित नेपाल एक राष्ट्र बनेको तथ्यलाई इन्कार गर्दै यसैभित्र छुट्टाछुट्टै 'राष्ट्र' या 'राष्ट्रियता' को खोजी गर्ने कार्य नेपाली जनतालाई स्वीकार्य हुन सक्दैन ।

नेपालमा लामो समयसम्म कायम सामन्ती एकात्मक सत्ताका कारण विगतमा नेपालको यो बहुलता, विविधता र पहिचानलाई कमजोर पार्ने प्रयत्न हुँदै आए । केन्द्रमा सामन्ती राजतन्त्रको वैचारिक-सामाजिक-सांस्कृतिक आधार मजबुत पार्न समाजमा एक जाति, एक भाषा, एक धर्म र एक संस्कृतिको आधिपत्य स्थापित गर्ने प्रयत्न भए र सिङ्गो नेपालको पहिचानलाई तदनुकूल नै परिभाषित गर्ने प्रयाश भए । यहाँसम्म कि राष्ट्रवाद र राष्ट्रियताको प्रश्नलाई समेत राजवंशको अनुकूल

*हामीले जातीय, भाषिक र सांस्कृतिक पहिचानका मागलाई उचित संबोधन गर्दै राज्यसंरचनालाई लोकतान्त्रिक रूपान्तरण गर्नुपर्छ । राज्य, चाहे त्यो केन्द्रीय होस्, चाहे प्रादेशिक, जाति या धर्म सापेक्ष हुने कुरा लोकतन्त्रका आम मूल्यसँग मेल खाँदैन र त्यसो गर्नु विरोधाभाषपूर्ण हुन्छ ।*

हुने गरी व्याख्या गरियो । खास जाति विशेषका सांस्कृतिक मूल्य र परम्परालाई मात्र 'राष्ट्रिय संस्कृति' का मानकका रूपमा स्थापित गर्ने प्रयत्न गरिए । यसले गर्दा समाजका विभिन्न जातीय, भाषिक र सांस्कृतिक पहिचानहरू सङ्कटमा परे । संरचनागत विभेदका कारण कतिपय जाति या समुदायहरू राज्यमा पहुँच र प्रतिनिधित्वबाट बञ्चित भए, कति सीमान्तीकरणमा परे । त्यसैले आज समाजमा पहिचानको प्रश्न एउटा महत्वपूर्ण एजेण्डाका रूपमा अगाडि आएको छ, जुन स्वाभाविक हो । तर राज्य संरचनाको बहसमा सामन्ती एकात्मक राज्य संरचनाका कारण पहिचान गुमाएका समुदायको पहिचानको मागलाई नकारात्मक रूपमा हेर्ने, उनीहरूमाथिको विभेद अन्त्य गर्न संविधान र राज्यका नीतिमै विशेष व्यवस्था गर्नुपर्ने आवश्यकतालाई इन्कार गर्ने एवम् समाजको विविधता र बहुलतालाई सम्पदा होइन, बोझका रूपमा हेर्ने जस्ता गलत प्रवृत्तिहरू पनि प्रकट भएका छन् । यिनीहरू जातीय अहङ्कारवादी प्रवृत्ति हुन् र यस्तो दृष्टिकोण प्रगतिशील होइन । हामीले यस्ता गलत प्रवृत्तिको पनि आलोचना र विरोध गर्नुपर्छ ।

मान्छेका बहुपहिचान हुन्छन् र हामीले पहिचानबीचको सन्तुलनलाई ध्यान दिनैपर्छ। एकल पहिचानमा एकोहोरो जोडले समाजलाई ध्रुवीकृत बनाउँदै तनावग्रस्त गराउँदछ र द्वन्द्वतिर धकेल्छ । हामीले जातीय, भाषिक र सांस्कृतिक पहिचानका मागलाई उचित संबोधन गर्दै राज्यसंरचनालाई लोकतान्त्रिक रूपान्तरण गर्नुपर्छ । राज्य, चाहे त्यो केन्द्रीय होस्, चाहे प्रादेशिक, जाति या धर्म सापेक्ष हुने कुरा लोकतन्त्रका आम मूल्यसँग मेल खाँदैन र त्यसो गर्नु विरोधाभाषपूर्ण हुन्छ ।

राज्यको पुनःसंरचना गरिरहँदा हामी यही यथार्थबाट निर्देशित हुनेछौं । हाम्रा प्रत्येक सङ्घीय इकाईहरू बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक हुनेछन् । त्यसै संरचनाभित्र हामी अविकास र न्यून प्रतिनिधित्वको समस्या

झेलिरहेका र सीमान्तीकरण एवम् उपेक्षाको शिकार भइरहेका समुदायलाई सकारात्मक विभेदको नीतिका आधारमा अगाडि बढाउनेछौं ।

## (ञ) नयाँ संविधानका अन्तरवस्तु

हामीले आठौं राष्ट्रिय महाधिवेशनको राजनीतिक दस्तावेजमा भावी संविधानसम्बन्धी पार्टी दृष्टिकोणलाई प्रस्तुत गरेका छौं । त्यसैमाथि आधारित रहेर विगत संविधानसभामा पार्टीको तर्फबाट प्रारम्भिक अवधारणा समेत प्रस्तुत गरिसकिएको छ र तीमध्ये अधिकांश बिषयहरू विभिन्न समितिका प्रतिवेदन र प्रारम्भिक मस्यौदामा समेटिएका छन् । दोस्रो संविधानसभाको निर्वाचन घोषणापत्रमा पनि हामीले यस सम्बन्धी मान्यताहरूलाई परिस्कृतरूपमा प्रस्तुत गरेका छौं ।

यहाँ म नयाँ संविधानका अन्तरवस्तुबारे पार्टीको नवीकृत दृष्टिकोणलाई पुनः उल्लेख गर्न चाहन्छु ।

**क**) सङ्घीयता, लोकतन्त्र र गणतान्त्रिक राज्यव्यवस्थालाई आधार बनाएर संविधान निर्माण गरिनेछ । अग्रगामी लोकतन्त्र स्थापना संविधानको लक्ष्य हुनेछ । संविधानको प्रस्तावना र धारा-उपधारा सहितको सम्पूर्ण पक्ष यही राजनीतिक मान्यताबाट निर्दिष्ट हुनेछ ।

ख) राजकीय, सहकारी र निजी क्षेत्रको सन्तुलित सम्बन्धमाथि आधारित मिश्रित, सामाजिक-आर्थिक समानता र न्यायसहितको, समाजवाद-उन्मुख अर्थतन्त्र निर्माणलाई संविधानको उद्देश्यका रूपमा स्थापित गरिनेछ । सामन्तवादका बाँकी अवशेषहरूलाई अन्त्य गर्दै स्वाधीन, औद्योगिक र समृद्ध राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य स्पष्ट पारिनेछ । संविधानमार्फत् वैज्ञानिक भूमिसुधार सुनिश्चित गरिनेछ ।

ग) माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य, रोजगारी, आवासमा पहुँच र खाद्य अधिकार सहित आर्थिक-सामाजिक- सांस्कृतिक अधिकारलाई सुनिश्चित गरिनेछ । महिला, दलित,श्रमजीवी वर्ग, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडिएको क्षेत्र, भाषिक-धार्मिक-लैङ्गिक अल्पसङ्ख्यकहरू, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ

*अन्तरिम संविधानले सुनिश्चित गरेको र विगत संविधानसभामा सहमति भएको मानव अधिकारको प्रत्याभूति, राजनीतिक स्वतन्त्रता, समानताको हक र शोषण बिरुद्धको हकलाई थप स्पष्ट र सुनिश्चित गरिनेछ ।*

नागरिक लगायतका अधिकारको व्यवस्था गरिनेछ । आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारको प्रगतिशील कार्यान्वयनको संवैधानिक र जनउत्तरदायी व्यवस्था गरिनेछ ।

घ) नेपाललाई बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक, बहुभौगोलिक विविधतासहितको राष्ट्रका रूपमा थप सुदृढ गरिनेछ । बहुलता र विविधतालाई सम्पदाको रूपमा ग्रहण गर्दै सामाजिक सद्भाव सहितको राष्ट्रिय एकतामा जोड दिइनेछ ।

ङ) नेपालको परराष्ट्र नीतिका आधारभूत कुराहरू - संयुक्त राष्ट्र संघको बडापत्र, पञ्चशील र असङ्लग्नताका सिद्धान्तलाई सुस्पष्ट गरी अवलम्बन गरिनेछ । प्राकृतिक स्रोतहरूलाई नेपालको राष्ट्रिय हितमा उपयोग गरिनेछ ।

च) अन्तरिम संविधानले प्रत्याभूत गरिसकेको नेपाल राज्यको शक्तिको श्रोतका रूपमा नेपाली जनताको भूमिकालाई संवैधानिक रूपमा अझ स्पष्ट पारिनेछ । राज्यका महत्वपूर्ण निर्णय प्रक्रियामा जनताको मतलाई अन्तिम र निर्णायक मान्ने कुराको संवैधानिक सुनिश्चितता प्रदान गरिनेछ ।

छ) अन्तरिम संविधानले सुनिश्चित गरेको र विगत संविधानसभामा सहमति भएको मानव अधिकारको प्रत्याभूति, राजनीतिक स्वतन्त्रता, समानताको हक र शोषण बिरुद्धको हकलाई थप स्पष्ट र सुनिश्चित गरिनेछ ।

ज) सामाजिक सुरक्षालाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरिनेछ । ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाका लागि

थप स्पष्ट र प्रभावकारी व्यवस्था गरिनेछ । । लोककल्याणकारी राज्यको अवधारणा अनुरूप सामाजिक क्षेत्र र सामाजिक सुरक्षामा राज्यले पर्याप्त लगानी गर्ने कुरालाई संवैधानिकरूपमा अनिवार्य बिषय बनाइनेछ ।

झ) अन्तरिम संविधानले स्वीकार गरिसकेको र विगत संविधानसभाले पनि आत्मसात् गरेको धर्म निरपेक्षता, धार्मिक स्वतन्त्रता र धार्मिक सहिष्णुताको बिषयलाई अङ्गिकार गरिनेछ ।

ञ) छुवाछुत र जातीय विभेदलाई सामाजिक अपराधको रूपमा दण्डनीय बनाउने कानूनी व्यवस्थालाई थप स्पष्ट पारिनेछ । दलित समुदायका अधिकारको विशेष व्यवस्था गरिनेछ ।

ट) स्वतन्त्र न्यायपालिकाको अवधारणालाई आत्मसात् गर्दै संविधान र कानूनको अन्तिम ब्याख्याताको रूपमा सर्वोच्च अदालतको भूमिकालाई स्पष्ट पारिनेछ । निश्चित कार्यादेशसहित संवैधानिक अदालतको व्यवस्था गरिनेछ ।

ठ) राज्यका सबै अङ्गमा महिला, दलित, आदिवासी-जनजाति, मधेसी, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यकहरूको समावेशी समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई आत्मसात् गरिनेछ । यस सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्ने कानून ल्याइनेछ ।

ड) नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषाको सम्मान प्रदान गरिनेछ । नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा कार्यान्वयन गरिनेछ । भाषाहरूको संरक्षण र विकासका लागि संवैधानिक भाषा आयोगको व्यवस्था गरिनेछ ।

ढ) लोकतन्त्रको आधारस्तम्भका रूपमा दलहरूको लोकतान्त्रिकरणको संवैधानिक व्यवस्था गरिनेछ । सुशासन, पारदर्शिता र जनमुखी सेवालाई राज्यको दायित्वका रूपमा निर्दिष्ट गरिनेछ ।

ण) अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, लोकसेवा आयोग र राष्ट्रिय मानव अधिकार आयोगलाई थप सुदृढ गर्ने व्यवस्था गरिनेछ । महालेखा परीक्षकलाई महालेखा परीक्षण आयोगका रूपमा व्यवस्था गरिनेछ । महिला, दलित, मुस्लिम, दुर्गम क्षेत्र जस्ता सीमान्तकृत, पछाडि पारिएका र उत्पीडित समुदायको समावेशीकरणका लागि

*नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषाको सम्मान प्रदान गरिनेछ । नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा कार्यान्वयन गरिनेछ । भाषाहरूको संरक्षण र विकासका लागि संवैधानिक भाषा आयोगको व्यवस्था गरिनेछ ।*

संवैधानिक समावेशी आयोगको व्यवस्था गरिनेछ। प्राकृतिक स्रोतको न्यायोचित उपयोग र सङ्घीय इकाईबीच राजस्वको समन्यायिक बितरणका लागि वित्तीय आयोगको व्यवस्था गरिनेछ।

त) महिला समानताको संवैधानिक प्रत्याभूति गर्दै अंश, वंश, प्रजनन, सम्बन्ध विच्छेदमा महिलाको विशेष अधिकार तथा राज्यका अङ्गमा न्यूनतम एक तिहाई सहभागिताको प्रत्याभूति गरिनेछ।

थ) सबै नेपालीहरूले सहज र सरल ढङ्गले नागरिकता पाउने सुनिश्चितता गरिनेछ। नागरिकतामा रहेको लैङ्गिक विभेद अन्त्य गरिनेछ। राज्यका महत्वपूर्ण पदमा निर्वाचित हुन वंशजका आधारमा नागरिकता प्राप्त हुनैपर्ने कुराको सुनिश्चितता गरिनेछ।

द) आदिवासी-जनजातिका सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक अधिकारको प्रत्याभूति गरिनेछ। पहिचान, प्रतिनिधित्व र पहुँचको अधिकारलाई सुनिश्चित गरिनेछ। नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय अभिसन्धि र अनुबन्धहरूको पालना गरिनेछ।

ध) अधिकारसम्पन्न र स्वायत्त स्थानीय सरकारको व्यवस्थामार्फत् जनताको स्वशासनको संवैधानिक प्रत्याभूति गरिनेछ।

माथिका बिषयहरूका सम्बन्धमा विगत संविधानसभामा आमरूपमा सहमति भइसकेको छ। शासकीय स्वरूपका बारेमा बहस जारी छ। हाम्रो पार्टी हामीले पहिले अघि सारेकै धारणामा अहिले पनि दृढ छ। नयाँ संविधानसभाले विगतका सहमतिहरूलाई निर्क्यौल गर्दै स्वामित्व ग्रहण गर्ने निर्णय गरिसकेको परिप्रेक्ष्यमा पार्टीले नयाँ संविधानमा यी कुराहरूलाई निरन्तरता दिन र थप स्पष्ट, उन्नत र परिस्कृत गर्न भूमिका खेल्नेछ। तर अघिल्लो संविधानसभामा सहमति हुन

नसकेका सङ्घीयताको ढाँचा, शासकीय स्वरूप र निर्वाचन प्रणालीका सम्बन्धमा पार्टी दृष्टिकोणलाई निम्नानुसार थप स्पष्ट पार्नु पर्दछ :

**सङ्घीयताका सम्बन्धमा–** अघिल्लो संविधानसभाको पहिलो बैठकबाटै हामीले नेपाललाई 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र' घोषणा गरिसकेका छौं । राजनीतिक र संवैधानिक हिसाबले समेत सुनिश्चित गरिएको सङ्घीयताको बारेमा अब पनि कुनै आशङ्का राखिराख्नु र सङ्घीयताका 'पक्षधर' र 'विरोधी'का नाममा राष्ट्रिय राजनीतिलाई ध्रुवीकृत गर्न खोज्नु गलत हो । संविधानसभाको दोस्रो निर्वाचनमा सङ्घीयता विरोधी राजनीतिक शक्तिहरूको प्रभाव झनै खुम्चिएको तथ्यले पनि नेपाली समाजले सङ्घीयतालाई आमरूपमा आत्मसात् गरेको स्पष्ट देख्न सकिन्छ । तर पनि कतिपय दलहरूले सङ्घीयतालाई एकल जातीय पहिचानमा सीमित गरेको र पहिचानका नाममा कतिपय अतिवादी क्रियाकलाप समेत प्रकट भएकाले समाजमा एक खालको अस्पष्टता र आशङ्का भने विद्यमान नै छ । सङ्घीयताको ढाँचा निर्धारण गर्दा हामीले यसलाई स्पष्ट पार्नेपर्छ ।

हामीहरूले मूलतः पाँचवटा कारणले मुलुकलाई सङ्घीय ढाँचामा रूपान्तरित गर्ने निर्णय गरेका हौं : पहिलो, हाम्रो जस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक समाजमा सङ्घीय ढाँचाले विविधतालाई राज्य संरचनामा प्रतिबिम्बित गर्न र सबै समुदायलाई राज्यप्रतिको अपनत्वभाव विकास गर्न सघाउँछ। दोस्रो, यसले इतिहासको विरासतको रूपमा रहेको असमान विकासलाई अन्त्य गर्न र औपचारिक समानता होइन, पछाडि परेका/पारिएका समुदायलाई व्यवहारमै समानता प्रदान गर्न मद्दत गर्छ। तेस्रो, राज्यमा समान पहुँच र प्रतिनिधित्वका माध्यमबाट राष्ट्रिय एकतालाई थप प्रबर्द्धन गर्न सघाउँछ। चौथो, यसले असमान विकास र प्रतिनिधित्वबिहीनता या न्यून प्रतिनिधित्वका कारण उत्पन्न हुनसक्ने सामाजिक द्वन्द्वलाई न्यून गर्न मद्दत गर्छ। सङ्घीयतामार्फत् समावेशी विकास सुनिश्चित हुने र विकास र समृद्धि हासिल गर्न सहयोग पुग्ने हुनाले यो सामाजिक द्वन्द्व व्यवस्थापनको सकारात्मक माध्यम हो । पाँचौं, सङ्घीयताले राज्यको सुविधा जनताको आँगनमै उपलब्ध गराउने हुनाले यसले स्थानीय तहसम्मै लोकतन्त्रको सुदृढीकरण र सुशासनलाई टेवा पुऱ्याउँछ। सङ्घीयताबाट प्राप्त गर्न खोजेका हाम्रा मुख्य उद्देश्यहरू यिनै हुन् ।

सङ्घीयता आफैमा गतिशील बिषय भएको र प्रादेशिक या स्थानीय सरकार स्थापना गर्दै तिनलाई हुर्काउन लामो समय लाग्ने भएकोले आजको सन्दर्भमा अवशिष्ट अधिकार केन्द्रमा रहने कुरालाई हामीले सुनिश्चित गर्नुपर्छ। सङ्घीय

*हामीले बहुपहिचान सहितका सातवटा सङ्घीय प्रदेशको अवधारणा अगाडि सारेका छौं । प्रत्येक सङ्घीय प्रदेश साझा र मिश्रित बसोबास तथा जनताको समान अधिकार सुनिश्चितता सहितको हुनेछ । केन्द्र (सङ्घीय सरकार), प्रदेश र स्थानीय सरकारबीच अधिकारको स्पष्ट बाँडफाँट हुनेछ ।*

इकाईहरूको रेखाङ्कन गर्दा स्रोतहरूको बितरणमा असमानता सिर्जना नहोस् र त्यसले भोलि द्वन्द्व सिर्जना गर्ने स्थिति उत्पन्न नहोस् भन्ने कुरामा सजगता अपनाउनु पर्छ। त्यसरी नै निश्चित इकाई अरुभन्दा जानसाङ्ख्यिक दृष्टिले धेरै बलियो या साधनस्रोतका हिसाबले अति सम्पन्न हुने र अरु धेरै कमजोर या बिपन्न हुने स्थिति नआओस् भन्ने कुरामा ध्यान पु¥याउनु पर्छ। सबै प्रदेशहरू बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय हुने कुराको सुनिश्चितता गरिनुपर्छ। साझा भाषा, साझा राष्ट्रिय मनोभावना र साझा आर्थिक आधारहरूको बिस्तारमार्फत् सिङ्गो राष्ट्रलाई थप एकीकृत गरेर राष्ट्रिय एकताको सूत्र निर्माण गर्नुपर्छ।

यसै आधारमा हामीले बहुपहिचान सहितका सातवटा सङ्घीय प्रदेशको अवधारणा अगाडि सारेका छौं। प्रत्येक सङ्घीय प्रदेश साझा र मिश्रित बसोबास तथा जनताको समान अधिकार सुनिश्चितता सहितको हुनेछ। केन्द्र (सङ्घीय सरकार), प्रदेश र स्थानीय सरकारबीच अधिकारको स्पष्ट बाँडफाँट हुनेछ। अधिकारको सूची विगत संविधानसभामा सहमति भए अनुरूपको हुनेछ। प्रदेशहरूको नामाकरण प्रदेश सभाले गरेबमोजिम हुनेछ।

**शासकीय स्वरूप–** शासकीय स्वरूप निर्माण गर्दा हामीले निश्चित आधारहरू अगाडि बढाउँदै आएका छौं। लगातारको राजनीतिक अस्थिरता नेपाली राजनीतिको मुख्य चुनौती भएको र यसले लोकतन्त्रलाई कहिल्यै पनि संस्थागत हुन नदिएको तथ्यलाई ध्यानमा राखेर हामीले राजनीतिक स्थायित्वलाई टेवा पु¥याउने खालको शासकीय स्वरूप हुनुपर्छ भन्दै आएका छौं। तर उत्तरदायित्व बिनाको राजनीतिक स्थायित्वले अधिनायकवाद जन्माउने र नेपाल इतिहासदेखि नै यसबाट पीडित भएकाले हामीले अवलम्बन गर्ने शासकीय स्वरूपले यी दुई पक्षबीच सन्तुलन मिलाउनै पर्छ। त्यसरी नै, शासकीय स्वरूप निर्धारण गर्दा यसले समावेशी र सहभागितामूलक शासनको हाम्रो प्रतिबद्धतालाई पनि टेवा पु¥याउन सकोस्, यसले

राष्ट्रिय एकतालाई प्रबर्द्धन गरोस् र लोकतन्त्रलाई सुदृढ गर्न मद्दत गरोस् भन्ने कुरालाई पनि हामीले ध्यानमा राख्नुपर्छ । यसका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र संसदबाट निर्वाचित संवैधानिक राष्ट्रपति रहेको मिश्रित शासकीय स्वरूप बढी उपयुक्त हुन्छ भन्ने पार्टी दृष्टिकोण छ । नयाँ शासकीय स्वरूपमा नियन्त्रण र सन्तुलनको पद्धतिको विशेष व्यवस्था गरिनेछ ।

**निर्वाचन प्रणाली**–हामीले संविधानसभाका लागि मिश्रित निर्वाचन प्रणाली अवलम्बन गर्दै आएका छौं । जनता र जनप्रतिनिधिबीच जिवन्त सम्बन्ध निर्माणका लागि, जनप्रतिनिधिहरूलाई मतदाताप्रति उत्तरदायी बनाउनका लागि र जनताबाट राजनीतिक नेतृत्व विकासका लागि पहिलो हुनेले जित्ने (प्रत्यक्ष) निर्वाचन प्रणाली बढी फलदायी छ । तर यसले मात्रै हाम्रो जस्तो समाजमा प्रतिनिधित्वको प्रश्नलाई पूर्ण रूपले संबोधन गर्न सक्दैन । यसमा विभिन्न बिकृतिहरू पनि उत्पन्न भएका छन् र निर्वाचन ज्यादै महङ्गो बन्दै गएको अवस्था छ । यसलाई नियन्त्रण गर्न राजनीतिक दलहरूले प्राप्त गरेको मतका आधारमा राज्यले अनुदान दिने (स्टेट फण्डिङ)को व्यवस्था अवलम्बन गर्नु उचित हुनेछ। विभिन्न कारणले पछाडि पारिएका, प्रतिस्पर्धी क्षमता विकास भइनसकेका र सीमान्तीकरणमा रहेका समुदायको प्रतिनिधित्वका लागि समानुपातिक प्रणाली पनि अपरिहार्य छ । त्यसैले आगामी दिनमा पनि मिश्रित प्रणालीलाई निरन्तरता दिइनेछ ।

संविधानसभाको लागि बनाइएको ठूलो विधायिकालाई सानो आकारमा झारिनेछ र दुबै निर्वाचन प्रणालीतर्फ देखा परेका बिकृतिहरू (प्रत्यक्षतर्फ अत्यधिक खर्चिलो, व्यक्तिवादी र पैसा, जातीयता र बलजस्ता कुरा हावी हुँदै गएको स्थिति तथा समानुपातिकतर्फ संख्या ठूलो र नेतृत्वको मनोगत दृष्टिकोण हावी हुने र मूल्याङ्कनको वैज्ञानिक पद्धति नहुने आदि) लाई सुधार गर्न संविधानमै आवश्यक व्यवस्था गरिनेछ ।

नयाँ संविधान निर्माणका सम्बन्धमा हामी पार्टीका उपरोक्त आधारभूत मान्यताका पक्षमा दृढ रहँदै अन्य दलहरूलाई पनि यी बिषयमा सहमत गराउन निरन्तर प्रयत्नशील रहनेछौं । तर संविधान निर्माणको बिषय वर्तमान शक्ति सन्तुलनको स्थितिबाट निर्देशित हुने हुनाले कतिपय बिषयमा लचकता अपनाउनु पर्ने स्थिति पनि उत्पन्न हुन सक्छ । संविधानका बिषयमा अन्तिम निर्णय गर्दा पार्टीले महाधिवेशनमा कमरेडहरूबाट प्राप्त महत्वपूर्ण सुझावहरूलाई गम्भीरतापूर्वक ध्यान दिनेछ ।

*नयाँ संविधान निर्माणका सम्बन्धमा हामी पार्टीका उपरोक्त आधारभूत मान्यताका पक्षमा दृढ रहँदै अन्य दलहरूलाई पनि यी बिषयमा सहमत गराउन निरन्तर प्रयत्नशील रहनेछौं । तर संविधान निर्माणको बिषय वर्तमान शक्ति सन्तुलनको स्थितिबाट निर्देशित हुने हुनाले कतिपय बिषयमा लचकता अपनाउनु पर्ने स्थिति पनि उत्पन्न हुन सक्छ ।*

## (ट) परनिर्भरताको विरासत र राष्ट्रिय विकासको मौलिक बाटो

परनिर्भरताको बिडम्बनापूर्ण यथार्थ हाम्रो सन्दर्भमा ठूलो राजनीतिक, सामाजिक आर्थिक चुनौतीका रूपमा रहँदै आएको छ। मुलुकको स्वाधीनता, सम्प्रभुता र राष्ट्रियताको सुदृढीकरणका लागि परनिर्भरता मुख्य व्यवधान बनेर खडा भएको छ ।

नेपालको एकीकरणले एकीकृत सामन्ती राज्यको सुदृढीकरणलाई भरपर्दो आधार तयार गरिदिएको थियो । यसले सामन्ती उत्पादन पद्धतिलाई विकसित गर्दै यसलाई संस्थागत स्वरूप प्रदान गऱ्यो भने सामन्ती उत्पादन पद्धतिको गर्भबाट पूँजीवादी विकासका लागि आवश्यक वातावरण पनि तयार गर्दै थियो । एकीकृत राज्यको तुलनात्मक स्थिरताको अवस्थामा मात्रै पूँजीवाद जन्मिन र हुर्किन सक्थ्यो । तर राज्य एकीकरणको प्रक्रिया नसकिँदै १८१६ को सुगौली सन्धिमार्फत् नेपालमाथि ब्रिटिश साम्राज्यवादको परोक्ष नियन्त्रण बढ्न थालेपछि नेपालमा पूँजीवाद विकासको स्वाभाविक गति अबरुद्ध हुन पुग्यो । विश्व पूँजीवादी बजारसँग नेपाली अर्थतन्त्र जोडिदै जानाले राष्ट्रिय अर्थतन्त्रको विकासका सामु नयाँ चुनौती थपिए । गोर्खा भर्तीमार्फत् नेपालका उर्जावान् युवाहरूलाई अङ्ग्रेज-भारतको स्वार्थका लागि भाडाका सिपाही बनाएर राणाहरूले एकैसाथ दुईवटा उद्देश्य प्राप्ति गरे- एकातिर मुलुकभित्र संभाव्य विरोध या विद्रोहलाई मत्थर पार्ने र अर्कातिर त्यस बापत् प्राप्त हुने रोयल्टीमार्फत् विलासी जीवन बिताउने । कोत पर्वपछिको एकसय वर्ष (२००७ सालसम्म) नेपालको श्रम र स्रोत राणाहरूको भोगविलासमा खर्च भयो अर्थात् भोगविलास नै राणा शासकहरूको उद्देश्य बन्यो । नेपालको परनिर्भरताको दुःखान्त अध्याय त्यसै क्रममा सुरु भयो ।

२००७ सालको आन्दोलनले राणाशासनलाई समाप्त गरे पनि सामन्तवादलाई अन्त्य गर्न सकेन। विभिन्न षडयन्त्र, दाउपेच र 'कु' मार्फत् सत्ता हत्याउन सफल राजाहरूले २०४६ सालसम्म सामन्ती राजकीय नियन्त्रणभित्र मुलुकको 'विकास'का प्रयास गरे। यस अवधिमा पूर्वाधारको विकास र विदेशी सहायतामा केही सार्वजनिक संस्थानहरूको स्थापना जस्ता कामहरू भए पनि लोकतन्त्र र खुल्ला वातावरणको अभावमा स्वदेशी अर्थतन्त्रको विकास हुनसक्ने संभावना थिएन। दरबार निकटका बाहेक अरुले व्यापार व्यवसाय गर्न पनि अप्ठ्यारो पर्ने त्यस्तो तानाशाहीमा अर्थतन्त्र फस्टाउने आधार नै तयार भएन। आन्तरिक बचत र लगानीको प्रक्रिया अवरुद्ध भयो। आन्तरिक उत्पादन नभएपछि त्यसको ठाउँ बाह्य उत्पादनले लिँदै गयो र नेपाली अर्थतन्त्र झन् परनिर्भर हुँदै गयो। तानाशाही सत्ता टिकाउनका लागि विदेशीहरूका अनुचित शर्तहरूको पालनाले राजनीतिमा पनि बाह्य प्रभाव कसिलो बन्दै गयो। २०४० को दशकमा सुरु गरिएको संरचनागत सुधार योजनाले नेपालको अर्थतन्त्रमा बाह्य नीति निर्माताहरूको प्रभावलाई थप बलियो बनाउँदै लग्यो।

२०४७ सालमा प्रजातन्त्र स्थापित त भयो, तर नेपाली काङ्ग्रेसले भूमण्डलीकरणको हावा र विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैङ्क जस्ता वित्तीय संस्थाहरूको निर्देशनमा आँखा चिम्लेर लागू गरेका खुल्ला बजार अर्थतन्त्र, निजीकरण र उदारीकरणका नीतिहरूले नेपाललाई थप परनिर्भर बनाउँदै लगे। भएका सीमित सार्वजनिक संस्थानहरूलाई पनि निजीकरण गर्दै लैजाँदा अर्थतन्त्रमा सार्वजनिक पूँजीको हिस्सा घट्दै गयो। किसानहरूलाई मल, बिउ र सिचाइमा दिइएका सीमित अनुदान पनि हटाउँदै लैजाँदा कृषि उत्पादन झनै घट्यो र किसान झनै सीमान्त गरिबीमा फँस्दै गए। शिक्षा र स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा समेत सरकारको लगानी कम गर्दै लगियो। यसले पनि परनिर्भरतालाई बढाउँदै लग्यो। एकातिर यी गलत नीतिहरू र अर्कातिर माओवादीले सुरु गरेको हिंसात्मक आन्दोलनका कारण राज्य झनै कमजोर हुँदै गयो र अर्थतन्त्रका क्षेत्रमा मात्रै होइन, राज्यका हरेक क्षेत्रमा बाह्य निर्भरता बढ्दै गयो। आफ्नो आन्तरिक द्वन्द्वको व्यवस्थापनका लागि समेत बाह्य सहायता खोज्नु पर्ने बाध्यताले राज्यको परनिर्भरताको यो नियतिलाई उत्कर्षमा पुऱ्याइदियो। मुलुकमा जनवादी क्रान्ति गर्ने भनेर हिंसा सुरु गरेका माओवादीहरूका अपारदर्शी, शङ्कास्पद र विदेशी शक्तिहरूसँगका संश्रयकारी नीतिहरूले पनि यो स्थितिलाई झन् बढाए।

*नेपाली काङ्ग्रेसले भूमण्डलीकरणको हावा र विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैङ्क जस्ता वित्तीय संस्थाहरूको निर्देशनमा आँखा चिम्लेर लागू गरेका खुल्ला बजार अर्थतन्त्र, निजीकरण र उदारीकरणका नीतिहरूले नेपाललाई थप परनिर्भर बनाउँदै लगे ।*

२०६५ सालमा लोकतान्त्रिक गणतन्त्र आयो तर नेपाली अर्थतन्त्रको मुख्य प्रवृत्ति फेरिएको छैन । आज पनि अन्तरराष्ट्रिय व्यापार, श्रम, ऋण तथा अनुदानमार्फत जसरी हाम्रा सम्बन्धहरू बिस्तार हुँदैछन् त्यसरी नै विश्व वित्तीय पूँजीवादसँग हामी जोडिँदै छौँ । उत्पादन तथा व्यापारमा हाम्रो पराश्रयले नीतिहरूमा हाम्रो पराश्रयलाई बढाएका छन् । यसले राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउने र स्वदेशी उत्पादन क्षमतालाई बढाउने होइन, विश्व वित्तीय पूँजीवादको प्रभाव र नियन्त्रणलाई अझै बढाउँदै लगेको छ । चुक्ता गर्न बाँकी विदेशी ऋण ४ खर्बभन्दा बढी पुग्नु, प्रतिव्यक्ति विदेशी ऋण १९ हजारभन्दा बढी हुनु र बार्षिक बजेटमा पूँजीगत खर्चको ५४ प्रतिशतभन्दा बढी हिस्सा विदेशी ऋण/अनुदानमाथि आश्रित रहनुले परनिर्भरताको डरलाग्दो तस्बिर देखाउँछ । राष्ट्रिय पूँजीपति वर्गले कठिनाइको सामना गरिरहेको छ र यस्तो वातावरणले दलाल पूँजीको प्रभाव बिस्तारलाई टेवा पुऱ्याउँदैछ । परनिर्भरताको यस्तो प्रक्रियाले कतिपय राजनीतिक दलका नेताहरूलाई समेत विचलित तुल्याइरहेको छ । राजनीतिमा बाह्य प्रभाव, अर्थतन्त्रमा परनिर्भरता, बिकृत पूँजीवादी संस्कृतिको बर्चस्व र आफ्ना सरोकारका बिषयमा आफै फैसला गर्न पाउने आत्मनिर्णयको अधिकारको निरन्तर क्षयीकरण हाम्रा सामु रहेका गम्भीर चुनौतीहरू हुन् ।

यस चुनौतीको सामना गर्न हामीले राष्ट्रिय पूँजीको विकास गर्ने, राष्ट्रिय वजारलाई बिस्तार गर्ने, स्वाधीन अर्थतन्त्रलाई सुदृढ गर्ने विकासको मौलिक बाटोको प्रबर्द्धन गर्न जरुरी छ । परनिर्भरताको यो प्रक्रिया र स्थितिलाई प्रभावकारी रूपमा फेर्न जरुरी छ । यसका लागि हामीले सर्वप्रथम चिन्तनमा रहेको परनिर्भरतालाई हटाउनु पर्छ र विदेशी निर्देशन, सहयोग या सहभागिताबेगर केही गर्न सकिँदैन भन्ने पराश्रयी दृष्टिकोण त्याग्नुपर्छ । सही नीतिका माध्यमबाट छोटो समयमै नेपाललाई प्रगति,समुन्नति र समृद्धिको लक्ष्यमा पुऱ्याउन सकिन्छ भन्ने विश्वासले मात्रै विकासको मौलिक बाटोको तर्जुमा र नीति निर्माणमा अभिप्रेरित गर्नेछ ।

हामीले हाम्रो विकासको सही अर्थ-राजनीतिक दिशा निर्धारण गर्नुपर्छ। विश्व वित्तीय पूँजीवादसँगको संश्रय, वित्तीय संस्थाहरूका नीतिहरूको अन्धानुकरण र अन्धाधुन्ध बाह्य लगानी भित्र्याएर पनि विश्वका कतिपय भू-भागमा 'विकास' भएको छ। तर यस्तो विकास आम जनता र श्रमजीवी वर्गको जीवन माथि उठाउन होइन, लगानीकर्ताहरूको समृद्धिका लागि मात्रै उपयोगी भएको छ। यस्तो विकासले श्रमजीवी वर्गलाई झनै सीमान्तीकरणमा धकेलिदिन्छ। त्यसैले हामीले विकासको त्यस्तो मौलिक बाटोको पहिचान गर्नुपर्छ, जसले सबै जनतालाई समृद्ध तुल्याउँछ।

यसका लागि हामीले श्रम शक्तिको विकासका लागि ढोका खोल्न सक्नुपर्छ। परम्परागत कृषि पेशाबाट अलग्गिँदै गरेको तर सही विकल्पको अभावमा खुम्चिएर बस्न बाध्य श्रम शक्तिको विकासको लागि परिस्थिति तयार गर्नु हाम्रो मुख्य चुनौती हो। यसका लागि भूमिसुधार, कृषिको समग्र संरचनागत परिवर्तन तथा कृषिको व्यवसायिकरण हाम्रो प्राथमिकताको बिषय बन्नुपर्छ।

आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि राज्यको भूमिका अपरिहार्य हुन्छ। राज्य केवल सहजकर्ता मात्रै हो र उसले अर्थतन्त्रमा भूमिका खेल्नु हुँदैन भन्ने नवउदारवादी मान्यता गलत हो। पूँजीवादी विकासको प्रारम्भिक चरणमा रहेको हाम्रो जस्तो देशमा राज्यले पूर्वाधार निर्माण, सामाजिक क्षेत्रमा व्यापक लगानी तथा समग्र अर्थतन्त्रको नियमनकारी र नेतृत्वदायी भूमिका खेल्न सकेमा मात्रै अथर्तन्त्रले जिवन्तता र गति प्राप्त गर्न सक्छ।

छरिएको पूँजीलाई बचत गर्दै पूँजी निर्माणमा सङ्केन्द्रित गर्नु आवश्यक छ। यतिबेला मुलुकका हजारौं सहकारीहरूले अर्बौं पूँजी सङ्कलन गरेका छन्, तर त्यो पूँजी उत्पादनमूलक काममा लाग्न सकेको छैन। प्रति बर्ष रेमिट्यान्सबाट मात्रै झण्डै ४ खर्ब रूपियाँ भित्रिने गरेको छ, जसको ९० प्रतिशतभन्दा बढी अंश उपभोगमा खर्च हुने गरेको छ। देशका १ करोड २० लाख बचतकर्ताहरूबाट झण्डै ८ खर्ब निक्षेप जम्मा भएको छ, जसबाट अहिलेसम्म सीमित ऋणीहरूले मात्रै लाभ उठाइरहेका छन्। यो पूँजी पनि उत्पादक क्षेत्रमा प्रवाहित हुन सकिरहेको छैन। यसबाहेक, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, सेना र प्रहरीका कल्याणकारी कोष जस्ता सार्वजनिक वचतका क्षेत्रहरू पनि छन्, जुन सञ्चितिको पूँजी निर्माणमा पर्याप्त सदुपयोग हुन सकिरहेको अवस्था छैन। राज्यले सही क्षेत्र पहिल्याउन सक्ने हो र वचतकर्ताहरूलाई विश्वासमा लिन सक्ने हो भने हाम्रा धेरै विकास आयोजनाहरूको लागि स्वदेशी पूँजी पर्याप्त हुनेछ।

*पूँजीवादी विकासको प्रारम्भिक चरणमा रहेको हाम्रो जस्तो देशमा राज्यले पूर्वाधार निर्माण, सामाजिक क्षेत्रमा व्यापक लगानी तथा समग्र अर्थतन्त्रको नियमनकारी र नेतृत्वदायी भूमिका खेल्न सकेमा मात्रै अथर्तन्त्रले जिवन्तता र गति प्राप्त गर्न सक्छ ।*

कर तिर्नुलाई नागरिकको कर्त्तव्यको रूपमा स्थापित गर्न र करको सदुपयोग हुने वातावरणको निर्माण गर्न सकियो भने राष्ट्रिय अर्थतन्त्रका मुख्य क्षेत्रहरू आफ्नै स्रोतबाट परिचालन गर्ने आधार निर्माण गर्न सकिन्छ ।

कृषिको व्यवसायिकरण, जलस्रोतको बहुपक्षीय उपयोग, पर्यटनको समग्र विकास र मानव संशाधन तुलनात्मक लाभका क्षेत्र हुन् । नेपालको रमणीय हावापानीमा उत्पादित अर्गानिक कृषि उपज, जडिबुटी, बनस्पति र वनजन्य पैदावारहरू विदेशी बजारका लागि आकर्षणका बिषय बन्न सक्छन् । जलस्रोतलाई उर्जा, सिचाई, नदी नियन्त्रण, जलविहार, जलयातायात र पर्यावरणीय सन्तुलनका लागि अधिकतम सदुपयोग गर्न सकिन्छ, जसमा द्विपक्षीय-बहुपक्षीय साझेदारीका समेत संभावनाहरू छन् । प्राकृतिक र सांस्कृतिक धरोहरको अनुपम नमूना नेपाल विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्य बन्नसक्ने र यसले हाम्रो आर्थिक समृद्धिमा मात्रै होइन विश्व सम्बन्ध बिस्तारमा समेत ठूलो भूमिका खेल्न सक्छ । जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा युवाहरू रहेको नेपालसँग मानव संशाधनको विकासका लागि उत्कृष्ट संभावना छ । नेपालीहरूले इमान्दार, परिश्रमी, निष्ठावान र आतिथ्येयको पहिचान बनाएका छन् र उचित शिक्षा, सीप र दक्षताको विकासद्वारा हामीले छोटो समयमै ठूलो फड्को मार्न सक्छौं ।

नेकपा (एमाले) कै पहलमा मुलुकले सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहभागिता रहने तीन खम्बे अर्थतन्त्रको संवैधानिक व्यवस्था गरेको छ । सार्वजनिक क्षेत्रले शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता सामाजिक क्षेत्रहरूका साथै ठूला भौतिक पूर्वाधारहरू, रक्षा, सूचना सञ्चार र वातावरणको क्षेत्रमा अग्रणी भूमिका खेल्नेछ । सहकारीले देशैभरि छरिएका साना पूँजी सङ्कलन गरी उत्पादन, बितरण र रोजगारी सिर्जनामा ठूलो भूमिका खेल्नेछ । राज्यले निजी क्षेत्रको स्वतन्त्र विकास र अर्थतन्त्रमा त्यस क्षेत्रले अहम् भूमिका खेल्ने वातावरणको निर्माण गर्नेछ ।

सम्पत्तिको सुरक्षाको संवैधानिक प्रबन्ध र लगानीका लागि उपयुक्त वातावरणको निर्माणले निजी क्षेत्रको निर्वाध विकासका लागि आधार निर्माण गर्नेछ ।

राष्ट्रिय हित अनुरूप विदेशी पूँजी, प्रविधि र लगानी भित्र्याउने नीति जनताको बहुदलीय जनवादले अवलम्बन गरेको छ । यसका लागि हाम्रो प्राथमिकताका क्षेत्र निर्धारण गरिनेछन् र विदेशी लगानीको सुरक्षाको आवश्यक प्रबन्ध गरिनेछ । तर प्राथमिकता तय गर्ने, शर्तहरू स्वीकार गर्ने या नगर्ने जस्ता बिषय हाम्रो निर्णयका बिषयहरू हुन् । हामी विदेशी पूँजी र प्रविधिलाई आर्थिक आत्मनिर्भरता र राष्ट्रिय अर्थतन्त्रको विकासका लागि उपयोग गर्न चाहन्छौं, हाम्रो परनिर्भरतालाई अझ बढाउन होइन । यसका लागि नेपालले विभिन्न दातृ निकाय र लगानीकर्तासँग राष्ट्रिय हितलाई प्राथमिकतामा राखेर नयाँ उचाइबाट वार्ता थाल्नुपर्छ ।

विगतमा अवलम्बन गरिएका नवउदारवादी र राज्य नियन्त्रित आर्थिक विकासका दुबैथरि बाटाहरू विश्वव्यापीरूपमै असफल भएका छन् । बजारलाई अनियन्त्रित र राज्यलाई भूमिकाबिहीन बनाएर अगाडि बढाइएको नवउदारवादी अर्थतन्त्रले आज विश्वव्यापी आर्थिक सङ्कट निम्त्याएको छ र स्वयम् यसका प्रवक्ताहरू राज्यको नियामक भूमिकाको पक्षमा आउन बाध्य भएका छन् । तेस्रो विश्वमा थोपरिएका नवउदारवादी आर्थिक नीतिहरूले ती देशहरूलाई पछौटे अवस्थामै राखिरहन र ती देशमा धनी र गरिबको दूरी असामान्य ढङ्गले बढाउन निर्णायक भूमिका खेलेका छन् । त्यसरी नै, विगतमा सोभियत सङ्घ लगायत मुलुकले अवलम्बन गरेको राज्य नियन्त्रित अर्थतन्त्रले नोकरशाही पूँजीपति वर्गको निर्माण गरेको छ र त्यो बाटो पनि असफल भएको छ । त्यसैले हामीले विकासको यस्तो मौलिक बाटो अवलम्बन गर्नेछौं, जहाँ राज्य, सहकारी र निजी क्षेत्रको समन्वयात्मक भूमिका हुनेछ । जहाँ तीव्र आर्थिक बृद्धिदर र बितरणमा न्याय, सम्पत्ति आर्जन र पूँजी बृद्धिका लागि निर्वाध स्वतन्त्रता र प्रगतिशील कर प्रणाली तथा भौतिक र मानव विकासको बीचमा उचित सन्तुलन कायम गरिनेछ । जहाँ सामाजिक सुरक्षाका माध्यमबाट समाजका बिपन्न र सीमान्तकृत वर्गको उत्थान गरिनेछ र राज्यमा श्रमजीवी वर्गको प्रतिनिधित्व, पहुँच र प्रभाव बिस्तार गर्दै राज्यलाई श्रमजीवी वर्गको पक्षमा रूपान्तरित गर्दै लगिनेछ । सामाजिक न्यायसहितको आर्थिक विकास हाम्रो आर्थिक नीतिको सार हुनेछ र जनवादी व्यवस्थाको सुदृढीकरण गर्दै समाजवादको आधार तयार गर्नु मुख्य दिशा हुनेछ । छोटो समयमै तीव्र आर्थिक विकास गर्ने र हाम्रा दुई विशाल छिमेकीहरूको तीव्र आर्थिक समृद्धिबाट अधिकतम लाभ लिने गरी आवश्यक नीतिहरू तर्जुमा गरिनेछ ।

*सामाजिक न्यायसहितको आर्थिक विकास हाम्रो आर्थिक नीतिको सार हुनेछ र जनवादी व्यवस्थाको सुदृढीकरण गर्दै समाजवादको आधार तयार गर्नु मुख्य दिशा हुनेछ । छोटो समयमै तीव्र आर्थिक विकास गर्ने र हाम्रा दुई विशाल छिमेकीहरूको तीव्र आर्थिक समृद्धिबाट अधिकतम लाभ लिने गरी आवश्यक नीतिहरू तर्जुमा गरिनेछ ।*

## (ठ) जनताको बहुदलीय जनवादको सिद्धान्तः रक्षा, प्रयोग र विकासका २२ बर्ष

जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त हो । यो समाजको गुणात्मक रूपान्तरण गर्ने कार्यक्रम मात्र होइन, त्यस्तो कार्यक्रमको निरूपण, त्यसका रणनीतिहरूको तर्जुमा, त्यस्तो रणनीति कार्यान्वयन गर्ने पार्टीको निर्माण एवम् हाम्रा दैनन्दिन आचरण र व्यवहारलाई दिशानिर्देश गर्ने सिद्धान्त समेत हो । मार्क्सवादका सार्वभौम सच्चाइहरूलाई नेपाली क्रान्तिको विशिष्ट व्यवहारमा लागू गर्ने क्रममा जनताको बहुदलीय जनवादको विकास भएको हो ।

जनताको बहुदलीय जनवादको सिद्धान्त निर्माणमा तीनवटा आधारहरूको महत्वपूर्ण भूमिका छ । नेपालको लोकतान्त्रिक आन्दोलनको अविभाज्य अङ्गको रूपमा नेपाल कम्युनिष्ट पार्टीले खेलेको महत्वपूर्ण भूमिका, मार्क्सवादको प्रकाशमा राज्य, क्रान्ति र पार्टी निर्माण सम्बन्धमा पार्टीले विकास गर्दै ल्याएका मौलिक अवधारणाहरू र सोभियत मोडेल समाजवादको असफलताका शिक्षा तथा परिवर्तित परिस्थितिमा क्रान्तिलाई मौलिक ढङ्गले अगाडि बढाउनु पर्ने समयको मागले जनताको बहुदलीय जनवादको प्रतिपादनमा मुख्य भूमिका खेलेका छन् ।

नेपालको कम्युनिष्ट आन्दोलन नेपालको लोकतान्त्रिक आन्दोलनको अभिन्न अङ्गका रूपमा जन्मियो र तदनुरूप विकसित हुँदै आयो । राणाशासन, पञ्चायती तानाशाही र राजतन्त्रका बिरुद्ध सङ्घर्षको अग्रिम मोर्चामा सङ्घर्षरत् कम्युनिष्ट पार्टीले नागरिक स्वतन्त्रता, बहुदलीय प्रतिस्पर्धा, विधिको शासन, आवधिक निर्वाचन, मानव अधिकारको प्रत्याभूति लगायत लोकतन्त्रका आधारभूत मान्यताको पक्षमा अनवरत सङ्घर्ष गर्दै आएको थियो । पार्टीले उठाउँदै र सङ्घर्षका दौरान

स्थापित गर्दै आएका ती मूल्यहरूलाई पार्टीको कार्यक्रममा समायोजन गर्नु र तिनलाई सैद्धान्तिकृत गर्नु जरुरी थियो । कमरेड पुष्पलालले अगाडि सार्नुभएको लोकतन्त्रको झण्डालाई थप उचो उठाउनु पर्ने थियो । लोकतान्त्रिक आन्दोलनको यही लामो इतिहास र पार्टीको भूमिकाले जनताको बहुदलीय जनवाद प्रतिपादनमा महत्वपूर्ण भूमिका खेलेका छन् ।

मार्क्सवादलाई जडसूत्रको रूपमा ग्रहण गर्ने र मूलतः चिनियाँ क्रान्तिका विशिष्ट अनुभवहरूलाई यान्त्रिक रूपले ग्रहण गर्ने परम्पराबाट नेपाली कम्युनिष्ट आन्दोलनलाई अलग गर्ने क्रममा तीस र चालिसको दशकमा तत्कालीन नेकपा (माले) भित्र गम्भीर वैचारिक-सैद्धान्तिक बहसहरू भए । ती बहसको दौरानमा पार्टीले प्रधान अन्तरविरोध, मूल नारा र क्रान्तिको आम र ठोस कार्यक्रम, प्रतिक्रियावादी सत्ताभित्र संसदीय सङ्घर्षको उपयोग जस्ता प्रश्नहरूमा अत्यन्त महत्वपूर्ण र ऐतिहासिक निष्कर्षहरू निकाल्दै आयो । उग्रवामपन्थी गल्तीलाई सच्याउँदै पार्टीले जनआन्दोलन, जनसङ्गठन र लोकतन्त्रका निम्ति बुर्जुवा वर्गसँग संयुक्त मोर्चासम्बन्धी नयाँ अवधारणाहरू विकास गर्‍यो । चौथो महाधिवेशनपूर्व नै हामीहरू नेपाली क्रान्तिको बाटो चिनियाँ, रुसी या भारतको जस्तो होइन, आफ्नै मौलिक प्रकृतिको हुनेछ भन्ने निष्कर्षमा पुगिसकेका थियौं । यिनै निष्कर्षहरूलाई थप विकास गर्ने क्रममा कमरेड मदन भण्डारीको नेतृत्वमा पार्टीले जनताको बहुदलीय जनवादलाई कार्यक्रम र सिद्धान्तको रूपमा अगाडि बढाएको हो ।

सोभियत मोडलको समाजवादको बिफलता र सोभियत सङ्घको बिघटन एउटा यस्तो परिघटना थियो, जसले अक्टोबर समाजवादी क्रान्तिपछि सुरु भएको नयाँ युगको एउटा चरणलाई नै अन्त्य गरिदियो । विश्वको राजनीतिक शक्ति सन्तुलनमा भयङ्कर ठूला प्रतिकूलता सिर्जना भए र मार्क्सवादको सान्दर्भिकता तथा समाजवादको भविष्यमाथि पूँजीपति वर्गले ठूलो आक्रमण गर्‍यो । 'इतिहासको अन्त्य' र 'विचारको मृत्यु' जस्ता भविष्यवाणी हुँदै गरेका बेला मार्क्सवादको सहीपना र समाजवादको अपरिहार्यतामाथि दृढ विश्वास कायम गर्नु सहज थिएन । तर दृढ विश्वास प्रकट गर्नु मात्रै पनि पर्याप्त हुँदैनथ्यो । यो धक्काको पछाडिका कारणहरूको अन्वेषण तथा निरूपण गर्नु जरुरी थियो । क्रान्ति र समाजवाद निर्माणको नयाँ बाटो पहिल्याउन जरुरी थियो । यही ऐतिहासिक आवश्यकता पूरा गर्ने सन्दर्भमा जनताको बहुदलीय जनवादको प्रतिपादन भएको हो ।

*'इतिहासको अन्त्य' र 'विचारको मृत्यु' जस्ता भविष्यवाणी हुँदै गरेका बेला मार्क्सवादको सहीपना र समाजवादको अपरिहार्यतामाथि दृढ विश्वास कायम गर्नु सहज थिएन । तर दृढ विश्वास प्रकट गर्नु मात्रै पनि पर्याप्त हुँदैनथ्यो । यो धक्काको पछाडिका कारणहरूको अन्वेषण तथा निरूपण गर्नु जरुरी थियो ।*

पाँचौं राष्ट्रिय महाधिवेशनमा नेपाली क्रान्तिको कार्यक्रमका रूपमा जनताको बहुदलीय जनवाद अगाडि सारिरहँदा निश्चित सैद्धान्तिक मान्यताहरूले हामीलाई दिशानिर्देश गरिरहेका थिए। अर्थात् जनताको बहुदलीय जनवादको सिद्धान्तले जनताको बहुदलीय जनवादी कार्यक्रम तर्जुमा गर्न मार्गदर्शन गरेको थियो । हिंसालाई क्रान्तिको पर्यायवाची ठान्ने परम्परागत मान्यताको परित्याग, आन्दोलनका रूपहरू विरोधीहरूका भूमिकामाथि निर्भर रहने मान्यताको ब्याख्या र परिवर्तित परिस्थितिमा समाजको शान्तिपूर्ण रूपान्तरणको संभावनाको विकास, जनवादी तथा समाजवादी सत्तामा बहुदलीय प्रतिस्पर्धा तथा लोकतान्त्रिक प्रणालीको अवलम्बन जस्ता बिषयहरू राजनीतिक क्षेत्रमा जवजले विकसित गरेका सैद्धान्तिक मान्यताहरू थिए । मिश्रित अर्थतन्त्र, सामन्ती भू-स्वामित्वको अन्त्यलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न क्षतिपूर्तिको नीति, विदेशी पूँजी र प्रविधिको प्रयोग तथा जनवादी क्रान्तिपछि समाजवादमा सङ्क्रमणका लागि लामो तयारी र तीनवटा चरणहरू हुँदै अगाडि बढ्ने मान्यता अर्थतन्त्रको क्षेत्रमा गरिएका नयाँ सैद्धान्तिक विकासहरू थिए । त्यसरी नै, समाजको (वर्गीय) सार अनुरूपको शासन प्रणालीको स्वरूप बहुदलीय हुने र बहुलवादलाई आत्मसात् गर्ने बिषयहरू दर्शनका क्षेत्रमा अघि सारिएका नयाँ मान्यताहरू थिए ।

यद्यपि, हामीले त्यतिबेला जनताको बहुदलीय जनवादको सिद्धान्तको नामाकरण र यसलाई परिभाषित गर्ने काम गरेनौं ।

२०५१ सालको मध्यावधि निर्वाचनमा सबैभन्दा ठूलो दलको रूपमा निर्वाचित भएपछि नेकपा (एमाले)को नौ महिने सरकारको कार्यकाल जनताको बहुदलीय जनवादको पहिलो सफल प्रयोग थियो । त्यसले क्रान्तिपूर्व पनि जनताको अभिमतबाट कम्युनिष्ट पार्टी सरकारमा पुग्न सक्छ र प्रगतिशील सुधारका कार्यक्रमहरू लागू गर्दै क्रान्तिकारी शक्ति सञ्चयलाई अगाडि बढाउन सक्छ

भन्ने परिकल्पनालाई व्यवहारिकरूपमै पुष्टि गऱ्यो । अल्पावधिमै पनि सरकारले सञ्चालन गरेका विकासका नयाँ र जनताकै सहभागिता र स्वामित्वमा सञ्चालन गरिने मोडल, त्यस सरकारले अगाडि सारेका सामाजिक सुरक्षाका कार्यक्रमहरू र श्रमजीवी वर्गको पक्षमा चालेका कदमहरूले नेपालमा लोककल्याणकारी राज्यको नयाँ दृष्टान्त प्रस्तुत गरे र विकासको धार परिवर्तन गरे । त्यतिबेला यी कार्यक्रमहरूको चर्को विरोध गर्ने नवउदारवादीहरू होउन् या उग्रवामपन्थीहरू, सबैले त्यही कार्यक्रमलाई अनुशरण गर्ने स्थिति सिर्जना हुनु जबजको सहीपनाको पुष्टि हो । यसैको निरन्तरताको रूपमा २०५४ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचनमा विजयी अनेकौं जनप्रतिनिधिहरूले स्थानीय विकास, जनसेवा र समुदायको सशक्तीकरणका नयाँ मानकहरू निर्माण गरे । यिनै अनुभवका आधारमा पार्टीले छैटौं राष्ट्रिय महाधिवेशनमा जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको कार्यक्रम मात्रै होइन, निर्देशक सिद्धान्त समेत हो भनेर स्थापित गऱ्यो ।

आठौं महाधिवेशनले जनताको बहुदलीय जनवादका विभिन्न सैद्धान्तिक पक्षहरूका बारेमा सबिस्तार चर्चा गर्दै यसले नेपाली समाजको विश्लेषण, आधारभूत र प्रधान अन्तरविरोधको सम्बन्ध, क्रान्तिको कार्यदिशा, क्रान्तिका पक्षधर र विरोधी वर्गहरूको विश्लेषण, क्रान्तिकारी संयुक्त मोर्चा, सर्वहारा-श्रमजीवी वर्गीय पार्टी निर्माण, मानव जातिले आर्जन गरेका लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात् गर्ने, समाजको शान्तिपूर्ण र लोकतान्त्रिक रूपान्तरणको नयाँ संभावना, क्रान्ति र सुधारको अन्तरसम्बन्ध, राज्य पुनः संरचना, प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने, आवधिक निर्वाचनका माध्यमबाट निरन्तर जनअनुमोदित हुने, अल्पमतको संवैधानिक संरक्षण, कानूनी राज्य र मानव अधिकारको संरक्षण, नयाँ अर्थतन्त्र निर्माण, सामाजिक-सांस्कृतिक रूपान्तरण र जातीय समानता, जनवादी क्रान्तिका तीन चरण र समाजवादमा सङ्क्रमण जस्ता प्रश्नमा कसरी नयाँ सिद्धान्तको विकास गरेको छ भन्ने कुरा सबिस्तार विश्लेषण गरेको छ ।

जनताको शक्तिमाथि आधारित भएर शान्तिपूर्ण ढङ्गले क्रान्ति सम्पन्न गर्ने र लोकतान्त्रिक विधिबाट जनवादी-समाजवादी सत्ताहरू सञ्चालन गर्ने बिषय नै जनताको बहुदलीय जनवादी सिद्धान्तको सार हो । क्रान्तिकारी लक्ष्य यसको सार हो र लोकतान्त्रिक विधि यसको स्वरूप हो । जनवादी राज्यसत्ता यसको सार हो र बहुदलीय प्रतिस्पर्धाका माध्यमबाट श्रेष्ठता हासिल गर्नु यसको स्वरूप हो । शान्तिपूर्ण ढङ्गले जनवादी-समाजवादी क्रान्ति सम्पन्न गर्न सक्ने गरी आन्तरिक लोकतन्त्रले युक्त सङ्गठन निर्माण गर्नु पार्टी निर्माणसम्बन्धी यसको मान्यता हो ।

*जनताको शक्तिमाथि आधारित भएर शान्तिपूर्ण ढङ्गले क्रान्ति सम्पन्न गर्ने र लोकतान्त्रिक विधिबाट जनवादी-समाजवादी सत्ताहरू सञ्चालन गर्ने बिषय नै जनताको बहुदलीय जनवादी सिद्धान्तको सार हो । क्रान्तिकारी लक्ष्य यसको सार हो र लोकतान्त्रिक विधि यसको स्वरूप हो ।*

यसरी, सिद्धान्तको रूपमा जनताको बहुदलीय जनवादले हामीलाई निरन्तर मार्गदर्शन गरिरहेको छ । व्यवहारमा लागू गर्ने क्रममा हामीले नयाँ अनुभवहरू हासिल गर्दै आएका छौं र ती अनुभवहरूको संश्लेषणले जनताको बहुदलीय जनवादलाई निरन्तर समृद्ध गर्दै लगिरहेका छन् । जनताको बहुदलीय जनवादको सिद्धान्तले पूँजीवादी-जनवादी क्रान्तिलाई पूर्णता दिँदै समाजवादमा सङ्क्रमण गर्ने र समृद्ध समाजवाद निर्माण गर्ने अवस्थासम्म हामीलाई मार्गदर्शन गरिरहनेछ ।

जनताको बहुदलीय जनवादको प्रतिपादन भएयता बाइस बर्ष व्यतीत भएका छन् । यस अवधिमा जनताको बहुदलीय जनवादको रक्षा, प्रयोग र विकासका सन्दर्भमा अनेकौं कामहरू भएका छन् र महत्वपूर्ण अनुभवहरू हासिल भएका छन् । तिनको सङ्क्षिप्त चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

बितेका बाइस बर्षका उथलपुथलपूर्ण राजनीतिक सङ्घर्ष र विचारधारात्मक प्रतिस्पर्धामा जनताको बहुदलीय जनवादको सच्चाइ अकाट्य ढङ्गले पुष्टि भएको छ । राजतन्त्रले प्रतिनिधित्व गर्ने सामन्ती प्रतिगामी विचारका बिरुद्ध जनताको बहुदलीय जनवादले चलाएको वैचारिक राजनीतिक सङ्घर्ष सफल भएको छ र जबजकै परिकल्पना अनुरूप राजतन्त्रको अन्त्य भएर मुलुक लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित भएको छ । २०४७ सालको संविधानलाई अपरिवर्तनीय, संवैधानिक राजतन्त्रलाई अपरिहार्य र खुल्ला बजार अर्थतन्त्र तथा निजीकरण-उदारीकरणलाई एकमात्र आर्थिक मोडेल ठान्ने नेपाली काङ्ग्रेस संविधानसभा र गणतन्त्रसम्म आइपुग्नु र सामाजिक-आर्थिक-सांस्कृतिक अधिकारलाई समेत स्वीकार्न बाध्य हुनु जनताको बहुदलीय जनवादले यथास्थितिवादका बिरुद्ध अनवरत रूपले चलाउँदै आएको सङ्घर्षका परिणाम हुन् । त्यसरी नै, जनताको बहुदलीय जनवाद र नेकपा (एमाले) ले अवलम्बन गरेको बाटोलाई अस्वीकार गर्दै हतियार उठाएको नेकपा (माओवादी) का हिंसा, सेना र अधिनायकवादसम्बन्धी वैचारिक मान्यताहरू

खण्डित हुनु र ऊ पनि प्रकारान्तरले नेकपा (एमाले) ले हिंडेकै पदचिह्न पछ्याउन आइपुग्नु जबजको वैचारिक श्रेष्ठता र विजयका दृष्टान्तहरू हुन् ।

नेपाली राजनीतिलाई नयाँ युगमा पदार्पण गराउने २०६२/०६३ को परिवर्तनको वैचारिक स्रोत जनताको बहुदलीय जनवाद नै हो । नेपाली काङ्ग्रेसको गन्तव्य २०४७ सालको संविधान र संसदको पुनःस्थापना थियो । यस अर्थमा उसका लागि २०६३ बैशाख ११ गते नै आन्दोलनको लक्ष्य पूरा भएको थियो । माओवादीले त शस्त्रबलद्वारा सत्ता कब्जा नै गर्न चाहन्थ्यो र बैशाख ११ को घोषणालाई धोखा भन्दै जनतालाई विद्रोहमा ओर्लिन आह्वान समेत गरेको थियो । तर जनताले ती दुबै थरि सोचलाई अस्वीकार गरिदिए । कमरेड मदन भण्डारीले २०४७ सालको संविधानमा राख्नु भएका आलोचनाका २७ बुँदाहरूलाई नै पुनःस्थापित प्रतिनिधिसभाको घोषणाले आत्मसात गर्नु, अन्तिम समयसम्म पनि 'आलङ्कारिक', 'सांस्कृतिक' या 'शिशु राजतन्त्र' को पक्षमा रहेको नेपाली काङ्ग्रेस गणतन्त्रमा आइपुग्नु र विद्रोह र शान्तिका दुईवटा परस्परविरोधी कार्यदिशाको बीचमा अन्त्यसम्म पनि ढलपलाइरहेको माओवादी अन्ततोगत्वा लोकतान्त्रिक गणतन्त्रको बाटोमा आइपुग्नु जनताको बहुदलीय जनवादका विजयका ज्वलन्त दृष्टान्त हुन् । नयाँ संविधानको मस्यौदा प्रतिवेदनमा कसरी नेकपा (एमाले)का विचार र जनताको बहुदलीय जनवादको मान्यता स्थापित गरिएका छन् भन्ने कुरा माथि नै चर्चा गरिसकिएको छ ।

यसरी जनताको बहुदलीय जनवादको विकासका लागि हामीले विगत बाइस बर्षमा गरेका प्रयाश, तिनको कार्यान्वयनको अवस्था र विकास गरिएका नयाँ सैद्धान्तिक अवधारणाहरूले यसलाई हामी कसरी सिर्जनात्मक ढङ्गले अगाडि बढाइरहेका छौं भन्ने पुष्टि गर्छ ।

आज विश्वव्यापी रूपमै समाजवादी विकल्पको खोजी तीव्र हुँदै जानु, कम्युनिष्ट आन्दोलनमा जडसूत्रवादी र उग्रवामपन्थी मान्यताहरू पराजित हुँदै जानु र शान्तिपूर्ण प्रतिस्पर्धा र लोकतान्त्रिक विधिबाट अगाडि बढिरहेको वामपन्थी धारले विश्वका विभिन्न भू-भागमा नयाँ ढङ्गले सफलता प्राप्त गर्दै जानुले जनताको बहुदलीय जनवादले अगाडि सारेका मान्यताहरूको वैज्ञानिकता र यसको दूरदृष्टिलाई थप पुष्टि गर्छ । आगामी दिनमा हामीले जबजका नवीनतम मान्यतासम्बन्धमा अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत प्रचारप्रसार, अन्तरक्रिया र छलफललाई अगाडि बढाउनेछौं ।

*माओवादीले त शस्त्रबलद्वारा सत्ता कब्जा नै गर्न चाहन्थ्यो र बैशाख ११ को घोषणालाई धोखा भन्दै जनतालाई विद्रोहमा ओर्लिन आह्वान समेत गरेको थियो । तर जनताले ती दुबै थरि सोचलाई अस्वीकार गरिदिए ।*

सिद्धान्तको विकास क्रमिक ढङ्गले अगाडि बढ्दै जाने हो । सुरुमा केही सैद्धान्तिक-दार्शनिक अवधारणा, पूर्व अनुभव र भावी पूर्वानुमानमा आधारित भएर सिद्धान्तहरू निर्माण हुन्छन् । व्यवहारमा लागू हुने क्रममा तिनको परीक्षण हुन्छ र तिनीहरू अझ उन्नत र समृद्ध हुँदै जान्छन् । फेरि तिनीहरूले अझ उन्नत स्तरको व्यवहारलाई मार्गदर्शन गर्छन् र प्राप्त अनुभवका आधारमा थप विकसित हुँदै जान्छन् । सिद्धान्तको निर्माण र विकासको यही द्वन्द्वात्मकताको क्रममै कार्यक्रमको रूपमा अगाडि सारिएको जनताको बहुदलीय जनवादले सिद्धान्तको रूपमा विकास गरेको छ ।

निश्चय नै, बिगत बाइस बर्षको व्यवहारमा, जनताको बहुदलीय जनवादलाई लागू गर्ने क्रममा कमी-त्रुटिहरू पनि रहन गएका छन् । खास गरी, लोकतान्त्रिकरणको पक्षमा बढी जोड दिने तर क्रान्तिकारीकरणको पाटो बिर्सने, क्रान्ति पूर्व पनि सत्तामा जान सकिने मान्यतालाई ग्रहण गर्ने तर त्यसका लागि जनताको स्पष्ट अभिमतको पक्ष बिर्सने, पार्टीभित्र प्रतिस्पर्धालाई क्रान्तिकारी रूपान्तरणको लक्ष्यबाट विमुख गरेर हेर्ने र सत्तालाई सामाजिक-आर्थिक रूपान्तरणको लक्ष्यसँग आबद्ध गर्न नसक्ने जस्ता कमजोरीहरू रहन गएका छन् । कतै यसलाई समयानकूल विकास गर्न नचाहने यान्त्रिक चिन्तन र कतै यसको सान्दर्भिकतालाई नबुझ्ने प्रवृत्ति जनताको बहुदलीय जनवादले सामना गर्नु परेका चुनौतीहरू हुन् ।

२०४९ सालमा नेपाली क्रान्तिको कार्यक्रमको रूपमा जनताको बहुदलीय जनवादलाई अगाडि सारिरहँदा राजतन्त्रको अन्त्य र जनताको जनवादी व्यवस्थाको स्थापनालाई मुख्य कार्यक्रमिक लक्ष्य तय गरिएको थियो । शान्तिपूर्ण जनक्रान्तिले राजतन्त्रको अन्त्य गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरिसकेको परिप्रेक्ष्यमा त्यसको राजनीतिक कार्यभार आधारभूतरूपले पूरा भएको छ । तर सामन्तवादका अवशेषहरू उन्मूलन गर्दै उत्पादक शक्तिको विकास गर्ने, दलाल

पूँजीलाई समाप्त पार्दै राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गर्ने र साम्राज्यवादको शोषण उत्पीडनबाट नेपाली जनता र नेपाल राष्ट्रलाई मुक्त गर्ने कार्यभार भने बाँकी नै छ । क्रान्तिका शत्रु र मित्रहरूको अवस्थिति, प्रधान अन्तरविरोधको अवस्था र आन्दोलनका तात्कालिक माग र कार्यभार बदलिएको सन्दर्भमा अब जनताको बहुदलीय जनवादको कार्यक्रमलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने, सामाजिक-आर्थिक रूपान्तरणलाई पूर्णता दिने र जनताको बहुदलीय जनवादी नयाँ आर्थिक-सामाजिक व्यवस्था स्थापना गर्ने कार्यक्रमिक लक्ष्यका साथ विकसित गर्नु पर्छ । अब जनताको बहुदलीय जनवादलाई सामाजिक-आर्थिक रूपान्तरणको ठोस कार्यक्रमका रूपमा अगाडि सार्नुपर्छ ।

जननेता मदन भण्डारीले क्रान्तिपश्चात् जनवादी व्यवस्थाले समाजवादमा सङ्क्रमणका लागि लामो तयारी गर्नु पर्ने र त्यस दौरान उत्पादक शक्तिको विकास र राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरणलाई केन्द्रबिन्दुमा राख्नु पर्ने कुरामा विशेष जोड दिनुभएको छ । कतिपय मुलुकहरूमा समाजवादमा प्रवेशको हतारोले आर्थिक विकासका वस्तुगत नियमहरूलाई उल्लङ्घन गर्दै मनोगत निर्णयहरू गर्न पुग्दा ती देशले ठूलो मूल्य चुकाउनु परेको अनुभवलाई संश्लेषण गर्दै निकालिएको यो निष्कर्ष निकै मननयोग्य छ । पूँजीवादी-जनवादी क्रान्तिको सफलतासँगै आमरूपमा हामी समाजवादी क्रान्तिको युगमा प्रवेश गरेका छौं । तर आज हामीले लागू गर्ने कार्यक्रमको अन्तरवस्तु भने पूँजीवादी-जनवादी हो, समाजवादी होइन । उत्पादक शक्तिको पर्याप्त विकास नभइकन समाजवादी कार्यक्रम लागू गर्न सकिन्न । त्यसैले आजका कार्यभारको मुख्य आधार उत्पादक शक्तिको विकास हो, राष्ट्रिय पूँजीको पर्याप्त विकास हो । कार्यक्रमको चरित्र र कार्यक्रमको लक्ष्यबीचको यो अन्तरसम्बन्ध र भिन्नतालाई सही ढङ्गले बुझ्न सक्नुपर्छ ।

## (ड) नेकपा (एमाले)को परिकल्पनाः सुखी नेपाली, समृद्ध नेपालको स्थापना

नेपाली कम्युनिष्ट आन्दोलनले आज ६५ बर्ष पूरा गरेको छ । निश्चय नै, यो छोटो अवधि होइन । यसबीचमा, हामीले राणाशासनका बिरुद्धमा, पञ्चायती तानाशाहीका बिरुद्धमा र राजतन्त्रका बिरुद्धमा तीनवटा ठूला आन्दोलन र क्रान्तिहरू सम्पन्न गरेका छौं । हाम्रो आन्दोलनको बलमा आज मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ र अधिकार प्राप्तिको लडाईंले सापेक्षित

*पूँजीवादी-जनवादी क्रान्तिको सफलतासँगै आमरूपमा हामी समाजवादी क्रान्तिको युगमा प्रवेश गरेका छौं । तर आज हामीले लागू गर्ने कार्यक्रमको अन्तरवस्तु भने पूँजीवादी-जनवादी हो, समाजवादी होइन । उत्पादक शक्तिको पर्याप्त विकास नभइकन समाजवादी कार्यक्रम लागू गर्न सकिन्न ।*

पूर्णता प्राप्त गरेको छ। लोकतान्त्रिक आन्दोलन र क्रान्तिको यस प्रक्रियामा कम्युनिष्ट पार्टी नेपालको एक प्रमुख राजनीतिक शक्तिका रूपमा स्थापित भएको छ। २००७ सालको आन्दोलनमा सहयोगी शक्तिका रूपमा रहेको पार्टी २०६२/६३ मा आइपुग्दा क्रान्तिको वास्तविक अर्थमा नेताका रूपमा स्थापित भएको छ। कम्युनिष्ट आन्दोलनको प्रभाव केवल राजनीतिमा मात्र सीमित छैन। पार्टीले विकासको सन्दर्भमा 'ट्रेन्ड सेटर'को रूपमा भूमिका खेलेको छ। पार्टी निर्माण, सङ्गठन सञ्चालन र जनसहभागिताका क्षेत्रमा नयाँ मूल्यहरू विकास भएका छन् । मानव अधिकार, सहभागितामूलक र समावेशी लोकतन्त्र र सामाजिक न्यायका क्षेत्रमा पार्टीले गहिरो छाप छाडेको छ। कला, साहित्य, संस्कृति, कानून, अर्थतन्त्र या समाजशास्त्र- समाजको कुनै यस्तो क्षेत्र छैन, जहाँ कम्युनिष्ट विचारधाराको प्रभाव नपरेको होस् । समाजमा यति गहिरो र बहुआयामिक प्रभाव छाड्न सफल आन्दोलनको यो इतिहास र वर्तमानप्रति हामीले गर्व गर्नुपर्छ।

अबको ३५ बर्षपछि नेपालको कम्युनिष्ट आन्दोलन स्थापना भएको १०० बर्ष पुग्नेछ। हामी त्यतिबेलासम्म नेपाललाई कस्तो देख्न चाहन्छौं ? हामीपछाडिको पुस्तालाई कस्तो नेपाल र कस्तो कम्युनिष्ट आन्दोलन विरासतमा सुम्पिन चाहन्छौं ? यस कुरालाई ध्यानमा राखेर नेपाल कम्युनिष्ट पार्टीको सय बर्षे सपनाको चर्चा गर्नु सान्दर्भिक हुनेछ। यो सय बर्षको दुई तिहाई हिस्सा हामीले लोकतन्त्र प्राप्तिको लडाइमा बितायौं र कम्युनिष्ट पार्टीले यसको सफल अगुवाई गऱ्यो । लोकतन्त्रको नेताका रूपमा स्थापित पार्टी अब समृद्धिको अगुवाका रूपमा स्थापित हुनेछ र हामीले वि.सं. २०८० सम्म नेपाललाई अल्पविकसित राष्ट्रको दर्जाबाट विकासशील राष्ट्रको दर्जामा पुऱ्याउनेछौं । त्यसपछिको पच्चीस बर्ष समृद्ध नेपाल निर्माणका निर्णायक बर्ष हुनेछन् । कम्युनिष्ट पार्टीले यसको अगुवाइ गर्नेछ र विक्रम सम्बत्को एक्काइसौं शताब्दीको अन्त्यसम्म नेपाल संसारका

मध्यम विकसित राष्ट्रहरूको दाँजोमा स्थापित हुनेछ। *'समृद्ध नेपाल र सुखी नेपाली'* हाम्रो मिसन हुनेछ।

यसका लागि जनताको बहुदलीय जनवादको ठोस कार्यक्रमलाई यस अनुसार अगाडि सारिएको छः

१. **राजनीतिक क्षेत्रमा**

- सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र सुदृढ गर्न संविधानसभाबाट नयाँ संविधान निर्माण गरिनेछ। राज्यका सबै अङ्गलाई यसै आधारमा रूपान्तरित गरिनेछ।
- बहुलवाद र बहुदलीयतामा आधारित जनवादी व्यवस्थाको सुदृढीकरण गर्दै राज्यमा श्रमजीवी वर्गको भूमिका बिस्तार गरिनेछ।
- नेपाल राज्यको शक्तिको स्रोतको रूपमा नेपाली जनताको भूमिकालाई संवैधानिक रूपमा सुनिश्चित गरिनेछ। राज्यका महत्वपूर्ण निर्णय प्रक्रियामा जनताको मतलाई अन्तिम र निर्णायक मानिनेछ।
- मानव अधिकार, राजनीतिक स्वतन्त्रता, समानताको हक र शोषण बिरुद्धको हकलाई व्यवहारिकरूपमै सुनिश्चित गरिनेछ। स्वतन्त्र न्यायपालिकाको प्रत्याभूति हुनेछ।
- संविधानमा जनताका आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारको प्रत्याभूति गर्दै सामाजिक न्यायसहितको लोकतन्त्रको विकास गरिनेछ।
- नेपाललाई बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक, बहुभौगोलिक विशेषतासहितको राष्ट्रका रूपमा विकास गरिनेछ। बहुलता र विविधतालाई सम्पदाको रूपमा ग्रहण गर्दै सामाजिक सद्भावसहितको राष्ट्रिय एकतालाई थप सुदृढ गरिनेछ।
- मानव अधिकारका विश्वव्यापी मूल्य मान्यता र अन्तर्राष्ट्रिय मानवीय कानून तथा नेपाल पक्ष रहेका संयुक्त राष्ट्र सङ्घका मानवअधिकार सम्बन्धी सम्झौता र अभिसन्धिहरूको प्रभावकारी रूपमा परिपालना गरिनेछ। संविधानमा प्रदत्त मौलिक हक र स्वतन्त्रताको पूर्ण प्रत्याभूति गरिनेछ। सशस्त्र द्वन्द्वको क्रममा गम्भीर मानव अधिकार उल्लङ्घनमा सङ्लग्न पीडकहरूलाई दण्ड र पीडितहरूलाई न्याय दिदै समाजमा

*मानव अधिकारका विश्वव्यापी मूल्य मान्यता र अन्तर्राष्ट्रिय मानवीय कानून तथा नेपाल पक्ष रहेका संयुक्त राष्ट्र सङ्घका मानवअधिकार सम्बन्धी सम्झौता र अभिसन्धिहरूको प्रभावकारी रूपमा परिपालना गरिनेछ । संविधानमा प्रदत्त मौलिक हक र स्वतन्त्रताको पूर्ण प्रत्याभूति गरिनेछ ।*

मेलमिलापको वातावरण निर्माण गरिनेछ । हिंसालाई अस्वीकार गर्न र शान्तिप्रति विश्वास जगाउन व्यापक सामाजिक अभियान सञ्चालन गरिनेछ ।

- पूर्ण प्रेस स्वतन्त्रता, विचार र अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गरिनेछ । सूचनाको हकको प्रत्याभूति गरिनेछ ।
- भ्रष्टाचारबिरुद्ध शून्य सहनशीलता, जनचेतना अभिबृद्धि, भ्रष्टाचारीलाई सामाजिक बहिस्कार र भ्रष्टाचारका अभियुक्तलाई पार्टीगत, सामाजिक या राजकीय जिम्मेवारीबाट बञ्चित गर्ने अभियान मार्फत् सुशासनको प्रत्याभूति गरिनेछ ।
- समाजमा बढ्दै गएको अपराध, अराजकता तथा राजनीतिमा देखा परेका बिकृतिलाई प्रभावकारी ढङ्गले नियन्त्रण गरिनेछ । राजनीतिलाई सेवाको माध्यमका रूपमा विकास गरिनेछ ।

## २. अर्थतन्त्रका क्षेत्रमा

- सामन्तवादका सबै अवशेषहरूलाई समूल अन्त्य गर्दै उत्पादक शक्तिको विकासका लागि आधार निर्माण गरिनेछ ।
- आत्मनिर्भर, औद्योगिक र समृद्ध राष्ट्रिय अर्थतन्त्र निर्माण गरिनेछ ।
- सामाजिक-आर्थिक समानता र समाजवादउन्मुख अर्थतन्त्र निर्माणको उद्देश्य संविधानमा सुनिश्चित गरिनेछ । राजकीय, सहकारी र निजी क्षेत्रको सन्तुलित सम्बन्धमाथि आधारित तीन खम्बे अर्थतन्त्रको विकास गरिनेछ ।

- राजनीतिक क्रान्तिलाई सामाजिक-आर्थिक-सांस्कृतिक क्रान्तिको तहसम्म बिस्तारित गरिनेछ। प्रतिगामी उत्पादन सम्बन्धका कारण विकास हुन नपाएको श्रमशक्तिलाई स्वतन्त्र रूपमा विकसित गरिनेछ। उत्पादक शक्तिको विकास अनुरूप उत्पादन सम्बन्धहरूलाई समुन्नत बनाउँदै लगिनेछ।
- आगामी ९ बर्षभित्रमा प्रतिव्यक्ति आय, सामाजिक तथा भौतिक विकास र मानव विकासका परिसूचकहरूमा उल्लेख्य उपलब्धि हासिल गरी नेपाललाई अति कम विकसित राष्ट्रको हैसियतबाट विकासशील राष्ट्रको श्रेणीमा स्तरोन्नत गरिनेछ।
- प्रतिबर्ष श्रम वजारमा आउने ४ लाख श्रमशक्तिको उचित व्यवस्थापन गर्न रोजगारी सिर्जनाको विशेष अभियान सञ्चालन गरिनेछ ।
- कृषिको आधुनिकीकरण-व्यवसायिकरण, जलस्रोत र उर्जाको बहुआयामिक विकास,पर्यटन प्रबर्द्धन र मानव संशाधनको विकासलाई अर्थतन्त्रको मुख्य क्षेत्रका रूपमा अगाडि बढाइनेछ।
- वैज्ञानिक भूमिसुधार गरी हदबन्दीभन्दा माथिका र कानून विपरीत लुकाएर राखिएका जमिन जोताहालाई उपलब्ध गराइनेछ। अनुपस्थित जमिन्दारी अन्त्य गरिनेछ। आफै श्रम नगर्ने व्यक्तिलाई उचित मुआब्जा दिएर खेती गर्नेले मात्रै कृषि जमिन राख्न पाउने व्यवस्था गरिनेछ। कृषिको आधुनिकीकरण र व्यवसायिकरणका लागि राज्यको लगानी व्यापक अभिबृद्धि गरिनेछ। कृषि प्रविधिको प्रयोग, सिचाइ, उन्नत बिउ, सुधारिएको पशु नश्ल र स्वस्थकर पशु आहार विकास गरिनेछ। कृषि फार्महरूको विकासका लागि विशेष प्रोत्साहित गरिनेछ।
- कृषि विकासलाई केन्द्रबिन्दुमा राखेर ग्रामीण पूर्वाधारको विकास, कृषिजन्य साना-मझौला-ठूला उद्योगहरूको प्रबर्द्धन र बिचौलिया व्यापारीबाट हुने एकाधिकार तथा मुनाफाखोरी नियन्त्रण गर्न उत्तरदायी बितरण प्रणालीको विकास गरिनेछ। खाद्य अधिकारको सुनिश्चितता गरिनेछ।
- हिमाली क्षेत्रमा जडीवुटी खेती तथा भेडा, चौंरी र कस्तुरी मृगपालनका विशेष योजना सञ्चालन गरिनेछ।

*वैज्ञानिक भूमिसुधार गरी हदबन्दीभन्दा माथिका र कानून विपरीत लुकाएर राखिएका जमिन जोताहालाई उपलब्ध गराइनेछ । अनुपस्थित जमिन्दारी अन्त्य गरिनेछ । आफै श्रम नगर्ने व्यक्तिलाई उचित मुआब्जा दिएर खेती गर्नेले मात्रै कृषि जमिन राख्न पाउने व्यवस्था गरिनेछ ।*

- जलस्रोतलाई उर्जाको विकास, सिचाइ, बाढी नियन्त्रण, पर्यावरण र स्वच्छ खानेपानी आपूर्तिको सामग्रिक योजनाअन्तर्गत विकास गरिनेछ। १० बर्षमा १० हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य राखी योजनाबद्ध काम अगाडि बढाइनेछ। जलस्रोतलाई नेपालको हितमा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ।
- पूर्व-पश्चिम नहर प्रणाली निर्माण गरी सिंचाइ योजना सञ्चालन गरिनेछ। नदी नियन्त्रण गरेर जमीन उकासी भूमिहीन तथा गरिब किसानलाई बितरण गरिने छ।
- प्राकृतिक स्रोतमाथि राष्ट्रिय स्वामित्व र स्थानीय समुदायको हितको प्रत्याभूति गरिनेछ।
- आन्तरिक र बाह्य पर्यटन प्रबर्द्धनमार्फत् समग्र राष्ट्रको अर्थतन्त्र र स्थानीय समुदायको आर्थिक समृद्धि गरिनेछ।
- नागरिकमा आफ्नो राष्ट्रको सौन्दर्य र संभावनाप्रति गौरवबोध गराई सांस्कृतिक विविधतासँग परिचित गराइनेछ।
- तुलनात्मक लाभका उद्योगहरूमा स्वदेशी लगानीलाई प्रोत्साहन र निश्चित क्षेत्रमा वैदेशिक लगानीलाई आकर्षण गर्ने, आयात प्रतिस्थापन तथा निर्यात अभिबृद्धि गर्ने उद्योग व्यवसायहरूलाई प्रोत्साहन गर्ने र स्वदेशी कच्चा पदार्थमा आधारित श्रममूलक उद्योगहरूलाई विशेष सुविधा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।
- स्वाधीन अर्थतन्त्र निर्माण गर्न राज्यको आधारभूत दायित्व राज्यकै करप्रणालीबाट सुनिश्चित गर्ने र विदेशी सहायतामाथिको निर्भरता हटाउँदै लैजाने नीति लिइनेछ।

- आर्थिक दृष्टिले पछाडि परेका/पारिएका क्षेत्र र समुदायका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- स्वरोजगारी तथा रोजगारीका अवसर सिर्जना गर्न सहकारी क्षेत्रलाई रोजगारीको एक आधार स्तम्भका रूपमा सुदृढ र बिस्तार गर्दै 'एक घर न्यूनतम एक रोजगार'को कार्यक्रम लागू गरिनेछ ।
- मध्य पहाडी लोकमार्ग, काठमाडौं-तराई द्रूत मार्ग, तराई-मधेसको हुलाकी मार्ग र नदी प्रणालीमाथि आधारित उत्तर-दक्षिण राजमार्गहरूको निर्माण सम्पन्न गरिनेछ । दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको शीघ्र निर्माण तथा क्षेत्रीय विमानस्थलहरूको निर्माण सम्पन्न गरिनेछ । मेची-महाकाली विद्युतीय रेलका साथै चीन र भारतबीच ट्रान्जिटका रूपमा दुबै देशको सीमासम्म रेलमार्ग बिस्तार गरिनेछ ।
- काठमाडौं र पोखरालाई रेलवेद्वारा जोडिने छ। देशका अन्य मुख्य सहरहरूमा विद्युतीय रेल सेवा र आधुनिक सार्वजनिक यातायात सुविधाको बिस्तार गरिनेछ । रज्जुमार्गको योजनाबद्ध रूपले विकास गरिने छ । छानिएका स्थानहरूमा केबुलकारहरूको विकास गरिने छ ।

**३. सामाजिक क्षेत्रमा**

- माध्यमिक तहसम्मको शिक्षा र आधारभूत स्वास्थ्यलाई मौलिक हकका रूपमा सुनिश्चित गरिनेछ। निरक्षरता उन्मूलन गर्दै शिक्षामा सबैको पहुँच पुऱ्याइनेछ ।
- जीवनोपयोगी र वैज्ञानिक शिक्षाको सुनिश्चितता गरिनेछ। शिक्षालाई उत्पादन कार्यसँग जोडिने छ । प्राविधिक र वैज्ञानिक शिक्षालाई बिस्तार गरिनेछ । राष्ट्रिय आवश्यकता तथा आधुनिक ज्ञान, विज्ञान र अनुसन्धानमा जोड दिने गरी शिक्षा प्रणालीमा सुधार गरिनेछ । अनेरास्ववियुको पहलमा भएको शैक्षिक सम्मेलनका निष्कर्षहरूलाई सन्दर्भका रूपमा ग्रहण गरिनेछ ।
- उत्पादक शक्तिको मुख्य आधारस्तम्भका रूपमा दक्ष, शिक्षित एवम् सीपयुक्त मानव संशाधन विकास गरिनेछ। समाजलाई आवश्यक पर्ने शैक्षिक जनशक्ति निर्माण गर्न राज्यको शिक्षा नीतिलाई समयानुकूल परिवर्तन गरिनेछ ।

*जीवनोपयोगी र वैज्ञानिक शिक्षाको सुनिश्चितता गरिनेछ । शिक्षालाई उत्पादन कार्यसँग जोडिने छ । प्राविधिक र वैज्ञानिक शिक्षालाई बिस्तार गरिनेछ । राष्ट्रिय आवश्यकता तथा आधुनिक ज्ञान, विज्ञान र अनुसन्धानमा जोड दिने गरी शिक्षा प्रणालीमा सुधार गरिनेछ ।*

- लोककल्याणकारी राज्यको अवधारणा अनुरूप सामाजिक क्षेत्र र सामाजिक सुरक्षामा पर्याप्त लगानी गरिनेछ। सामाजिक सुरक्षालाई मौलिक अधिकारको रूपमा सुनिश्चित गर्दै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको लागि भत्ता बृद्धिको व्यवस्था गरिनेछ । देशका विभिन्न भागमा बृद्धाश्रमको निर्माण, बालगृहको बिस्तार र अपाङ्गता सेवा केन्द्रहरूको विकास गर्दै लगिनेछ ।
- जातीय, भाषिक र सांस्कृतिक विभेदलाई उन्मूलन गर्दै लगिनेछ। अल्पसङ्ख्यक समुदायका धार्मिक तथा सांस्कृतिक अधिकारहरूको जगेर्ना गरिनेछ । लोपोन्मुख जाति तथा भाषाहरूको संरक्षण गरिनेछ । विभिन्न जाति, भाषा र समुदायका संग्रालयहरू र गाउँहरू निर्माण गरिनेछ ।
- घरबारबिहीन परिवारलाई आवासको ग्यारेण्टी गर्दै १० बर्षभित्र कोही पनि नागरिक आवासबिहीन नरहने व्यवस्था गरिनेछ ।

**४. सङ्घीयता र स्थानीय स्वशासन**

- बहुपहिचान सहितका सङ्घीय प्रदेशहरूको निर्माण गरिनेछ र अधिकारसम्पन्न तथा स्वायत्त स्थानीय सरकारको व्यवस्थामार्फत् जनताको स्वशासनको प्रत्याभूति गरिनेछ। सङ्घीयतालाई राष्ट्रिय एकताको नयाँ सूत्र र जनमुखी लोकतन्त्रको आधारस्तम्भको रूपमा विकास गरिनेछ ।
- स्थानीय निकायहरूमा पदाधिकारी सहित ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गरिनेछ ।

## ५. सामाजिक सांस्कृतिक रूपान्तरण

- अन्धविश्वास, कुरीति, विभेद, घृणा र विद्वेषमाथि आधारित सामन्ती संस्कृतिका बिरुद्ध प्रभावकारी अभियान सञ्चालन गरिनेछ। उपभोक्तावाद, चरम व्यक्तिवाद, भ्रष्टाचार र विलासितामा आधारित बिकृत पूँजीवादी संस्कृतिको विरोध गरिनेछ। राष्ट्रियता, लोकतन्त्र, विविधता र बहुलता, मानवतावाद, श्रमप्रतिको सम्मान तथा मानवीय मूल्यमाथि आधारित नयाँ संस्कृतिको निर्माणका लागि राज्य र जनस्तरबाट विशेष अभियान सञ्चालन गरिनेछ।

- महिला बिरुद्धका सम्पूर्ण विभेदकारी कानून, मान्यता र व्यवहारको अन्त्य गरिनेछ। राष्ट्रिय जीवनका सबै क्षेत्रमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको हकलाई सुनिश्चित गरिनेछ। बंश र अंशमा सबै सन्तानको समान हक स्थापना गरिनेछ। प्रजनन र सम्बन्ध बिच्छेदमा महिलाको अधिकार सुनिश्चित गरिनेछ। शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा महिलालाई विशेष प्राथमिकता दिइनेछ। महिला बिरुद्धका सबै किसिमका हिंसा अन्त्य गर्न कडा कानुनी कारबाहीको व्यवस्था गरिनेछ।

- छुवाछुत र जातीय विभेदका कसुरलाई गम्भीर सामाजिक अपराधका रूपमा लिंदै कठोर दण्डनीय बनाइनेछ। दलितहरूमाथि हुँदै आएको विभेद र उत्पीडनको क्षतिपूर्तिस्वरूप प्रगतिशील आरक्षणसहित शिक्षा, स्वास्थ्य र रोजगारी लगायत राज्यका निकायमा समानुपातिक प्रतिनिधित्वका लागि विशेष व्यवस्था गरिनेछ।

- आदिवासी, जनजाति र जातिहरूको राष्ट्रिय परिभाषा विकास गरिने छ र उनीहरूको पहिचान, प्रतिनिधित्व र पहुँचको अधिकारलाई प्रत्याभूत गरिनेछ। उनीहरूका अधिकार सुनिश्चित गर्दै आर्थिक, सामाजिक एवम् साँस्कृतिक विकास गर्न उपयुक्त कानूनी व्यवस्था र संरचनाको विकास गरिनेछ। भाषा, संस्कृति, परम्परा र पुर्ख्यौली सीपको संरक्षणका लागि राज्यबाट विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

- तराईबासी-मधेसी समुदायमाथिको सामाजिक-सांस्कृतिक विभेद अन्त्य गर्दै राष्ट्रिय मूलधारमा स्थापित गरिनेछ। तराई-मधेसमा व्याप्त गरिबी, अभाव र अल्पविकासको समस्याको संबोधन र कुरीति र अन्धविश्वासको अन्त्य गर्न विशेष कार्यक्रम लागू गर्ने गरिनेछ । सीमा अतिक्रमण,

*छुवाछुत र जातीय विभेदका कसुरलाई गम्भीर सामाजिक अपराधका रूपमा लिंदै कठोर दण्डनीय बनाइनेछ । दलितहरूमाथि हुँदै आएको विभेद र उत्पीडनको क्षतिपूर्तिस्वरूप प्रगतिशील आरक्षणसहित शिक्षा, स्वास्थ्य र रोजगारी लगायत राज्यका निकायमा समानुपातिक प्रतिनिधित्वका लागि विशेष व्यवस्था गरिनेछ ।*

हिंसात्मक अपराध, प्राकृतिक बिपत्ति र सामाजिक विभेदका कारण उत्पन्न समस्या समाधान गर्न विशेष ध्यान केन्द्रित गरिनेछ ।

- कर्णाली लगायतका दुर्गम तथा पिछडिएको क्षेत्रका जनतालाई विकासको औसत राष्ट्रिय स्तरसम्म पुऱ्याउनको लागि राज्यबाट विशेष सुविधा र सहुलियत उपलब्ध गराइनेछ। कर्णाली क्षेत्रका जनतालाई खाद्य र आधारभूत स्वास्थ्य सेवाको अधिकारको प्रत्याभूति गरिनेछ ।
- युवालाई आर्थिक सामाजिक रूपान्तरणका मुख्य संबाहक र मुख्य साझेदारका रूपमा अघि बढाइने छ। सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका समग्र जिम्मेवारी सम्हाल्न युवा नेतृत्व विकास गरिने छ। उद्यमशीलता बृद्धि गरी युवाहरूलाई स्वरोजगारीतर्फ आकर्षित गरिने छ। युवाको सिर्जनशीलता, उर्जा र संभावनाको विकासका लागि वातावरण निर्माण गर्दै हिंसा, दुर्व्यवसन र अराजकतामा युवालाई दुरूपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रित गरिनेछ।
- अपाङ्गताप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन गर्दै र अधिकारमुखी अवधारणा स्थापित गर्दै शिक्षा, सीप विकास र रोजगारीबाट उनीहरूभित्रको विशेष क्षमतालाई उजागर गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- बालबालिका शान्ति क्षेत्रको अवधारणालाई आत्मसात् गर्दै उचित माया र वातावरणमा हुर्किन पाउने अधिकारको ग्यारेन्टी गरिने छ। प्रारम्भिक बालविकासको प्रत्याभूति, पढ्न पाउने अधिकारको ग्यारेन्टी र बालश्रमलाई उन्मूलन गरिनेछ।
- खेलकुदलाई बालबालिकाको स्वस्थ विकास, युवाहरूको व्यक्तित्व निर्माण तथा राष्ट्रिय एकताको सूत्रका रूपमा विकास गरिनेछ।

- लैङ्गिक अल्पसङ्ख्यक, भाषिक र धार्मिक अल्पसङ्ख्यकहरूका समस्या समाधान गर्न विशेष कार्यक्रम अगाडि बढाइनेछ ।

## ६. राष्ट्रियताका क्षेत्रमा

- राष्ट्रिय स्वाधीनता, सम्प्रभुता र भौगोलिक अखण्डताको रक्षा, प्राकृतिक सम्पदाको जगेर्ना, सामाजिक सद्भाव र मानवीय सुरक्षा सुनिश्चित हुने गरी राष्ट्रिय सुरक्षा नीति तयार गरिने छ । सबै नागरिकमा राष्ट्रियताप्रतिको गौरवबोध र राष्ट्रिय एकताको भाव सम्बर्द्धन गरिने छ । बदलिँदो राष्ट्रिय सुरक्षा आवश्यकता अनुसार राज्यका सुरक्षा अङ्गको आधुनिकीकरण, व्यवसायिक क्षमता अभिबृद्धि र लोकतान्त्रिक पुनःसंरचना गरिनेछ ।
- नेपालको राष्ट्रिय हित, स्वाधीनता र सार्वभौमसत्तालाई रक्षा गर्दै छिमेकी मित्र राष्ट्रहरूसँग सुमधुर र सन्तुलित सम्बन्ध कायम गरिने छ । नेपालको भूमि कुनै पनि मित्रराष्ट्र बिरुद्ध प्रयोग हुन नदिने कुराको प्रत्याभूति गरिनेछ ।
- साम्राज्यवाद, प्रभुत्ववाद, नवउपनिवेशवाद, शस्त्रीकरण, जातिवाद, रङ्गभेद तथा आतङ्कवाद जस्ता जनविरोधी प्रवृत्तिहरूको विरोध गर्दै विश्वशान्ति, निशस्त्रीकरण, राष्ट्रिय तथा सामाजिक मुक्ति आन्दोलनहरूलाई समर्थन गरिनेछ ।

## ७. वातावरण र विविध

- नेपालका प्राकृतिक स्रोतमाथि नेपाली जनताको अक्षुण्ण अधिकारको पूर्ण रक्षा गर्न न्यूनतम ४० प्रतिशत हरियाली (वन) क्षेत्र सुरक्षित गरिनेछ । जैविक विविधता तथा पर्यावरण प्रणालीको दिगो संरक्षण गरिने छ । जलवायु परिवर्तनका असर कम गर्न राज्यले जिम्मेवार पहल गर्दै नेपालको हरित क्षेत्रका रूपमा रहेको चुरे क्षेत्र संरक्षण गरिनेछ ।
- व्यवस्थित सहरीकरण, खानेपानी, विद्युत् र अन्य सुविधाहरूको सहज आपूर्ति, फोहरमैला व्यवस्थापन र हरियाली विकासको विशेष कार्यक्रममार्फत् राजधानी लगायतका सहरहरू र राजमार्गहरूलाई स्वच्छ, सुन्दर र रमणीय बनाइनेछ । आवश्यक पूर्वाधारहरूको विकासका

*राष्ट्रिय स्वाधीनता, सम्प्रभुता र भौगोलिक अखण्डताको रक्षा, प्राकृतिक सम्पदाको जगेर्ना, सामाजिक सद्भाव र मानवीय सुरक्षा सुनिश्चित हुने गरी राष्ट्रिय सुरक्षा नीति तयार गरिने छ । सबै नागरिकमा राष्ट्रियताप्रतिको गौरवबोध र राष्ट्रिय एकताको भाव सम्बर्द्धन गरिने छ ।*

साथसाथै उच्च पहाडी र हिमाली क्षेत्रका छरिएका बस्तीहरूलाई सघन बस्तीमा रूपान्तरित गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

- श्रमिकका हकको संवैधानिक ग्यारेन्टी, नीति निर्माणको तहमा उनीहरूको प्रतिनिधित्व र विगतमा गरिएका सहमतिको परिपालना गरिने छ । राज्यका अङ्गमा श्रमिक वर्गको कम्तिमा १० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिने छ । वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाइने छ ।
- प्रवासी र गैरआवासीय नेपालीहरूको श्रम, सीप र पूँजीलाई रीष्ट्रिय हितमा समेट्न विशेष व्यवस्था गरिनेछ। उनीहरूका हक हित र उचित सरोकारप्रति पार्टीले सकारात्मक दृष्टिकोण अवलम्बन गर्नेछ। गोर्खा सैनिकका समस्या, चेलीबेटी बेचबिखन, सीमा नाकामा सास्ती, घरेलु कामदारका समस्या, वैवाहिक भिसामा गएर अलपत्र पर्ने नेपाली महिलाहरूका पीडा जस्ता समस्या समाधानमा पार्टीले कूटनीतिक पहल गर्नेछ। प्रवासी नेपालीहरूको मताधिकार सम्बन्धी मागका बिषयमा संभाव्यता अध्ययन गरिनेछ।

माथि उल्लेख गरिएका बिषयहरू हाम्रा नीतिगत अवधारणाहरू हुन् । यिनैका आधारमा पार्टीले विभिन्न क्षेत्रका विज्ञ, विशेषज्ञ र आम जनताको समेत राय लिएर अविलम्ब सामाजिक-आर्थिक रूपान्तरणको ठोस योजना निर्माण गर्नेछ। पार्टीले सरकारको नेतृत्व गरिरहँदा या सरकारमा सहभागी हुँदा त्यही ठोस योजनालाई कार्यान्वयन गर्नेछ। विपक्षमा हुँदा वैकल्पिक कार्यक्रमको रूपमा अगाडि सार्नेछ र सरकारलाई कार्यान्वयनका लागि दबाब दिनेछ। स्थानीय सरकारमा सहभागी पार्टी प्रतिनिधिहरूले त्यही योजनाको मार्गदर्शनमा आ-आफ्नो क्षेत्रमा रूपान्तरण र समृद्धिका ठोस कार्यक्रम बनाउनेछन् तथा सम्पूर्ण पार्टी पङ्क्तिले पनि यही योजनालाई कार्यान्वयन गर्न ठोस कार्यसूची बनाई काम गर्नेछन् ।

## (ढ) पार्टी निर्माण

क्रान्तिकारी आन्दोलनको सफलताका लागि मात्रै होइन, जनवादी र समाजवादी समाज व्यवस्था निर्माणका लागि पनि कम्युनिष्ट पार्टीको नेतृत्व अपरिहार्य छ। सामाजिक-आर्थिक रूपान्तरणलाई मुख्य लक्ष्य बनाएर अगाडि बढिरहेको बेला अब हामीले हाम्रो पार्टीको समग्र ढाँचा र चरित्रलाई यही लक्ष्य र परिवर्तित कार्यदिशा प्राप्तिका लागि अनुकूल हुने गरी रूपान्तरण गर्नुपर्छ। पार्टीको प्रमुख लक्ष्य नै देशलाई पूर्णरूपले स्वाधीन, स्वतन्त्र तुल्याउँदै जनतालाई समृद्ध र अधिकारसम्पन्न बनाउने हो।

नेपाल कम्युनिष्ट पार्टी नेपाली श्रमजीवी वर्गको सर्वोच्च हितका लागि सङ्गठित क्रान्तिकारी पार्टी हो। सामाजिक परिवर्तनको अभियानमा समाजका अन्य प्रगतिशील वर्गका हितको समेत प्रतिनिधित्व गर्ने भए पनि कम्युनिष्ट पार्टीले आफ्नो वर्गपक्षधरता, क्रान्तिकारी चरित्र,सामाजिक परिवर्तनको उद्देश्य र समाजवादको लक्ष्यबाट कहिल्यै विचलित हुन सक्दैन। यस पार्टीले शारीरिक र बौद्धिक दुबै खालका श्रम गर्ने श्रमजीवीहरूको प्रतिनिधित्व गर्छ।

पार्टी निर्माणको मुख्य आधार यसको वैचारिक पक्ष हो। हाम्रो सन्दर्भमा मार्क्सवाद- लेनिनवादको सिर्जनात्मक प्रयोग र जनताको बहुदलीय जनवादको सिद्धान्त, कार्यक्रम र नीति नै पार्टी निर्माणको मुख्य वैचारिक आधार हो। पार्टीको कार्यदिशा र कार्यक्रमिक लक्ष्य पूरा गर्न ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै उपयुक्त सङ्गठनात्मक ढाँचा निर्माण गर्नु र तिनलाई विधानका आधारमा व्यवस्थित परिचालन गर्नु हाम्रो दायित्व हो। वर्तमान विश्वमा कुनै देश वा क्रान्तिको यान्त्रिक नक्कल र कुनै समयका बनिबनाउ सूत्रहरूले देश र जनताका आकाङ्क्षा र आवश्यकता अनुरूप राष्ट्रलाई नेतृत्व प्रदान गर्न सकिन्न। आफ्नै यथार्थको धरातलमा टेकेर अघि बढ्नु पर्छ।

नेपाल मौलिक ढङ्गको पूँजीवादी-जनवादी राजनीतिक क्रान्तिको प्रक्रियाबाट अगाडि बढेको छ। जनताको बहुदलीय जनवादको वैचारिक मार्गदर्शनमा शान्तिपूर्ण बाटोबाट भएको यो क्रान्ति श्रमजीवी र पूँजीपति वर्गको संयुक्त नेतृत्वमा सम्पन्न भएको मौलिक ढङ्गको क्रान्ति हो। प्रतिस्पर्धामा श्रेष्ठता हासिल गरेर मात्रै श्रमजीवी वर्गले क्रान्तिका उपलब्धिको रक्षा गर्न सक्छ, सामाजिक आर्थिक रूपान्तरणलाई

*पार्टीको कार्यदिशा र कार्यक्रमिक लक्ष्य पूरा गर्न ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै उपयुक्त सङ्गठनात्मक ढाँचा निर्माण गर्नु र तिनलाई विधानका आधारमा व्यवस्थित परिचालन गर्नु हाम्रो दायित्व हो ।*

सही दिशा दिन र जनवादी व्यवस्थालाई सुदृढ गर्दै समाजवादतिर डोऱ्याउन सक्छ । यही विशिष्ट स्थितिले आजको हाम्रो पार्टी निर्माणको प्रश्नलाई निर्धारित गरेका छन् ।

यस प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्न र जनवादलाई सुदृढ गर्दै समृद्ध नेपाल निर्माणको अगुवाई गर्नसक्ने पार्टी निर्माणका लागि हामीले मुख्य ध्यान पार्टीको वैचारिक काममा दिनुपर्छ । मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादका मार्गदर्शक सिद्धान्तहरूबारे गहिरो अध्ययन गरेर र नेपाली क्रान्तिको आजको विशिष्ट अवस्थाबारे वैचारिक-सैद्धान्तिक स्पष्टता हासिल गरेर मात्रै पार्टी निर्माणको आधार तयार गर्न सकिन्छ । वैचारिक काम, अध्ययन र प्रशिक्षणमा आइरहेको कमी र वैचारिक स्तरमा आएको ह्रासले पार्टी निर्माणमा समस्या खडा गरिरहेको छ । परिवर्तित सन्दर्भमा पार्टीको वैचारिक कामलाई अझ जोड दिन जरुरी छ ।

वैचारिक स्पष्टतासँगै सङ्गठनात्मक चुस्तता र निर्णय कार्यान्वयनमा एकरूपता पार्टी निर्माणको अर्को महत्वपूर्ण पक्ष हो । तर पछिल्लो समय सङ्गठनात्मक आकार भद्दा हुने, सङ्गठनमा आबद्धताका मापदण्ड र प्रक्रियाको कडाइका साथ पालना नहुने, सङ्गठनहरू कार्यार्थभन्दा पनि बोधार्थ या मानार्थ जस्ता हुने र गरिएका निर्णयहरू कार्यान्वयनमा समस्याहरू उत्पन्न हुन थालेका छन् । कुनै बेला सीमित पार्टी सदस्य हुँदा पनि राष्ट्रिय राजनीतिमा ठूलो हलचल ल्याउन सक्ने पार्टी अहिले बढेको आकारको तुलनामा कतिपय राजनीतिक प्रश्नमा निर्णायक हस्तक्षेप गर्न पछाडि पर्दैगएको अवस्था छ । यसको अन्त्यका लागि सङ्गठनात्मक व्यवस्थापनमा विशेष ध्यान दिनु जरुरी छ ।

पार्टी निर्माणको अर्को आधार सदस्यता बिस्तार र उनीहरूको गुणस्तर सुदृढीकरण हो । पार्टीले विगतको संविधानसभा निर्वाचनमा ठूलो धक्का खाएको

र पाँच बर्षको अवधिमा अनेकौं प्रतिकूलताका बीचबाट गुज्रिनु परेको भए पनि यसबीच सङ्गठित सदस्यता उल्लेख्य बृद्धि भएको छ। तर यो सङ्ख्या अझै पर्याप्त छैन । त्यसैले आगामी पाँच बर्षभित्र पार्टीको सङ्गठित सदस्यतालाई पाँच लाख पुऱ्याउने लक्ष्यका साथ सदस्यता बिस्तार गर्नुपर्छ र सङ्गठित सदस्यहरूको चेतनास्तर र कार्यक्षमता माथि उठाउन विशेष योजना बनाउनु पर्छ ।

जनतामाथि आधारित हुँदै र जनताकै बलमा श्रेष्ठता हासिल गरेर शान्तिपूर्ण र लोकतान्त्रिक विधिबाट समाज रूपान्तरणको बाटो अवलम्बन गरेको हाम्रो जस्तो पार्टीका लागि जनतासँगको सम्बन्ध प्रगाढ बनाउने कुरा निर्णायक महत्वको बिषय हो । जनतासँगको सम्बन्धको मापन खालि पाँच बर्षमा एक चोटी हुने निर्वाचनको सन्दर्भमा होइन, जनताका दैनन्दिनका समस्यासँग पार्टी जोडिएको छ कि छैन, उनीहरूका समस्याको लागि पार्टीले पहल गरिरहेको छ कि छैन, जनताले आफ्नो प्रतिनिधिका रूपमा विश्वास गरेका छन् कि छैनन् र पार्टीका नीतिहरूमा जनताको सरोकारका बिषयहरू समेटिएका छन् कि छैनन् भन्ने कुराले निर्धारण गर्छ। आगामी दिनमा जनतासँगको सम्बन्ध बिस्तारमा विशेष जोड दिइनुपर्छ ।

पाटी निर्माणको सन्दर्भमा नीतिहरू बनाइरहँदा अब हामीले नेता-कार्यकर्ता र सिङ्गो पार्टी सङ्गठनको आचरणको प्रश्नलाई पनि उच्च महत्व दिनु जरुरी छ । आदर्श र आचरणको बीचमा विरोधाभाष यतिबेला पार्टीले सामना गर्नु परिरहेको गम्भीर चुनौतीका रूपमा उपस्थित छ । यसले पार्टीको प्रतिष्ठालाई कमजोर गर्न र पार्टीप्रतिको आकर्षणलाई कम गर्न भूमिका खेलिरहेको छ ।

हामीले पार्टी जीवनको लोकतान्त्रिकरणको अभ्यास गर्दै आएका छौं । यसले सकारात्मक परिणाम ल्याएको छ । तर अभ्यासका क्रममा यसले केही नकारात्मक परिणामहरू पनि जन्माएको छ। खासगरी, पार्टीको आन्तरिक निर्वाचनमा हुने प्यानलगत उम्मेदवारी, त्यसले सिर्जना गर्ने भावनात्मक र सङ्गठनात्मक विभाजनको मनस्थिति, निर्वाचन जित्नका लागि चालिने सबै खाले उचित/अनुचित कदमहरू नयाँ चुनौतीका रूपमा खडा भएका छन्। परिवर्तित सन्दर्भमा पार्टी निर्माणको बिषयमा छलफल गरिरहेको बेला यी अनुभवहरूलाई संश्लेषण गर्नु जरुरी छ ।

अहिलेसम्म मूलतः लोकतान्त्रिक आन्दोलनको नेतृत्व गर्न अनुकूल हुने गरी बनाइएका हाम्रो पार्टी संरचना र पार्टी आबद्ध जनसङ्गठनहरूलाई अब हामीले सामाजिक-आर्थिक रूपान्तरण र आर्थिक समृद्धिको कार्यदिशा अनुकूल

*आदर्श र आचरणको बीचमा विरोधाभाष यतिबेला पार्टीले सामना गर्नु परिरहेको गम्भीर चुनौतीका रूपमा उपस्थित छ । यसले पार्टीको प्रतिष्ठालाई कमजोर गर्न र पार्टीप्रतिको आकर्षणलाई कम गर्न भूमिका खेलिरहेको छ ।*

हुने गरी रूपान्तरित गर्नुपर्छ । अब प्रत्येक कमिटी र जनसङ्गठनका कार्यसूचीमा सम्बन्धित भौगोलिक क्षेत्र या समुदायको सरोकारका सामाजिक-आर्थिक प्रश्न, विकास निर्माण या उत्पादनसँग जोडिएका बिषयलाई अनिवार्यरूपमा समेट्नु पर्छ । प्रत्येक पार्टी कमिटीले आर्थिक उत्पादनका ठोस योजना बनाउनु पर्छ र यस सम्बन्धमा नमूना बन्दै जनतालाई गोलबन्द गर्नुपर्छ । जहाँजहाँ उत्पीडन, विभेद र जनतामाथि समस्या देखा पर्छ, पार्टी समाधानको विकल्पसहित त्यहाँ उपस्थित हुनैपर्छ । पार्टी कार्यकर्ताहरू स्वयम् पनि उत्पादन र श्रम कार्यमा आबद्ध हुनुपर्छ र आर्थिक रूपले आत्मनिर्भर एवम् स्वावलम्बी बन्नुपर्छ । राज्यलाई कर तिर्ने र पार्टीलाई आफ्नो श्रम/उत्पादनबाट टेवा पुऱ्याउने कुरालाई विशेष प्रोत्साहन गर्नुपर्छ । यसका लागि पार्टीका विभिन्न तहमा विशेषज्ञहरूलाई सङ्गठित गर्ने कुरामा पार्टीले ध्यान पुऱ्याउनुपर्छ ।

पार्टीमा कार्यकर्ताको मूल्याङ्कनको वैज्ञानिक पद्धति विकास गर्नुपर्छ । कार्यकर्ता उत्पादन, संरक्षण र नेतृत्वको विकासको योजनाबद्ध अभियान सञ्चालन गर्नुपर्छ । युवाहरू, विद्यार्थीहरू, महिला र दलितबीचको कामलाई विशेष ध्यान पुऱ्याउनु पर्छ । पार्टीमा खुकुलिँदै गएको अनुशासन र निष्ठाको ह्रासलाई समाप्त पार्न विशेष ध्यान पुऱ्याउनुपर्छ ।

पार्टीलाई गुटबन्दी, व्यक्तिवाद, अवसरवाद, अनुशासनहीनता र अराजकताबाट मुक्त गर्नैपर्छ । पार्टी नेता-कार्यकर्ताहरूको जीवनशैली जनमुखी, पारदर्शी र स्वच्छ हुनैपर्छ । पार्टीमा नेता-कार्यकर्ताहरूको जीवनशैलीमा वर्गविभाजन झल्किने तहसम्मको बिषमता उत्पन्न हुनुहुँदैन र नेता र कार्यकर्ताबीच, कार्यकर्ता र जनताबीच तथा सिङ्गो पार्टी र आम जनताबीच सम्बन्ध प्रगाढ हुनुपर्छ । आगामी दिनमा पार्टी यस बिषयमा ठोस कार्ययोजना बनाएर अगाडि बढ्नुपर्छ ।

महासचिव कमरेडबाट प्रस्तुत हुने सङ्गठनात्मक प्रस्तावमा यी बिषयमा सबिस्तार चर्चा हुने नै छ । म यहाँनेर परिवर्तित सन्दर्भमा क्रान्तिलाई पूर्णता दिने र सामाजिक आर्थिक रूपान्तरणमा अगुवाई गर्ने कार्यदिशालाई नेतृत्व गर्नसक्ने गरी पार्टी सङ्गठनहरूको रूपान्तरणमा जोड दिन चाहन्छु ।

## (ण) हाम्रा आगामी कार्यभार

प्रिय कमरेडहरू, अब म पार्टीका आगामी कार्यभारको बारेमा ठोस प्रस्ताव अगाडि सार्न चाहन्छु ।

१. **निर्धारित समयभित्रै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण गर्ने–** संविधानसभाबाट संविधान निर्माण गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने बिषय सिङ्गो पार्टीको मुख्य राजनीतिक कार्यभार रहनेछ । संविधान निर्माणबाट मात्रै जनक्रान्तिका उपलब्धि संस्थागत गर्न र लामो समयदेखि जारी सङ्क्रमणलाई समाप्त पार्न सकिने हुनाले पार्टीले यस बिषयलाई उच्च प्राथमिकता दिनुपर्छ । संविधानको चरित्रलाई बढीभन्दा बढी जनमुखी, प्रगतिशील र श्रमजीवीवर्गीय बनाउन संविधानसभामा रहनुभएका सदस्य कमरेडहरूले रचनात्मक, सक्रिय र प्रभावकारी भूमिका खेल्नुपर्छ । संविधानसभामा रहेका विभिन्न विचार,मान्यता र आस्थाका सदस्यहरूलाई संविधानका प्रगतिशील एजेण्डामा सहमत गराउन उहाँहरू अझ बढी अध्ययनशील, तार्किक र कुशल बन्नुपर्छ । पार्टी एक बर्षभित्रै संविधान जारी गर्ने प्रतिबद्धतामा दृढ छ । यसका लागि संविधानसभाभित्र र बाहिर रहेका विभिन्न दलहरूलाई सहमतिमा ल्याउन अधिकतम प्रयत्न गर्ने र सहमति कायम हुनै नसकेको अवस्थामा प्रक्रियाका माध्यमबाट पनि संविधान जारी गर्ने लक्ष्य पूरा गर्नुपर्छ ।

२. **सामन्ती अवशेषहरूको उन्मूलन गर्ने–** राजतन्त्रको अन्त्य र पूँजीवादी जनवादी क्रान्तिको क्रममा सामन्तवाद एउटा उत्पादन पद्धतिको रूपमा भत्किएको छ । तर पनि सामन्तवादका विभिन्न अवशेषहरू अर्थतन्त्र र सामाजिक-सांस्कृतिक क्षेत्रमा बाँकी छन् । ती अवशेषलाई पूर्णरूपले अन्त्य नगरुञ्जेल उत्पादक शक्तिको पूर्ण विकास संभव हुँदैन । यसका लागि वैज्ञानिक भूमिसुधारका माध्यमबाट सामन्ती अवशेषलाई अन्त्य गर्ने, अनुपस्थित जमिन्दारीलाई अन्त्य गर्ने र जमिनको न्यायोचित बितरण गर्ने काम गर्दै वास्तविक किसानलाई जमिनको मालिक बनाउनु

*संविधान निर्माणबाट मात्रै जनक्रान्तिका उपलब्धि संस्थागत गर्न र लामो समयदेखि जारी सङ्क्रमणलाई समाप्त पार्न सकिने हुनाले पार्टीले यस बिषयलाई उच्च प्राथमिकता दिनुपर्छ ।*

पर्छ । कानूनी हिसाबले अन्त्य भए पनि व्यवहारमा बाँकी रहेका कमैया, कम्लरी, हलिया र भुँडे लगायत बँधुवा श्रमका सबै रूप अन्त्य गर्नुपर्छ । महिलामाथिका पितृसत्तात्मक शोषण तथा छुवाछुत तथा जातीय उत्पीडनका सबै रूपबिरुद्ध प्रभावशाली कदमहरू अगाडि बढाउनुपर्छ ।

३. **नयाँ राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने**–उत्पादक शक्तिको विकासका माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको निर्माणमा पार्टीले ध्यान केन्द्रित गर्नुपर्छ । राष्ट्रिय अर्थतन्त्र निर्माणको दिशानिर्धारण, विकासका मुख्य क्षेत्रहरूको पहिचान र मूल आर्थिक नीतिहरूको सम्बन्धमा राजनीतिक सहमति निर्माण गर्न पार्टीले पहल गर्नुपर्छ । राष्ट्रिय पूँजी निर्माणका लागि आन्तरिक साधन स्रोतहरूको परिचालन र राष्ट्रिय बचत अभिबृद्धिलाई जोड दिनुपर्छ । राष्ट्रिय हित र राज्यले प्राथमिकता पहिचान गरेका क्षेत्रमा विदेशी लगानी भित्र्याउन आवश्यक वातावरण निर्माण गर्नुपर्छ । यसका लागि राष्ट्रिय रणनीतिमा आधारित भएर भौतिक पूर्वाधारहरूको राष्ट्रव्यापी सञ्जाल निर्माण गर्नुपर्छ। काठमाडौं-तराई द्रूतमार्ग, मध्यपहाडी लोकमार्ग, हुलाकी मार्ग तथा नदी करिडोरमाथि आधारित भारत-चीन सीमा जोड्ने उत्तर-दक्षिण मार्ग तथा तराई क्षेत्र लगायत सम्भव क्षेत्रमा विद्युतीय रेल मार्गलाई उच्च प्राथमिकता दिनुपर्छ । दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, क्षेत्रीय विमानस्थल, मध्यपहाडी क्षेत्रमा राष्ट्रव्यापी प्रसारण लाइन तथा अन्तरदेशीय प्रसारण लाइनको निर्माणमा जोड दिनुपर्छ । सहरी क्षेत्रमा ठूलो क्षमताका तथा विद्युतीय यातायात सेवाको निर्माण अगाडि बढाउनुपर्छ । रणनीतिक योजनाहरूको निर्माण, स्रोतको परिचालन र निर्माणको अनुगमनमा पार्टीले सक्रिय पहलकदमी लिनुपर्छ । सडक मार्गहरू, हवाइ मार्ग, रज्जु मार्ग, जल मार्ग र रेल मार्ग समेत सबै संभावनाका आधारमा राष्ट्रिय सञ्जाल बनाउनु पर्छ ।

४. **पार्टीको वैचारिक-सैद्धान्तिक स्तरलाई उन्नत पार्ने-**पार्टी पङ्क्तिको वैचारिक-सैद्धान्तिक स्तरलाई माथि उठाउन पार्टी स्कूललाई नियमित र स्थायीरूपमा संचालन गनुपर्छ। पार्टी सदस्यता प्राप्त गर्न, पार्टीका कमिटीहरूमा पदोन्नति या अधिवेशनमा उम्मेदवार बन्न निश्चित तहको पार्टी स्कूलमा सहभागी भएको हुनैपर्ने वैधानिक व्यवस्था गर्नुपर्छ। सिङ्गो पार्टी पङ्क्तिलाई आजका चुनौतीको सामना गर्न सक्ने गरी सक्षम तुल्याउन पार्टीको वैचारिक कामलाई उच्च प्राथमिकतामा राख्नुपर्छ। पार्टीभित्र मार्क्सवादका शास्त्रीय दस्तावेजहरू, कमरेड पुष्पलाल र मदन भण्डारीका कृतिहरू तथा नेपाली समाज र इतिहासलाई बुझ्न सघाउने रचनाहरूको अध्ययनलाई प्रबर्द्धन गरिनुपर्छ। स्वअध्ययन, बहस, तार्किकता र सिर्जनशील चेतनाको अभिबृद्धिमा जोड दिनुपर्छ।

५. **सामाजिक-सांस्कृतिक रूपान्तरण अभियानलाई तीव्र गतिमा अघि बढाउने-** जनवादी व्यवस्थाको सुदृढीकरण तथा समाजवादका आधारहरू निर्माण गर्न आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरणको कामलाई विशेष जोड दिनुपर्छ। पार्टी कमिटी र जनसङ्गठनहरूलाई यस उद्देश्य प्राप्तिका लागि तयार गरिनेछ। पार्टीले सरकार, संसद, स्थानीय निकायका मञ्चहरू र जनपरिचालनका माध्यमबाट यी बिषयहरूलाई अगाडि बढाउनेछ। हरेक पार्टी कमिटी र जनसङ्गठनहरूले यस सम्बन्धी ठोस कार्ययोजना बनाएर लागू गर्नेछन्। यस क्षेत्रमा खेलेको भूमिकालाई आधार बनाएर कार्यकर्ताहरूको मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्नुपर्छ।

६. **सङ्घीय ढाँचाको निर्माण-** संविधानसभाको माध्यमबाट वहुपहिचान, जनताको समान अधिकार र पारस्परिक अन्तरनिर्भरतामाथि आधारित सङ्घीय ढाँचा निर्माण गर्न पार्टीले विशेष पहल गर्नुपर्छ। सङ्घीयतालाई राष्ट्रिय एकताको नयाँ सूत्रका रूपमा अगाडि बढाउनुपर्छ।

७. **स्थानीय निकायको निर्वाचन र लोकतन्त्रको बिस्तार-** यथाशीघ्र स्थानीय निकायको निर्वाचन सम्पन्न गरेर लामो समयदेखि जनप्रतिनिधिबिहीन स्थानीय निकायहरूलाई क्रियाशील र जनउत्तरदायी बनाउन पार्टीले विशेष जोड दिनुपर्छ। स्थानीय निकायमा पार्टीका तर्फबाट जनप्रतिनिधिहरूको विजयलाई सुनिश्चित गर्ने गरी अहिलेदेखि नै राम्रो तयारीलाई अगाडि बढाउनु पर्छ। स्थानीय निकायको निर्वाचनले जनताले राज्यबाट पाउने सुविधाहरूको सहज परिचालन, स्थानीय तहमा विकास निर्माणको तीव्रता तथा लोकतन्त्रको बिस्तारमा ठूलो सहयोग पुग्नेछ।

*पार्टी कमिटी र जनसङ्गठनहरूलाई यस उद्देश्य प्राप्तिका लागि तयार गरिनेछ । पार्टीले सरकार, संसद, स्थानीय निकायका मञ्चहरू र जनपरिचालनका माध्यमबाट यी बिषयहरूलाई अगाडि बढाउनेछ । हरेक पार्टी कमिटी र जनसङ्गठनहरूले यस सम्बन्धी ठोस कार्ययोजना बनाएर लागू गर्नेछन् ।*

**८. कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाउने–** पार्टीले नेपालको कम्युनिष्ट आन्दोलनलाई एकीकृत र सुदृढ गर्न विशेष पहलकदमी गर्नुपर्छ । उग्रवामपन्थी र दक्षिणपन्थी विचार प्रवृत्तिका बिरुद्ध विचारधारात्मक सङ्घर्ष सञ्चालन गर्नुपर्छ । मार्क्सवाद- लेनिनवादका आम सच्चाइहरू र जनताको बहुदलीय जनवादको कार्यदिशालाई स्थापित गर्दै त्यसमै आधारित भएर समाजको शान्तिपूर्ण रूपान्तरण तथा लोकतन्त्रमा विश्वास गर्ने कम्युनिष्ट समूहहरूलाई एकताबद्ध गर्न ठोस प्रस्ताव अगाडि सारिनेछ । एकताको उद्देश्यका साथ वार्ता र संवाद, साझा मुद्दाहरूमा सहकार्य, वाम मोर्चाको निर्माण र पार्टी एकीकरणका विभिन्न चरणहरूको माध्यमबाट नेकपा (एमाले)लाई कम्युनिष्ट केन्द्रका रूपमा विकास गरिनेछ । एकता-सङ्घर्ष र रूपान्तरणको मान्यतामाथि आधारित रहेर अन्य समूहसँगको सम्बन्धलाई विकसित गरिनेछ ।

**९. वामपन्थी, देशभक्त, प्रगतिशील र लोकतान्त्रिक शक्तिहरूको संयुक्त मोर्चा निर्माण गर्ने–** राजनीतिक क्रान्तिलाई पूर्णता दिन, सामाजिक-आर्थिक रूपान्तरणका माध्यमबाट समृद्ध नेपाल निर्माण गर्न,राष्ट्रिय हितको संरक्षण र लोकतन्त्रको सुदृढीकरणका लागि वामपन्थी, देशभक्त, प्रगतिशील र लोकतान्त्रिक शक्तिहरूका बीच संयुक्त मोर्चा निर्माण गर्न पहल गरिनेछ । संयुक्त मोर्चाको रूपमा बिषयगत सहकार्य, चुनावी तालमेल, संयुक्त सरकारको निर्माण लगायत विभिन्न स्वरूपमा अगाडि बढ्नेछ । पार्टीको मोर्चा सङ्गठनलाई वर्गीय संयुक्त मोर्चाको रूपमा विकास गरिनेछ ।

**१०. सङ्गठित सदस्यता पाँच लाख पुऱ्याउने–** पार्टीलाई देशकै ठूलो राजनीतिक पार्टी बनाउने उद्देश्यले आवश्यक वैचारिक-राजनीतिक-सङ्गठनात्मक कामहरूलाई अगाडि बढाउनुका साथै सदस्यहरूको चेतनास्तर र कार्यक्षमता अभिबृद्धि गर्न

विशेष कार्ययोजना अगाडि सारिनेछ । पार्टी सदस्यता बिस्तार गरिनेछ र आगामी पाँच वर्ष भित्रमा पाँच लाख पुऱ्याइने छ ।

११. **राष्ट्रिय हितको सुरक्षा र सन्तुलित विदेश सम्बन्ध–** राष्ट्रिय हितको सुरक्षा गर्दै राष्ट्रिय अखण्डता, राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र स्वाभिमानलाई सुदृढ गर्न पार्टीले विशेष भूमिका खेल्नेछ । कमजोर बन्दै गएको देशभक्तिको भावनालाई प्रबर्द्धन गर्न पार्टीले सक्रिय पहलकदमी गर्नेछ । राष्ट्रिय हितका बिषयहरूको पहिचान गर्दै यी बिषयमा राष्ट्रिय सहमति निर्माण गर्न पार्टीले अग्रणी भूमिका खेल्नेछ । पार्टीले विदेश सम्बन्धलाई अझ फराकिलो, व्यापक र प्रभावकारी बनाउनेछ । नेपालको समृद्धि, विकास र राजनीतिक स्थायित्वका लागि अनुकूल वातावरण निर्माण गर्न पार्टीगत र राज्य दुबै तहबाट सन्तुलित ढङ्गले विदेश सम्बन्धलाई अगाडि बढाउने नीति लिइनेछ । प्रवासी नेपालीहरूको हितलाई उच्च प्राथमिकतामा राखिनेछ ।

१२. **पार्टीको आर्थिक कामलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने–** पार्टीको आर्थिक कामलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन ठोस योजना अगाडि बढाइनेछ । पार्टी सञ्चालनका लागि आवश्यक स्रोतहरूको परिचालन पार्टी पंक्तिभित्रैबाट गर्दै पार्टीलाई जनआधारित बनाउन विशेष ध्यान दिइनेछ ।

१३. **अध्ययन अनुसन्धान केन्द्र निर्माण गर्ने–** पार्टीले समाज विज्ञानका विभिन्न विधाहरूको अध्ययन अनुसन्धानका लागि स्वायत्त प्रकृतिको एक अनुसन्धान एकेडेमी स्थापना गर्नेछ । यसका माध्यमबाट प्राप्त हुने निष्कर्षको आधारमा पार्टीका सिद्धान्त, नीति र मान्यतालाई निरन्तर अद्यावधिक गरिनेछ ।

प्रिय कमरेडहरू,

हामीले नवौं राष्ट्रिय महाधिवेशनले लिनु पर्ने कार्यदिशा, यसका कार्यभार र नयाँ परिस्थितिमा पार्टी निर्माणका अभिभाराका बारेमा सबिस्तार छलफल गरेका छौं । यस महाधिवेशनलाई श्रमजीवी वर्गसहित आम नेपाली जनता, सिङ्गो राष्ट्र र अन्तर्राष्ट्रिय समुदायले समेत बडो उत्सुकतापूर्वक नियालिरहेको सन्दर्भ मैले प्रतिवेदनको सुरुमै उल्लेख गरेको छु । नवौं राष्ट्रिय महाधिवेशन केबल नेकपा (एमाले)को आन्तरिक जीवनका लागि मात्रै अर्थपूर्ण र सान्दर्भिक छैन, यसको सफलताले सिङ्गो राष्ट्रमै ठूलो प्रभाव पार्नेछ । राष्ट्रिय राजनीतिमा हाम्रो पार्टी जुन अवस्थितिमा उभिएको छ र हामीले जस्ता मूल्य, मान्यता र दृष्टिकोणहरूको

*जनक्रान्तिका उपलब्धिहरूको रक्षा गर्दै सामाजिक आर्थिक समृद्धिको दिशामा मुलुकलाई अगाडि बढाउन एकताबद्ध पार्टी निर्माण अनिवार्य पूर्व शर्त हो । हामीले लामो बहस र छलफलका माध्यमबाट पार्टीका सिद्धान्त, कार्यदिशा र कार्यभारको बारेमा वैचारिक एकरूपता निर्माण गर्न सफल भएका छौं ।*

प्रतिनिधित्व गर्दै अगाडि बढिरहेका छौं, तिनीहरूले समकालीन राजनीतिलाई निर्णायक ढङ्गले प्रभाव पार्नेछन् । नेकपा (एमाले)को अग्रगति र प्रगतिले सिङ्गो राष्ट्रको लोकतान्त्रिकरण, राजनीतिक रूपान्तरण, स्थायित्व र समृद्धिका लागि निर्णायक भूमिका खेल्नेछन् भने पार्टीको अलमल, द्विविधा, प्रभावकारी भूमिकामा कमी या सङ्कटले क्रान्तिकारी रूपान्तरण, शान्ति, लोकतन्त्र, सामाजिक सद्भाव, एकता र राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई नै कमजोर पार्छ । त्यसैले हामी कहाँ उभिएका छौं र हाम्रो काँधमा के कस्ता जिम्मेवारी छन् भन्ने कुरालाई हृदयङ्गम गर्दै पार्टीलाई अगाडि बढाउन म कमरेडहरूलाई आग्रह गर्न चाहन्छु ।

माथि हामीले सूत्रीकृत गरेका अभिभारा पूरा गर्न र जनक्रान्तिका उपलब्धिहरूको रक्षा गर्दै सामाजिक आर्थिक समृद्धिको दिशामा मुलुकलाई अगाडि बढाउन एकताबद्ध पार्टी निर्माण अनिवार्य पूर्व शर्त हो । हामीले लामो बहस र छलफलका माध्यमबाट पार्टीका सिद्धान्त, कार्यदिशा र कार्यभारको बारेमा वैचारिक एकरूपता निर्माण गर्न सफल भएका छौं । पार्टीको आन्तरिक एकताका लागि यो ज्यादै महत्वपूर्ण उपलब्धि हो । कमरेडहरूले गर्ने बहस, छलफल र योगदानले यो वैचारिक एकतालाई अझ समृद्ध गर्न ठूलो सहयोग पुऱ्याउनेछ । यस वैचारिक एकताले पार्टीको नेतृत्व निर्माणमा पनि सहमतिका आधार निर्माण गरेको छ । नीति र नेतृत्व निर्माणमा एकताका लागि सिङ्गो महाधिवेशनसमक्ष म विशेष आग्रह गर्न चाहन्छु ।

नेपालको लोकतान्त्रिक आन्दोलन र नेपाली क्रान्तिको प्रक्रिया अब नयाँ चरणमा प्रवेश गरेको छ । अधिकार प्राप्तिको लडाईंबाट हामी समृद्धि प्राप्तिको लडाइँको नयाँ युगमा प्रवेश गर्दैछौं । हामीले जसरी लोकतन्त्र प्राप्तिको सङ्घर्षका हरेक मोर्चामा अग्रणी भूमिका खेल्दै आएका छौं र सफलतापूर्वक यसलाई नेतृत्व गर्दै आएका छौं, त्यसरी नै हामीले नयाँ अभिभारालाई पनि कुशलतापूर्वक

बहन गर्नुपर्नेछ । समृद्धि प्राप्तिको यस चरणमा पनि पार्टीले उत्कृष्टता हासिल गर्नैपर्छ र पार्टीकै नेतृत्वमा हाम्रो प्यारो देश नेपाललाई सुखी, समृद्ध र समुन्नत बनाउने अभिभारालाई सफल पार्नैपर्छ । यी नयाँ अभिभाराले हामीलाई विचारमा, सङ्गठनमा र कार्यशैलीमा नयाँ ढङ्गले सोच्न, क्रियाशील हुन र अगाडि बढ्न माग गर्छन् । मलाई विश्वास छ, पार्टीको सिङ्गो पङ्क्ति यो नयाँ अभिभारा बहन गर्न सक्षम हुनेछ ।

नेपाली क्रान्ति - जिन्दावाद !
मार्क्सवाद-लेनिनवाद - जनताको बहुदलीय जनवाद - जिन्दावाद !
अमर वीर सहिदहरू - लालसलाम !
नेकपा (एमाले) - जिन्दावाद ! जिन्दावाद !!

हार्दिक क्रान्तिकारी अभिवादन सहित !

**झलनाथ खनाल**
अध्यक्ष

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को

# नवौं राष्ट्रिय महाधिवेशन

(२०७१ असार १९–साउन १) बाट पारित

# प्रस्तावहरू

**श्रद्धाञ्जलि, सम्मान तथा स्वास्थ्यलाभको कामना**

१. नेकपा (एमाले) को नवौं राष्ट्रिय महाधिवेशन नेपाल राष्ट्रको निर्माण, स्वाधीनता र रक्षाको देशभक्तिपूर्ण सङ्घर्ष, निरङ्कुशताबिरुद्धको लोकतान्त्रिक आन्दोलन तथा सामाजिक न्याय, जनवाद तथा समाजवाद प्राप्तिको क्रान्तिमा जीवन आहूति दिनुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछ र उहाँहरूको उदात्त आदर्शबाट निरन्तर अभिप्रेरित हुँदै समृद्ध, न्यायपूर्ण र समानतायुक्त नेपाल निर्माणमा निरन्तर समर्पित हुने सङ्कल्प गर्दछ ।

२. यो महाधिवेशन पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाल, जनताको बहुदलीय जनवादका प्रणेता जननेता कमरेड मदन भण्डारी तथा तत्कालीन अध्यक्ष एवम् प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री कमरेड मनमोहन अधिकारीप्रति उच्च सम्मान प्रकट गर्दछ । साथै कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण योगदान गर्नुहुने कमरेड तुलसीलाल अमात्य, कुशल सङ्गठक जीवराज आश्रित लगायतका नेताहरूप्रति सम्मान र श्रद्धाञ्जलि अर्पण गर्दछ ।

३. यो महाधिवेशन आठौं राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य, नेपाल मुस्लिम इत्तिहाद सङ्गठनका केन्द्रीय अध्यक्ष एवम् २०७० को संविधानसभा निर्वाचनमा बारा- ४ मा नेकपा (एमाले)को उम्मेदवार कमरेड महमुद आलमको कायरतापूर्ण हत्याको घोर निन्दा गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछ । त्यसरी नै उपचारको क्रममा निधन हुनुभएका पार्टी केन्द्रीय सदस्य एवम् कर्णाली अञ्चलका लोकप्रिय नेता कमरेड डिल्लीबहादुर महतप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछ । यसबीच माओवादीहरूद्वारा मारिनुहुने ओखलढुङ्गाका जुझारु नेता कमरेड छवि कार्की,

दिवंगत हुनुहुने केन्द्रीय सल्लाहकार परिषद् तथा जेष्ठ कम्युनिष्ट मञ्चका आदरणीय कमरेडहरू: नरबहादुर खाँड, गौरीभक्त प्रधान, लीला श्रेष्ठ सुब्बा, अशोक चौधरी, दीपबहादुर श्रेष्ठ, केशव ज्ञवाली, मटुकलाल सदा, बर्दिया जिल्ला कमिटीका अध्यक्ष दीपबहादुर राना र गुल्मी जिल्ला कमिटी अध्यक्ष टोमलाल पाण्डेलगायत कमरेडहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछ ।

४. यो महाधिवेशन नेपालको कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनकी धरोहर, तत्कालीन संयुक्त वाम मोर्चाकी अध्यक्ष एवम् पार्टीकी श्रद्धेय नेतृ कमरेड सहाना प्रधान सिकिस्त विरामी भई लामो समयदेखि काठमाडौंको बल्खुस्थित बयोधा अस्पतालमा अचेत अवस्थामा रहनुभएकोमा गहिरो चिन्ता व्यक्त गर्दै उहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

## राष्ट्रिय

५. यो महाधिवेशन २०७० साल मङ्सिर ४ गते सम्पन्न संविधानसभा निर्वाचनबाट गठित संविधानसभाबाट एक बर्षभित्रै संविधान निर्माण गर्ने प्रतिबद्धता पुनः दोहोर्‍याउन चाहन्छ । यसका लागि संविधानसभामा प्रतिनिधित्व गर्ने सबै दलहरूलाई एक वर्षभित्र संविधान निर्माणका लागि गरिएका आ-आफ्ना प्रतिबद्धतालाई पुनःस्मरण गर्न तथा संविधान निर्माणको ऐतिहासिक अभिभाराका लागि एकताबद्ध हुन हार्दिक अपिल गर्दछ ।

६. यो महाधिवेशन सङ्घीयताप्रतिको आफ्नो दृढ प्रतिबद्धतालाई पुनः दोहोर्‍याउँदै सङ्घीय ढाँचा निर्माण गर्दा नेपालको बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय विशेषतालाई आत्मसात गर्न, पहिचान र सामर्थ्यबीचको सन्तुलनलाई अझ बढी ध्यान दिन तथा बहुपहिचान र सामाजिक सद्भाव सहितको संघीयता तथा राष्ट्रिय एकतालाई ध्यानमा राख्न सिङ्गो संविधानसभा र सम्बद्ध सबै राजनीतिक दलहरूको विशेष ध्यानाकर्षण गर्दछ ।

७. यो महाधिवेशन लामो समयदेखि स्थानीय निकाय निर्वाचन हुन नसकी ती निकाय जनप्रतिनिधिबिहीन हुँदा जनतालाई परेको मर्का, लोकतान्त्रिक अभ्यासमा उत्पन्न अवरोध, सेवा प्रवाहमा उत्पन्न कठिनाई एवम् साधनस्रोतहरूको व्यापक दुरुपयोगप्रति गहिरो चिन्ता जाहेर गर्दछ । अविलम्ब स्थानीय निकाय निर्वाचन सम्पन्न गर्न तथा हालै घोषित नगरपालिका

लगायत सबै स्थानीय निकायमा अधिकाधिक विकास बजेट विनियोजन गर्न सरकारको गम्भीर ध्यानाकर्षण गर्दछ ।

८. यो महाधिवेशन नेकपा-माओवादी लगायत संविधानसभाबाहिर रहेका सबै दलहरूलाई संवाद र सहमतिका माध्यमबाट संविधान निर्माणको प्रक्रियामा सहभागी हुन र कुनै पनि हिसाबले शान्ति, लोकतन्त्र र संविधान निर्माणको यस ऐतिहासिक प्रक्रियालाई कमजोर गर्ने गतिविधिमा सङ्लग्न नहुन हार्दिक अपिल गर्दछ ।

९. यो महाधिवेशन हालै एमाओवादी लगायत दलहरूले गरेको राजनीतिक गठबन्धनप्रति गहिरो चासो प्रकट गर्दछ र यस्तो गठबन्धन संविधानसभाबाट संविधान निर्माण गर्ने राष्ट्रिय अभिभारालाई कमजोर गर्ने दिशातिर लक्षित छैन तथा यसले राजनीतिक ध्रुवीकरणलाई बढावा दिनेछैन भन्ने विश्वास दिलाउन सम्बद्ध सबै दलहरूलाई आह्वान गर्दछ ।

१०. यो महाधिवेशन नेकपा (एमाले) र नेपाली काङ्ग्रेस लगायत दलहरूको सहभागितामा गठित संयुक्त सरकारलाई प्रभावकारी ढङ्गले सुशासन, विकास, राजनीतिक सहमति र संविधान निर्माणको कामलाई अगाडि बढाउन र सहकार्यको संस्कृतिको इमान्दारीका साथ कार्यान्वयन गर्न ध्यानाकर्षण गर्दछ ।

**सामाजिक**

११. यो महाधिवेशन महिलामाथि देशव्यापीरूपमा भइरहेका हिंसा, यौन दुर्व्यवहार, बोक्सी र दाइजोका नाममा हुने ज्यादति तथा विभेदको निन्दा र भर्त्सना गर्दछ । महिला बिरुद्ध हुने हिंसा अन्त्यको लागि अनेमसङ्घ लगायत जनसङ्गठनहरूको पहलमा जारी आचारसंहिताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गर्दै मातहतका सबै कमिटी, सङ्गठन र सदस्यहरूमार्फत् त्यसको कडाईका साथ कार्यान्वयन गर्ने गराउने सङ्कल्प गर्दछ । आमाको नाममा नागरिकता प्राप्त गर्ने नागरिकको हक स्थापित गराउने सम्बन्धमा देखा परेका व्यवहारिक र कानुनी जटिलतालाई हटाउन निरन्तर लागिरहने विश्वास व्यक्त गर्दछ ।

१२. यो महाधिवेशन राज्यका हरेक अङ्गमा न्यूनतम एक तिहाई महिला सहभागितासम्बन्धी राष्ट्रिय सङ्कल्पलाई कार्यान्वयन गर्न आफ्नो तर्फबाट निरन्तर प्रयाश र पहल हुने प्रतिबद्धता व्यक्त गर्दछ र योजनाबद्ध ढङ्गले पार्टी

सदस्यता र स्थानीय कमिटीहरूमा महिला सहभागिता बढाउँदै यसको पूर्ण कार्यान्वयन गर्ने सङ्कल्प गर्दछ ।

१३. यो महाधिवेशन दलित समुदायमाथि मुलुकका विभिन्न स्थानहरूमा भइरहेका विभेद, हिंसा, दुर्व्यवहार तथा छुवाछुत जस्ता सामाजिक अपराधहरूको घोर निन्दा र भर्त्सना गर्दछ । यस्ता अपराधमा सङ्लग्न दोषीहरूमाथि कडा कारबाही गर्न माग गर्दछ र सम्पूर्ण पार्टी पङ्क्तिलाई छुवाछुत जस्तो अमानवीय क्रियाकलापलाई कडाइका साथ रोक लगाउन सक्रिय पहलकदमीका लागि आह्वान गर्दछ ।

१४. अदालतको मानहानी रोक्ने सम्बन्धमा हालै सरकारले ल्याउन लागेको विधेयक वा यस्तै कुनैपनि कानूनबाट जनताको सुसूचित हुने तथा कोही पनि कानून र जनताको निगरानीभन्दा माथि हुन नसक्ने लोकतान्त्रिक पद्धति तथा मान्यता कुण्ठित हुने स्थिति सिर्जना नहोस् भन्ने तर्फ सरकारलाई यो महाधिवेशन सचेत गर्दछ ।

१५. यो महाधिवेशन शिक्षामा लगानी अभिबृद्धि गर्न, सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गर्न, शिक्षा क्षेत्रमा बढ्दै गइरहेको वर्गविभाजन रोक्ने प्रभावकारी कदम चाल्न र आधारभूत शिक्षा अनिवार्य तथा उच्च माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्न राज्यसँग माग गर्दछ ।

१६. यो महाधिवेशन आधारभूत स्वास्थ्यलाई नागरिकको मौलिक हकका रूपमा प्रभावकारी कार्यान्वयन गर्न, दुर्गम क्षेत्रमा जनशक्ति र औषधिको व्यवस्थापन गर्दै बाँच्न पाउने नागरिकहरूको हकको सुरक्षा गर्न तथा स्वास्थ्य बीमा लागू गर्दै बिपन्न जनताको स्वास्थ्य सुविधाको प्रत्याभूति गर्न माग गर्दछ ।

१७. यो महाधिवेशन नेपालका ट्रेड युनियन तथा रोजगारदाताहरूको सङ्गठनबीच सहमति भए बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको थालनी गर्न यसै संसदीय सत्रबाट सामाजिक सुरक्षा कोष ऐन जारी गर्न सरकार र सम्पूर्ण दलहरूलाई आह्वान गर्दछ ।

१८. यो महाधिवेशन जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका समस्याप्रति संवेदनशील हुन र ती समुदायले अगाडि सारेका मागहरू पूरा गर्न सरकारसँग माग गर्दछ ।

## आर्थिक

१९. यो महाधिवेशन महङ्गीले उपभोक्ता तथा बिपन्न नागरिकहरूलाई पारेको मारप्रति गम्भीर हुँदै महङ्गी नियन्त्रण गर्न तथा दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति, गुणस्तर तथा प्रतिस्पर्धाको ग्यारेन्टी गर्न माग गर्दछ।

२०. यो महाधिवेशन बेरोजगारी र राजनीतिक अस्थिरताका कारण भइरहेको युवा शक्तिको विदेश प्रवासन तथा त्यसले हाम्रो कृषि अर्थतन्त्र, पारिवारिक तथा सामाजिक संरचनामा पर्दै गएको गम्भीर नकारात्मक प्रभावप्रति चिन्ता जाहेर गर्दै अधिकाधिक रोजगारी सिर्जनाका साथै देशभित्रै केही गर्न चाहने युवाहरूका लागि तालिम, सहुलियत ऋण, बजार प्रबन्ध र प्रोत्साहनको व्यवस्था गर्न सरकारसँग माग गर्दछ।

२१. यो महाधिवेशन किसानहरूलाई सहुलियत दरमा ऋण, अनुदान र बीमाको व्यवस्था गर्न तथा नेपाली कृषि उपजको संरक्षणका लागि विशेष व्यवस्था गर्दै किसानहरूका समस्या समाधान गर्न विशेष ध्यानाकर्षण गर्दछ।

२२. यो महाधिवेशन आगामी ९ बर्षभित्र मुलुकलाई विकासशील राष्ट्रको तहमा स्तरोन्नत गर्ने राष्ट्रिय सङ्कल्प तथा समृद्धि र समुन्नतिको जनआकाङ्क्षालाई संबोधन गर्ने गरी पूर्वाधार, उर्जा, कृषिको व्यवसायिकरण तथा पर्यटनमा अधिकतम् लगानी गर्न राज्यसँग माग गर्दछ।

२३. यो महाधिवेशन पार्टीका सबै स्थानीय कमिटी, पार्टी सम्बद्ध जनसङ्गठन तथा सबै सदस्यहरूलाई आफू सम्बद्ध स्थानमा आर्थिक विकास, उत्पादन र रोजगारी अभिबृद्धिका ठोस योजना निर्माण गर्न, आफू पनि उत्पादन कार्यमा सङ्लग्न हुने तथा आर्थिक समृद्धिको अगुवाको रूपमा स्थापित हुने गरी अगाडि बढ्न आह्वान गर्दछ।

२४. यो महाधिवेशन वैज्ञानिक भूमिसुधारका माध्यमबाट वास्तविक भूमिहीन किसानलाई जमीन उपलब्ध गराउन, बर्षौंदेखि जोतभोग गरेर पनि दर्ता हुन नसकेका जग्गाको वैज्ञानिक नापी गरी जोताहाको नाममा जग्गाधनी प्रमाणपत्र उपलब्ध गराउन तथा मुक्त कमैया, कम्लरी, हलिया तथा अन्य गैरज्यालादारी श्रम शोषणको प्रभावकारी अन्त्यका लागि सरकारसँग जोडदार माग गर्दछ।

**अन्तर्राष्ट्रिय**

२५. यो महाधिवेशन समाजवाद, लोकतन्त्र, राष्ट्रिय स्वाधीनता, समान अधिकार तथा शान्तिका लागि विश्व मानव समुदायले चलाइरहेका सङ्घर्षप्रति ऐक्यबद्धता जाहेर गर्दछ । समाजवादप्रतिको आफ्नो विश्वासलाई पुनः पुष्टि गर्दै विगत छ बर्षदेखि जारी विश्वव्यापी वित्तीय सङ्कटले समाजवादको औचित्यको थप पुष्टि गरेको विश्वास प्रकट गर्दछ ।

२६. यो महाधिवेशन केही समय अघि युक्रेनमा भएको शक्ति राष्ट्रहरूका सामरिक स्वार्थहरूको द्वन्द्व र त्यस क्रममा भएको क्रिमियाको बिलयनप्रति गहिरो चिन्ता जाहेर गर्दछ ।

२७. यो महाधिवेशन हालै प्यालेस्टाइनको गाजा क्षेत्रमा भड्किएको हिंसा र इजरायली हस्तक्षेपप्रति गहिरो चिन्ता र चासो व्यक्त गर्दै संवादको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधानका लागि आह्वान गर्दछ ।

२८. आणविक क्षेप्यास्त्रहरुको बिस्तारका क्रममा कोरियाली प्रायद्वीपमा उत्पन्न तनाव तथा मध्यपूर्वका विभिन्न देशहरुमा भइरहेका हिंसात्मक क्रियाकलापबाट विश्व राजनीतिमा पर्नसक्ने कुप्रभावप्रति यो महाधिवेशन चिन्ता व्यक्त गर्दछ । यस्ता समस्याहरुको शान्तिपूर्ण समाधान खोज्न संयुक्त राष्ट्र सङ्घजस्ता संस्थाको ठोस पहलको अपेक्षा गर्दछ ।

२९. यो महाधिवेशन केही समय अगाडि नाइजेरियामा 'बोको हराम' नामक आतङ्ककारी सङ्गठनले गरेको दुई सयभन्दा बढी स्कूले बालिकाहरूको अपहरणको घोर निन्दा र भ्रर्त्सना गर्दै उनीहरूको सकुशल रिहाइको माग गर्दछ ।

३०. यो महाधिवेशन हालैका दिनहरूमा भारत र चीनबीच भइरहेको सम्बन्ध सुधार र आर्थिक साझेदारीको प्रशंसा गर्दै यो प्रक्रिया निरन्तर अगाडि बढोस् भन्ने कामना गर्दछ । नेपाल आफ्ना दुबै छिमेकीहरूप्रति पारस्परिक सम्मान, समानता, लाभ र हितमा आधारित बहुआयामिक सम्बन्ध बिस्तार गर्न चाहन्छ र दुबै छिमेकीहरूको आर्थिक विकासबाट अधिकतम लाभान्वित हुन चाहन्छ भन्ने विश्वास प्रकट गर्न चाहन्छ ।

३१. यो महाधिवेशन भारतमा हालै सम्पन्न १६ औं लोकसभा निर्वाचनबाट अत्यधिक बहुमतका साथ निर्वाचित भारतीय जनता पार्टी र प्रधानमन्त्री

नरेन्द्र मोदीलाई बधाई ज्ञापन गर्दछ । उहाँको कार्यकाल नेपाल भारत सम्बन्धलाई नयाँ उचाइमा उठाउन र सीमा अतिक्रमण, सीमामा एकतर्फी ढङ्गले निर्मित बाँधहरूका कारण हुने डुबान, ठूलो व्यापार घाटा, सीमा वारपार अपराध तथा सन् १९५० को असमान सन्धि जस्ता समस्याहरू समाधानका लागि सकारात्मक बन्न सकोस् भन्ने कामना गर्दछ ।

**विविध**

३२. यो महाधिवेशन आठौं राष्ट्रिय महाधिवेशनबाट निर्वाचित भई पाँच बर्षसम्म पार्टीलाई कुशल नेतृत्व गर्दै संविधानसभा निर्वाचनमा पार्टीलाई दोस्रो सशक्त शक्तिका रूपमा स्थापित गर्न अगुवाई गर्नुहुने निवर्तमान पार्टी अध्यक्ष कमरेड झलनाथ तथा आठौं केन्द्रीय कमिटीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

३३. नवौं राष्ट्रिय महाधिवेशनलाई सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण सहयोग गर्ने सम्पूर्ण महाधिवेशन प्रतिनिधि तथा सङ्गठित सदस्यहरू, मूल व्यवस्थापन समिति र सबै उपसमितिहरू, सबै स्वयम्सेवक तथा चिकित्सकहरू, निर्वाचन सम्पन्न गर्न र मतगणना गर्न अहोरात्र खटिने निर्वाचन आयोग तथा अन्य सहयोगी मित्रहरू, सुरक्षाकर्मीहरू, भृकुटीमण्डपमा महाधिवेशन कक्ष स्थापना गर्न स्थल उपलब्ध गराउने समाज कल्याण परिषद्, मतगणनाका लागि स्थल उपलब्ध गराउने राष्ट्रिय खेलकुद् परिषद्, महाधिवेशनका गतिविधिको व्यापक र अद्यावधिक कभरेज गर्ने सञ्चारमाध्यम तथा पार्टीलाई आर्थिक, भौतिक तथा नैतिक सहयोग गर्ने सबैप्रति हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्दछ ।

●